"समृद्ध टेम्केमैयुङ निर्माणको आधारः शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार"

# प्रथम आवधिक विकास योजना

(आ.व.२०८१/८२-२०८५/८६)



## टेम्केमैयुङ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**अन्नपूर्ण, भोजपुर, कोशी प्रदेश**

# टेम्केमैयुङ गाउँपालिकाको प्रथम आवधिक विकास योजना (आ.व. २०८१/८२-२०८५/८६)

**सहजीकरण :**

स्ट्रेन्थ इन्जिनियरिङ कम्पनी प्रा. लि. काठमांडौ
सम्पर्क फोन नम्बरः ९८५११२२९३१/०१४४८८७६१
ईमेलः strength_engineering@yahoo.com

**तयार गर्ने/प्रकाशक :**

सर्वाधिकारः प्रकाशकमा
टेम्केमैयुङ गाउँपालिकाको कार्यालय
अन्नपुर्ण, भोजपुर, कोशी प्रदेश

सम्पर्क फोन नम्बरः
वेभसाइटः https://tyamkemaiyummun.gov.np/
ईमेलः temkemunbhp@gmail.com

प्रकाशन वर्षः २०८१

मुद्रकः

## विषयसुची


परिच्छेद एक १
परिचय १
१.१ पृष्ठभूमि १
१.२ आवधिक योजनाको उद्येश्य १
१.३ आवधिक योजना तर्जुमा प्रक्रिया २
परिच्छेद दुई ६
गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धीको समीक्षा ६
२.१ गाउँपालिकाको परिचय ६
२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ८
२.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा ८
२.१.३ जनसांख्यिक अवस्था ९
२.२ आर्थिक विकास अवस्था १०
२.२.१ कृषि तथा खाद्य सुरक्षा १०
२.२.२ पर्यटन तथा संस्कृति १०
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति १०
२.२.४ आम्दानी, रोजागारी र वित्तीय सेवा ११
२.२.५ सहकारी ११
२.३ सामाजिक विकासको अवस्था ११
२.३.१ स्वास्थ्य तथा पोषण ११
२.३.२ शैक्षिक विकास ११
२.३.३ खानेपानी तथा सरसफाइ १२
२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण १२
२.३.५ यूवा, खेलकुद तथा कला १३
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था १३
२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण १३
२.४.२ सडक, पुल तथा यातायात १३
२.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा १४
२.४.४ सूचना, सञ्चार तथा प्रविधि १४
२.५ वन, वातावरण तथा विपद् जोखिम न्युनीकरण र व्यवस्थापनको अवस्था १४
२.५.१ वन तथा जैविक विविधता १४
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन १४
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन १५
२.५.४ महामारी तथा विपद् व्यवस्थापन १५
२.६ सुशासन तथा संस्थागत व्यवस्था १५
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन १६
२.६.२ सङ्गठनात्मक विकास १६
२.६.३ श्रोत परिचालन १६
२.६.४ योजना व्यवस्थापन १६
परिच्छेद तीन १७
सोच तथा विकासको अवधारणा १७
३.१ पृष्ठभूमि १७

३.२ प्रमुख समस्या तथा चूनौती १७
३.३ प्रमुख सम्भावना तथा अवसर १८
३.३.१ कृषि तथा पशुपक्षीपालन १८
३.३.२ पर्यटन १८
३.३.३ शिक्षा १९
३.३.४ पूर्वाधार १९
३.४ निर्देशक सिद्धान्त १९
३.५ सोच, लक्ष्य तथा उद्येश्य २०
३.५.१ सोच २०
३.५.२ लक्ष्य २०
३.५.३ उद्देश्य २०
३.६ टेम्केमैयुङ गाउँपालिकाका गौरवका योजनाहरु २०
३.७ परिमाणात्मक लक्ष्य २१
३.८ रणनीति तथा प्राथमिकता २४
३.९ लगानी, श्रोत अनुमान र बाँडफाँट २६
परिच्छेद चार २८
आर्थिक क्षेत्र २८
४.१ कृषि तथा पशुपन्छी २८
४.१.१ कृषि २८
४.१.२ पशुपंक्षी विकास ३६
४.२ सिँचाई ४१
४.३ पर्यटन, संस्कृति तथा सम्पदा ४५
४.३.१ पर्यटन ४५
४.३.२ संस्कृति तथा सम्पदा ५०
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ५४
४.४.१ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ५४
४.४.२ बैंक, वित्तीय संस्था तथा सहकारी ५९
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ६४
परिच्छेद पाँच ६९
सामाजिक क्षेत्र ६९
५.१ स्वास्थ्य तथा पोषण ६९
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ७५
५.३ खानेपानी तथा सरसफाइ ८१
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ८५
५.५ यूवा तथा खेलकुद ९१
परिच्छेद छ ९५
पूर्वाधार क्षेत्र ९५
६.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ९५
६.२ सडक, पुल तथा यातायात १००
६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा १०५
६.४ सूचना, सञ्चार तथा प्रविधि १०९
परिच्छेद सात ११३

वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ११३
७.१ वन तथा जैविक विविधता ११३
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ११७
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन १२२
७.४ विपद् जोखिम न्युनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता १२७
परिच्छेद आठ १३१
संस्थागत विकास तथा सुशासन क्षेत्र १३१
८.१ संस्थागत विकास तथा सुशासन १३१
८.१.१ संस्थागत विकास, मानव संसाधन विकास तथा सेवा प्रवाह १३१
८.१.२ सुशासन ऐन नियम तथा पारदर्शिता तथा न्याय १३६
८.२ वित्तीय श्रोत परिचालन १४१
८.३ योजना व्यवस्थापन १४६
परिच्छेद नौ १४९
कार्यान्वयन व्यवस्था १४९
९.१ पृष्ठभूमि १४९
९.२ मानव संसाधन विकास तथा व्यवस्थापन १४९
९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट १५०
९.४ श्रोत अनुमान तथा प्रक्षेपण १५१
९.५ श्रोत परिचालन रणनीति १५२
९.६ आवधिक योजना कार्यान्वयन १५६
९.७ अनुगमन तथा मूल्याङ्कन १५६
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता १५६
९.७.२ अनुगमन तथा मूल्याङ्कन जिम्मेवारी १५८
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया १५८
अनुसूची १५९
१. वडागत योजना विवरण १५९
वडा नः १(तिम्मा) १५९
१.१ आर्थिक विकास १५९
१.२ सामाजिक विकास १६०
१.३ पूर्वाधार विकास १६१
१.४ वन वातावरण तथा विपद् व्यवस्थापन १६२
वडा नः २(छिनामखु) १६४
२.१ आर्थिक विकास १६४
२.२ सामाजिक विकास १६४
२.३ पूर्वाधार विकास १६६
२.४ वन वातावरण तथा विपद् व्यवस्थापन १६६
वडा नः ३(अन्नपूर्ण) १६८
३.१ आर्थिक विकास १६८
३.२ सामाजिक विकास १६८
३.३ पूर्वाधार विकास १७०
३.४ वन वातावरण तथा विपद् व्यवस्थापन १७१
वडा नः ४(नागी) १७२

४.१ आर्थिक विकास १७२
४.२ सामाजिक विकास १७३
४.३ पूर्वाधार विकास १७४
४.४ वन वातावरण तथा विपद् व्यवस्थापन १७५
वडा नः ५(खावा) १७६
५.१ आर्थिक विकास १७६
५.२ सामाजिक विकास १७७
५.३ पूर्वाधार विकास १७८
५.४ वन वातावरण तथा विपद् व्यवस्थापन १७९
वडा नः ६(कोट) १८०
६.१ आर्थिक विकास १८०
६.२ सामाजिक विकास १८०
६.३ पूर्वाधार विकास १८१
६.४ वन वातावरण तथा विपद् व्यवस्थापन १८२
वडा नः ७(कोट) १८३
७.१ आर्थिक विकास १८३
७.२ सामाजिक विकास १८३
७.३ पूर्वाधार विकास १८५
७.४ वन वातावरण तथा विपद् व्यवस्थापन १८५
वडा नः ८(गोगने) १८७
८.१ आर्थिक विकास १८७
८.२ सामाजिक विकास १८७
८.३ पूर्वाधार विकास १८९
८.४ वन वातावरण तथा विपद् व्यवस्थापन १९०
वडा नः ९(लेखर्क) १९१
९.१ आर्थिक विकास १९१
९.२ सामाजिक विकास १९२
९.३ पूर्वाधार विकास १९३
९.४ वन वातावरण तथा विपद् व्यवस्थापन १९४
२. माइन्युट १९६
३. फोटोहरु २०४
४. नक्शाहरु २१०
५. क्षेत्रगत बजेट प्रक्षेपणका विश्लेषणका केही चित्रहरु २१४

# तालिका सुची


तालिका १ समिति गठन ३
तालिका २ वडागत जनसंख्या विवरण ९
तालिका ३ गाउँपालिकाको गौरव योजनाहरु २१
तालिका ४ राष्ट्रिय र प्रदेशको परिमाणात्मक लक्ष्य २१
तालिका ५ टेम्केमैयुङ गाउँपालिकाको परिमाणात्मक लक्ष्य २२
तालिका ६ लगानी, श्रोत अनुमान र बाँडफाँड २६
तालिका ७ विषय क्षेत्र अनुसार अनुमानित बजेट १५०
तालिका ८ श्रोत परिचालन रणनीति १५२
तालिका ९ आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया १५८

चित्रको विवरण

चित्र १ टेम्केमैयुङ अवस्थिति ६
चित्र २ वडा समायोजन तथा क्षेत्रफल ७
चित्र ३  गाउँपालिकाको अवस्थिति ८
चित्र ४ भुउपयोग सम्बन्धी विवरण १५
चित्र ५ विषय क्षेत्र अनुसार अनुमानित बजेट १५१
चित्र ६ पञ्चवर्षीय लागत अनुरुप खर्च प्रक्षेपण १५४
चित्र ७ विषयगत क्षेत्रगत आ व अनुसार हुने खर्च १५५
चित्र ८ आ व अनुसार विषयगत क्षेत्रगत हुने खर्च १५५

# परिच्छेद एक
# परिचय

## १.१ पृष्ठभूमि

राजनीतिक व्यस्थाको रुपान्तरणसँगै वि.सं २०१३ सालदेखि शुरु भएको नेपालको योजनाबद्ध विकास प्रणालीमा पनि रुपान्तरण आएको छ। रुपान्तरित संघीय राजनीतिक व्यवस्थालाई व्यवस्थित गर्न निर्माण गरिएको वर्तमान संविधानले संघ, प्रदेश तथा स्थानीय तहबीच सहकार्य, समन्वय, सहअस्थित्वका आधारमा समग्र देशको समृद्धिको आधार तय गर्ने कुरालाई अंगिकार गरेको छ। संविधानले राज्यको शक्तिको बाँडफाँड तथा वित्तीय श्रोत हस्तान्तरण मार्फत तीन तहका सरकारलाई नीति तथा योजना तर्जुमा तथा त्यसको कार्यान्वयनका लागि समान हैसियत प्रदान गरेको छ भने समग्र देशको तीव्र विकासका लागि तीन तहका सरकार बीच परिपूरकताको सम्बन्ध हुनु पर्ने कुराको परिकल्पना गरेको छ। यस सन्दर्भमा संघीय तथा प्रदेश सरकारले आवधिक योजना तर्जुमा गरी योजनाबद्ध विकासलाई संस्थागत गरिरहेको सन्दर्भमा स्थानीय सरकारले पनि संघीय तथा प्रदेश सरकारको विकाससँग तादाम्यता मिलाउन आवधिक योजना तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐनको दफा २४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति तथा निर्देशिका, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ लगायतका ऐन तथा नीति नियमले स्थानीय सरकारहरुले आवधिक योजना तर्जुमा गरी त्यसको आधारमा वार्षिक तथा रणनीतिक योजनाहरु जारी गर्नुपर्ने कुरालाई जोड दिएको छ।

संघीय सरकारले जारी गरेको ऐन तथा दिग्दर्शनहरुले स्थानीय सरकारले बनाउने वार्षिक योजनाहरु आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनाका आधारमा तय गर्नुपर्ने नीतिगत व्यवस्था गरेको छ। अर्कोतर्फ संयुक्त राष्ट्र संघले घोषणा गरेको दीगो विकासका लक्ष्य, राष्ट्रिय लक्ष्य तथा प्रादेशिक लक्ष्यहरुलाई व्यवहारिक रुपमा सम्बोधन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारको हुने भएकाले स्थानीय तहले आवधिक विकास निर्माण गर्नुपर्ने अपरिहार्यता रहेको छ।

## १.२ आवधिक योजनाको उद्येश्य

- नगरपालिका तथा गाउँपालिकाको वस्तुस्थिति तथा साधन श्रोतको पहिचान र विश्लेषण गरि स्थानीय सरकारको मूल्य तथा स्थानीय आवश्यकताका आधारमा नगर तथा गाउँपालिकाको विकासको खाका कोर्ने।
- पन्ध्रौं पञ्चवर्षीय योजनाको आधार पत्र तथा संयुक्त राष्ट्र संघको दीगो विकासका लक्ष्यहरु तथा कोशी प्रदेशका लक्ष्यहरु प्राप्तिका लागि योगदान पुर्‍याउने।
- गाँउपालिकाको दीर्घकालीन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने।
- आवधिक योजना कार्यान्वयनका वार्षिक कार्यान्वयन कार्य योजना, अनुगमन र समिक्षा सूचकहरुको खाका तयार पार्ने।
- भविष्यमा विषय क्षेत्रगत रणनीतिक योजना (Sectoral Strategic Plan) तथा विकास प्राथमिकता प्राप्त कार्यक्रमहरु तर्जुमा गर्न मार्ग निर्देशित गर्ने।
- समष्टिगत र विषय क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न खर्च संरचना तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रर्वद्धनका लागि मार्ग प्रशस्त गर्ने।
- गाउँपालिकाले अंगिकार गरेको नीति तथा कार्यक्रम, दीर्घकालीन सोच, लक्ष्य तथा क्षेत्रगत उद्देश्यलाई मूर्तरुप दिन सक्ने कार्यनीति तथा प्रमुख कार्यक्रमहरु तय गर्ने।

## १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

यस अध्ययन कार्यले प्रस्तुत गरेका दस्तावेजहरु निम्नानुसार छन्;

१. गाउँपालिकाको वस्तुगत अवस्था (जनसंख्या वितरण, धरातलीय अवस्था, आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा वित्तीय व्यवस्था) को विश्लेषण,
२. गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार, वन तथा संस्थागत विकासका सम्भावना तथा अवसरको विश्लेषण,
३. गाउँपालिकाको क्षेत्रगत तथा उपक्षेत्रगत लक्ष्य, उद्देश्य, परिणाम तथा कार्यक्रमको पहिचान एवं विश्लेषण,
४. तर्कबद्ध प्रणाली (Logical Framework Approach) का आधारमा विषयगत प्रतिफल, असर तथा प्रभाव तहको विश्लेषण,
५. संघ, प्रदेश, अन्तरपालिका सम्बन्धका साथै सार्वजनिक, निजी र सहकारी साझेदारी सम्बन्धको विश्लेषण,
६. गाउँपालिकाका अन्तरसम्बन्धित विषयहरुको विश्लेषण,
७. गाउँपालिका गौरवका आयोजना, रुपान्तरणकारी आयोजना तथा आयोजना बैंक तयारी,
८. आवधिक योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको खाका तयार।

नीतिगत र कानूनी व्यस्था

नेपालको संविधान, २०७२ मा उल्लेखित मौलिक हक, राज्यका सिद्धान्त र नीति, संघीय एवं प्रदेशीय कानून र नीति एवं स्थानीय कानून, नीति र स्थानीय तहको अधिकार नै स्थानीय तहको विकासको मार्गचित्र निर्माणका आधारहरु हुन् र सोही बमोजिम स्थानीय तहले विकास निर्माणका खाकाहरु कोर्नु पर्ने हुन्छ। त्यसैगरि नेपालको संविधान, २०७२ अनुसार राज्यले सामाजिक न्याय, ज्येष्ठ नागरिक, दलित, बालबालिका, महिला, आवास, खाद्य सम्बन्धी, स्वास्थ्य, श्रम, रोजागरी, शिक्षा, सूचना, सम्पत्ति, समानताको हकलाई मौलिक हक र कर्तव्यका रुपमा लिएकोले त्यस्ता पक्षहरुलाई आवधिक विकास योजना तर्जुमा गर्दा सोही अनुसार सम्बोधन गर्नुपर्ने हुन्छ। आवधिक गाउँ विकास योजना तर्जुमा गर्ने सन्दर्भमा यस कार्यलाई नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय सरकारको अधिकारहरुको कार्य विस्तृतिकरण प्रतिवेदनमा स्थानीय तहको कार्यसूचीमा समेत सूचीकृत गरिसकेको छ।

त्यसैगरि नेपाल संविधानको धारा ५७ (४) (५) र अनुसूची ८ र ९ मा क्रमशः स्थानीय सरकारको एकल अधिकार र साझा अधिकारको सूचीको अधिनमा रही स्थानीय तहले आवधिक, वार्षिक नीति, योजना, बजेट तथा कार्यक्रमहरु तर्जुमा गर्न सक्ने, कार्यान्वयन गर्न सक्ने र सरकारका तीनै तहहरु बीच आपसी सामान्जस्यता समेत हुनुपर्ने कुरामा जोड दिइएको छ। गाउँपालिका/नगरपालिकाले योजना बनाउँदा आर्थिक विकास, गरिबी निवारण, उत्पादनमूलक, छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय सीप, साधन श्रोतको अधिकत्तम प्रयोग हुने, दीगो विकास, भाषिक, साँस्कृतिक र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि हुने पक्षहरुलाई प्राथमिकता दिनुपर्ने कुरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (३) मा उल्लेख भएको छ।

राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन-२०७५ (नमूना) तयार पारिएको छ। यस अनुसार स्थानीय तहबाट योजना तर्जुमा गर्दा अपनाउनु पर्ने आधारहरु (नेपालको संविधान, विद्यमान ऐन, नियम, राष्ट्रिय एवं प्रादेशिक नीति, त्यसको दीर्घकालीन सोच, आवधिक योजना र मार्ग निर्देशनहरु, दीगो विकासका लक्ष्य, स्थानीय तहको प्रमुख समस्या एवं सम्भावनाहरु र राजनीतिक दलका घोषणापत्र) र तीनै तहका सरकारहरुको बीच आवधिक लक्ष्य बीच अन्तर सम्बन्ध हुनुपर्ने कुरा उल्लेख भएको छ।

## आवधिक योजनाको पूर्वतयारी क्रियाकलाप तथा चरण

### १. सन्दर्भ सामाग्रीको अध्ययन

टेम्केमैयुङ गाउँपालिकाको आवधिक योजना तर्जुमाका लागि गाउँपालिकासँग सम्बन्धित अभिलेख तथा उपलब्ध लेख, रचना तथा सम्बन्धित साहित्यहरुको अध्ययन गरी गाउँपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, साँस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको समीक्षा गरियो। यसका अतिरिक्त टेम्केमैयुङ गाउँपालिकाको समग्र सम्भावना तथा चूनौतीका क्षेत्रको विश्लेषणका साथै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग अन्तर्गतका ऐन, कानून तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, टेम्केमैयुङ गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय सरकारका नीति तथा कार्यक्रम, राष्ट्रिय योजना आयोगले तयार पारेको योजना तर्जुमा दिग्दर्शन २०७५, प्रदेश योजना आयोगले तयार पारेको प्रदेशको वस्तुस्थिति विवरण अन्तर्गतका आवधिक योजना तर्जुमा निर्देशिका, राजनीतिक पार्टीका प्रतिबद्धता पत्र तथा अन्य सम्बन्धित श्रोत सामाग्रीको अध्ययन गरियो। उल्लेखित अध्ययनहरुको आधारमा टेम्केमैयुङ गाउँपालिकाले अंगिकार गर्नुपर्ने नीति तथा कार्यक्रमहरुको विश्लेषण गरियो।

### २. बहुसरोकारवालाहरुसँको प्रारम्भिक छलफल तथा अभिमुखीकरण

प्रारम्भिक चरणमा गाउँपालिका कार्यालयको सहयोगमा योजना निर्माणको सैद्धान्तिक पक्षलाई समेटेर टेम्केमैयुङ गाउँपालिका कार्यपालिकाका साथै विषयगत समितिका सदस्यहरु, स्थानीय बुद्धिजिवीहरु सहितको सहभागितामा संघीय संरचना अन्तर्गत स्थापित स्थानीय सरकारहरुले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा तथा आवधिक योजनाको कार्यतालिका बारे एक दिने अभिमुखीकरण कार्यशाला चैत्र २२ गते २०७९ सञ्चालन गरियो। अभिमुखीकरण कार्यशालाको मुख्य उद्देश्य आवधिक योजनाको महत्व र आवश्यकताबारे स्थानीय स्तरमा सुसूचीत गर्नु तथा गाउँपालिकाको योजना तर्जुमाका लागि गाउँपालिकाका सरोकारवालाहरुले सहभागिता हुने गरि निर्देशक समिति तथा विषयगत समितिहरु (मुल समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, सुशासन तथा संस्थागत विकास समिति) को गठन यस प्रकारको गरियो।

*तालिका १ समिति गठन*

| निर्देशक समिति | | विषयगत समिति | |
|---|---|---|---|
| अध्यक्ष वा प्रमुख | संयोजक | कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य | संयोजक |
| उपाध्यक्ष वा उपप्रमुख | उप-संयोजक | कार्यपालिकाले तोकेको गाउँ/नगर सभाका महिला, दलित वा अल्पसंख्यक सदस्य समेत ३ जना | सदस्य |
| कार्यपालिका सबै सदस्यहरु | सदस्य | सम्बन्धित क्षेत्रको विषयगत महाशाखा/शाखा प्रमुख | सदस्य |
| विषयगत समितिका संयोजकहरु | सदस्य | कार्यपालिकाले तोकेको सम्बन्धित विषय क्षेत्रको महाशाखा/शाखा प्रमुख | सदस्य-सचिव |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव | | |

अनुसूची १ मा उल्लेख गरिए बमोजिम ३० फाल्गुण २०८० मा सञ्चालित टेम्केमैयुङ आवधिक योजनाको प्रारम्भिक कार्यशाला गोष्ठी गाउपाँलिका अध्यक्ष श्री सरोज बस्नेतको संयोजकत्व मा निर्देशक समिति र प्रशासकीय अधिकृत श्री विकेन पौडेलको संयोजकत्वमा ४ सदस्यीय सहजीकरण समितिको गठन गरिएको थियो।

यस योजनामा निर्देशक समितिले गाउँपालिकाको दीर्घकालीन सोच तयार गर्नुको साथै योजना तर्जुमा टोलीलाई आवश्यक निर्देशन एवं सरोकारवालाहरु बीच आवश्यक समन्वय गरी योजना तर्जुमा गर्न सहयोग पुऱ्याएको थियो। गाउँपालिकाको विकास सिद्धान्तहरु समेत तयार गरी योजना निर्माण गरिएको थियो। साथै योजना प्रकृया तथा कार्यान्वयनमा पनि संस्थागत समन्वय र लगानीलाई अभिवृद्धि गर्न निर्देशक समितिको भूमिकालाई महत्वपूर्ण हुने अपेक्षा गरिएको छ।

### ३. तथ्याङ्क संकलन तथा GIS Mapping

आवधिक योजना तर्जुमा पूर्व गाउँपालिकाको जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धी आधारभूत तथ्याङ्क संकलनका लागि गाउँपालिकाका विषयगत शाखाहरुबाट उपलब्ध क्षेत्रगत तथ्याङ्क तथा गाउँपालिकाको पार्श्वचित्र २०७५ लाई प्रयोग गरिएको छ।तथ्यमा आधारित योजनाले मात्र गाउँपालिकाको सोच र लक्ष्यलाई दिशाबोध गर्न सक्ने भएकाले तथ्याङ्कका आधारमा गाउँपालिकाको वस्तुस्थिति विश्लेषणको कार्यलाई अधि वढाईएको छ। साथै गाउँपालिकाको श्रोत नक्शा तयारी, भू-व्यवस्थापन तथा गौरवका आयोजना कार्यान्वयन गर्ने सम्भावित क्षेत्रको नक्शाङ्कनका लागि GIS Mapping गरिएको छ। तथ्याङ्क संकलन तथा GIS Mapping को उद्येश्य गाउँपालिकाको वर्तमान अवस्थाको तथ्याङ्कीय चित्रण गर्न हुनेछ। यसबाट गाउँपालिकाले आवधिक योजनामा क्षेत्रगत रुपमा अपनाउनु पर्ने लक्ष्य, उद्येश्य, रणनीति तथा कार्यनीतिको आधार तयार गरेको छ।

### ४. वडागत छलफल

टेम्केमैयुङ गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानवीय र प्राकृतिक स्रोत वर्तमान अवस्थाको आँकलन गरी ती क्षेत्रको उच्चतम सदुपयोगका लागि वडाबासीले महसुस गरेका अवसर तथा समस्याहरुको चित्रण गर्न चैत्र १-१२, २०८० मा वडा स्तरीय छलफल गरिएको छ। वडा स्तरीय छलफलमा वडागत सम्भावना/अवसर तथा समस्या/चूनौतीको समूहगत क्रियाकलापका आधारमा छलफल गरिएको छ। छलफलमा प्रत्येक वडा अन्तर्गतका राजनीतिक प्रतिनिधि, शिक्षक, स्थानीय जानकार, कृषक, आमा समूह, निजी क्षेत्र लगायतका विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गराइएको छ। वडागत छलफलको मुख्य उद्येश्य समग्र गाँउपालिकाको सम्भावना/अवसर तथा समस्या/चूनौतीको अवस्था उजागर गर्नु तथा आवधिक योजनाले समेट्ने वडा स्तरीय प्रमुख आयोजनाहरुको सूची तयार पारेको छ।

योजना तर्जुमाको हरेक चरण र प्रकृयामा योजना तर्जुमा टोलीबाट विश्लेषण एवं विशेषज्ञको राय प्रदान गरिएको छ। वडाबासी, वडा कार्यालय, बुद्धिजिवी एवं वडामा कार्यरत संघ संस्थाहरुको सहभागितामा वडा भेलाहरु गराई वडाको समस्या र प्राथमिकीकरण गर्दै तद अनुरुप वडाको खाँचो र कार्यक्रमहरु तर्जुमा गरिएको छ।

### ५. योजना तर्जुमा कार्यशाला

गाउँपालिकाको योजना तर्जुमा प्रकियालाई पूर्णता दिन २ दिने योजना तर्जुमा कार्यशाला २०८० वैशाख २५ र २६ गते आयोजना गरियो। पहिलो दिन योजना तर्जुमा कार्यशालामा आवधिक योजनाको अवधारणाको तथा योजनाका सैद्धान्तिक तथा व्यवहारिक पक्षका बारेमा परामर्शदाताबाट प्रस्तुतीकरण गरियो साथै गाँउपालिकाको वस्तुस्थिति

चित्रण तथा समष्टिगत सम्भावना/अवसर तथा समस्या/चूनौतीको समूहगत कृयाकलापका आधारमा छलफल गरियो भने गाउँपालिकाले उपलब्ध गराएको तथ्याङ्कका आधारमा सूचक निर्माण गरिएको थियो भने गाउँपालिकाको दुरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीति तय गर्नुका साथै विषय क्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति तथा मुख्य कार्यक्रम बारे छलफल गर्दै आ-आफ्नो विषयगत क्षेत्रको तयार गर्न लगाईयो।

दोस्रो दिन विषयगत समितिले तयार पारेको क्षेत्रगत लक्ष्य, उद्देश्य तथा रणनीति तथा मुख्य कार्यक्रम बारे निर्देशक समितिसहित सबै सहभागी समक्ष प्रस्तुतीकरण गरियो यसका साथै गाउँपालिकाका गौरवका आयोजना तथा वडागत मुख्य आयोजना छनौटको काम पानि गरियो।

## ६. तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी

गाउँपालिकाको वडागत छलफल, तथ्याङ्क संकलन तथा योजना तर्जुमा कार्यशालाका प्लेनरी छलफलबाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषणका आधारमा आवधिक योजनाको खाका तयार गरेको छ। आवधिक योजनाको खाकाले गाउँपालिकाको वस्तुगत अवस्था, क्षेत्रगत अवस्था लक्ष्य, उद्देश्य तथा रणनीतिक साथै कार्यनीति र मुख्य कार्यक्रमलाई समेट्नुका साथै राजश्व प्रक्षेपण, क्षेत्रगत बजेट विनियोजन तथा अनुगमन मूल्याङ्कन खाकालाई पनि समेटेको छ। यसरी गाउँपालिकाको पार्श्वचित्र तथा कार्यशालाबाट निर्माण गरिएका दस्ताबेजको सहयोगमा गाउँपालिकाको पाँच वर्षे (२०८१/८२-२०८५/८६) मस्यौदा योजना तयार भएको छ।

### ७. प्रमाणीकरण

माथि उल्लिखित अध्ययनका सम्पूर्ण क्रियाकलापहरु पुरा गरी आवधिक योजनाको प्रारम्भिक खाका तयार भएको छ। तयार पारिएको प्रारम्भिक खाकाको प्रमाणीकरणका लागि टेम्केमैयुङ गाउँपालिकाका सम्बन्धित सरोकारवालाहरुको सहभागितामा प्रतिवेदन प्रमाणीकरण गरिनेछ। प्रमाणीकरणमा गाउँपालिकाको आवधिक योजनामा समावेश हुने सम्पूर्ण विषयवस्तु तथा अध्ययनको सम्पूर्ण प्रारुप प्रस्तुत गरी सरोकारवालाबाट प्राप्त सुझाव संकलन गरिनेछ।

### ८. अन्तिम प्रतिवेदन पेश

असार ४, २०८१ मा प्रतिवेदनको अन्तिम मस्यौदा प्रतिवेदन गाउँ कार्यपालिकामा छलफल गरियो र उक्त मस्यौदाको खाकामा भएको छलफल तथा सुझावहरुको सम्बोधन गरि अन्तिम प्रतिवेदन तयार पारी गाउँपालिकाको कार्यालयमा पेश गरिएको छ।

भरपर्दो र बलियो तथ्याङ्कीय आधार नै वैज्ञानिक योजना पद्धतिको जग हो। पर्याप्त तथ्याङ्क र सूचनामा जति बढी योजना तर्जुमा प्रक्रिया आधारित हुन सक्यो त्यो योजना त्यति नै बढी बस्तुपरक र वैज्ञानिक हुन जान्छ। तथापि प्राप्त तथ्याङ्कलाई छलफल समेतबाट परिक्षण गरि यथार्थको नजिक पुग्ने प्रयास र सोही आधारमा गाउँ क्षेत्रको आवधिक योजना तर्जुमा गर्ने गरी अध्ययनको सीमा निर्धारण गरिएको थियो। यस आवधिक योजनाले गाउँपालिका क्षेत्रलाई मात्र समेटेको छ।

# परिच्छेद दुई
# गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धीको समीक्षा

## २.१ गाउँपालिकाको परिचय

टेम्केमैयुङ गाउँपालिका ऐतिहासिक रुपमा महत्वपूर्ण प्रख्यात ठाउँ हो। टेम्केमैयुङ गाउँपालिका १७३.४१ वर्ग कि.मि क्षेत्रमा फैलिएको छ। यस गाउँपालिकाको पूर्वी सिमाना भोजपुर नगरपालिकासँग जोडिन पुगेको छ भने उत्तर पश्चिममा रुपाकोट मझुवागडी नपा, केपिलास गडी गापा र साकेला गापा खोटाङ र उत्तर पूर्वमा साल्पासिलिछो गापा, षडान्नद नपा छन् भने पश्चिममा खोटाङ गाउँपालिका र दक्षिण सिमाना रामप्रसाद राई गाउँपालिकासँग जोडिन पुगेको छ। टेम्केमैयुङ गाउँपालिका नेपालको कोशी प्रदेश भोजपुर जिल्लाको सदरमुकाम बाट करीब २८ कि मि पश्चिममा रहेको छ ।यस गाउँपालिका रहेको स्थानलाई मध्यकालीन नेपालमा पूर्व ४ नम्बरको किल्ला भनेर पनि चिनिन्छ। भौगोलिक विविधतायुक्त यस गाउँ क्षेत्रले ऐतिहासिक तथा साँस्कृतिक महत्व पनि राख्दछ ।मध्ये पहाडी राजमार्गले छोएको हुँदा नेपालको राजधानीसम्म आवागमन गर्न सहज रहेको यस गाउँपालिका पर्यटकीय हिसावले पनि अत्यन्तै सुन्दर एवं मनमोहक देखिन्छ ।

*चित्र १ टेम्केमैयुङ अवस्थिति*




गाउँ क्षेत्रबाट पश्चिम तर्फ रहेको टम्के डाँडो, सेल्मे डाँडा, पश्चिम उत्तर तर्फ रहेको चखेवा डाँडा लगाएत मजुवा पोखरी, हाँस पोखरी, मैयुङ डाँडा, महिभर झरना, सावा झरना, पन्ची झरना, माक्सा झरना तथा तावा भञ्याङले टेम्केमैयुङ गाउँपालिकामा पर्यटकहरुलाई निमन्त्रणा गर्दछ। यसैगरि यस क्षेत्रमा घोरल, मृग, चितुवा, लोपन्मुख रेड पान्डा, मुनाल,

कालिज, विभिन्न प्रजातिका बाजहरु, पानिहासँ प्युरा जस्ता पंक्षीहरु पाइन्छन। यसैगरी यस गाउँपालिकाको वडा नं ३ स्थित अन्नपुर्ण भुरुचोक डाँडा र सो आसपासका क्षेत्रबाट दृश्यावलोकन गर्न सकिने हिमाल तथा चाँप अनि गुराँस फुलुदाको महनमोहक दृश्य लगाएत पिखुवा खोला, याङटाङ खोला, सेरा खोला, हिउखुवा खोला, गोगने खोला, सिक्तेल खोला र वाचिम्ले खोलाहरुको दृश्य देख्न सकिन्छ। यहाँका बासिन्दाको पेशागत कुरा गर्दा कृषि, पशुपालन, सुन्तला, कागति, जुनार, अदुवा र अलैंची उत्पादन मुख्य पेशा रहेको तथा ब्रिटिस सेना र भारतिय सेनाहरुमा बढी संलग्नता रहेको जानकारी पाइन्छ। यस गाउँको सामाजिक संरचनाका हिसाबले मिश्रित बस्ती, पितृसतात्मक परिवार, हिन्दु तथा किराँत धर्मावलम्वीहरुको बाहुल्यता, एकल परिवार रहेका छन्। यस गाउँपालिकाको बस्ति (settlement pattern) छरिएर रहेका कारण विकासका पूर्वाधारहरु समान रुपले लैजान उत्तिकै चूनौतीका रुपमा रहेको तथा आफैंमा सम्भावना र अवसर बोकेको देखिन्छ।

समुद्र सतहबाट ३३०० मिटरमा मैयुङ रहेको यस गाँउपालिकामा समशीतोष्ण हावापानी पाइन्छ। जनगणना २०७८ अनुसार १५,४६४ जनसंख्या रहेको यस गाउँपालिकाको प्रशासनिक कामकाजलाई व्यवस्थित गर्दै गाउँपालिकाको शासन व्यवस्थालाई चुस्त छरितो बनाउन यस गाउँपालिकालाई ९ वटा वडाहरुमा विभाजन गरिएको छ ।तिम्मा, छिनामखु, अन्नपुर्ण, नागी, खावा, कोट, गोगने र लेखर्क गरि आठ गाविसहरुलाई समेटेर यस गाउँपालिकाको निर्माण गरिएको छ। नेपाल सरकारले साविक अन्नपुर्ण गा.वि.सको कार्यालयलाई टेम्केमैयुङ गाउँपालिकाको केन्द्र तोकेको छ।

*चित्र २ वडा समायोजन तथा क्षेत्रफल*

| **क.सं.** | **नयाँ वडा** | **समावेश गाविस /नगरपालिका** | **जनसंख्या** | **क्षेत्रफल (वर्ग कि.मी.)** |
|---|---|---|---|---|
| १ | १ | तिम्मा(१-९) | २५३८ | ५०.५४ |
| २ | २ | छिनामखु(१-९) | २३२४ | ३२.९५ |
| ३ | ३ | अन्नपुर्ण(१-९) | १५४५ | ९.७५ |
| ४ | ४ | नागी(१-९) | ११९४ | १०.३६ |
| ५ | ५ | खावा(१-९) | १९६४ | १७.८७ |
| ६ | ६ | कोट(५,७-९) | १६०७ | ९.५६ |
| ७ | ७ | कोट(१-४,६) | २०७४ | १०.२४ |
| ८ | ८ | गोगने(१-९) | २१०९ | ११ |
| ९ | ९ | लेखर्क(१-९) | २५५६ | २१.१४ |
| | **जम्मा** | | **१७९११** | **१७३.४१** |

(श्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय जनगणना २०६८)

## २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

भौगोलिक हिसाबले १७३.४१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको टेम्केमैयुङ गाउँपालिकाको सिमानामा पूर्वमा पाँचथर जिल्ला, पश्चिम र दक्षिणमा धनकुटा जिल्ला र उत्तरमा लालीगुराँस नगरपालिका र म्याङलुङ नगरपालिका रहेको छ।जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका, समुन्द्र सतहबाट ३२२ मि. देखि ३३०० मि. सम्मको उचाई रहेको छ। यो गाउँपालिकाको केन्द्रको भौगोलिक अवस्थिति समुद्र सतहबाट १९२० मि.उचाईमा रहेको छ भने गाउँ पालिकाको केन्द्र २७°०३'३१ ”उत्तरी अक्षांश र ८७°२७'०१ ” पूर्वी देशान्तरमा रहेको छ । साविकका तिम्मा, छिनामखु, अन्नपुर्ण, नागी, खावा, कोट, गोगने र लेखर्क गाभेर नेपाल सरकारको निर्णय अनुसार यो गाउँपालिका गठन गरिएको छ । यस जिल्लामा प्रतिनिधि सभा सदस्यका लागि एक वटा निर्वाचन क्षेत्र रहेको छ । प्रदेश सभा निर्वाचन क्षेत्र मध्ये यो गाँउपालिका प्रदेश क र ख मा पर्दछ ।

*चित्र ३ गाउँपालिकाको अवस्थिति*




नेपालको कोशी प्रदेशका १४ जिल्लामध्ये पर्ने भोजपुर जिल्लामा रहेको यस गाउँपालिका देशका पुराना ऐतिहासिक, पर्यटकीय तथा धार्मिक ठाउँ मध्ये एक हो। यो गाउँपालिकाको नाम यसै गाउँपालिकाको पश्चिम तर्फ रहेको टम्के डाँडा र मयुङ डाँडाको प्रतिनिधित्व हुने गरि "टेम्केमैयुङ गाउँपालिका" नामाकरण भएको हो ।

## २.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

यस गाँउपालिकाको कुल क्षेत्रफल १७३.४१ वर्ग कि.मी. मध्ये २१.६७ प्रतिशत क्षेत्रमा खेतीयोग्य जमिन रहेको छ । ६९.४० प्रतिशत वनक्षेत्रले, ४.५७ प्रतिशत घाँसे मैदान र २.८१ प्रतिशत रहेको छ । गाँउपालिकालाई मुलप्रवाह क्षेत्र बनाएर अविरल बगिरहने पिखुवा र सिक्तेल खोलाहरू यहाँको मुख्य प्राकृतिक सम्पदाहरू हुन् । सिंचाइको मुख्य श्रोतको रुपमा रहेको पिखुवा खोला,हिंखुवा,वाचिम्ले,खुगे,गोगने खोला सिक्तेल खोलाहरुबाट यस क्षेत्रको तल्लो वेसी क्षेत्रको जमिनमा सिंचाइ सेवा उपलब्ध हुने गरेको छ । जैविक विविधताका हिसावले मध्यम हावापानीमा पाइने वनस्पतिहरूमा पाखनवेद, चिराइतो, लौठ सल्ला, चिराइतो, पर्दछन। चराचुरुंगी तथा जनावरहरुमा कालिज, डाँफे, चिल, गिद्ध, काग, बाज, भ्याकुर, नावो टोटो, कस्तुरी, थार,रेड पाण्डा, भालु, घोरल, बाँदर, स्याल, भ्याकु, ढुकुर, झारल, फयाउरो, परेवा, भंगेरा, काँडे भ्याकुर,मुख्य रुपमा रहेका छन् । यसनगरपालिकाको पहाडको माथिल्लो भागका स्थानमा वन तथा खर्कहरू रहेका छन्। यस गाँउपालिकाको शिरमा सबैभन्दा अग्लो स्थानमा रहेको टेम्केडाडाँले यहाँको सुन्दरतालाई बढाएको छ । बालुवा ढुङ्गा लगायतका खनिजहरू यस क्षेत्रमा प्रशस्त पाइन्छ ।

गाँउपालिकाको जमिनमा खेती गरिएको जमीन, जंगल, चरण क्षेत्र, बगर झाडी तथा पानीले ढाकेको क्षेत्र सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

धार्मिक रुपमा हिन्दु र किराँत धर्मालम्बीहरूको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने चाडपर्वहरूमा साकेवा,कृष्णाष्टमी, तिज, जनैपूर्णिमा, दशै, तिहार, माघे सक्रान्ती, चैते दशैं, साउने सक्रान्ति, ल्होसार, साकेला आदि रहेका छन् । यसको अलावा मष्ट देवताको पनि पूजा गरिन्छ । धार्मिक तथा भाषिक रुपमा करीव एकरुपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने बिभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । भेषभूषाका रुपमा पुरुषहरूले मुख्य रुपमा दौरा, सुरवाल, टोपी तथा कोट,पेन्ट र महिलाले गुन्यु चोली र पटुकी लगाउने गर्दछन् ।

### २.१.३ जनसांख्यिक अवस्था

टेम्केमैयुङ गाउँपालिकाको जनगणना, २०७८ को आधारमा जनसंख्या १५,४६४ रहेको छ जसमध्ये पुरुष ४९.३ प्रतिशत र महिला ५०.७ प्रतिशत रहेका छन्। राष्ट्रिय जनगणना २०६८ अनुसार यहाँको जनसंख्या १७,९११ रहेकोमा नकारात्मक जनसंख्या वृद्धिदर (-१३.६६ प्रति वर्ष) देखिइएको छ। सोही अनुसार तथ्याङ्क हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरुमा पुरुषको जनसंख्या कम अर्थात् ९७.२७ देखिन्छ। यस गाउँपालिकामा लैङ्गिक हिसाबले सबै वडामा महिलाको भन्दा पुरुषको संख्या कम देखिन्छ। यस गाउँपालिकामा रहेको ९ वडाहरुमा ३,८५४ घरपरिवारहरु रहेका छन्।

*तालिका २ वडागत जनसंख्या विवरण*

| वडा नं | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | १०४८ | १००३ | २०५१ |
| २ | १०९४ | १०९८ | २१९२ |
| ३ | ७०९ | ७२१ | १४३० |
| ४ | ५६९ | ५९४ | ११६३ |
| ५ | ८२८ | ८५४ | १६८२ |
| ६ | ६२० | ६६४ | १२८४ |
| ७ | ८३४ | ८९२ | १७२६ |
| ८ | ८७९ | ९८४ | १८६३ |
| ९ | १०४४ | १०२९ | २०७३ |
| जम्मा | | | १५४६४ |

(श्रोतः राष्ट्रिय जनगणना, २०७८)

टेम्केमैयुङ गाउँपालिकामा क्षेत्री, ब्राम्हण पहाडी, नेवार, तामाङ, राई, लिम्बु, शेर्पाहरुको बाहुल्यता छ भने अतिरिक्त दलित तथा अन्य जातिहरुको बसोबास भएको पाइन्छ। विभिन्न किसिमका जातजाति, भाषा र धर्म भएको मानिसको बसोबास रहने हुनाले जातीय विविधता, भाषागत विविधता तथा धार्मिक भिन्नता रहेता पनि सामाजिक स्थिरता तथा शान्तिपूर्ण वातावरणमा कुनै प्रकारको नकारात्मक विभिन्नता देखिएको छैन।

# २.२ आर्थिक विकास अवस्था

## २.२.१ कृषि तथा खाद्य सुरक्षा

कृषिजन्य उत्पादनको लागि उर्भर भूमि रहेको कृषि क्षेत्र अन्तर्गत अन्नबाली, व्यवसायिक तरकारी खेती र फलफूल खेतीलाई लिईएको छ। कृषिजन्य उत्पादनको लागि उर्बर भूमि रहेको यस गाउँपालिकामा करीब ५० प्रतिशत खेतीयोग्य जमिन रहेको छ। समुन्द्र सतहबाट न्यूनत ३२२ मि देखि ३३०० मि सम्म फैलिएको यस गाउँपालिकाको धरातलीय स्वरुप अनुसार स्थान विशेष विभिन्न प्रकृतिको माटो र उत्पादन रहेको छ। गाउँपालिकाको रोजगारी र जीविकोपार्जनको मुख्य आधार व्यवसायिक तरकारीका साथै फलफूल खेति रहेको पाइन्छ। करीब ३७.५९ प्रतिशत खेतीयोग्य जमिन रहेको टेम्केमैयुङ गाउँपालिकामा ७ वटा कृषि उपज संकलन तथा प्रशोधन केन्द्र रहेको छ भने १२ वटा कृषि सहकारी संस्था रहेका छन्। यस पालिकामा ३८ वटा कृषक समुह रहेको छ भने, २ वटा पशुपालन र ९ वटा व्यवसायिक कृषि फर्म रहेको छ ।साथै, यस पालिकामा कृषिजन्य उत्पादनको बिक्री तथा कोसेली घरको रुपमा एक रहेको छ भने एउटा जडिबुटी र एउटा उद्योग रहेको छ।

## २.२.२ पर्यटन तथा संस्कृति

गाउँपालिका भित्र रहेका प्राकृतिक तथा पर्यटकीय क्षेत्रहरुमा जाल्पादेवी थान, साततले धाम, मार्गपोखरी धाम, पञ्चकन्या बराह मन्दिर, हाङमालुङ ढुङ्गा, पटेक डाँडा, जुरे थुम्की डाँडा, सात तले धाम, सन्ते हाङ्वा मन्दिर, सोनाम छ्योलिनङ टेम्केमैयुङ गुम्बा, ताक्लुङ गढी, हनुमान मन्दिर, चाङ्लुङ गुफा, छहरे झरना, बेउली ढुङ्गा, नागा गुफा, चमेरी गुफा, थाक्चोबलुङ्ग माङ्तिम, आदि पर्यटन तथा साँस्कृतिक स्थलहरु रहेका छन्।पालिका भित्र १३ मन्दिर र १ गुम्बा रहेको अवस्था छ। प्राय सबै सांस्कृतिक स्थलहरु सम्म कच्ची बाटोको पहुँच पुगेको छ भने पर्यटकको संख्यामा वृद्धिको लागि बाटोको स्तरोन्नति सहित होटल तथा अन्य संरचनाको विकास हुनु पर्ने आवश्यकता देखिन्छ।हालको अवस्थामा वार्षिक रुपमा १० हजार पर्यटकहरुको आगमन भई रहेको देखिन्छ। त्यस्तै राष्ट्रिय रुपमा मुन्दुम पदमार्गको पहिचान बढेसँगै, पर्यटकहरुको संख्यामा वृद्धि हुने अपेक्षा गरिएको छ। साथै, पर्यटकहरुको आकर्षणको लागि शाहसिक खेलहरुको आयोजनाले पनि पर्यटन क्षेत्रको अन्य आधारहरुको पनि निर्माण गरिएको छ।

## २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

यस गाउँपालिकाको मुख्य व्यापार केन्द्र वडा नं ३ स्थित रहेको अन्नपुर्ण बजार हो। पालिकामा दर्ता र नियमित नवीकरण भई सञ्चालित १०४ वटा साना उद्योग तथा व्यवसायहरु छन्। यहाँ वडा नं २ मा पञ्चमी, वडा नं ३ मा सप्तमी, वडा नं ५ मा शुक्रबारे, वडा नं ७ मा सप्तमी र वडा नं ९ मा पाचधारे बजार लाग्ने गर्दछ। नेपाली कागज, अलैंची, डालो, नाम्लो, थुन्चे, पाउरोटी, केक, विस्कुट तथा सुन्तलाको जुस आदि यस पालिकामा रहेको उद्योगहरुको प्रकारहरु हुन् ।यी उद्योगहरुबाट वार्षिकरुपमा मनग्य आम्दानी नभएपनि स्थानीय स्तरमा रोजगारीको सिर्जना गरेको छ। यी उद्योगहरुबाट वार्षिक रुपमा २ देखि ३ लाख सम्मको कारोबार हुने गरेको छ।

यस गाँउपालिका क्षेत्रमा खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, नगदेबाली, पशुजन्य उत्पादन, जडिबुटी तथा खनिजजन्य वस्तु आयात तथा निर्यात हुने गरेको छ । यस क्षेत्रबाट आयात हुने प्रमुख वस्तुहरुमा धान चामल, टमाटर, केरा, आँप, सुन्तला पर्दछन।निर्यात हुने वस्तुहरुमा मकै, आलु, सुन्तला, मह, मासु जडीबुटीहरु पर्दछन । यस

पालिका भित्र रहेका १४ होटलहरु मार्फत् पनि यहाँ भ्रमण गर्ने पर्यटकहरुको लागि सेवा सुविधा उपलब्ध गराएको छ।

### २.२.४ आम्दानी, रोजागारी र वित्तीय सेवा

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिका भित्र कुल १५,४६४ जनसंख्या रहेका छन् जसमध्ये ८०.६ प्रतिशत आर्थिक रुपले सक्रिय जनसंख्या रहेका छन्। आर्थिक रुपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ। यस गाउँपालिकामा वित्तीय संस्थाहरु पनि रहेका छन्। पालिका भित्र १ कमर्सियल बैङ्क, १ वटा फाइनान्स कम्पनी र १२ वटा वित्तिय संस्था रहेको छ।त्यस्तै, हुलाकको लागि १ कार्यालय रहेको छ।१० वर्ष र सोभन्दा माथिका ८१.४% जनसंख्या आर्थिक क्रियाकलापमा संलग्न रहेको देखिन्छ। साथै, १० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्ममा १५.४% ( पुरुष- १४.९% महिला-१५.८% ) ले ३ महिना भन्दा कम, १८.९% ( पुरुष- १६.१% महिला-२१.५% ) ले ३ महिना भन्दा धेरै तर ६ महिना भन्दा कम, ४६.४% ( पुरुष- ५०.८% महिला- ४२.१% ) ले ६ महिना वा सो भन्दा बढी र १९.४% ( पुरुष- १८.२% महिला-२०.६% ) ले कुनै पनि आर्थिक काम नगरेको देखिन्छ।६६.१% (पुरुष- ७१.०% महिला-६१.३%) रोजगारीमा र ३३.१% (पुरुष-२९.०% महिला-३८.७%) प्राय सक्रिय नरहेको रोजगारीमा रहेका छन्।

### २.२.५ सहकारी

यस गाउँपालिकामा दूध खरीद विक्री, कृषि उत्पादन खरीद विक्री, बचत तथा ऋण लगानी, बिउ विजन खरीद विक्री र बहुउद्देश्यीय किसिमका सेवाहरुको निमित्त सहकारी संस्थाहरु रहेका छन्। यी संस्थाहरुले बचत परिचालन तथा ऋण प्रवाह गरी आर्थिक विकासमा टेवा पुऱ्याएका छन्।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्था तथा पोषण

पालिका अन्तर्गत सम्पूर्ण ९ वटै वडाहरुमा स्वास्थ्य संस्थाहरु छन्। स्वास्थ्य संस्थाभन्दा टाढा दूरीमा रहेका बस्तीहरुमा सामुदायिक इकाई स्थापना भएको छ। वर्थिङ सेन्टर ८ वटा स्वास्थ्य संस्थामा रहेका छन् भने २ वटामा ल्याव रहेका छन्। प्रत्येक वर्ष सम्पूर्ण बालबालिकाहरुमा पूर्ण खोप भएको सुनिश्चितता गर्ने गरिएको छ। यस गाउँपालिकामा महिला स्वास्थ्य स्वयंसेविकाहरु रेहका छन् जसबाट स्थानीयरहरुले आवश्यकता बमोजिम स्वास्थ्य सुविधाहरु पाइरहेका छन्। नजिकको स्वास्थ्य चौकी पुग्न लाग्ने औसत समय करीब ४० मिनेट रहेको छ भने २४ वटा गाउँघर क्लिनिक रहेका छन्। त्यस्तै आ.व २०८०/८१ मा ८८ प्रतिशत महिलाले स्वास्थ्य संस्थामा बच्चा जन्माएका थिए भने मातृ तथा बाल मृत्यु दर शुन्य रहेको छ। शत् प्रतिशत बालबालिकाले खोप लगाउने गरेका छन्। बालबालिकमा झाडा पखालाको संक्रमण दर प्रति हजार ९७ रहेको यस टेम्केमैयुङ गाउँपालिकामा स्वास्थ्य क्षेत्र समग्रमा सुधारोन्मुख अवस्थामा छ। यस टेम्केमैयुङ गाउँपालिकामा १५ शैय्याको अस्पताल निर्माणाधीन अवस्थामा रहेको छ।

### २.३.२ शैक्षिक विकास

गाउँपालिकामा सञ्चालन भइरहेका विभिन्न तहमा शैक्षिक संस्थाहरुको विवरण हेर्दा, यस गाँउपालिका क्षेत्र भित्र रहेका कूल ३१ वटा सामुदायिक विद्यालयहरूमा कूल १०० जना स्वीकृत शिक्षक दरबन्दी रहेकोमा ६९ जना

शिक्षक र ४४ जना शिक्षिका कार्यरत रहेका छन् । आधारभूत तह सम्मको खुद भर्नादर ९०% रहेको छ भने उत्तिर्णदर ९५% रहेको छ।कक्षा ८ को सिकाई उपलब्धी दर ७२% छ भने निरन्तरतादर ८५% रहेको छ।माध्यामिक तहको खुद भर्नादर ४५% रहेको छ भने निरन्तरता दर ८५% रहेको छ। बालमैत्रि सिकाइ विधि अवलम्बन गर्ने विद्यालय ४०% रहेका छन्। विषयगत तालिम प्राप्त शिक्षक ९२% रहेका छन् भने शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यामिक) १: १४ रहेको छ भने महिला र पुरुष शिक्षकको अनुपात १: १.६ रहेको छ।टेम्केमैयुङ गाउँपालिकामा १४१ जना महिला शिक्षिकाहरु रहेका छन् भने उच्च शिक्षामा अध्ययन गर्ने २९८ विद्यार्थी रहेका छन्। बालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध भएका ११ वटा विद्यालय रहेका छन्। ११ वटा विद्यालयमा आइसिटि सेवा उपलब्ध छ भने कम्प्युटर प्रयोशाला भएका विद्यालय ९ वटा रहेका छन्।स्यानीटेरी प्याड सहित नर्स सेवा १ वटा विद्यालयमा उपलब्ध छ भने बालक्लब कियाशील भएका विद्यालयहरु ११ वटा छन्।यहाँको ५ वर्ष वा त्यो भन्दा माथि उमेर समूहको साक्षरता दर ७९.१% रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८६.३% छ भने महिला साक्षरता दर ७१.३% रहेको छ भने २०.३% पढ्न र लेख्न दुवै मा असक्षम रहेको पाइएको छ र विद्यालय उमेरका बालबालिका विद्यालय बाहिर ०.५% रहेका छन्। हाल यस गाउँपालिकामा कक्षा १-५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भएको छ। विद्यालयहरुमा भौतिक निर्माणका कामहरु भएका छन्। दिवा खाजा कार्यक्रम न्यूनतम मापदण्ड अनुसार नै सञ्चालनमा ल्याइएको छ।

### २.३.३ खानेपानी तथा सरसफाइ

टेम्केमैयुङ गाउँपालिकाको कुल घरधुरीमध्ये ५१.३% मा घर परिसर भित्र , ४०.८% घर परिसर बाहिर, ६.३% ले मूलधारा र ०.३%ले खोलाको पानी खाने गरेको पाइएको छ। तथ्याङ्कको हिसाबले मुहान संरक्षण तथा शुद्धिकरण गरेर सुरक्षित पानी पिउने को संख्या कम रहेको पाइएको छ। खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न औषत समय १५ मिनेट लाग्ने गर्छ। सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति १० वटा रहेका छन्। पालिकाको ९९.१% घरको पहुँच शौचालयमा रहेको पाइएपनि पालिका भित्र नै शौचालय नभएका घरधुरी ०.९% रहेको पाइएको छ।(श्रोतः राष्ट्रिय जनगणना, २०७८)

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

राष्ट्रिय जनगणना २०७८ अनुसार टेम्केमैयुङ गाउँपालिकाको कुल जनसंख्यामध्ये महिला जनसंख्या ५०.७% रहेको छ ,भने महिला स्वामित्वमा रहेको घरमात्र ०.५%, घर र जग्गा दुवै भएको ९.६%, जग्गा मात्र भएको ११.२% र घर र जग्गा दुवै नभएको ७८.०% रहेको छ। विभिन्न शिर्षकमा सामाजिक सुरक्षा भत्ता सुविधा लिने जनसंख्या २३१३ रहेको छ।जनगणना २०७८ अनुसार ५.४% जनसंख्यामा अपाङ्गता भएको पाइएको छ। यस गाउँपालिकाका महिलाको औसत आयु ७२.०१ वर्ष रहेको छ, घर व्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा २१.३% महिलाको सहभागिता रहेको छ। यस गाउँपालिकामा कुल बजेटको १% रकम महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रमका लागि बजेट छुट्याइएको छ। त्यस्तै, अपाङ्ता भएकाहरुको क्षमता वृद्धि, सीप विकास र रोजगारी एवं शिक्षा, स्वास्थ्यमा कुल बजेटको ५% छुट्याइएको छ। ज्येष्ठ नागरिक हेरचाह तथा दिवा सेवा केन्द्र १ वटा र परिचय पत्र प्राप्त गरेका ज्येष्ठ नागरिक २३१३ जना रहेका छन्। अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको तथा घुम्ति शिविर कार्यक्रमहरु सञ्चालन गर्ने गरिएका छन्। गाउँपालिकामा बाल क्लब तथा पालिका स्तरीय बाल संरक्षण समिति गठन भएका छन्।त्यस्तै, पालिका स्तरीय महिला मञ्च गठन भएको छ।सुरक्षित महिला, यूवा, किशोर-किशोरी, बालबालिका र ज्येष्ठ नागरिकको हितमा विभिन्न कार्यक्रमहरु हुने गरेको छ।

### २.३.५ यूवा, खेलकुद तथा कला

गाउँपालिकाको तथ्याङ्कलाई हेर्दा रोजगारीको लागि विदेशिएका परिवारको संख्या १८.८% रहेको छ। गाउँपालिकामा हाल खेलकुदको लागि प्रत्येक वडामा गरेर ९ वटा खेलमैदान र १ वटा व्याडमिन्टनको कवर्ड हल रहेको छ। पालिका स्तरीय खेलकुद प्रतियोगिताका रुपमा अध्यक्ष कप सञ्चालनमा ल्याइएको छ।त्यस्तै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता नियमित रुपमा सञ्चालन भइरहेको छ। साथै, पालिकाले एडभेन्चरस खेलहरु पनि सञ्चालन गर्दै आइरहेको देखिन्छ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

३८५४ घर भएको यस गाउँपालिकामा परिवारको औषत आकार ४.०१ व्यक्तिहरु प्रति घरपरिवार रहेको छ। ९४.९% आफ्नै घरमा बस्ने गरेकोमा २.४% भाडाको घरमा बस्ने गरेका छन् । यहाँको ९५.९% घर माटोको जोडाई भएको ईटा ढुङ्गा बाट बनेको छ भने २.२ % घर बाँस वा काठबाट बनेको छ। गाउँपालिकामा बनेका अधिकांश घर ८३.१% जस्ता वा टिनले छाइएको छ भने ११.४% घरको छानो खर।पराल।छालि बाट बनेका छन् ।साथै, ३.५% टायल। खपडा।झिँगटी, ०.०३% ढुङ्गा, ०.६% काठ।फ्ल्याक, ०.६% अन्य र ०.७% सिमेन्ट ढलान गरिएको छ। गाउँपालिकाका अधिकांश घरहरु (९५.३%) को भुँई माटोले बनेको छ। गरीब लक्षित घरधुरी पहिचान, फुसको छानो मुक्त लक्षित कार्यक्रम अभियान सञ्चालन, सघन शहरी विकास कार्यक्रम सञ्चालन, जनता आवास कार्यक्रम सञ्चालन, बाल उद्यान २ वटा, साँस्कृतिक पूर्वाधारमा मन्दिर, गुम्बा, चर्च आदिको निर्माण भई रहेको छ, तथापि निर्माणको गति जनभावना अनुरुप हुन सकि राखेको छैन।(श्रोतः राष्ट्रिय जनगणना २०७८)
साथै, यस पालिकामा १२ वटा सामुदायिक भवन, २० वटा सरकारी भवन, १३ वटा शवदाह स्थल रहेका छन्।सबै भवन तथा सार्वजनिक स्थलहरुमा पालिकाको अग्रसरता सडक सञ्जाल तथा अन्य सुविधाहरुको व्यवस्थापन हुदै आईरहेको छ। अझ पनि सराकरी भवनहरुको निर्माणको आवश्यकता देखिइएको छ। (श्रोतः पालिका पार्श्वचित्र, २०७५)

### २.४.२ सडक, पुल तथा यातायात

गाउँपालिकामा मुख्य/शहरी सडक ४ वटा रहेका छन्। वडा नं १ देखि ४ नं वडालाई मध्य पहाडी राजमार्गले छोएको छ। कुल सडकको सञ्जाल ७३ किमि रहेको छ भने तिन भंगाले देखि कपासे भञ्याङ्ग (३३ किमि) सडक खण्ड यस पालिकाको महत्वपूर्ण तथा रणनीतिक सडक खण्ड हो। सबै पालिका भित्र टोल सडकहरु रहेका छन्।टेम्केमैयुङ गाउँपालिकामा १६ कि.मि लामो पक्की सडक रहेको छ। ग्राभेल कच्ची बाटोले यस पालिकाका विभिन्न क्षेत्रहरु जोडेको छ। सहरी सोलिङ गरिएका ३ वटा सडकहरु ५-१० कि.मि लम्बाई रहेका र कृषि सडकहरु रहेका छन्। ३४ वटा झोलुङ्गे पुल, ११ वटा काठका पुल, पिखुवा र हिंखुवामा २ वटा पक्की पुल रहेका छन् । त्यस्तै मोटरेवल पुल २ वटा र १ वटा निर्माणाधीन रहेका छन्।मनोरम प्राकृतिक दृश्यले भरिपूर्ण रहेको यस पालिकामा १३ पदमार्ग रहेका छन् जसको कुल लम्बाइ १९५ किमि रहेको छ। स्वीस सरकार र प्रदेश सरकारको सहकार्यमा मुन्दुम ट्रेल पनि यस पालिका भित्र रहेको छ।

### २.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा

गाउँपालिकाको पूर्वाधार विकास र उद्यम विस्तारमा विद्युत तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहेको छ। यस गाउँपालिकामा ९०.६% भन्दा बढी विद्युत सुविधा विस्तार गरिएको छ, भने ६.९% घरहरुमा सोलार।सौर्य उर्जा जडान गरिएको छ र ०.८% मा मट्टितेलको प्रयोग हुने पाइएको छ। समग्रमा विद्युतबाट सम्पूर्ण पालिका लाभान्वित भए पनि बिद्युतको गुणस्तरमा सुधार हुनु पर्ने देखिन्छ, कम भोल्टेज र निरन्तर बत्ती गईराख्नु यहाँको प्रमुख समस्याको रुपमा रहेको छ। वैकल्पिक ऊर्जाका उपकरणहरु जस्तै सोलार, विद्युतीय चुल्हो वितरणको आवश्यकता रहेको छ। सुधारिएको वा धुँवा रहित चुल्हो जडान करीब ८०० घरधुरीमा गरिएको छ। सडकको किनारा तथा सार्वजनिक स्थानमा सडक बत्ती जडान गरिएको छ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

स्वास्थ्य चौकी, विद्यालयहरु, सार्वजनिक सेवा प्रदायकहरुमा सूचना प्रविधिको व्यवस्था गरिएको छ। रेडियो, टेलिभिजन, टेलिफोन तथा पत्रपत्रिका जस्ता सूचनाका माध्यमको पहुँचमा रहेका जनसंख्या ८०% प्रतिशत रहेका छन्। गाउँपालिकाको आधिकारिक वेबसाइट मार्फत् सूचनाहरु प्रकाशित गरिने प्रबन्ध रहेको छ। यस पालिकामा वर्तमान परिवेशमा उपलब्ध प्रविधिहरुको सहज पहुँच रहेको छ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्युनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

गाँउपालिकाको कुल क्षेत्रफल १७३.४१ वर्ग कि.मी. मध्ये २१.६७ प्रतिशत क्षेत्रमा खेतीयोग्य जमिन रहेको छ । वनक्षेत्रले ओगटेको क्षेत्र ६९.४० प्रतिशत छ भने घाँसे मैदानले ढाकेको ४.५७ प्रतिशत रहेको छ । बाँझो जमिन २.८१ प्रतिशत रहेको छ। जैविक विविधताका हिसावले मध्यम हावापानीमा पाइने वनस्पतिहरूमा पाखनवेद, चिराइतो, लौठ सल्ला, चिराइतो पर्दछन् ।

साथै यस पालिकामा जटामसी, सतुवा, कटुको, खिरलो हरुको पनि पाइन्छ। चरा चुरुगी तथा जनावरहरुमा कालिज, डाँफे, चिल, गिद्ध, काग, बाज, भ्याकुर, नावो टोटो, कस्तुरी, थार,रेड पाण्डा, भालु, घोरल, बाँदर, स्याल, भ्याकुर, ढुकुर, झारल, फयाउरो, परेवा, भंगेरा, काँडे भ्याकुर,मुख्य रुपमा रहेका छन् । यस पालिका भित्र ५२ वटा सामुदायिक वन रहेको छ जसबाट १२४४९.१९ हेक्टर क्षेत्र संरक्षित गरिएको छ र ४४०१ घर लाभान्वित भएका छन् । समग्रमा यी वनहरुबाट वार्षिक रुपमा ७४४५ क्यु. फिट काठको उत्पादन, २११७० भारी दाउरा र ४०५७ केजी जडिबुटीको उत्पादन हुने गरेको छ। जडिबुटीको चोरी निकासी यस पालिकाको मुख्य समस्याको रुपमा रहेको छ। वार्षिक रुपमा जडिबुटीको उत्पादन ५५१५० केजी भई ३२९० हजारको कारोबार भई पालिकाले १७० हजारसम्म राजश्व संकलन गरेको छ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

टेम्केमैयुङ गाउँपालिकामा करीब २४ वटा संरक्षित पानी मुहान क्षेत्र, १५ वटा संरक्षित तालतलैया, पोखरी र सिमसार क्षेत्र तथा ५ वटा संरक्षित गल्छी तथा पहिरोहरु रहेका छन् भने ७ वटा नदी तथा खोला रहेका छन् जसबाट सिँचाई र विद्युत उत्पादनमा प्रयोग गर्ने गरिएको छ। भू-क्षय नियन्त्रणका लागि विभिन्न क्षेत्रहरुमा

*चित्र ४ भुउपयोग सम्बन्धी विवरण*




बायोइन्जिनियरिङ गरिएका क्षेत्रहरु रहेका छन्। जलउत्पन्न प्रकोप, नदी कटानबाट प्रभावित भएका वस्तीहरु पनि रहेका छन्। यस पालिकामा जङ्गल क्षेत्रले दुई तिहाइ क्षेत्रफल ओगटेको छ, जसलाई संरक्षण गर्नु आवश्यकता रहेको छ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

यस गाउँपालिकामा हालसम्म ल्यान्डफलि साइट निर्माण गरिएको छैन तर प्रत्येक वडामा एक एक वटा ठाँउ फोहोर व्यवस्थापनको लागि छुट्याइको छ र ल्यान्डफिल साइट निर्माण हुने प्रकियामा रहेको छ। बजार क्षेत्रमा मात्र ढल निकासको व्यवस्थापन भएको छ। परम्परागत ऊर्जा (दाउरा) प्रयोग गर्ने करीब ९७.१ प्रतिशत, २.७ प्रतिशत एल.पी ग्याँस र ०.०५ प्रतिशत बिजुलीबाट खाना पकाउने गरेको पाइएको छ । यस पालिका भित्र विभिन्न मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्रहरु रहेका छन्।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

विपद्को समयमा आश्रय लिन सक्ने संरक्षित खुल्ला स्थान ४५ वटा रहेका छन्, र सो ठाउँहरु विद्यालयहरु हुन्। आपतकालीन उद्धारका लागि २ वटा एम्बुलेन्सको व्यवस्था गरिएको छ।आगलागी, बाढी, डुवान, पहिरो, शीतलहर, सर्पको टोकाइ, जंगली जनावरबाट क्षति आदि यस पालिका रहेका विपद्हरु हुन् । बाढीबाट वडा नं ९ धेरै प्रभावित रहेको छ भने चट्याङ पनि यस पालिकाको लागि विपद्को रुप लिँदै आएको छ, जसमा अघिल्लो वर्षमात्र १४ घर नष्ट भएका छन् । हरेक वर्ष पालिकाले प्राकृतिक विपदको कारणले गर्दा जनधनको ठुलो क्षति बेहोर्नुपरेको छ, र प्रमुख समस्याको रुपमा नवनिर्मित संरचनाहरु हुने क्षतिले पनि आर्थिकरुपमा पालिकालाई समस्या सिर्जना गरेको छ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

पालिका तथा वडा कार्यालय, अस्पताल तथा मा.वि.मा इन्टरनेटको सुविधा रहेको छ।सेवा प्रवाह अनलाइन मार्फत गरिएको छ। पालिकामा सिसि क्यामेरा जडान गरिएको तर वडा कार्यालयहरुमा जडान भएको छैन। वडा तथा

अन्य कार्यालयहरुमा विद्युतीय हाजिरी जडान गरिएको छैन। गाउँपालिकामा उपभोक्ता मार्फत् निर्माण गरिने तथा पालिका मर्फत्का निर्माण तथा वस्तु खरीदको लागि विद्युतीय बोलपत्र अभ्यास भएको छ।गाउँपालिकाको आधिकारिक वेबसाइट रहेको छ र सो मा आधारभूत सूचना निरन्तर राख्ने गरिएको छ। नागरिक वडापत्र अनुसार सेवा प्रदान गरि सेवा प्रवाहलाई जवाफदेहितासँग जोडिएको छ।

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

हालसम्म तर्जुमा भएका ऐन १२ वटा, नियमावली ३ वटा तथा कार्यविधि र अन्य १६ वटा रहेका छन् जुन राजपत्रमा प्रकाशित हुने गरेका छन्। सेवा प्रवाह अनलाइन मार्फत प्रदान गरिन्छ। इलोक्ट्रोनिक फन्ड ट्रान्सफरको माध्यमबाट भुक्तानी हुने गरेको तथा सामाजिक सुरक्षा बैंकिङ प्रणालीद्वारा भुक्तानी गर्ने गरिएको छ। विद्युतीय बोलपत्र अभ्यास तथा वेबसाइटमा आधारभूत सूचना राख्ने गरिएको छ।

### २.६.२ सङ्गठनात्मक विकास

टेम्केमैयुङ गाउँपालिकामा ४८ जनप्रतिनिधिको प्रतिनिधित्व रहेको छ भने २४ जना कर्मचारी कार्यरत छन्। गाउँपालिकामा सम्पन्न भएका पूँजीगत तर्फका कूल ४०% आयोजनाहरु रहेका छन् भने प्रस्तावित आयोजनाहरु मध्य यथार्थमा ४०% सम्पन्न भएका छन्।

गाउँपालिकाको अध्यक्षको नेतृत्वमा सञ्चालन हुने गरि गाउँपालिकामा प्रशासन शाखा, लेखा शाखा, योजना शाखा, स्वास्थ्य शाखा, सूचना प्रविधि शाखा, प्राविधिक शाखा, पशु शाखा, कृषि शाखा, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण शाखा, विपद् व्यवस्थापन शाखा, प्रधानमन्त्री रोजगार कार्यक्रम र शिक्षा शाखा रहेका छन्।

### २.६.३ श्रोत परिचालन

आ.व २०८०/८१ मा टेम्केमैयुङ गाउँपालिकाको ५२.५७ करोड बजेट रहेको छ।कुल बजेटको चालू बजेटमा करीब ७९ प्रतिशत र पूजीगँतमा करीब २१ प्रतिशत रहेको छ। गाँउपालिकाले संघीय समानीकरण,, सशर्त विशेष र समपुरक साथै प्रदेश समानीकरण अनुदान, सशर्त अनुदान र समपुरक अनुदान पाउँदै आएको छ। लक्षित वर्ग नै छुट्याएर कमसेकम बजेटको व्यवस्था हुने गरेको छ।

### २.६.४ योजना व्यवस्थापन

वडास्तरबाट आएका योजनालाई विषयगत समितिले प्राथमिकीरण गर्ने र गाउँपालिकाको नीति तथा कार्यक्रम बमोजिम वार्षिक योजना गाउँ सभाबाट स्वीकृत गरी कार्यान्वयन गरिन्छ। साथै, योजनाको छनौटको लागि बटम टु टप एप्रोचको मान्यता बमोजिम वडास्तरीय भेलाबाट छनौट गरिइएका योजनाहरुलाई प्राथमिकीकरण गरि योजनाको छनौट गर्ने गरिएको छ।

# परिच्छेद तीन
# सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

टेम्केमैयुङ गाउँपालिकाको विकास प्रारुपको नेपाल सरकारको "समृद्ध नेपाल सुखी नेपाली" तथा कोशी प्रदेश सरकारको "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को दीर्घकालीन सोचलाई दृष्टिगत गर्दै टेम्केमैयुङ गाउँपालिकाको दीर्घकालीन सोचलाई पूर्णता दिने क्षमता राखेको खण्डमा मात्र सहकार्य, सहअस्तित्व र समन्वयको संवैधानिक अन्तरवस्तुको सम्बोधन हुन सकछ। अर्को तर्फ नेपाललाई सन् २१०० सम्ममा उच्च आय भएको मुलुकको रुपमा रुपान्तरित गर्ने दीर्घकालीन सोच तथा संयुक्त राष्ट्र संघको दीगो विकास लक्ष्यलाई सम्बोधन गर्ने गरी गाउँपालिकाले आफ्नो सोच निर्धारण गर्नुपर्ने हुन्छ। टेम्केमैयुङ गाउँपालिकाले दीर्घकालीन सोचको निर्माण गर्नका लागि कार्यपालिका तथा विषयगत शाखाहरुको सहभागितामा सम्पन्न आवधिक गाउँ विकास योजना तर्जुमा कार्यशालाले टेम्केमैयुङ गाउँपालिकाको दीर्घकालीन सोच लक्ष्य, उद्देश्य र रणनीति निम्न अनुसार निर्धारण गरेको छ।

## ३.२ प्रमुख समस्या तथा चूनौती

टेम्केमैयुङ गाउँपालिका प्राकृतिक श्रोतमा धनी, कृषिमा विविधता र पर्यटन तथा सांस्कृतिमा धनी गाउँपालिका हो। मध्यपहाडी राजमार्गले विभिन्न वडाहरुबाट यात्रा गरिरहदाँ, यस पालिकाका सबै वडाहरुमा सडकको पहुँच रहेको छ। तथापि, यस पालिकाको निरन्तर विकासको लागि विभिन्न समस्याहरु र चूनौतीहरु पार गर्नु पर्ने देखिन्छ। जनचाहना अनुरुप माग भएका योजनाहरुको निर्माण गर्नको लागि आवश्यक श्रोत साधनमा गाउँपालिकामा अभाव हुदै आएको छ, र यसको लागि प्रदेश र संघसँग सहकार्य गरिरहदाँ पनि उचित निकास हुन नसक्दा, योजना विकासमा ढिलाई भइरहेको छ। प्राविधिक शिक्षालयहरु नहुदाँ वर्षेनि विद्यार्थीहरु अन्य स्थानमा गई अध्ययन गरिरहनु पर्ने बाध्यता छ भने बसाँइ सराईका कारणले पालिकामा रहेका मानव संसाधनको अभाव हुने गरेको छ। साथै, प्राकृतिक विपद्हरुले हुने वार्षिक क्षतिमा निरन्तर वृद्धि भइरहेको छ। औद्योगिक क्षेत्र विकास हुन नसक्नु, नयाँ उद्योगहरू स्थापना नहुनु, कृषिमा आधुनिकीकरण नहुनु, पूँजी र प्राकृतिक स्रोत र साधनको विवेकपूर्ण प्रयोग गर्न नसक्नु, व्यावसायिक, प्राविधिक शिक्षा, खुलाद्वार नीतिभन्दा सामान्य शिक्षालाई जोड दिँदा जनसङ्ख्यामा उपयुक्त सीपको कमीले गर्दा दीर्घकालीन र शिक्षित बेरोजगार बढाउनु, जुत्ता भाँडाकुँडा कृषि औजार घरेलु सामान सुकुल बाँसका सामान आदिलाई विदेशबाट आयातीत आधुनिक सामानहरूले विस्थापित गर्नाले घरेलु र कुटिर उद्योग लोप भएर जानु जस्ता कारणले गाउँपालिकामा बेरोजगारीको समस्या बढ्दै गएको छ। कृषि क्षेत्र परिणाम र उपलब्धीमूलक नहुनुमा परम्परागत, निर्वाहमुखी कृषि प्रणालीबाट बाहिर आउन नसक्नु नै मुख्य समस्या हो। समाज परिवर्तनसँगै बजारमुखी र उत्पादन बिक्री आम्दानीबाट चल्ने गर्छ तर निर्वाहमुखी परम्परागत ढाँचाबाट कृषि पेशा गर्ने प्रवृत्तिलाई त्यागेर जमीनले कस्तो उत्पादन दिन्छ र कस्तो उत्पादनले बजार लिन्छ भनी अध्ययन गरेर कृषि उत्पादन गर्न सकिएको छैन। माटोको परीक्षण, मलखाद र खेतको निदानबिना नै विषादीको प्रयोग जस्ता कारणले कृषिमा लागत बढ्ने र उत्पादन घट्ने गरेको छ। भण्डारणको अभाव, स्तरीकरण श्रेणीकरणको अभाव, मध्यस्तकर्ताहरुको प्रधानता, नापतौलका साधानको एकरुपता नहुनु, भिन्न गुणस्तर, कमजोर बजार व्यवस्थापन, विज्ञापन तथा सूचनाको अभावका कारण कृषि बजार अभाव रहेको छ। कृषकले उत्पादनको लागत मूल्य भन्दापनि तल झरेर बिक्री गर्न संघर्ष गर्नुपरेको छ। महिला घरभित्रका काममा सीमित हुनुपर्ने, परिवारमै परनिर्भर रहनुपर्ने देशब्यापी समस्याको केही अवशेष गाउँपालिकामा समेत देखिन्छ। गाउँपालिकाको आन्तिरक आयमा स्रोत न्यून रहेको र संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त, विशेष र समपुरक अनुदान र बजेटमा विकास निर्माण कार्यहरु गर्नुपर्ने अवस्था रहेको छ। राजस्वको आन्तरिक श्रोतहरुको पहिचान गर्नको लागि गाउँपालिकाले राजस्व अभिवृद्धि गरी स्वनिर्भरतातिर उन्मुख हुन सकेको छैन।

गाउँपालिकाको सम्भावनाको अध्ययन गरी रोजगारी सिर्जना गर्ने गरी काम गर्न सकिएको छैन। फलस्वरुप उत्पादनशील श्रमशक्ति र प्रतिभाशाली जनशक्ति विदेश तथा शहर पलायन भइरहेको छ। अविकासमा सरकारलाई दोष थोपर्ने आम प्रवृत्तिले दीगो विकासमा स्थानीयकरण हुन सकेको छैन। सिमित बजार र सुविधायुक्त स्थानबाहेक गाउँपालिकाका धेरैजसो वस्तीहरु छरिएर रहेका छन्। त्यस्ता वस्तीहरुमा सेवा सुविधा र विकासको प्रवाह कठीन भएको छ। यसले विकासको लागत बढाएको छ। छरिएर रहेका वस्तीहरुलाई एकीकृत वस्ती विकासको कार्यमा व्यवहारिक नीति, योजना, कार्यक्रम र सहयोगको अभाव रहेको छ। स्वास्थ्य सेवा विस्तारको लागि आवश्यक रहेको आधरभुत संरचनाहरुको अभावहरु रहेको र आकस्मिक चेकजाँचको लागि अन्य पालिका वा जिल्लामा भरपर्नु परेको अवस्था छ। गाउँपालिकाको चूनौतीको रुपमा यहाँ रहेका धार्मिक, साँस्कृतिक, पर्यटकीय क्षेत्रहरुको उच्चत्तम प्रयोग गर्नु हो।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

उपलब्ध साधन र श्रोतको अवस्थाले गर्दा हरेक गाउँपालिकाको आफ्नै विशेषता र क्षमता हुने गरेको छ र सोही बमोजिम विकासका सम्भावनाहरु समेत फरक पर्न सक्दछन्। अग्रणी क्षेत्र पहिचान गर्ने आधार मुख्यगरी प्रत्यक्ष रुपमा सम्भावनासँग सम्बन्धित रहने हुनाले यसको निर्धारणका लागि गाउँपालिकाको आर्थिक अवस्था, विकासको गति, विकासका सम्भावना आदि पक्षको विस्तृत विश्लेषण गरेर कुन क्षेत्रले के कस्तो भूमिका निर्वाह गरिराखेको छ र भविष्यमा यी मध्ये कुन कुन क्षेत्रले अग्रणी भूमिका निर्वाह गर्ने हो सो को निक्यौंल समेत गर्नु पर्ने देखिन्छ। टेम्केमैयुङको विकासको लागि मुख्यतया कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, पूर्वाधार, उद्योग लगायत नगरमा विद्यमान धार्मिक, साँस्कृतिक सम्पदाहरुको संरक्षण, संवर्द्धनका साथै वातावरण सुधारतर्फ ध्यान दिनुपर्छ। यसबारे यस गाउँपालिकालाई एक प्रमुख पर्यटकीय स्थल, शैक्षिक, स्वास्थ्य र कृषि केन्द्रको रुपमा विकास गरेर वरिपरिका क्षेत्रहरुमा सेवा र सुविधाहरु पुऱ्याउने एक महत्वपूर्ण गाउँपालिकाको रुपमा विकास गर्न सकिने देखिन्छ। टेम्केमैयुङ गाउँपालिकाको स्थलगत अध्ययन, स्थानीयवासीहरुसँगको अन्तरक्रिया तथा छलफल र तय भएको दीर्घकालीन सोच अनुसार गाउँपालिकाको मुख्य गरी ५ किसिमका अग्रणी क्षेत्रहरुको पहिचान गरिएको छ। ती क्षेत्रहरु निम्न किसिमका छन् :

१. कृषि तथा पशुपन्क्षीपालन
२. पर्यटन
३. शिक्षा
४. पूर्वाधार

### ३.३.१ कृषि तथा पशुपक्षीपालन

कृषि तथा पशुपक्षीपालनको व्यवसायीकरण, यान्त्रीकरण तथा बजारीकरण मार्फत समृद्धिको यात्रा शुरु गर्न सक्ने छ।

- ✓ कृषि उत्पादनमा आधारित व्यवसाय तथा उद्योगको स्थापना गर्न सकिने सम्भावना रहेको छ ।
- ✓ सुन्तला, अलैंची, आलु, आदिको पकेट क्षेत्रको निर्माण गर्न सकिने सम्भावना रहेको छ।
- ✓ उत्पादित कृषि उत्पादनको बजार र भण्डारण तथा बिक्री गर्न सकिने उचित सम्भावना रहेको छ ।
- ✓ कृषि सूचना प्रणालीको स्थापना र संचालित भई कृषक लाभान्वित भएको हुनेछ ।
- ✓ प्राविधिक पक्ष जनशक्ति सहितको अस्पताल तथा पशु स्वास्थ्य केन्द्रको स्थापना गर्नलाई आवश्यकता र सम्भावना रहेको छ ।
- ✓ घरायसी तवरमा खसी, बाखा, बङ्गुर आदिको व्यवसाय गर्न सकिने सम्भावना रहेको छ।

### ३.३.२ पर्यटन

हाल उपलब्ध पर्यटकीय उत्पादनहरुको संरक्षण, सम्वर्द्धन तथा दीगो प्रयोगका साथै सिर्जनशील, नवीन तथा आकर्षक पर्यटकीय उत्पादनको विस्तारबाट टेम्केमैयुङको विकासमा गुणात्मक प्रभाव पर्ने छ ।

- ✓ मुन्दुम पदमार्गको बढ्दो चाहनालाई यस क्षेत्रको विकासको एक खुड्किलाको रुपमा विकास गर्ने सकिन्छ।

- ✓ टेम्केमैयुङ गाउँपालिकामा रहेको चाङलुङ गुफा, मार्गापोखरी, पटेक डाँडालाई पूर्वी भेगको प्रमुख पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ।
- ✓ पर्यटन क्षेत्रमा व्यापक निजी लगानी वृद्धि भई स्तरीय होटल, रेष्टुरेण्ट, होमस्टे आदिको विकास गर्न सकिने सम्भावना रहेको छ ।
- ✓ हाल विकास नभएका र उजागर नभएका खासगरी साहसिक खेल लगायत पर्यटकीय स्थलको उजागर र विकास गर्न सकिने सम्भावनाहरु थुप्रै रहेका छन् ।
- ✓ प्रविधिमैत्री सूचना केन्द्रको स्थापना गर्न सकिने सम्भवना रहेको छ ।

### ३.३.३ शिक्षा

कृषि पकेट क्षेत्रको निर्माणसँगै प्राविधिक शिक्षा- पढ्दै कमाउदै सोच अनुरुप यस क्षेत्रलाई शिक्षाको प्रमुख गन्तव्यको रुपमा विकास गर्न सकिन्छ। साथै, पर्यटकीय क्षेत्रमा आवश्यक मानव संशाधनको विकासको लागि यहाँ प्राविधिक शिक्षालयको भरपुर प्रयोग हुने सम्भावना रहेको छ।

- ✓ कृषि तथा पर्यटन विकासका लागि क्याम्पस स्तरीय शिक्षाको निर्माण तथा सञ्चालन गर्न सकिने सम्भावना रहेको छ।
- ✓ वैदेशिक रोजगारीमा जान चाहाने तथा वैदेशिक रोजगारबाट सीप आर्जन गरेर पालिकामा फिर्ता आएका मानव संशाधन र श्रोतको उच्चत्तम प्रयोग गर्न सकिने।

### ३.३.४ पूर्वाधार

पालिकाको मध्य भाग हुदै जाने मध्य पहाडी राजमार्गले गर्दा यहाँ अवस्थित संरचनाहरुको उत्तम प्रयोग हुन सक्ने अवसरहरु देखिएको छ। मुन्दुम पदमार्ग तथा अन्य पर्यटकीय क्षेत्रहरुको भरपुर प्रयोगमा ल्याउनको लागि पूर्वाधारहरुमा लगानीको वातावरण आवश्यकता छ।

- ✓ मध्यपहाडी राजमार्ग निकट रहेका भेग हरुमा होमस्टे तथा अन्य संरचना हरुको विकास गर्न सकिने।
- ✓ मुन्दुम पदमार्ग आसपासबा बस्तीहरुको परम्परागत तवरमा विकास गर्ने सम्भावना रहेको छ।

## ३.४ निर्देशक सिद्धान्त

- अन्तर सरकारी, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र श्रोतको अधिकतम परिचालनद्वारा आर्थिक वृद्धि हाँसिल गर्दै दीगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धीहरूको न्यायोचित वितरण गर्दै समन्यायिक तथा आत्मनिर्भर समाजको निर्माण गर्ने।
- आत्मनिर्भर तथा पौरखी पालिका बासीको निर्माणको लागि सीप, उद्यम तथा व्यवसायमा लगानी वृद्धि गरि बसाँईसराईको क्रममा सन्तुलन ल्याउने।
- कला, संस्कृति धर्मको संरक्षण तथा प्रवर्धन गरि प्रचारको मार्फतबाट पहिचानमा वृद्धि ल्याउने।
- समग्र पालिकामा रहेका विविध धर्म, संस्कार, जातजातीका लागि सम्मानपुर्वक बाँच्न र कर्म गर्नको लागि उपयुक्त स्थानको विकास गर्ने।
- गुणस्तरीय शिक्षामा लगानी गरि, पालिकामा आवश्यक मानव संसाधनको विकास गर्ने।
- स्वास्थ्य संरचनामा लगानी गरि दीर्घ तथा आपतकालीन रोगको निदान तथा उपचारको लागि संरचनाको विकास गर्ने।
- लैङ्गिक समानताको निमित्त न्यायोचित लगानी गरि सुरक्षित तथा सम्मानित वातावरणको विकास गर्ने।

## ३.५ सोच, लक्ष्य तथा उद्येश्य

### ३.५.१ सोच

गाउँपालिकाको आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीमा सहभागीहरु माझ गरिएको छलफल अनुसार विषयविज्ञ तथा पालिकाको पदाधिकारीको सुझाव तथा परामर्शका आधारमा विकासका सम्भावना, अग्रणी क्षेत्र, टेम्केमैयुङबासीको चाहना समेतलाई प्रतिनिधित्व गर्ने गरी तय गरिएको दीर्घकालीन सोचलाई नै निरन्तरता दिइएको छ।

**"समृद्ध टेम्केमैयुङ निर्माणको आधारः शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार"**

### ३.५.२ लक्ष्य

टेम्केमैयुङ गाउँपालिकाको समग्र विकासको लागि सरोकारवाला सम्पूर्ण पक्षहरुको राय सल्लाह, परामर्श र छलफलका माध्यबाट सहभागितामूलक रुपमा देहाएबमोजिम समष्टिगत लक्ष्य निर्धारण गरिएको छः

**प्राविधिक शिक्षालाई जोड दिदै, कृषिमा आधुनिकीकरण एवम् व्यवसायीकरण गरी दीगो पूर्वाधार विकास एवम् आकर्षक, पहुँच योग्य सत्कारयुक्त पर्यटन प्रवर्द्धन गरी, वातावरण संरक्षण गर्दै स्वस्थ, सभ्य, सुसंस्कृत र सुखी टेम्केमैयुङ बासीको निर्माण गर्ने।**

### ३.५.३ उद्देश्य

टेम्केमैयुङ गाउँपालिकाको दीर्घकालीन सोच र समष्टिगत लक्ष्यलाई मध्येनजर राख्दै देहाएबमोजिमका उद्धेश्यहरु तय गरिएको छः

- अन्तर सरकार र बाह्य सम्बन्ध सुधार गरी पूर्वाधार विकास र व्यवस्थित बसोवासको माध्यमबाट सुरक्षाको प्रत्याभूति, स्वरोजारको अवसर सिर्जना गरि समुदायको आर्थिक समृद्धिका लागि सहयोग गर्नु,
- समुदायको बजार र वित्तीय संस्थामा पहुँच वृद्धि गरी यान्त्रिक उपकरणसहितको व्यवसायिक कृषि, पर्यटन र उद्यमशीलताको विकास मार्फत समुदायको दीगो आर्थिक विकासका साथै आत्मनिर्भर उन्मूख बनाउनु,
- व्यवसायिक शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, सहभागितामूलक कार्य पद्दति तथा विकासमा लैंगिक र समावेशी अवधारणाको अबलम्बनबाट नागरिकहरु खासगरि महिला, विपन्न र सिमान्तकृत वर्गमा आधारभूत शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाको प्रत्याभूतिका साथै स्थानीय स्तरमा दक्ष जनशक्ति विकास गर्नु,
- पर्यावरणीय तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन, सार्वजिनक जग्गा र निजि तथा कृषि वन विकास गरि समुदायको काष्ठ जन्य वस्तुको माललाई सम्बोधण गर्दै हरियालीयुक्त गाउँपालिका निर्माण गर्नु,
- समुदायलाई दैवी प्रकोप सम्बन्धित सचेतना अभिवृद्धि, पुर्व तयारीका साथै जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न अनुकुलनका उपायहरुको अबलम्बन गर्नु,
- गाउँपालिकाको भौतिक संरचनाका साथै दक्ष मानव स्रोतको विकास, सूचना, लेखा तथा भौतिक सामाग्रीको कम्प्युटरकृत अभिलेख प्रणाली र पालिकामा सुशासनका सिद्धान्तहरुलाई अबलम्बन गरि सेवाग्राहीलाई सहज, निष्पक्ष र गुणस्तरीय सेवा प्रदान गर्नु।

## ३.६ टेम्केमैयुङ गाउँपालिकाका गौरवका योजनाहरु

आवधिक योजना तर्जुमा कार्यशालाले यस गाउँपालिकाको गाउँगौरवका आयोजना तय गरेको छ । गौरवका आयोजनाको छनौटका लागि मुलभूत रुपमा निम्न आठवटा सूचकलाई आधार बनाइएको थियो ।

(१) आयोजना सञ्चालनबाट स्थानीय नागरिकलाई पुग्ने प्रत्यक्ष लाभ

(२) आय आर्जन तथा रोजगारीता सिर्जना
(३) गाउँपालिकामा मानवीय गतिविधि अभिबृद्धि
(४) वस्तु वा सेवाको व्यापारमा वृद्धि
(५) संघ प्रदेश वा अन्तरपालिका सहकार्य (कनेक्टिभिटी)
(६) आयोजना सञ्चालन गर्नुपर्ने अत्यावश्यकता
(७) मानवीय क्षमता अभिबृद्धि (दक्षता, शिप र ज्ञान)
(८) आयोजनावाट पूँजी निर्माण तथा लगानीको सम्भाव्यता

*तालिका ३ गाउँपालिकाको गौरव योजनाहरु*

| क. सं | योजनाका विवरणहरु | अनुमानित लागत (रु लाखमा) |
|---|---|---|
| १ | मुन्दुम पदमार्ग एकीकृत पर्यटन प्रबर्धन कार्यक्रम (सूचना पाटी, बाटो घाटो मर्मत, सूचना पाटी निर्माण, फोहोर व्यवस्थापन र घेराबार) | ३७५ |
| २ | तिम्मा तिन भञ्ज्याले वादुङ्ला छिनामुख-अन्नपुर्ण-नागी-खावा-पिङडाडा-गोगने-लेखर्क कपासे भञ्याङ सडक योजना | २००० |
| ३ | भौगोलिक क्षेत्रअनुसारको फलफूल तथा तरकारीको (चिराइतो, आलु, अलैंची, किबि,आदि)पकेट क्षेत्र स्थापना गर्ने | २०० |
| ४ | एकीकृत वस्ती विकास कार्यक्रम-चखेवा र पाँचधारे | १००० |

## ३.७ परिमाणात्मक लक्ष्य

गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य र उद्धेश्यका अधीनमा रही गाउँपालिकाको परिमाणात्मक लक्ष्यहरु देहाएबमोजिम तय गरिएको छः

*तालिका ४ राष्ट्रिय र प्रदेशको परिमाणात्मक लक्ष्य*

| क्र.सं | सुचक | इकाइ | राष्ट्रिय लक्ष्य | | प्रदेश नं. १ लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष आ.व. ०७५/७६ | आर्थिक वर्ष २०८०/८१ | आधार वर्ष आ.व. ०७५/७६ | आर्थिक वर्ष २०७९/८० |
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | १०.३ | ६.५ | १०.३ |
| २ | कृषि क्षेत्रको योगदान | प्रतिशत | २७.६ | २३ | ३६.७५ | ३१.९३ |
| ३ | उद्योग क्षेत्रको योगदान | प्रतिशत | १४.६ | १८.१ | १९.०६ | २२.०६ |
| ४ | सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ५८.९ | ४४.१७ | ४५.९९ |
| ५ | प्रति व्यक्ति वार्षिक आय | अमेरिकी डलर | १०४७ | १५९५ | ९३४ | १४८३ |
| ६ | सम्पत्तिमा आधारित गिनी गुणक | गुणक | ०.३१ | ०.२९ | ०.३५ | ०.३३ |
| ७ | वहुआयामिक गरीवी | प्रतिशत | २८.६ | १३ | १९.७ | १५.१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | साक्षरता (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९५ | ७९.१ | ९६ |
| ९ | बाल कुपोषण दर | प्रतिशत | २७ | १५ | २४.४ | २१ |
| १० | खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ९४ | ९९ | ९७.१ | ९९ |
| ११ | विद्युत सेवामा पहुँच भएको जनसंख्या | संख्या | ८८ | १०० | ९१.४ | ९९ |
| १२ | बेरोजगारको दर | प्रतिशत | ११.४ | ६ | १०.२ | ६.४ |
| श्रोतः राष्ट्रिय तथा प्रादेशिक पञ्चबर्षीय योजना दस्तावेज | | | | | | |

*तालिका ५ टेम्केमैयुङ गाउँपालिकाको परिमाणात्मक लक्ष्य*

| क्र. सं. | सुचक | इकाई | आधार वर्ष ०८०।८१ | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | ०८५।८६ |
| १ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५८० | | | | | |
| २ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.५४१ | | | | | |
| ३ | वहुआयामिक गरिवी | प्रतिशत | २४.४३ | | | | | |
| ४ | निरपेक्षित गरिवी | प्रतिशत | ४.७९ | | | | | |
| ५ | वार्षिक जनसंख्या वृद्धिदर | | -१३.६६ | | | | | |
| ६ | प्रतिव्यक्ति वार्षिक आय | रु.हजार | | | | | | |
| ७ | औषत आयु (जन्म हुँदाको) | वर्ष | ७२.०१ | ७२.१ | ७२.५ | ७२.९ | ७३ | ७३.२ |
| ८ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७९.१ | | | | | |
| ९ | वेरोजगारी दर | प्रतिशत | ३३ | ३२ | ३१ | ३० | २९ | २५ |
| १० | खाद्यान्न उत्पादन वार्षिक वृद्धिदर (धान, मकै, गहुँको कूल) | प्रतिशत | २ | २.२ | २.५ | ३ | ३.५ | ४ |
| ११ | पशुपंक्षीको वार्षिक विक्री वृद्धिदर (दुध मासुको कूल) | प्रतिशत | २ | २.२ | २.५ | ३ | ३.५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | पर्यटन व्यवसायवाट कूल रोजगारी प्रदान | संख्या | १० | ४० | ६० | ८० | १०० | |
| १३ | पालिकाको वार्षिक आयात निर्यातको अनुपात (आयातः निर्यात) | अनुपात | २:१ | | | | | |
| १४ | वैंक तथा वित्तीय संस्थाहरुवाट भएको कूल कर्जा प्रवाह | प्रतिशत | | | | | | |
| १५ | (कूल निक्षेप सङ्कलन रकमको) | प्रतिशत | | | | | | |
| १६ | उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | प्रतिशत | ९० | | | | | |
| १७ | आधारभूत तहमा खूद भर्नादर (औषतमा) | प्रतिशत | ८० | | | | | |
| १८ | ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | २० | ६० | ७० | ८० | ९० | |
| १९ | उच्च स्तरको खानेपानी सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | |
| २० | परिवर्तित स्थानीय संरचना तथा कानून अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्चालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य | संख्या | ३ | ४ | ६ | ८ | ९ | |
| २१ | पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | ५ | ६ | ७ | ९ | १० | |
| २२ | लोपोन्मुख संस्कृतिको जर्गेना | प्रतिशत | ३० | ४० | ५० | ६० | ७० | |
| २३ | उद्योग तथा व्यापार व्यवसाय क्षेत्रमा यूवाहरुको आवद्धता | संख्या | ३० | ४० | ५० | ५५ | ५८ | ६० |
| २४ | दीगो, सुरक्षित र नियमित यातायात सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | | ५५ | ६० | ७० | ८० | ९० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५ | आधारभूत भौतिक पूर्वाधारहरु पुगेका बस्तीहरु (खानेपानी, शिक्षा, स्वास्थ्य, सडक, विजुली, सञ्चार) | प्रतिशत | ८५ | ८७ | ८९ | ९१ | ९३ | ९५ |
| २६ | वर्षभरी नियमित सिंचाइ भएको खेती योग्य भूमि | प्रतिशत | | ४० | ५५ | ६५ | ७५ | ९० |
| २७ | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ९० | ९२ | ९५ | ९८ | ९९ | १०० |
| २८ | इन्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | संख्या | | ३० | ४० | ५० | ६० | ७० |
| २९ | संरक्षित तथा व्यवस्थित वन क्षेत्र (कूल वन क्षेत्रको) | संख्या | | | | | | |
| ३० | घर, कार्यालय, अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिक जन्य फोहोरलाई सुरक्षित विसर्जन गर्नेको | प्रतिशत | | ५५ | ६० | ६५ | ७० | ७५ |
| ३१ | भू—क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | १५ | १४ | १२ | १० | ५ | ० |
| ३२ | विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | रु. लाख | | | | | | |
| ३३ | सरोकारवाला एवं सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन, कानूनहरु | प्रतिशत | ९० | ९५ | ९९ | १०० | १०० | १०० |
| ३४ | पालिकाको वार्षिक आन्तरिक आय | रु. लाख | ४२ | ५० | ५५ | ६५ | ७० | ७५ |

श्रोतः टेम्केमैयुङ गाउँपालिका, २०८०

## ३.८ रणनीति तथा प्राथमिकता

गाउँपालिकाको समष्टिगत लक्ष्य, उद्देश्य तथा परिमाणात्मक लक्ष्यलाई तोकिएको समयावधिमा पूर्णता दिन गाउँ विकास योजनाले देहायका समष्टिगत रणनीतिहरु अवलम्बन गर्नेछ।

- गाउँपालिकालाई कृषिको केन्द्रको रुपमा विकास गर्ने।
- गाउँपालिकालाई पर्यटकीय स्थलको रुपमा विकास गर्ने र यहाँ रहेका पदमार्ग, मन्दिर, गुम्बा, साँस्कृतिक सम्पदाको जगेर्ना गरि विकासको आधार तयार गर्ने।

- अन्नबाली बिँउ उत्पादन, तरकारी खेति तथा पशुपंक्षीपालनलाई व्यवसायिक तथा यान्त्रीकरणको माध्यमबाट तुलनात्मक तथा प्रतिष्पर्धात्मक लाभका आधारमा विकास गर्दै कृषि पकेट क्षेत्रको रुपमा विकास गर्ने।
- प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र दीगो तथा उच्चतम व्यवस्थापनको नीतिगत व्यवस्थाबाट समुदायको आर्थिक विकास गर्ने।
- पूर्वाधार विकासको गुणस्तरीयता तथा दीगोपना कायम गर्न नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन गर्ने।
- गुणस्तरीय, व्यवसायिक तथा प्राविधिक शिक्षा तथा आधारभूत स्वास्थ्य सुविधामा गाउँपालिकाका सबै नागरिकको पहुँच विस्तार गर्दै लगिने।
- सार्वजनिक, नीजि तथा कृषि वन विकास गरि समुदायको वा पैदावर सम्बन्धी मागलाई सम्बोधन गर्दै गाउँपालिकामा हरियाली प्रबर्द्धन गर्ने।
- समुदायलाई वातावरण संरक्षण, फोहोरमैलाको व्यवस्थापन गरि सरसफाईको उचित व्यवस्थापन गर्ने।
- जलवायु परिवर्तनको असर न्यूनिकरण र दैविप्रकोप व्यवस्थापनका लागि वडा स्तरमा नै सामुदायिक दैवीप्रकोप व्यवस्थापन समितिहरुको गठन गरि परिचालन गर्ने।
- नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरि आन्तरिक राजश्व क्षेत्रको खोजी गरि तिनको दीगो परिचालन गर्ने।

## ३.९ लगानी, श्रोत अनुमान र बाँडफाँट

*तालिका ६ लगानी, श्रोत अनुमान र बाँडफाँड*

| आय शिर्षक | आ.व. ०७७।७८ | आ.व. ०८०।८१ | आ.व. ०८१।८२ | आ.व. ०८२।८३ | आ.व. ०८३।८४ | आ.व. ०८४।८५ | आ.व. ०८५।८६ | कुल राजश्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | ३४ | १७४.१३ | ७३.७५ | ८४.८१ | ९७.५३ | ११२.१६ | १२८.९९ | १६६८.३६ |
| | ०.७८% | | | | | | | ३.४३% |
| आन्तरिक श्रोत (चालु) | ३४ | ४२.१३ | ४८.४५ | ५५.७२ | ६४.०७ | ७३.६८ | ८४.७४ | |
| आन्तरिक श्रोत (पूजींगत) | | २२ | २५.३० | २९.१० | ३३.४६ | ३८.४८ | ४४.२५ | |
| आन्तरिक श्रोत (बैङ्क मौज्दात) | | ११० | | | | | | |
| संघीय सरकार | ३५१४ | ३९९० | ४३८९ | ४८२७.९ | ५३१०.६९ | ५८४१.७५९ | ६४२५.९३४९ | ३४१४०.४१९ |
| | ८०.८९% | | | | | | | ६६.३५% |
| समानीकरण | ८५२ | ८४७ | ९३१.७ | १०२४.८७ | ११२७.३५७ | १२४०.०९२७ | १३६४.१०२ | |
| सशर्त | २०५७ | ३०३७ | ३३४०.७ | ३६७४.८ | ४०४२.२ | ४४४६.५ | ४८९१.१ | |
| समपूरक | | ५० | ५५ | ६०.५ | ६६.६ | ७३.२ | ८०.५ | |
| विशेष | | ५६ | ६१.६ | ६७.८ | ७४.५ | ८२.० | ९०.२ | |
| अन्य | | | ० | ० | ० | ० | ० | |
| सामाजिक सुरक्षा | ६०५ | | ० | ० | ० | ० | ० | |
| प्रदेश सरकार | १०७.७८ | २५६.६४ | ९४६.२४ | १२७०.८६६ | १२९७.९५२६ | १३२७.७५१९ | १३३२.०१९ | ५६९०.९४०४६ |
| | २.४८% | | | | | | | १८.३८% |
| समानीकरण | ६९.९८ | ५०.७ | ५९.८१ | ६५.७९ | ७२.३७ | ७९.६१ | ७९.६१ | |
| सशर्त | | १०५.९४ | १५४.३७ | १६९.८१ | १८६.७९ | २०५.४७ | २०५.४७ | |
| समपूरक | | १०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विशेष | | | २०० | ५०० | ५०० | ५०० | ५०० | |
| अन्य | ३७.८ | | ३२.०६ | ३५.२७ | ३८.७९ | ४२.६७ | ४६.९४ | |
| राजश्व बाँडफाड | ६८८.३२ | ८५९.१५ | ९१९.२९ | ९८३.६४ | १०५२.५० | ११२६.१७ | १२०५.०१ | ७०८२.३७ |
| | १५.८४% | | | | | | | ९.१६% |
| संघ | ६८८.३२ | ८२२.७८ | ८८०.३८ | ९४२.०० | १००७.९४ | १०७८.५० | ११५४.०० | |
| प्रदेश | | ३६.३७ | ३८.९२ | ४१.६४ | ४४.५५ | ४७.६७ | ५१.०१ | |
| जम्मा आय (१००) | ४३४४.१ | ५२७९.९२ | ६३२८.२८ | ७१६७.२२ | ७७५८.६७ | ८४०७.८५ | ९०९१.९५ | ४८५८२.०९ |
| | १००.००% | ७ प्रतिशत वृद्धि | ७ प्रतिशत वृद्धि | ७ प्रतिशत वृद्धि | ७ प्रतिशत वृद्धि | ७ प्रतिशत वृद्धि | ७ प्रतिशत वृद्धि | |
| प्रशासनिक खर्च | ६२०.६ | १०५८.४४ | १२७०.१२८ | १५२४.१५३६ | १८२८.९८४३ | २१९४.७८१२ | २६३३.७३७४ | |
| सशर्त अनुदानको ४० प्रतिशत | १७७९.२५६ | १२५७.१८ | १३९८.०३ | १५३७.८३ | १६९१.६१ | १८६०.७८ | २०३८.६४ | |
| सामाजिक सुरक्षा भत्ता २० प्रतिशत | ८८९.६२८ | १०६७.५५ | १२८१.०६ | १५३७.२७ | १८४४.७२ | २२१३.६६ | २६५६.३९ | |
| कुल चालु खर्च | ३२८९.४८ | ३३८३.१७ | ३९४९.२२ | ४५९९.२५ | ५३६५.३१ | ६२६९.२२ | ७३२८.७७ | ३१३९८.७२ |
| कुल लगानी योग्य | १०५४.६१६ | १८९६.७५२ | २३७९.०६४ | २५६७.९६७ | २३९३.३५९ | २१३८.६२५ | १७६३.१७९ | १७१८३.३७ |
| | २४.२८% | ३५.९२% | ३७.५९% | ३५.८३% | ३०.८५% | २५.४४% | १९.३९% | |
| | | | | | | | | |
| आवश्यक बजेट (रु लाखमा) | | | ५३२५ | ६६९५ | ६४८६ | ५१६४ | ३८२१ | |

# परिच्छेद चार
# आर्थिक क्षेत्र

संघीय प्रणालीको राजनीतिक व्यवस्थासंगै संघ, प्रदेश र स्थानीय तह बीच सहकार्य, समन्वय तथा सहअस्तित्वको सम्बन्ध स्थापित भएकाले आर्थिक विकासको लक्ष्य, उद्देश्य, रणनीति, तथा कार्यक्रमहरुबीच तादाम्यता कायम गर्नु पर्ने आवश्यकता छ। दीगो विकासका १७ लक्ष्य मध्ये ४ वटा लक्ष्यले हरेक क्षेत्रमा रहेका सबै स्वरुपका विषय गरिबीको अन्त्य गर्ने, भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति र दीगो कृषिको प्रवर्द्धनमा जोड दिने, स्थिर, समावेशी र दीगो आर्थिक वृद्धि, पूर्ण उत्पादनशील रोजगारी र मर्यादित श्रमको सुनिश्चितता तथा दीगो उपभोग र उत्पादनलाई आर्थिक विकासको दीगो लक्ष्यका रुपमा उल्लेख गरेको छ भने संघीय र प्रदेश सरकारले उच्च र समतामूलक राष्ट्रिय आयका लागि दीगो उत्पादन र उत्पाकदत्वलाई जोड दिएको छ।

टेम्केमैयुङ गाउँपालिकाको अर्थतन्त्रको प्रमुख आधार कृषि, पर्यटन, व्यापार, साना तथा घरेलु उद्योग लगायतका क्षेत्र हुन्। उल्लेखित विषयवस्तुलाई ध्यान दिँदै टेम्केमैयुङ गाउँपालिकाको प्रस्तुत आवधिक योजनाले दीगो बिकासका लक्ष्य साथै संघ र प्रदेशको आर्थिक विकास लक्ष्य तथा रणनीतिलाई आत्मसाथ गर्दै गाउँपालिकाको मौलिकता बमोजिमको आर्थिक कार्ययोजना तयार पारेको छ।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ कृषि

#### पृष्ठभूमि

कृषि क्षेत्र अन्तर्गत व्यवसायिक तरकारी खेती, जडीबुटी उत्पादन, अन्नबाली र फलफूल खेतीलाई लिईएको छ। कृषिजन्य उत्पादनको लागि उर्बर भूमि रहेको यस गाउँपालिकामा करीब ४० प्रतिशत खेतियोग्य रहेको छ। समुन्द्र सतहबाट न्यूनतम ३३२ मि. देखि ३३०० मि. सम्म फैलिएको यस गाउँपालिकाको धरातलीय स्वरुप अनुसार स्थान विशेष विभिन्न प्रकृतिको माटो र उत्पादन रहेको छ। गाउँपालिकाको रोजगारी र जीविकोपार्जनको मुख्य आधार जडीबुटी उत्पादनका साथै व्यवसायिक तरकारीका साथै फलफूल खेती रहेको पाइन्छ। करीब ८५.२ प्रतिशत जनसंख्या कृषि पेशामा संलग्न रहेको टेम्केमैयुङ गाउँपालिकामा १ वटा कृषि उपज संकलन केन्द्र रहेको छ भने १२ वटा कृषि सहकारी संस्था रहेका छन्। यस पालिकामा उत्पादनशील जग्गा जमिन रहेको छ। पालिकामा उत्पादित फलफूल तथा अन्य उत्पादनको भण्डार को लागि शित गृह (कोल्ड स्टोर) को निर्माण गाँउपालिकाको पायक पर्ने ठाँउ अन्नपुर्ण र कोटमा गर्ने सकिने।यस भूगोलमा सुहाँउदो फलफूल खेतीको प्रचुर सम्भावना रहेको छ।मौसमी बेमौसमी तरकारी खेतीको लागि उपयुक्त वातावरण रहेको छ। जडिबुटीजन्य वनस्पति, मौरीपालन, आधुनिक यान्त्रीकरण मार्फत् खेती प्रणाली, रैथाने बाली संरक्षण एवं विस्तार, खाद्यान्न बाली विस्तार,नगदे बाली विस्तार, कृषि बीमा सञ्चालन गर्नु पर्ने देखिन्छ।

#### समस्या

कृषिको व्यवसायीकरण हुन नसक्नु, सिँचाईको अपर्याप्तता, व्यवस्थित हाटबजार तथा संकलन केन्द्र नहुनु, शीत भण्डारको अभाव, कृषि बीमाको सुविधा/सुरुवात नहुनु, व्यवसायिक बेमौसमी खेतीका लागि आवश्यक प्लाष्टिक घर, प्लाष्टिक पोखरी र सिँचाईको अभाव हुनु, जंगली जनावर जस्तै ढेंडु, बादर, मृग खरायो आदि द्वारा खेती बाली नष्ट गरिनु, माटो परीक्षणको लागि प्रयोगशाला नहुनु, कृषि अनुसन्धान फिल्ड, प्रविधि प्रर्दशनी केन्द्र र प्रयोगशालाको

अभाव, बालीमा लाग्ने रोग व्यवस्थापन हुन नसक्नु, कृषि अनुसन्धान र कृषि प्रसार बीच समन्वयको कमी, प्रशोधन क्षमताको कमी आदि प्रमुख समस्या हुन्।

उत्पादनशील जग्गा जमिन बाँझिनु। माटोको अवस्था के कस्तो छ भनि जाँच नहुनु, कृषिमा लगानी कम हुनु । कोल्ड स्टोरलाई धान्ने खालको तरकारी उत्पादन नहुनु। चौबिसै घण्टा विद्युतको आपूर्ति नहुनु। जग्गा जमिन बाँझो हुनु, भएका बगैंचाहरु पनि सुदृढीकरण नहुनु, जातीय शद्धता भएको उन्नत जातको बिऊँ तथा विरुवा प्रयोग नहुनु। उन्नत जातको बिउबिजन वितरण हुन नसकेको, बजारको व्यवस्थापन उचित नभएको। व्यवसायिक खेती गर्ने कृषकहरु कम भएको, यूवा जनशक्ति देश बाहिर रोजगारीको लागि जाने क्रम बढेको। बिऊ बिरुवा, प्राविधिक ज्ञान तथा भूगोल अनुसार उत्पादन हुने जडिबुटीहरुको अध्ययन अनुसन्धानमा कमी। आधिनिकीकरण गर्न नसकिएको, बालीहरुमा विषाधीको प्रयोग भई मौरीको विनाश भई रहेको र चरण क्षेत्रको व्यवस्थापन गर्न नसकिएको। बजेट विनियोजनमा समस्या, व्यवसायिक कृषकहरु यस पहुँचबाट टाढा हुनु, भौगोलिक कठिनाइ। रैथाने स्थानीय बालीहरुको खेती कम हुदै गएको, यस बालीको संरक्षणमा जोड नदिइएको। आधुनिक तरिकाबाट खेती प्रविधिमा कमी। आधुनिक प्रविधि, सिँचाई प्रयाप्त मात्रामा उपलब्ध नहुनु। कृषकहरुमा बीमा सम्बन्धी ज्ञानको कमी तथा झन्झटिलो प्रक्रिया।

## चूनौती

स्थानीय सरकार मातहतमा आएको कृषि प्रसार सेवालाई व्यवस्थित र सुदृढिकरण गर्न, कृषि सम्बन्धी अनुसन्धान संस्था एवं संघीय सरकारबाट प्राप्त गर्न, परम्परागत कृषि ज्ञानको पुर्नखोज गरी आधुनिकीकरण र उपयोग गर्न, कृषि जग्गाको चक्लाबन्दी गर्न, कृषि प्राविधिकको उपलब्धता सुनिश्चित गर्न, कृषिमा यान्त्रिकीकरण र व्यवसायीकरण गर्न, जंगली जनावरबाट बाली सुरक्षित गर्न, कृषि बालीमा लाग्ने किरा तथा रोगको पहिचान गर्न, जैविक तथा प्राङ्गारिक कृषि प्रणालीको प्रवर्द्धन गर्न, खाद्यवस्तुको गुणस्तर कायम गर्न, हानिकारक कीटनाशक विषादी र रासायनिक मल र आनुवांशिक परिवर्तन गरिएका बाली वस्तु नियन्त्रित गर्न, कृषि अनुदानाई प्रतिस्पर्धी बजारको विकास हुने गरी उयोग गर्न, कृषकले कृषि उत्पादनको सही मूल्य प्राप्त गर्न आदि प्रमुख चूनौती हुन्।

## सम्भावना तथा अवसर

दीगो विकासमा खाद्य तथा पोषणको विषय समाविष्ट हुनु, कृषि उत्पादनको बढ्दो माग, बाली बस्तुको पकेट क्षेत्र, ब्लक क्षेत्र, जोन र सुपरजोनको बलियो आधार हुनु, खेतियोग्य जमिन प्रशस्त हुनु, पशुपालन फर्महरु सञ्चालनमा हुनु, नर्सरी व्वसाय सुचारु हुनु, वर्षभरि विविध कृषि उत्पादनको लागि मौसमी अनुकुलता, जैविक तथा प्राङ्गारिक खेती प्रति बढ्दो आकर्षण, यूवा पुस्तामा आधुनिक खेतीप्रति आकर्षण बढ्दै जानु, कृषि क्षेत्र स्थानीय सरकारको कार्य क्षेत्रमा पर्नका साथै उच्च प्राथमिकतामा पर्नु, आन्तरिक तथा बाह्य बजारमा निर्यातको अवसर हुनु, बढ्दो सडक संजाल, ज्ञान, सीप, पूँजी र उन्नत प्रविधि सहित वैदेशिक रोजगारीबाट फर्किएका यूवा कृषि प्रविधिको प्रयोगको माध्यमद्वारा व्यवसायीकरण गरी उत्पादन, उत्पादकत्व र आयआर्जनका अवसरहरुलाई वृद्धि गर्न सकिने प्रमुख अवसर हुन्।

## लक्ष्य

कृषिमा आधुनिकीकरण, व्यवसायीकरण गरि गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने।

## उद्देश्य

१. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा बृद्धि गरी आर्थिक विकासमा टेवा पुऱ्याउनु ।
२. गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउनु ।
३. कृषिमा व्यवसायीकरण गरेर रोजगारीको वृद्धि गर्नु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषिलाई अन्तराष्ट्रिय मापदण्ड अनुसार आधुनिकीकरण गरि व्यवसायीकरण गर्ने।<br>२. जलवायु परिवर्तन न्यूनीकरण गर्नकालागि एक घर एक विरुवाको अवधारणा तय गर्ने।<br>३. एक वडा एक उत्पादन कार्यक्रमलाई आत्मसाथ गर्ने। | १. बाँझो जमिनलाई खेती योग्य जमिन बनाउन, प्रत्येक वडाहरुको माटोको परिक्षण गरी त्यस माटोमा सुहाउदो बालीनाली लगाउन कृषकहरुलाई प्रेरित गरिनेछ।<br>२. कृषिक्षेत्रलाई बजेट विनियोजन गर्दा मुख्य प्राथमिकतामा राखिनेछ।<br>३. व्यवसायिक तरकारी उत्पादनमा जोड दिने खालको कार्यक्रम अघि सारिनेछ।<br>४. विद्युत आपूर्तिलाई नियमित तथा गुणस्तरीय बनाउनको लागि पहल गरिनेछ।<br>५. पुरानो बगैंचा सुदृढीकरणको कार्यक्रम अघि सार्ने। भुगोल सुहाउँदो फलफूलहरु जस्तै, सुन्तला, किवी, घिउफल, ओखर जस्ता बालीहरुको पकेट स्थापना गरी उत्पादनमा जोड दिइनेछ।<br>६. सिँचाईको अभाव भएको स्थानमा सिँचाईको उचित व्यवस्थापन गरिनेछ।<br>७. हाट बजार तथा संकलन केन्द्र पालिकाको अवस्था हेरी पायक पर्ने ठाउँमा स्थापना गरिनेछ।<br>८. खेतीलाई व्यवसायिक तरिकाबाट व्यवसाय गर्ने खालको कृषक, समुह सहकारी फर्महरुलाई छनौट गरि उचित मल, विउहरुमा लागत साझेदारी मार्फत् अनुदानको व्यवस्था मिलाइनेछ।<br>९. जडिबुटी विज्ञहरुबाट अध्ययन अनुसन्धान गराई निश्चित पकेट क्षेत्र स्थापना गरि बिउ तथा बिरुवाहरु वितरण गरिनेछ।<br>१०. आधुनिक मौरी पालनको कार्यक्रम तालिमहरु सञ्चालन गरिनेछ।<br>११. विषाधी न्यूनीकरण सम्बन्धी जनचेतना तालिमहरु सञ्चालन गरिनेछ।<br>१२. चिउरी, तोरी लगायत अन्य मौरीको लागि उपयुक्त बालीनाली खेती विस्तारको कार्यक्रमहरु अघि सारिनेछ।<br>१३. वास्तविक कृषकहरुको सुचिकरण गरि कृषि यान्त्रिकीकरणमा अनुदान दिइनेछ।<br>१४. रैथाने बालीको संरक्षण, संबर्द्धन र प्रबर्द्धनको कार्यक्रमहरु अघि सारिनेछ।<br>१५. धान, मकै, गँहु, जौ, कोदो जस्ता मुख्यबालीहरुको उन्नत जातको बिऊ वितरण साथै आधुनिक खेती प्रविधि हस्तान्तरण गरिनेछ।<br>१६. अलैंची बालीको पकेट क्षेत्र बनाई कृषकहरुलाई विरुवा तथा प्रविधि हस्तान्तरण गरिनेछ।<br>१७. गाँउपालिका मार्फत् बीमा सचेतना कार्यक्रम तथा कृषि बीमा गर्दा निम्न वर्गको व्यवसायिक कृषकहरुलाई प्राथमिकतामा राखी नगद राहत वितरण गर्ने खालको कार्यक्रम अघि सारिनेछ। |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको विषयगत समिति र शाखा प्रमुख सहितको छलफलबाट निम्न बमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ।

१. कृषकहरुलाई उन्नत प्रविधिको यान्त्रिकरण हस्तान्तरण गर्ने।

२. वडा तथा टोलमा उत्पादित बस्तुलाई सहज रुपमा निर्यात गरी आर्थिकोपार्जनमा वृद्धि गर्ने।

३. कृषकहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गरी उन्नत जातको बिउ तथा बिरुवा वितरण गर्ने।

## विस्तृत कार्यक्रम तथा अपेक्षित उपलब्धी

| विषयगत उपक्षेत्रः कृषि | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | |
| क्र. सं | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | शीतभण्डार निर्माण तथा सञ्चालन कार्यक्रम | तरकारी तथा फलफूल लामो समयसम्म संरक्षण | १०० | ६० | १० | १० | १० | १० | गाउँपालिका/प्रदेश/संघीय |
| २ | कृषकहरुलाई मिनी ट्रेलर वितरण कार्यक्रम | कृषि यान्त्रिकरण | १०० | २० | २० | २० | २० | २० | गाउँपालिका/प्रदेश/संघीय |
| ३ | भौगोलिक क्षेत्रअनुसारको फलफूल तथा तरकारीको (चिराइतो, आलु, अलैंची, किबि,आदि)पकेट क्षेत्र स्थापना गर्ने | कृषक आत्मनिर्भर | २०० | २० | ४० | ६० | ६० | २० | गाउँपालिका/प्रदेश/संघीय |
| ४ | मौसमी बेमौसमी तराकारी खेती गर्ने | कृषक आत्मनिर्भर | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका/प्रदेश/संघीय |
| ५ | जडिबुटी खेती तथा प्रशोधन | कृषक आत्मनिर्भर | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका/प्रदेश/संघीय |
| ६ | मौरी प्रवर्द्धन कार्यक्रम | कृषक आत्मनिर्भर | ४० | १० | १० | १० | ५ | ५ | गाउँपालिका/प्रदेश/संघीय |
| ७ | रैथाने बाली संरक्षण विस्तार | लोपोन्मुख जातको संरक्षण | २५ | ५ | ५ | ५ | ५ | ५ | गाउँपालिका/प्रदेश/संघीय |
| ८ | खाद्यान्न बाली विस्तार | कृषक आत्मनिर्भर | २५ | ५ | ५ | ५ | ५ | ५ | गाउँपालिका/प्रदेश/संघीय |
| ९ | नगदेबाली (ओखर, किबि, चिया आदि) संरचना, बिउबिजनको वितरण गर्ने | आर्थिक लाभ | २५ | ५ | ५ | ५ | ५ | ५ | गाउँपालिका/प्रदेश/संघीय |
| १० | स्थानीयस्तरमा उत्पादित तराकारी तथा फलफूल संकलन तथा बिक्री वितरण केन्द्र निर्माण | उत्पादित वस्तुलाई बजारको अभाव नहुने | १०० | ५ | ३० | ४० | ७५ | | गाउँपालिका/प्रदेश/संघीय |
| ११ | हानिकारक वन्यजन्तु व्यवस्थापन कार्यक्रम (बाँदर) | जंगलि जनावरबाट हुने क्षेति न्यूनीकरण | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका/प्रदेश/संघीय |
| १२ | कृषि बीमा संचालन कार्यक्रम | जोखिम न्युनीकरण | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका/प्रदेश/संघीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | कृषि तथा पशुपंक्षीको प्रोफाइल निर्माण | वस्तुगत अवस्था तथा तथ्याङ्कबारे जानकारी | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका/प्रदेश/संघीय |
| १४ | उच्च प्रविधिको नर्सरी स्थापना | गुणस्तरयुक्त बेर्नाको उत्पादन | १०० | १० | ६० | २० | १० | | गाउँपालिका/प्रदेश/संघीय |
| १५ | वडा नं ९ मा पाँचधारे कृषि व्यापारको लागि घरटहराको निर्माण | स्थानीय उत्पादन प्रवर्द्धन तथा कर व्यवस्थापन | ५०० | | २०० | २०० | १०० | | गाउँपालिका/प्रदेश/संघीय |
| १६ | उत्कृष्ट किसान पहिचान गरि पुरस्कार वितरण कार्यक्रम | कृषकहरुलाई हौसला प्रदान | २५ | ५ | ५ | ५ | ५ | ५ | गाउँपालिका/प्रदेश/संघीय |
| १७ | कृषि मेला तथा कृषि उत्पादनको ब्राडिंग गर्ने | कृषि सामाग्रीहरुको प्रचारप्रसार भई व्यापार तथा बजारम वृद्धि हुने | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका/प्रदेश |
| कुल लागत (रु.) | | | १५४० | २०५ | ४५० | ४४० | ३६० | १३५ | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिबिल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने परिवार | घरधुरी | | | | | | | | | ४ | २ | १.४ |
| असर | | वार्षिक खाद्यान्न उत्पादन | मे.टन | २७८ | | | | | | | | ४ | ३ | १.४ |
| प्रतिफल | | वार्षिक वचत खाद्यान्न विक्री | मे.टन | ४२ | ४८ | ५५ | ६५ | ७५ | ९० | | | ४ | २ | १.४ |
| | | प्रतिव्यक्ति वार्षिक खाद्यान्न उत्पादन | मे.टन | | | | | | | | | ४ | २ | १.४ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नगदेवाली, मौसमी तथा बेमौसमी बालीको वार्षिक उत्पादन | मे.टन | २५ | ३५ | ४५ | ६० | ७५ | ९० | | | ४ | २ | १.४ |
| | | व्यवसायिक कृषि नर्सरी | संख्या | ५ | ५ | ८ | ८ | १० | १० | | | ४ | २ | १.४ |
| | | तरकारी वार्षिक उत्पादन | मे.टन | ८८ | ९५ | १०० | १०८ | ११४ | १२० | | | ४ | २ | १.४ |
| | | फलफूल वार्षिक उत्पादन | मे.टन | १९० | २०० | २१० | २२० | २३० | २४० | | | ४ | २ | १.४ |
| | | उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषक | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० | ६५ | | | ४ | २ | १.४ |
| | | आधुनिक कृषि औजारहरु प्रयोग गर्ने कृषक | प्रतिशत | १० | २० | ३० | ४० | ५० | ५५ | | | ४ | २ | १.४ |
| | | व्यवसायिक एवं आधुनिक तरिकाको खेतीले ओगटेको भूभाग | हेक्टर | १५ | २५ | ४० | ६० | ८० | ८५ | | | ४ | २ | १.४ |
| | | कृषि व्यवसायमा सहुलियत कर्जा, कृषि सामानमा अनुदान तथा | रु. लाखमा | | ५० | १०० | १५० | २०० | २५० | | | ४ | २ | १.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यान्त्रिकीकरणमा पूँजीगत | | | | | | | | | | | | |
| | | अनुदानवाट लाभान्वित कृषक | संख्या | | १०० | २०० | ३०० | ४०० | ५०० | | | ४ | २ | १.४ |
| | | विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषक | संख्या | | ५० | १०० | १५० | २०० | २५० | | | ४ | २ | १.४ |
| | | व्यवसायिक कृषि फार्म | संख्या | ९ | ९ | १० | १२ | १४ | १५ | | | ४ | २ | १.४ |
| | | व्यवसायिक कृषिवाट प्रदान भएको प्रत्यक्ष रोजगारीता | संख्या | २७ | २७ | ४० | ५० | ६० | ७० | | | ४ | २ | १.४ |
| | | आधुनिकीकरण परियोजनाबाट लाभान्वित किसान | संख्या | | ५०० | १००० | २५०० | ४००० | ७००० | | | ४ | २ | १.४ |
| | | सञ्चालनमा रहेको कृषि वजार, हाटवजार तथा कृषि थोकवजार | संख्या | ५ | ५ | ६ | ७ | ८ | ९ | | | ४ | २ | १.४ |
| | | कृषि उपजहरु विक्रीका लागि नजिकको वजार क्षेत्रमा पुग्न लाग्ने समयावधि | घण्टा | १ | १ | १ | १ | १ | १ | | | ४ | २ | १.४ |
| | | संचालनमा रहेको कोल्ड स्टोरेज | संख्या | १ | २ | २ | २ | २ | २ | | | ४ | २ | १.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषि उपज सङ्कलन केन्द्र, बजार प्रबर्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा केन्द्र | संख्या | ५ | ६ | ७ | ८ | ९ | ९ | | | ४ | २ | १.४ |
| | | किसान क्रेडिट कार्डवाट लाभान्वित कृषकहरु | प्रतिशत | - | ३० | ४० | ५० | ६० | ७० | | | ४ | २ | १.४ |
| | | कृषि वीमा सेवावाट लाभान्वित कृषक | प्रतिशत | | ३० | ४० | ५० | ६० | ७० | | | ४ | २ | १.४ |
| | | व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक | संख्या | १२ | १२ | २० | ३० | ४० | ५० | | | ४ | २ | १.४ |
| | | कृषि सहकारी संस्था | संख्या | १२ | १२ | १२ | १४ | १५ | १५ | | | ४ | २ | १.४ |
| | | कृषि सहकारीमा आवद्ध कृषक | संख्या | ४०६ | ४०६ | ५०० | ७०० | ८५० | १००० | | | ४ | २ | १.४ |

## अनुमान तथा जोखिम पक्ष

कृषि तथ्याङ्क प्रणाली व्यवस्थित गर्न, कृषि क्षेत्रमा बढी भन्दा बढी जनसंख्यालाई रोजगारी प्रदान गरी पूँजी निर्माणमा लगाउने वातावरण निर्माण गर्न, धेरै वडामा माग भए अनुरुप कृषि उपज बेच बिखन केन्द्र, चिस्यान केन्द्र, संकलन केन्द स्थापना, सञ्चालन र व्यवस्थित गर्न जोखिमपूर्ण छ । साथै कृषि उत्पादन क्षेत्र (पकेट, ब्लक) विकास र नयाँ प्रविधिमा आधारित सिंचाईको विस्तार गर्न पनि निकै समय तथा खर्च लाग्ने देखिन्छ ।यद्यपि प्रविधि, मल, गुणस्तरीय बीउको सुलभ आपुर्ति, भरपर्दो सिँचाइ प्रणाली, भूमिको उपयोग र एकीकृत व्यवस्थापन गर्न सकिएमा अपेक्षित नतिजा प्राप्त गर्न सकिने अनुमान गर्न सकिन्छ ।

## ४.१.२ पशुपंक्षी विकास

### पृष्ठभूमि

उन्नत जातका पशुपालनला लागि नक्ष सुधारको परिकल्पना तथा व्यवस्था भएको। पशुपालनका लागि उपयुक्त चरण क्षेत्र रहेको। पशुपालन फर्म तथा समुहहरु स्थापना भएको तथा पालिकामा दर्ता हुने गरेको। कृषि ऋण तथा जोखिम वहनका लागि बीमाका कार्यक्रमहरु सञ्चालनमा रहेको छ। विभिन्न आन्तरिक तथा बाह्य रोगहरु विरुद्ध औषधी उपचारको उपलब्ध हुने गरेको छ। बीऊ संरक्षणका लागि तरल नाइट्रोजनको ढुवानी व्यवस्थामा सुधार गरि क.ज. केन्द्र सम्म पुऱ्याउने व्यवस्था मिलाउन प्रयाप्त मात्रामा बजेट विनियोजन गर्नुपर्ने। पोषणयुक्त उन्नत जातका घाँस खेती तथा नर्सरी गरि बाँझो जमिनको सदुपयोग गरिनुपर्ने। कृषकहरुलाई व्यवस्थित पशुपालन सम्बन्धी तालिम उपलब्ध गराउनसक्ने तथा प्रत्येक वडाहरुमा प्राविधिक जनशक्तिको नियुक्ति गरिनुपर्ने। सस्तो व्याजमा ऋण उपलब्ध हुनुपर्ने तथा सहज व्यवस्थित बीमा कार्यक्रमकालागि बीमाशुल्कमा अनुदान उपलब्ध हुनुपर्ने। प्रयाप्त मात्राम बजेट विनियोजन हुनुपर्ने।

### समस्या

उन्नत जातमा विकास गर्नका लागि आवश्यक उपकरणहरु खरीद तथा ढुवानीमा समस्या तथा स्थानीय वातावरणमा समायोजन हुन नसक्नु। चरण खर्क र घाँसेमैदानहरु व्यवस्थित हुन नसक्नु। विभिन्न महामारीजन्य रोगको कारण कृषकहरु पशुपालनमा आकर्षित नहुनु तथा प्राविधिक जनशक्तिको कमीका कारण रोगहरुको निराकरण हुन नसक्नु। बीमाको प्रक्रिया झन्झटिलो भएकोले कृषकहरुको बीमा प्रति आकर्षण नहुनु तथा लापरवाही हुनु। औषधी उपचारकालागि आर्थिक बजेट प्रयाप्त नहुनु।

### चूनौती

पशु प्राविधिकको उपलब्धता सुनुश्चित गर्न, पशुपंक्षीपालन सम्बन्धी संस्थागत तथा संरचनागत व्यवस्था गर्न, सरकारको मातहतमा आएको कृषि प्रसार सेवालाई व्यवस्थापन र सुदृढीकरण गर्न, परम्परागत पशुपंक्षी पालन ज्ञानको पुनः खोज गरी आधुनिकीकरण र उपयोग गर्न, अन्तर-सरकार समन्वय प्रभावकारी बनाउन, पशुपंक्षीपालनमा उपयुक्त व्यवसायीकरण गर्न, कृषि अनुदानलाई प्रतिस्पर्धी बजारको विकास हुने उपयोग गर्न, पशुपंक्षीमा देखिने कीरा तथा रोगको पहिचान तथा नियन्त्रण गर्न आदि प्रमुख चूनौती हुन्।

### सम्भावना तथा अवसर

मासुजन्य र दुग्ध उत्पादनको बढ्दो माग हुनु, दुग्ध क्षेत्रलाई औद्योगिक चरणमा समावेश गराई टेम्केमैयुङलाई सेतो शहरको रुपमा विकास गर्ने, पशुपालनका पकेट क्षेत्र र सुपर जोनको बलियो आधार हुनु, यूवा पुस्तामा आधुनिक पशुपंक्षीपालन प्रतिको आकर्षण बढ्दै जानु, आन्तरिक तथा बाह्य बजारमा निर्यातको अवसर हुनु, बढ्दो सडक सञ्जाल, ज्ञान, सीप, पूँजी र उन्नत प्रविधिसहित वैदेशिक रोजगारीबाट फर्किएका यूवा पशुपंक्षीपालन क्षेत्रमा आकर्षित हुनु, उपयुक्त पशुपंक्षीपालन व्यवसायमा प्रविधिको प्रयोग बढ्दै जानु तथा हरेक व्यवसायलाई व्यवसायिक ढङ्गले काम गर्ने संस्कार विकास हुँदै जानु आदि प्रमुख अवसर हुन्। पूरक अनुदानमा आधारित साना कृषि बजार केन्द्रहरु निर्माणले यस क्षेत्रको कृषि उत्पादनको मूल्य श्रृंखला वृद्धि हुन गई प्रादेशिक बजार निर्माण गरि टेम्केमैयुङ केन्द्रको रुपमा विकास हुन सक्नेछ।पालिकास्तरीय कृषि तथा पशुधन सेवा केन्द्रको स्थापनाले पशुजन्य विभिन्न क्षेत्रहरुमा सुधार गर्न सकिनेछ।

### लक्ष्य

आधुनिक प्रविधिको प्रयोग गर्दै पशुपंक्षी पालनमा विकास गरि दुध, मासु र अण्डामा आत्मनिर्भर बनाउने।

### उद्देश्य

१. स्वच्छ र पोषणयुक्त दुग्धजन्य र मासुजन्य पदार्थ उत्पादनमा वृद्धि गर्नु ।
२. आधुनिक प्रविधिको प्रयोगबाट उन्नत जातका बढी उत्पादनशील क्षमता भएका पशुपंक्षीहरु विकास गर्नु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. संघ, प्रदेश र स्थानीय तह तथा सम्बन्धित सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरि पशुपंक्षी क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।<br>२. पशु स्वास्थ्य र पशु बीमा सम्बन्धी प्रोत्साहन-नीति नियम तथा योजना तर्जुमा गर्ने।<br>३. पशुपंक्षी तथा दुग्ध व्यवसायलाई उत्पादन र उत्पादकत्वमा वृद्धि गरी उत्पादनमुखी बनाई आत्मनिर्भर बनाउने।<br>४. पशुपंक्षी तथा दुध उत्पादकत्व वृद्धि गर्न प्रविधि, प्राविधिक तथा वित्तिय सेवा उपलब्ध गराउने।<br>५. पशुपंक्षीहरुलाई संक्रामक रोगबाट बचाउन प्रयोगगशाला निर्माण गरि प्रविधियुक्त पशु चिकित्सालयको निर्माण गरि पशु स्वास्थ्य सेवा सुचारु गर्ने। | १. पशुपंक्षीको स्वास्थ्य परीक्षणको लागि पशु प्राविधिक तथा प्रिविधियुक्त पशु चिकित्सालय निर्माण गरिनेछ।<br>२. कृतिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुको संख्या वृद्धि गरिनेछ।<br>३. पशु बीमा कार्यक्रमलाई सञ्चालनमा ल्याई कार्यान्वयन गरिनेछ।<br>४. उन्नत नश्लका बढी उत्पादनशील क्षमता भएका पशुपंक्षीहरु विकास गरिनेछ।<br>५. दुध तथा दुग्धजन्य पदार्थको उत्पादन, संकलन तथा प्रशोधन गरि उत्पादकत्वमा वृद्धि गरिनेछ।<br>६. विभिन्न आन्तरिक तथा बाह्य परजिवीहरु तथा महामारी जन्य जुतोरिक रोगहरुको प्रतिस्थापन गर्न खोप तथा औषधी उपलब्ध गराइनेछ।<br>७. व्यवसायिक पशुपंक्षीपालन सम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरि दीगो तथा आर्थिक विकासमा जोड दिइनेछ। |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको विषयगत समिति र शाखा प्रमुख सहितको छलफलबाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ।

१. पशु बीमा कार्यक्रमलाई सञ्चालनमा ल्याई कार्यान्वयन गर्ने।
२. उन्नत नश्लका बढी उत्पादनशील क्षमता भएका पशुपंक्षीहरु विकास गर्ने।
३. विभिन्न आन्तरिक तथा बाह्य परजिवीहरु तथा महामारी जन्य जुनोरिक रोगहरुको प्रतिस्थापन गर्न खोप तथा औषधी उपलब्ध गराउने।
४. व्यवसायिक पशुपंक्षीपालन सम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरि दीगो तथा आर्थिक विकासमा जोड दिने।

## विस्तृत कार्यक्रम तथा अपेक्षित उपलब्धी

| विषयगत उपक्षेत्रः पशुपंक्षी | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | कृतिम गर्भाधान र नक्ष सुधार सम्बन्धी कार्य | उत्पादन क्षमतामा वृद्धि | २५ | ५ | ५ | ५ | ५ | ५ | गाउँपालिका/प्रदेश/संघीय |
| २ | दुध तथा दुधजन्य पदार्थहरुको उत्पादन, भण्डारण तथा बिक्रीवितरण | आर्थिक लाभ | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका/प्रदेश/संघीय |
| ३ | घाँस बालीको बिऊ तथा बेर्ना र एकीकृत चरण खर्क विकास कार्यक्रम | पोषणयुक्त घाँस तथा आहरा | २० | ४ | ४ | ४ | ४ | ४ | गाउँपालिका/प्रदेश/संघीय |
| ४ | पशु स्वास्थ्यको जोखिम न्यूनीकरण गर्न बीमा लागू | जोखिम न्यूनीकरण | २० | ४ | ४ | ४ | ४ | ४ | गाउँपालिका/प्रदेश/संघीय |
| ५ | चौरी तथा भेडा विकास प्रवर्द्धन | उन तथा छुर्पी उत्पादन | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका/प्रदेश/संघीय |
| ६ | औषधी तथा खोप खरीद तथा ढुवानी र प्राविधिक पारिश्रमिक | पशु स्वास्थ्य उपचार | १०० | २० | २० | २० | २० | २० | गाउँपालिका/प्रदेश/संघीय |
| ७ | गोठ तथा भकारो सुधार कार्यक्रम | प्राङ्गारिक मलको संरक्षण | ८० | २० | २० | २० | १० | १० | गाउँपालिका/प्रदेश/संघीय |
| ८ | स्थानीय तथा रैथाने जातका पशुपंक्षीहरुको संरक्षण र संवर्द्धन | स्थानीय प्रजातिको संरक्षण | ६० | १५ | १५ | १५ | १० | ५ | गाउँपालिका/प्रदेश/संघीय |
| ९ | माछा प्रवर्द्धनका लागि पोखरी निर्माण तथा भुरा खरीद कार्यक्रम | माछामा आत्मनिर्भर | १०० | २० | २० | २० | २० | २० | गाउँपालिका/प्रदेश/संघीय |
| १० | लेयर्स कुखुराको पकेट क्षेत्र विकास कार्यक्रम | अण्डामा आत्मनिर्भर | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका/प्रदेश/संघीय |
| ११ | व्यवसायिक पशुपक्षीपालन प्रत्साहन कार्यक्रम | निजी क्षेत्रलाई व्यवसायिक पशुपालनमा प्रोतसाहन गरि उत्पादकत्वमा वृद्धि गर्ने | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका/प्रदेश/संघीय |
| कुल लागत (रु.) | | | ६०५ | १२८ | १२८ | १२८ | ११३ | १०८ | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्टयाइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | व्यवसायिक पशुपंक्षी पालनमा संलग्न घरधुरी | संख्या | ३००० | ३१०० | ३२०० | ३३०० | ३४०० | ३४०० | | | ४ | २ | १.४ |
| असर | | व्यवसायिक पशुपालन फर्महरु | संख्या | ११ | १४ | १७ | २० | २० | २१ | | | ४ | २ | १.४ |
| प्रतिफल | | पशुपंक्षी वीमा सेवावाट लाभान्वित कृषक | प्रतिशत | - | २५ | ३० | ३५ | ४० | ४५ | | | ४ | २ | १.४ |
| | | नश्ल सुधार तथा प्राथमिक उपचारकेन्द्र | संख्या | ३ | ३ | ३ | ४ | ५ | ६ | | | ४ | २ | १.४ |
| | | पशुपंक्षीपालन सम्बन्धी उपलब्ध प्रविधि (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन) उपयोग गर्ने कृषक | प्रतिशत | - | ४० | ४५ | ५० | ५५ | ६० | | | ४ | २ | १.४ |
| | | सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | ० | २ | ४ | ६ | ८ | ९ | | | ४ | २ | १.४ |
| | | दुध उत्पादन (वार्षिक) | मे.टन लि | ३४ | ४० | ४२ | ४४ | ४६ | ४८ | | | ४ | २ | १.४ |
| | | वार्षिक दुध विक्री | रु.लाखमा | २४ | २८ | ३२ | ३६ | ४० | ४४ | | | ४ | २ | १.४ |
| | | खसीबोका, राँगाभैसी, वङ्गुर, सुंगुरको वार्षिक विक्री | रु.लाखमा | ५०. | ५५. | ६० | ६५. | ७०. | ७५ | | | ४ | २ | १.४ |
| | | वार्षिक कुखुराको मासु तथा अण्डा विक्री | रु.लाखमा | ३३ | ३५ | ३७ | ४० | ४५. | ५०. | | | ४ | २ | १.४ |
| | | चालु अवस्थाका व्यवसायिक | संख्या | ११ | १४ | १७ | २० | २३ | २५ | | | ४ | २ | १.४ |
| | | कुखुरापालन फर्महरु | संख्या | ४ | ६ | ८ | १० | १२ | १२ | | | ४ | २ | १.४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पशुजन्य संक्रामक रोग विरुद्ध खोप लगाएका पशुपंक्षीहरु | प्रतिशत | - | २५ | ३० | ३५ | ४० | ५० | | | ४ | २ | १.४ |

## अनुमान तथा जोखिम पक्ष

पशुपंक्षीको दीगो र प्रविधियुक्त तरिकाले व्यवस्थापन गर्न, वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको रकम पशुपंक्षीपालन क्षेत्रको पूँजी निर्माणमा लगाउने वातावरण बनाउन जोखिमपूर्ण छ । यद्यपि पशुपंक्षीको स्वास्थ्य परिक्षणको लागि भेटनेरी क्लिनीक निर्माण, कृतिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार तथा पशु बीमा कार्यक्रम निरन्तर भएमा अपेक्षित नतिजा प्राप्ति गर्न सकिने अनुमान गर्न सकिन्छ ।

## ४.२ सिँचाई

### पृष्ठभूमि

यस गाउँपालिकाको कुल भू-भाग मध्ये ३७.५९ प्रतिशत जमिन खेतियोग्य रहेको छ। गाउँपालिकाको कुल खेतियोग्य जमिनमध्ये ३००० हेक्टर जमिनमा सिंचाई पुगेको अवस्था छ। कृषिको लागि उर्वर माटो भएको हुँदा प्राकृतिक श्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त वृद्धि हुने देखिन्छ । नयाँ खेतीको विधि तथा ढाँचाहरूको अभ्यास गर्ने र उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउन सिंचाईको मुख्य भूमिका रहने हुँदा उच्च प्राथमिकताका साथ कार्य गर्न आवश्यक रहेको छ । पानीको मुहानको श्रोतहरु तथा खोलानालाहरु प्रशस्त रहेको। वर्षामा निर्भर सिँचाई हुने कृषि भुमि धेरै रहेको। प्लाष्टिक पोखरी निर्माण गर्न सकिने तथा एक वडा एक पोखरी निर्माण गर्न सकिने।

### समस्या

सिंचाई प्रणालीको पूर्ण क्षमतामा सञ्चालन तथा बाह्रै महिना सिंचाई सुविधा पुग्ने गरी सञ्चालन हुन नसक्नु, नियमित मर्मत सम्भार हुन नसक्नु, कृषक व्यविस्थत कुलोमा पनि स्व-व्यवस्थापन भन्दा श्रोतको निमित्त सरकार प्रतिको निर्भरता बढ्दै जानु, सिंचाई सम्बन्धी संगठनात्मक पुर्नसंरचना नहुनु, प्राविधिक जनशक्तिको न्यूनता, नयाँ प्रविधिमा आधारित (पोखरी, थोपा, ड्रिप आदि) सिंचाईको विस्तार हुन नसक्नु, पुराना पोखरी नासिँदै जानु, पक्की ढलले भूमिगत पानीको श्रोत घट्दै जानु आदि प्रमुख समस्या हुन्। श्रोतहरु प्रयाप्त भएतापनि व्यवस्थित कुलो नभएकाले चुहावटको समस्या रहेको।

### चूनौती

सर्वयाम सिंचाई सुविधा उपलब्ध गराउन, सिंचाई क्षेत्रमा विज्ञ प्रशिक्षक र तालिम प्राप्त प्राविधिकको पूर्ति गर्न, आर्थिक श्रोत र साधन उपलब्ध गराउन, सिंचाई सेवा शुल्क संकलन कार्य प्रभावकारी बनाउन, सिंचाई आयोजनाहरूको मर्मतसम्भार, सञ्चालन तथा व्यवस्थापनलाई दीगो र प्रभावकारी बनाउन, प्राकृतिक मुल तथा मुहानको दीगो संरक्षण गर्न, प्राकृतिक रिचार्ज प्रणाली कायम गर्न, सतह सिंचाई तथा भूमिगत सिंचाईको संयोजनात्मक प्रयोग गर्न, आधुनिक सिंचाईमा ध्यानाकर्षण तथा लगानी वृद्धि गर्न, सिंचाई आयोजना विकासप्रति समुदायको चासो वृद्धि गर्न, आदि सिंचाई क्षेत्रका चूनौतीहरू हुन् ।

### सम्भावना तथा अवसर

भौगोलिक अवस्थाले सिंचाईयोग्य कृषि जमिनको पर्याप्तता, दीर्घकालीन कृषि विकास रणनीतिमा सिंचाईको विशिष्ट स्थान रहनु, उपभोक्ताको संजाल विस्तार हुनु र सिंचाई सम्बन्धी नवीन ज्ञान र प्रविधिमा पहुँच बढ्दै जानु, ठूला व्यवसायिक कृषि फार्म तथा आयोजनाहरू विकासतर्फ निजी क्षेत्रको आकर्षण बढ्दै जाँदा सिंचाईको सुविधाको माग बढ्दो क्रममा रहनु, कृषियोग्य र सिंचाईयोग्य जमिनमा सिंचाई गर्न र जमिनको स्वरुप अनुरुप उपयुक्त प्रविधि अवलम्बन गर्न, सिंचाईमा दक्षता वृद्धि हुदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।दातृ निकायको सहयोगमा सिँचाईको काममा अग्रसरता भई वार्षिक रुपमा सिँचाईद्वारा लाभान्वित क्षेत्रफलको वृद्धि भई राखेकोले सिँचित क्षेत्रफल क्रमिक रुपमा वृद्धि हुने देखिन्छ।

### लक्ष्य

सिंचाई प्रणालीको विस्तार गरि कृषि प्रणालीमा सुधारत्मक विकास गर्ने ।

### उद्धेश्य

१. विद्यमान सिंचाई पूर्वाधारको मर्मत तथा जिर्णोद्धार समयानुकुल प्रविधि अनुसार गर्नु ।

२. उपयुक्त प्रविधिमार्फत् कृषियोग्य भूमिमा सिंचाईको दीगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १ विद्यमान सिंचाई सुविधाको संरक्षण गर्न विशेष प्राथमिकता दिने ।<br>२ सिंचाई प्रणालीको व्यवस्थापनको लागि संस्थागत संरचना सुदृढीकरण गर्ने ।<br>३ उपयुक्त प्रविधिमा आधारित सिंचाई प्रविधिको प्रयोग गरी सिंचाईई सुविधा विस्तार गर्ने । | १. सिँचाई सुविधाको तथ्याङ्कलाई विशिष्टिकरण गरिइनेछ।<br>२. सिंचाईको लागि श्रोतको उचित व्यवस्थापन गरिनेछ।<br>३. सिँचाईमा प्रयोग भई राखेका मुहानहरुको संरक्षण तथा सम्बर्धनमा पहल गरिनेछ।<br>४. बृहत सिँचाईको लागि अध्ययन गरी प्रक्रिया अघि बढाइनेछ। |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको विषयगत समिति र शाखा प्रमुख सहितको छलफलबाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ।

- मुहानहरु व्यवस्थित गरेर प्लाष्टिक पोखरी तथा खोलाहरुको पानी लिफ्टिङ्ग गरि सिँचाईको व्यवस्थापन गरिने।

## विस्तृत कार्यक्रम तथा अपेक्षित उपलब्धी

**विषयगत उपक्षेत्रः सिंचाइ**

| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | रिमचिम कर्माजित सिंचाइ आयोजना | | ५० | १५ | १५ | २० | | | गाउँपालिका / प्रदेश /संघीय |
| २ | रुमला दोभान मुहान हुदै वडा कार्यालय सम्म सिंचाइ आयोजना | | ५० | १५ | १५ | २० | | | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | खाम्ले सिंचाइ आयोजना | | ५० | १५ | १५ | २० | | | गाउँपालिका / प्रदेश /संघीय |
| ४ | महभिर झरना मुनिबाट लुम्बुवा साविक ५,६ र ९ सिंचाइ आयोजना | साविक ५,६ र ९ का कृषियोग् जमिन सिञ्चित हुने | ५० | | १५ | १५ | २० | | गाउँपालिका / प्रदेश /संघीय |
| ५ | अधेरी खोला मुल कतार्ने देखि तोरीबारी खेत सम्म | | ५० | | १५ | १५ | २० | | गाउँपालिका / प्रदेश /संघीय |
| ६ | सिक्तेल खोला लिफ्टिङ सिंचाइ आयोजना | | ५० | | | १५ | १५ | २० | गाउँपालिका / प्रदेश /संघीय |
| ७ | हिले खोला देखि डाँडाखेत हुदै सल्लेरी कुलो निर्माण | | ५० | | | १५ | १५ | २० | गाउँपालिका / प्रदेश /संघीय |
| ८ | सुन्तले कुलो काभ्रे सिंचाइ आयोजना | | ५० | | | १५ | १५ | २० | गाउँपालिका / प्रदेश /संघीय |
| ९ | महेन्द्र कुलो मार्मत | ३३ हेक्टर जमिन सिञ्चित हुने | | | | | | | |
| १० | चौतारे नया कुलो मर्मत गोगने | १३ हेक्टर जमिन सिञ्चित हुने | | | | | | | |
| ११ | कठरे कुलो मर्मत आहाले कोट | ८ हेक्टर जमिन सिञ्चित हुने | | | | | | | |
| १२ | हलुवा बिस्मुरे कुलो मर्मत कोट | 10 हेक्टर जमिन सिञ्चित हुने | | | | | | | |
| १३ | जौबारी कुलो मर्मत लेखर्क | 19 हेक्टर जमिन सिञ्चित हुने | | | | | | | |
| १४ | बुङखुवा कुलो मर्मत | 24 हेक्टर जमिन सिञ्चित हुने | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | सुब्बा कुलो मर्मत कोट | १० हेक्टर जमिन सिञ्चित हुने | | | | | | | |
| कुल लागत (रु.) | | | ४०० | ४५ | ७५ | १३५ | ८५ | ६० | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | खेतीयोग्य जमिन मध्ये सिंचित भूमि | हेक्टर | १९४४ | १९४४ | २१०३ | २१४० | २२६० | २३९० | | | ४ | २ | १.३ |
| असर | | वर्षाको आकाशे पानीमा निर्भर सिंचाइ भूमि | हेक्टर | ११२८ | ११२८ | ११०० | १०५० | १०४० | १०३० | | | ४ | २ | १.३ |
| प्रतिफल | | खोला तथा मुहानहरुबाट सिंचित भूमि | हेक्टर | ४८३ | ४८३ | ४८३ | ४८० | ४७० | ४६० | | | ४ | २ | १.३ |
| | | वर्षभरी नियमित सिंचित क्षेत्र | हेक्टर | ३३३ | ३३३ | ५२० | ६१० | ७५० | ९०० | | | ४ | २ | १.३ |
| | | सिंचाइका लागि निर्मित नहरको कूल लम्वाइ | किमि | - | | | | | | | | ४ | २ | १.३ |
| | | स्तरोन्नति तथा मर्मत संभार भएका पानी कुलो | संख्या | २० | | | | | | | | ४ | २ | १.३ |

## अनुमान तथा जोखिम पक्ष

सिंचाई पानीका श्रोत वरपर भौतिक संरचना निर्माण गर्नाले असर पर्न गई पानीको मात्रा र गुणस्तरमा कमी हुन सक्नु र कार्यक्रम व्यवस्थापकको सेवा निरन्तरता हुन नसक्ने जस्ता पक्षलाई अपेक्षित उपलब्धी हाँसिल गर्नमा व्यवधान पुऱ्याउने जोखिमका रूपमा आकलन गरिएको छ । सो नभएमा वा प्राकृतिक विपद् एवम् अन्य विविध कारणले आयोजनागत लागत वृद्धि भएमा अपेक्षित उपलब्धी हाँसिल नहुने जोखिम रहन्छ । सिंचाईका निमित्त वैकल्पिक सिंचाई (आकासे पानी संकलन, थोपा सिंचाई, लिफ्टिङ्ग सिंचाईको व्यवस्थापन सुरु भएको हुने, साथै पोखरीको संरक्षण भएको हुने अनुमान गरिएको छ ।

# ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

## ४.३.१ पर्यटन

### पृष्ठभूमि

यस गाउँपालिकाले प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक र पर्या—पर्यटनलाई प्रवद्र्धन गर्दै आयमूलक रोजगारीका अवसरहरू श्रृजना भएको छ। गाउँपालिका भित्र रहेका प्राकृतिक तथा पर्यटकीय क्षेत्रहरुमा टेम्के डाँडा, मैयुङ डाँडा, हाँस पोखरी, कपासे भञ्याङ्ग लगायतका पर्यटकीय स्थानहरु रहेको। वार्षिक रुपमा हजारौं पर्यटकहरु पदमार्गको आनन्द लिनको लागि पालिका भ्रमण गर्ने गरेको। बाह्य साझेदारको सहयोगमा राष्ट्रिय पहिचान बोकेको मुन्दुम पदमार्गको निर्माण भई राखेको छ। साथै, मन्दिर तथा साँस्कृतिक सम्पदाको भ्रमण गर्नको लागि पनि पर्यटकहरु भ्रमण गर्ने गर्दछन् ।

### समस्या

पर्यटकीय गन्तव्य सम्मको पक्की सडक बाटो व्यवस्थापन हुन नसक्नु, पर्यटकलाई आकर्षित गर्न चाहिने सेवा, सुविधा र पर्यटकीय वस्तुको कमी हुनु, पर्यटन क्षेत्रमा निजी लगानी अन्तर्गत स्तरीय होटल, रेष्टुरेण्ट, होमस्टे आदि वृद्धि हुन नसक्नु, धार्मिक पर्यटकीय स्थलको उपयुक्त व्यवस्थापन गर्न नसक्नु, पर्यटकीय सूचना प्रवाह व्यविस्थत र प्रभावकारी हुन नसक्नु, आन्तरिक र बाह्य पर्यटकको व्यविस्थत अभिलेख नहुनु, पयर्टनको लाभ स्थानीय समुदायले अपेक्षित रूपमा प्राप्त गर्न नसक्नु आदि प्रमख समस्या हुन् । त्यस्तै पालिकामा अवस्थित संरचनाहरुको प्रचार प्रसारको कमी रहेको छ। व्यवस्थित पर्यटन व्यवसाय सञ्चालन नभएको। संघ, प्रदेश र स्थानीय तह बीच आवश्यक समन्वय गरेर बजेट विनियोजन र विकास कार्यक्रम बढाउन नसकिएको।

### चूनौती

पर्यटकीय सम्भावनाका क्षेत्रमा पयर्टन पूर्वाधारको विकास गर्नु, गन्तव्य स्थलको विविधीकरण, विकास, ब्रण्डिङ, प्रचार प्रसार र प्रवर्द्धन तथा बजारीकरण गर्नु, पर्यटन सूचना व्यवस्थापन प्रणाली तथा पर्यटन सूचना सेवा स्थापना गर्नु, पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्नु, सामाजिक, सांस्कृतिक र वातावरणीय मापदण्डका आधारमा पयर्टन उद्योगको स्तरीकरण तथा प्रमाणीकरण गर्नु, पर्यटन व्यवसाय सम्बन्धी निजी क्षेत्रको क्षमता वृद्धि गर्नु, स्थानीयलाई लाभ दिन, व्यावसायिकता तथा उद्यमशीलताको विकास गर्नु आदि प्रमुख चूनौती हुन्।

### सम्भावना तथा अवसर

विभिन्न वडाहरुमा होम स्टे, होटल, रिसोर्टहरुको सँस्थागत विकास गरी आन्तरिक पर्यटन एवम् बाहृय पर्यटन प्रोत्साहन गर्न, पर्यटकीय पदमार्गको विकास गर्न, साहसिक पर्यटकीय उपज तथा वस्तु विकासको सम्भावना हुनु, विविध प्राकृतिक तथा सांस्कृतिक सम्पदाको प्रचुर संभावना हुनु आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनको लागि पर्यटकीय पूर्वाधारको निर्माण गर्दै आर्थिक विकासमा टेवा पुऱ्याउने।

### उद्येश्य

१. पालिका भित्र रहेका पर्यटकीय क्षेत्रको भरपुर उपयोग गर्नु।
२. पर्यटनको लागि आवश्यक संरचनाको विकास गरि रोजगारीको श्रृजना गर्नु ।

## रणनीति तथा कार्नीति

| रणिनिति | कार्यनीति |
|---|---|
| १. पर्यटन व्यवसायीलाई स्थानीय उत्पादकसँग सघन सहकार्य गरी अर्थतन्त्रमा पर्यटनको सम्बन्ध सुदृढ गर्न प्रोत्साहन गर्ने ।<br>२. पर्यटनको विकास र प्रवर्द्धनका लागि नीति निर्माण र संस्थागत विस्तार गर्ने ।<br>३. पर्यटकिय स्थलहरुको सुधार, ब्यावस्थापन तथा निर्माण गरी रोजगारी र आयमा वृद्धि गर्ने । | १. पर्यटक स्थलहरुलाई पहिलो प्राथमिकतामा राखी विकास गरिनेछ।<br>२. टेम्केमा रहेको मन्दिरलाई संरक्षण गरिनेछ।<br>३. टेम्केसम्म जानको लागि बाटोको दिशा निर्देश बोर्ड राखिनेछ।<br>४. मुन्धुम पदमार्गलाई मर्मत सम्भार साथै सम्पन्न नभएको बाटोलाई सम्पन्न गरिनेछ।<br>५. पालिका भरिका पर्यटकीय स्थलहरुमा फोहोर व्वस्थापनको लागि पहल गरिनेछ।<br>६. मैयुङसम्म जानको लागि बाटो दिशानिर्देश बोर्ड र सूचना पार्टी राखिनेछ।<br>७. पथपर्दशकहरुलाई तालिमको व्यवस्था गरेर सामाजिक सञ्जाल मार्फत् पर्यटक स्थलहरुको प्रचारप्रसार गरिनेछ।<br>८. टेम्केमैयुङ, पाँचधारे ढुङ्गा बगैंचा, मुन्धुम ट्रेल, मट्टाभिर झरना, कपासे भञ्याङ्ग, पाँचधारे, चखेवा, हाँसपोखरी विकास गरि पर्यटन प्रबर्द्धन गरिनेछ।<br>९. परम्परागत भवनको निर्माण, ईन्टरनेट सुविधाको पहुँच गरि पर्यटकीयस्थलहरुको संरक्षण गरिनेछ। |

## प्रमुख कार्यक्रम

- टम्केमैयुङ पर्यटकीय स्थलमा बाटो घाटो मर्मत, सूचना पाटी निर्माण, फोहोर व्यवस्थापन र घेराबार गर्ने।
- परम्परागत भवनको निर्माण, ईन्टरनेट सुविधाको पहुँच गरि पर्यटकीय स्थलहरुको संरक्षण गर्ने।

## विस्तृत कार्यक्रम तथा अपेक्षित लाभ

| विषयगत उपक्षेत्रः पर्यटन | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | मुन्दुम पदमार्ग एकीकृत पर्यटन प्रवर्धन कार्यक्रम (सूचना पाटी, बाटो घाटो मर्मत, सूचना पाटी निर्माण, फोहोर व्यवस्थापन र घेराबार) | | ३७५ | २५ | १०० | १०० | १०० | ५० | गाउँपालिका / प्रदेश /संघीय |
| २ | होमस्टे प्रवर्धन कार्यक्रम | | २५० | ५० | ५० | ५० | ५० | ५० | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | प्रमुख पर्यटकीयस्थलहरुको (हाँस पोखरी, सावा झरना, सुवन पोखरी) आदिको प्रवर्द्धन गर्ने। | | ३५० | ५० | ५० | १०० | १०० | ५० | गाउँपालिका / प्रदेश /संघीय |
| ४ | धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पर्यटकीय सम्पदाहरुको संरक्षण एवम प्रवर्द्धन कार्यक्रम | | १७० | १० | ५० | ५० | ५० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| कुल लागत (रु.) | | | ११४५ | १३५ | २५० | ३०० | ३०० | १६० | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगल संकेत | दिविल संकेत | प्रमस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | धार्मिक पर्यटन सञ्चालन स्थान | संख्या | ५५ | ६० | ६५ | ७० | ७५ | ८० | | | ४ | २ | १.३ |
| असर | | सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल ( यातायात, संचार, सुरक्षा, होटेल आदि) | संख्या | १०५ | | | | | | | | ४ | २ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदाहरु | संस्था | १० | | | | | | | | ४ | २ | १.३ |
| | | व्यवस्थित,सुविधायुक्त, आकर्षक, सुरक्षित, मनोरम पर्यटकीय गन्तव्य | संख्या | १० | | | | | | | | ४ | २ | १.३ |
| | | पुरातात्विक तथा ऐतिहासिक, साँस्कृतिक पर्यटकीय स्थानहरु | संख्या | १० | | | | | | | | ४ | २ | १.३ |
| | | उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार (१.पर्यटकीय क्षेत्र २.सूचना केन्द्र ३.गाइड ४.सुरक्षा ५.होमस्टे ६.मुद्रा सटही ७.होटेल रेष्टुरेण्ट ८.यातायात ९.सपिङ, १०.एजेण्ट आदि) | संख्या | २ | | | | | | | | ४ | २ | १.३ |
| | | सञ्चालित तथा व्यवस्थित पदमार्गको लम्बाइ (कूल) | कि.मि. | ४१ | | | | | | | | ४ | २ | १.३ |
| | | व्यवस्थित होमस्टे तथा पर्यटकीय गाउँ | संख्या | ६ | | | | | | | | ४ | २ | १.३ |
| | | पालिका वाहिरका प्रसिद्ध पर्यटकीय गन्तव्यसंग जोडिएका पर्यटकीय स्थानहरु | संख्या | ६ | | | | | | | | ४ | २ | १.३ |
| | | व्यवस्थित वनभोज, उद्यम, पार्क | संख्या | - | १ | २ | ३ | ३ | ४ | | | ४ | २ | १.३ |
| | | तालिम प्राप्त टुर गाइड | संख्या | – | १० | १५ | २० | २० | २० | | | ४ | २ | १.३ |
| | | तालिम प्राप्त कुक, वेटर | संख्या | - | १० | २० | २० | ३० | ४० | | | ४ | २ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पर्यटनमा आधारित उद्योग व्यवसायहरु | संख्या | | | | | | | | | ४ | २ | १.३ |
| | | सालभरी भ्रमण गर्ने आन्तरिक पर्यटक | संख्या | १०००० | १२००० | १४००० | १७५०० | २०००० | २५००० | | | ४ | २ | १.३ |
| | | सालभरी भ्रमण गर्ने वाह्य पर्यटक | संख्या | १०० | ११० | १४० | २०० | २५० | ३०० | | | ४ | २ | १.३ |
| | | भ्रमण गर्ने पर्यटकहरुको औषत बसाई | दिन | १ | २ | ३ | ३ | ३ | ३ | | | ४ | २ | १.३ |
| | | पर्यटकको औषतमा दैनिक खर्च प्रति व्यक्ति | रु.हजार | १००० | २००० | २५०० | ३००० | ४००० | ५००० | | | ४ | २ | १.३ |
| | | पर्यटनवाट राजस्व सङ्कलन | रु.लाख | - | ५ | १० | १० | १२ | १५ | | | ४ | २ | १.३ |

## अनुमान तथा जोखिम पक्ष

पर्यटन क्षेत्रको उत्थान गर्न तथा पर्यटन क्षेत्रका कार्यक्रमको प्राथमिकीकरण गर्न उपरोक्त अनुसारको कार्यक्रम कार्यान्वयनका लागि उपयुक्त वातावरणको निर्माण हुनेछ एवम् आवश्यक वित्तीय तथा मानवीय श्रोत र विकासमैत्री वातावरण कायम रहनेछ भन्ने अनुमान गरिएको छ । उक्त स्थिति नरहेमा वा कायम हुन नसकेमा तथा सबै वडाहरु र सरोकारवाला निकायहरूको समन्वयात्मक प्रयास हुन नसकेमा यस क्षेत्रको लक्षित उद्देश्य हाँसिल नहुने जोखिम रहन्छ।

## ४.३.२ संस्कृति तथा सम्पदा

### पृष्ठभूमि

टेम्केमैयुङ गाउँपालिका जातीय, भाषिक, धार्मिक रुपमा विविधता बोकेको गाउँपालिका हो । यसै कारण यहाँका स्थानीय चाडपर्व तथा संस्कृतिहरुमा पनि विविधता पाइन्छ । यस गाउँपालिकामा क्षेत्रि, ब्राम्हण, राई, लिम्बु, शेर्पा, तामाङ जातीहरुको वाहुल्यता भएको पाईन्छ । दशै, तिहार, बुद्ध जयन्ती, उधौली, उभौली, माईवेनी मेला, माईपोखरी, रोपाईजात्रा, गाईजात्रा यहाँका मुख्य चाडपर्वहरु हुन् । स्थानीय लिम्बू भाषाको पठनपाठन हुदैं आएको छ।टेम्केमैयुङ साहित्य समजाले साहित्यिक कार्यक्रमहरु सञ्चालन गरेको। स्थानीय चाडपर्व, मेलाहरु सञ्चालन तथा सङ्ग्रालयहरु मार्फत कला, भाषा, संस्कृति र सम्पदाको जगेर्ना भइरहेको अवस्था छ। पछिल्लो समयमा विस्तारै होमस्टे संस्कारको विकासले पर्यटन क्षेत्रको प्रवद्र्धनमा थप टेवा पुऱ्याएको छ ।

### समस्या

मातृभाषा, साहित्य, सम्पदा, कला र संस्कृतिको खोज, अनुसन्धान र सर्वेक्षण तथा संरक्षणको कमि हुनु, भाषा, कला एवम् संस्कृतिको क्षेत्रमा कार्यरत संघसंस्था र सरकारकाबिच प्रभावकारी सहकार्य हुन नसक्नु, शेर्पा तथा तामाङ भाषामा पठनपाठन हुन नसक्नु, मौलिक संस्कृतिलाई जगेर्ना गर्दै पुस्तान्तरण गर्न नसक्नु, राष्ट्रिय पहिचान र गौरवका रूपमा भाषा, संस्कृति, सम्पदा तथा साहित्यको विकास गर्न नसक्नु, स्वरोजगार, आयआर्जन र स्थानीय विकासको स्रोतको रूपमा यसलाई प्रयोग गर्न नसक्नु, आदि प्रमुख समस्या हुन् ।

### चूनौती

विभिन्न मातृभाषा र लिपिको मानकीकरणको समस्या समाधान गर्नु, लोपोन्मुख भाषा, कला साहित्य, संस्कृति तथा सम्पदा संरक्षण गर्नु, लोपन्मुख अवस्थामा मौलिकता संरक्षण गर्नु, भाषा, कला साहित्य, संस्कृति तथा सम्पदा र आर्थिक सामाजिक विकासको अन्तरसम्बन्ध स्थापित गरी विकास निर्देशित गर्नु, बढ्दो शहरीकरण र विदेशी प्रभावका कारण मूर्त र अमूर्त संस्कृति विनाश र परिवर्तन हुँदै जानु, ललितकला, मूर्तीकला, चित्रकला, काष्ठकला क्षेत्रमा दक्ष कलाकार उत्पादन गर्न, कला, संस्कृति, तथा साहित्य संरक्षणमा गाउँपालिकाको ध्यानाकर्षण गर्नु आदि प्रमुख चूनौती हुन् ।

### सम्भावना तथा अवसर

भाषा, कला एवम् संस्कृतिको कृषि, पर्यटन लगायतका क्षेत्रसँग आबद्धता गरी आय र रोजगारी वृद्धिको सम्भावना रहनु, पर्याप्त सास्कृतिक विविधता तथा कला र सम्पदाको संरक्षण र प्रबर्धन गर्दै सांस्कृतिक पहिचान कायम राख्नु, भाषा, लिपि, कला आदिको संरक्षण र उपयोग स्थानीय निकायको दायरामा रहेको, धार्मिक, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाको संरक्षण तथा सम्बर्धन गर्ने नीति हुनु, साहित्यिक महोत्सवको आयोजना गर्नु जस्ता अवसरहरु रहेका छन् ।

### लक्ष्य

भाषा, कला तथा संस्कृतिको विविधिकरण सहितको सद्भावपूर्ण समाजको निर्माण गर्ने ।

### उद्धेश्य

१. सबै सांस्कृतिक सम्पदाहरुको अभिलेखीकरण गरी संरक्षण गर्नु ।

२. स्थानीय भाषा, साहित्य तथा कलाको प्रवर्द्धन गरी पर्यटकीय तथा धार्मिक दृष्टिकोणले विकास गर्नु ।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. मूर्त तथा अमूर्त सम्पदा, भाषा, संस्कृति, कला, लिपिको संरक्षण गर्ने ।<br>२. भाषा, कला र साहित्य, बहुसाँस्कृतिको संरक्षण, संवर्द्धन गरी पर्यटन विकास गर्ने । | १. मातृभाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरिनेछ ।<br>२. विभिन्न जातजातिका कला र संग्रालयहरु स्थापना गर्दै संचालनमा भएका संग्रालयको उचित व्यवस्थापन गरिनेछ।<br>३. मेला, पर्व, उत्सव, सभा, समारोह आदी प्रवर्द्धन गरिनेछ । |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ ।

१. मातृभाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्ने ।

२. विभिन्न जातजातीका कला र संग्रालयहरु स्थापना गर्दै संचालनमा भएका संग्रालयको उचित व्यवस्थापन गर्ने ।

३. मेला, पर्व, उत्सव, सभा, समारोह आदि प्रवर्द्धन गर्ने।

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्रः संस्कृति तथा सम्पदा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| १ | स्थानीय भाषा कला साहित्यको तथा संस्कृतिको संरक्षण गर्ने | भाषा कला साहित्य तथा संस्कृतिको संरक्षण हुने | २५० | ५० | ५० | ५० | ५० | ५० | गाउँपालिका |
| २ | भाषा, कला, साहित्य तथा संस्कृतिको उत्थान | पर्यटन पूर्वाधारको विकास हुने | ३७५ | ७५ | ७५ | ७५ | ७५ | ७५ | गाउँपालिका |
| ३ | धार्मिक स्थलहरुको निर्माण तथा संरक्षण | पर्यटन पूर्वाधारको विकास हुने | २५० | ५० | ५० | ५० | ५० | ५० | गाउँपालिका |
| ४ | विविध साँस्कृतिक सङ्ग्रहालयको निर्माण | पुरातात्विक महत्वका वस्तुहरुको संरक्षण | ३७५ | ७५ | ७५ | ७५ | ७५ | ७५ | गाउँपालिका |
| ५ | पुरातात्विक महत्वका वस्तु तथा स्थलको खोजी र संरक्षण | पुरातात्विक वस्तुहरुको पहिचान हुने | १२५ | २५ | २५ | २५ | २५ | २५ | प्रदेश सरकार, गाउँपालिका |
| कुल लागत (रु.) | | | **१३७५** | **२७५** | **२७५** | **२७५** | **२७५** | **२७५** | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण २०८१ ।८२ | २०८२ ।८३ | २०८३ ।८४ | २०८४ ।८५ | २०८५ ।८६ | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगोविकास लक्ष्य संकेत | लैङ्गिक संकेत | प्रमस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | | स्थानीय कला, भाषा र साहित्यलाई पेशाको रुपमा ग्रहण गर्ने | संख्या | | | | | | | | | २ | ११ | २.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | | कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | | | | | | | | | २ | ११ | २.२ |
| प्रतिफल | | संरक्षित कला, संस्कृति र सम्पदाका प्रकार | संख्या | | | | | | | | | २ | ११ | २.२ |
| | | संरक्षण गर्नुपर्ने स्थानीय संस्कृति तथा चाँडपर्व | संख्या | | | | | | | | | २ | ११ | २.२ |
| | | स्थानीय लोपोन्मुख भाषाहरु | संख्या | | | | | | | | | २ | ११ | २.२ |
| | | वोलीचालीका स्थानीय भाषाहरु | संख्या | | | | | | | | | २ | ११ | २.२ |
| | | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी भएका अध्ययन तथा अनुसन्धानहरु | संख्या | १ | | | | | | | | २ | ११ | २.२ |
| | | स्थानीय भाषा, कला, संस्कृति, सम्पदा, साहित्यमा आधारित नियमित प्रकाशन | संख्या | | | | | | | | | २ | ११ | २.२ |
| | | स्थानीय भाषा, कला, संस्कृति झल्किने सामुदायिक सांस्कृतिक केन्द्र (संग्रहालय) | संख्या | ० | १ | १ | २ | २ | ३ | | | २ | ११ | २.२ |

### अनुमान तथा जोखिम पक्ष

लोपोन्मुख अवस्थामा रहेका जातजातीको मौलिकता संरक्षण गर्ने, मूर्त र अमूर्त संस्कृति जोगाउने, विभिन्न विधामा दक्ष कलाकारको सम्मान गर्ने अनुमान गरिएको छ । यद्यपी भाषा, कला एवम् संस्कृतिको कृषि, पर्यटन लगायतका क्षेत्रसँग आवद्ध गर्नु, विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, साँस्कृतिको संरक्षण र विकास गर्न खोज अन्वेषण गर्नु कठीन छ ।

# ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

## ४.४.१ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु तथा साना उद्योग, उद्यमशीलताको विकास र प्रवद्र्धन सम्बन्धी कार्य स्थानीय सरकारको अधिकार क्षेत्रमा राखेको छ । गाउँपालिकाको आर्थिक समृद्धिमा उद्योग, वाणिज्य र सेवा क्षेत्रहरूको महत्वपूर्ण भूमिका रहन्छ । परम्परागत कृषि प्रणाली माथिको अत्याधिक निर्भरतालाई कम गर्न कृषि क्षेत्रको व्यवसायीकरणका साथ साथै उद्योग, वाणिज्य र सेवा क्षेत्रहरूको पनि निरन्तर विकास हुन सकेमा नै गाउँपालिकाको आर्थिक समृद्धिमा उल्लेख्य सफलता हाँसिल गर्न सकिन्छ । साझा सुविधा केन्द्र टेम्केमैयुङ गाउँपालिकामा रहेको तथा हाल होमस्टे सुरुवात अवस्थामा रहेको छ। पालिकामा दर्ता र नियमित नवीकरण भई सञ्चालित ११४ वटा उद्योग व्यवसायीहरु छन् । साना तथा मझौला उद्योगहरु सञ्चालनमा रहेको।

### समस्या

अपेक्षाकृत रूपमा उद्योगमा लगानी आकर्षित गर्न नसक्नु,, उद्योग विकासका लागि दक्ष जनशक्तिको विकास र उपयोग हुन नसक्नु,, सक्षम र दक्ष जनशक्ति उत्पादन गर्न संस्थागत संयन्त्र नहुनु,, उद्योगलाई कृषि, वन तथा खनिज जस्ता क्षेत्रसँग आबद्ध गर्न नसक्नु,, कृषि र वनका उत्पादनको मूल्य अभिवृद्धि बिना निर्यात हुनु,, निर्यातयोग्य वस्तुको उत्पादन र विविधीकरण हुन नसक्नु, जमिन, भौतिक पूर्वाधार र ऊर्जाको अपर्याप्तता, कामदारको न्यून उत्पादकत्व, आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्नु, उद्योग स्थापनामा नवीनतम सोचको कमी, उद्योगलाई पर्यटनसँग जोड्न नसक्नु आदि प्रमुख समस्या हुन् । स्थापित साना उद्योग सञ्चालन र संरक्षण हुन नसक्नु। उचित कच्चा पदार्थको अभाव। दक्ष जनशक्तिको अभाव। निरन्तर विद्युत प्रवाहको अभाव रहेको। उचित बजारीकरण हुन नसक्नु। कच्ची सडक सञ्चालका कारण सबै स्थानीय वडाहरुबाट कच्चा पदार्थ बजारको पहुँचसम्म पुऱ्याउन नसक्नु।

### चूनौती

आयात व्यापारलाई प्रतिस्थापन गर्ने उद्योग स्थापना र सञ्चालन गर्नु, उत्पादनमूलक उद्योगमा लगानी बढाउनु, गणुस्तरीय वस्तुको उत्पादन र प्रतिस्पर्धी क्षमतामा वृद्धि गर्नु, उद्यमशीलता र संस्थागत संस्कृतिको विकास गर्नु, सहुलियत ब्याजदरमा पर्याप्त कर्जा उपलब्ध गराउनु, यूवालाई उद्योगतर्फ आकर्षित गर्नु र औद्योगिकीकरणलाई वातावरण सन्तलुनका साथै पर्यटन क्षेत्रसँग तालमेल मिलाउनु आदि प्रमुख चूनौती हुन्।

### सम्भावना तथा अवसर

बढ्दो शहरीकरण, आयात निर्यातको सहज अवस्था, कृषि तथा वनजन्य कच्चा पदार्थको सहज उपलब्धता, बढ्दो ऊर्जा आपूर्तिका कारण उद्योगधन्दा सञ्चालन गर्न सहज वातावरण सजृना हुनु, व्यवसाय उन्मुख सीप विकास तालिम कार्यक्रमहरू सञ्चालन हुनु, स्थानीय कच्चा पदार्थको प्रयोगमा आधारित उद्योग व्यवसाय, उद्योग ग्रामको सञ्चालन गर्न, नयाँ नयाँ लगानीका क्षेत्रहरुको पहिचान गरि लगानी प्रवद्र्घन गर्न, जडिबुटी प्रशोधन केन्द्रको स्थापना गर्न, नगरमा उत्पादन हुने दुधबाट पाउडर तथा छुर्पी बनाउने प्लान्टको स्थापना गर्न आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

उद्योग, व्यापार व्यवसाय प्रवर्द्धन गरि सुखी तथा समुन्नत गाउँपालिकाको निर्माण गर्ने।

## उद्देश्य

१. साना, घरेलु तथा मझौला उद्योगहरु स्थापना गरि व्यवसायीकरण गर्ने आर्थिक समुन्नत गर्दै रोजगारीको सिर्जना गर्नु।
२. आर्थिक तथा पूर्वाधारको संरचनाहरुलाई उद्योगसँग जोडेर उत्पादकत्वको विकास गर्ने।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. साना तथा घरेलु उद्योगहरु संचालन र प्रवर्द्धन गर्ने ।<br>२. उद्योगहरुलाई आवश्यक पर्ने सेवा विकासमा जोड दिने ।<br>३. स्थानीय स्रोत साधनमा आधारित उद्योग तथा ब्यावसायको स्थापना, संरक्षण र संवर्द्धन गर्दै उत्पादन र गुणस्तर वृद्धि गरी आय तथा रोजगारीका अवसर सिर्जना गर्ने । | १. औद्योगिक ग्राम स्थापना र सञ्चालन गरिनेछ ।<br>२. स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालन गरिनेछ।<br>३. दुग्ध परिकार उद्योगको स्थापना गरिनेछ।<br>४. बाँसको फर्निचर उद्योग सञ्चालन गरिनेछ।<br>५. स्थानीयस्तरमा उत्पादित वस्तुहरुलाई व्यवसायीकरण गर्ने<br>६. गाउँपालिकामा स्थानअनुसार उत्पादन हुने वस्तु उत्पादन गर्न कृषकलाई प्रोत्साहन गर्ने अनुदान उपलब्ध गराउने साथै तालिम गोष्ठी समेत गराइनेछ।<br>७. उद्योगहरु स्थापना गरि नियमित सञ्चालन गरि रोजगारीको सिर्जना गरिनेछ।<br>८. स्थानीय उत्पादित वस्तुहरुबाट जुस तथा पेयपदार्थ तथा रक्सी उत्पादन गरिनेछ।<br>९. सुन्तला तथा किवीबाट जुस तथा वाइन उद्योग सञ्चालन गरिनेछ।<br>१०. राडीपाखी तथा बाँसजन्य पदार्थहरुको लागि उद्योग निर्माण गरिनेछ।<br>११.विभिन्न प्रकारको उद्योग सञ्चालन गर्ने जस्तै-मचिना उद्योग, लोक्ता उद्योग सञ्चालन गरिनेछ। |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ।

- औद्योगिक ग्राम स्थापना र सञ्चालन गरिनेछ ।
- स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालन गर्ने ।
- स्थानीयस्तरमा उत्पादित वस्तुहरुलाई व्यवसायीकरण गर्ने
- गाउँपालिकामा स्थानअनुसार उत्पादन हुने वस्तु उत्पादन गर्न कृषकलाई प्रोत्साहन गर्ने अनुदान उपलब्ध गराउने साथै तालिम गोष्ठी समेत गराउने
- उद्योगहरु स्थापना गरि नियमित सञ्चालन गरि रोजगारीको सिर्जना गर्ने

## विस्तृत कार्यक्रम अपेक्षित उपलब्धी

| विषयगत उपक्षेत्रः उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | टेम्केमैयुङ औद्योगिक ग्राम निर्माण | स-साना छरिएर रहेका उद्योगहरुलाई एकत्रित गरेर सुविधा सम्पन्न स्थानको विकास गरि उत्पादकत्वमा वृद्धि हुने | २०० | ४० | ४० | ४० | ४० | ४० | गाउँपालिका / प्रदेश /संघीय |
| २ | जडिबुटी संकलन तथा प्रबर्द्धन केन्द्रको स्थापना गर्ने | | १०० | २५ | २५ | २५ | २५ | | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | सुन्तलाको जुस, जडिबुटीको लागि उद्योग सञ्चालन गर्ने | | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| ४ | बजारको विस्तारीकरण | | १० | ४ | २ | २ | १ | १ | गाउँपालिका / प्रदेश /संघीय |
| ५ | लघु उद्यम तालिम कार्यक्रम | | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| ६ | पानी, जुस, जडिबुटी, राडी पाखि आदि उद्योग स्थापनाको लागि अनुदान, प्राविधिक सहयोग गर्ने | | २५० | ५० | ५० | ५० | ५० | ५० | गाउँपालिका / प्रदेश /संघीय |
| ७ | पालिका स्तरीय पानी प्रशोधन उद्योग सञ्चालन गर्ने | रोजगारीको विकास हुनुको साथै, जलश्रोतको व्यवस्थापन हुने | १०० | १५ | ४५ | ४५ | | | गाउँपालिका / प्रदेश |
| कुल लागत (रु.) | | | ७६० | १५४ | १८२ | १८२ | १३६ | १११ | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्टयाइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | औपचारिक/अनौपचारिक क्षेत्रका चालु लघु, घरेलु तथा साना उद्योग (रु.१ करोड सम्मको) | संख्या | ५० | ६५ | ८५ | ९५ | ११० | १२० | | | ४ | २ | १.१ |
| असर | | औपचारिक/अनौपचारिक क्षेत्रका चालु मझौला उद्योग (रु.१५ करोड सम्मको) | संख्या | | | | | | | | | ४ | २ | १.१ |
| प्रतिफल | | कानून अनुसार सम्वन्धित निकायमा कर चुक्ता गर्ने उद्योग | संख्या | | | | | | | | | ४ | २ | १.१ |
| | | सुचारु व्यापार व्यवसाय | संख्या | ५७ | ७० | ९५ | १०५ | ११५ | १२५ | | | ४ | २ | १.१ |
| | | स्थानीय सीप शैली, प्रविधिमा आधारित उद्योग व्यवसाय | संख्या | ७ | १२ | १५ | १८ | २० | २२ | | | ४ | २ | १.१ |
| | | पालिकामा दर्ता र नियमित नवीकरण भई संचालित उद्योग व्यवसायहरु | संख्या | ११४ | १३७ | १८२ | २०५ | २२७ | २४७ | | | ४ | २ | १.१ |
| | | स्थानीय हस्तकलामा आधारित उद्योग व्यवसाय | संख्या | ० | १ | २ | ३ | ४ | ५ | | | ४ | २ | १.१ |
| | | निकासीजन्य कच्चा पदार्थको उपलव्धता | मे.टन | | | | | | | | | ४ | २ | १.१ |
| | | स्थानीय स्तरमा उपलव्ध जडिवुटीमा आधारित उद्योग व्यवसाय | संख्या | ० | १ | २ | ३ | ४ | ५ | | | ४ | २ | १.१ |
| | | उद्यम श्रृजना, व्यवसायिक विकास सम्बन्धी तालिम प्राप्त उद्यमीहरु | संख्या | ९० | १९० | २९० | ३९० | ४९० | ६०० | | | ४ | २ | १.१ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सीपमूलक व्यवसायिक तालिम आर्जन गर्ने व्यक्तिहरु | संख्या | ८५ | १६० | २५० | ३५० | ४४० | ५२० | | | ४ | २ | १.१ |
| | | महिलाद्वारा सञ्चालित उद्योग व्यवसाय | संख्या | ३३ | ४३ | ५३ | ६५ | ७५ | ९० | | | ४ | २ | १.१ |
| | | सुचारु औद्योगिक ग्राम | संख्या | ० | ० | ० | ० | १ | १ | | | ४ | २ | १.१ |
| | | रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | | | | | | | | | ४ | २ | १.१ |
| | | वौद्धिक सम्पत्ति संरक्षण अन्तर्गत आधिकारीक निकायमा दर्ता भई ब्राण्डिङ गरिएका जडीवुटी, हस्तकला तथा अन्य उत्पादनहरु | संख्या | ० | १ | १ | २ | ३ | ४ | | | ४ | २ | १.१ |
| | | तरकारी, फलफूल, खाद्यान्न लगायत अत्यावश्यक उत्पादनहरुको नियमित आपूर्ति तथा विक्री वितरणका लागि संचालनमा रहेका वजार केन्द्रहरु | संख्या | ४ | ५ | ६ | ६ | ६ | ६ | | | ४ | २ | १.१ |
| | | सहकारी संस्था मार्फत संचालित सुपथ मूल्यका पसलहरु | संख्या | | | | | | | | | ४ | २ | १.१ |
| | | मूल्यसूची सहित संचालित पसल व्यवसाय | संख्या | ५ | १० | १५ | २० | २५ | ३० | | | ४ | २ | १.१ |
| | | सार्वजनिक, निजी एवं सहकारीको साझेदारीमा संचालित उद्योग व्यवसायहरु | संख्या | | | | | | | | | ४ | २ | १.१ |
| | | नियमित वजार अनुगमन तथा नियमन वाट दण्डित पसल व्यवसायहरु | संख्या | | | | | | | | | ४ | २ | १.१ |

## अनुमान तथा जोखिम पक्ष

औद्योगिक विकासका लागि आवश्यक पूर्वाधारको निर्माण कार्यमा सम्विन्धत निकाय बीच प्रभावकारी समन्वय अभाव, उद्योग व्यवस्थापन तथा श्रमिक वीच सौहादपूर्ण सम्वन्ध अभाव हुने जोखिम रहेको छ । औद्योगिक क्षेत्र, उद्योग र सो आसपास बसोवास गर्न समाज बीचको द्वन्द कायम रहिरहनु, औद्योगिक प्रदूषण नियन्त्रण नहुनु जस्ता कार्यहरू समाधान नभएमा अपेक्षित उपलब्धी हाँसिल नहुने जोखिम रहन्छ । साथै साना तथा घरेलु उद्योग संचालन, व्यवस्थापन तथा वजारीकरणमा समन्वय कायम राख्न नसक्नु, प्रविधि अनुसन्धान र हस्तान्तरणमा सार्वजनिक तथा निजी क्षेत्रको सहकार्य गर्न नसकेमा जोखिम रहन्छ ।

### ४.४.२ बैंक, वित्तीय संस्था तथा सहकारी

#### पृष्ठभूमि

नेपालको संविधानले मुलुकको समग्र आर्थिक तथा सामाजिक विकासमा सार्वजनिक र निजी क्षेत्रले महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरेको छ। सहकारीलाई स्थानीय तहको एकल जिम्मेवारीमा समेत राखी स्थानीय सरकार सञ्चालन ऐनबाट सहकारी क्षेत्र अन्तर्गत गरिने कार्यको विस्तृतीकरण समेत गरी स्थानीय स्तरमा सहकारी क्षेत्रको प्रवर्द्धन गर्नका लागि स्थानीय सरकारलाई अग्रणी भूमिका दिइएको छ। यस क्षेत्रमा आर्थिक क्रियाकलाप विस्तारका लागि आवश्यक पर्ने पूँजीको पहुँच सहज हुने गरी बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूको सेवा अपरिहार्य हुन्छ। माछापोखरी बैङ्क र गोरखा फाइनान्स लिमिटेड लगायतका वित्तिय संस्था रहेको। २२ वटा कृषि, बहुद्येश्य, वचत तथा ऋण सहकारी संस्था रहेको।

#### समस्या

सहकारी संस्थाहरूको समुचित विकासका लागि सहकारीको ज्ञान, मूल्य तथा मान्यता बारे विज्ञताको कमी तथा सो अनुरुप सहकारीहरु नचलेका, केही वडाहरुमा बैंक तथा वित्तिय संस्थाको पहुँच कम हुनु, अधिकतम बित्तीय संस्था बचत तथा ऋण परिचालनमा केन्द्रित हुनु, सहकारी संस्थाहरुको लगानी परिचालन व्यवस्थित र भरपर्दो नहुनु, बचत तथा ऋण सहकारीमा वित्तीय जोखिम उच्च रहनु, चर्को ब्याजदरमा ऋण प्रवाह हुनु, लाभान्वित समूहहरू दोहोरिनु र कारोवार समेत कम हुनु, सहकारीहरू उद्धेश्यमा तोकिए अनुसार सञ्चालन नहुनु, वित्तिय संस्थामा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि नहुनु आदि मुख्य समस्या हुन् । सहकारीलाई सक्रिय रुपमा सञ्चालन गर्न। सहकारी संस्थाहरुको यथास्थिति तथा अवस्थाहरुको बारेमा प्रयाप्त सूचना उपलब्ध हुन नसकेको। पालिकामा सबै सहकारी संस्था दर्ता नरहेको।

#### चूनौती

सहकारीताको उपयोग उत्पादन, वितरण तथा सेवा क्षेत्रमा विस्तार गर्नु, वित्तीय सुशासन कायम गर्नु,सहकारीको व्यवस्थापनलाई चुस्त र प्रभावकारी वनाउनु, कृषि क्षेत्रमा लगानी परिचालन वढाउनु, कृषकले सहज रुपमा ऋण प्राप्त गर्नु, अनौपचारिक क्षेत्रमा हुने मौद्रिक कारोवारलाई व्यवस्थित वनाउनु, सहकार्यताको भावना अभिवृद्धि गर्दै विपन्न वर्गलाई समेट्नु, बचत तथा ऋणको कारोबार गर्न सहकारी संस्थाको प्रभावकारी नियमन गर्नु, आदि प्रमुख चूनौती हुन् ।

#### सम्भावना तथा अवसर

वित्तीय पहुँचको विस्तार हुनु, स-साना बचत परिचालन भई पूँजी निर्माणमा सहयोग पुग्नु, जनतामा सामुदायिक तथा सहयोगी भावनाको विकास हुनु, स्थानीय स्तरमा वित्तीय अन्तरसम्बन्ध कायम हुनु, गाउँपालिकासँगको वित्तिय सहकार्यमा कृषि तथा उद्योग क्षेत्रमा सहुलियत ऋण लगानी हुनु, आमा समुह जस्ता अनौपचारिक क्षेत्रमा मैद्रिक कृयाकलाप गर्ने समुहलाई गाउँपालिकाको दायरामा ल्याउन सक्नु, रोजगारीका अवसरहरु अभिबृद्धि गर्न सकिने, सहकारीहरुलाई एकिकरणका माध्यमबाट थप सशक्त बनाउन, सहकारीलाई गाउँपालिकाले विकासको साझेदारका रुपमा लिनु आदि अवसर हुन् ।

#### लक्ष्य

पालिकामा रहेका वित्तिय संस्था र सहकारीहरुलाई आत्मनिर्भर, दीगो, स्वचालित र विकसित तुल्याई आर्थिक विकास गराउने।

#### उद्येश्य

वित्तिय संस्था र सहकारीलाई मितव्ययी, जनमैत्री, उत्तरदायी, जवाफदेही, जिम्मेवारी र पारदर्शी बनाई वित्तिय व्यवस्थापनमा जोड दिनु।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सहकारी सम्बन्धी नीतिगत र संस्थागत प्रबन्ध गर्ने ।<br>२. सहकारी संस्थाको सीप विकासको व्यवस्था गर्ने ।<br>३. उत्पादन, वितरण र सेवामुलक सहकारीलाई प्रोत्साहन र विस्तार गर्ने ।<br>४. उत्पादन, वितरण र सेवामुलक सहकारीलाई प्रोत्साहन र विस्तार गर्ने । | १. सहकारी वोर्डको स्थापना गरि कर्जा सूचना केन्द्र स्थापना गर्ने ।<br>२. कृषि तथा पशुपंक्षीमा आधारित उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा कृषि सामाग्री आपूर्तीका लागी स्थापना गरिएको सहकारी उद्योग /व्यवसायलाई सहुलियतपूर्ण ऋण तथा अनुदानको व्यवस्था गरिनेछ ।<br>३. स्वास्थ्य, शिक्षा, पर्यटन, बीमा, वातावरण संरक्षण, आवास जस्ता क्षेत्रमा सहकारीको प्रवद्र्धनलाई प्रोत्साहन गरिनेछ।<br>४. सूचना व्यवसाय प्रणाली एम आइ एसलाई व्यवस्थित बनाइनेछ।<br>५. आवश्यक सूचना प्रणाली र आर्थिक कार्यसम्पादन सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।<br>६. सहकारी संस्थालाई आम जनताको आवश्यकता बमोजिम कार्य गरिनेछ।<br>७. विभिन्न आय आर्जनसँग सम्बन्धित कार्य गर्ने समुह समुह बीच सहकार्य गरिनेछ।<br>८. कोडो एम आइ एसमा सहकारी तथा वित्तिय संस्थालाई आवद्ध गराइनेछ।<br>९. वित्तिय संस्था तथा सहकारीमा हुने आर्थिक अनियमिततालाई नियन्त्रण गरिनेछ।<br>१०. आधुनिक सूचना प्रणालीको प्रयोग गरि सहकारी संस्थालाई सुदृढीकरण र नियमन गरिनेछ। |

## प्रमुख कार्यक्रम

- सहकारी वोर्डको स्थापना गरि कर्जा सूचना केन्द्र स्थापना गर्ने ।
- कृषि तथा पशुपंक्षीमा आधारित उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा कृषि सामाग्री आपूर्तीका लागी स्थापना गरिएको सहकारी उद्योग /व्यवसायलाई सहुलियतपूर्ण ऋण तथा अनुदानको व्यवस्था गर्ने ।
- आधुनिक सूचना प्रणालीको प्रयोग गरि सहकारी संस्थालाई सुदृढीकरण र नियमन गर्ने

## विस्तृत कार्यक्रम तथा अपेक्षित उपलब्धी

| विषयगत उपक्षेत्रः वित्तीय संस्था तथा सहकारी विकास | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| १ | सबै वडामा MIS तालिम | तथ्याङ्कलाई सुरक्षित राख्न | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| २ | क्षमता विकास तालिम कार्यक्रम | | २० | ४ | ४ | ४ | ४ | ४ | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | सहकारी संस्था सम्बन्धी चेतनामुलक कार्यक्रम | | २० | ४ | ४ | ४ | ४ | ४ | गाउँपालिका / प्रदेश /संघीय |
| ४ | लघुवित्त स्थापना | | १०० | २० | २० | २० | २० | २० | गाउँपालिका / प्रदेश /संघीय |
| ५ | आर्थिक कोषको स्थापना | | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| ६ | नागरिक सहायता कक्ष निर्माण | | १०० | २० | २० | २० | २० | २० | गाउँपालिका / प्रदेश /संघीय |
| ७ | वित्तिय साक्षरता कार्यक्रम संचालन | | २५ | ५ | ५ | ५ | ५ | ५ | गाउँपालिका / प्रदेश /संघीय |
| ८ | वित्तिय व्यवस्थापन कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | गाउँपालिका / प्रदेश /संघीय |
| कुल लागत (रु.) | | | ३९० | ७८ | ७८ | ७८ | ७८ | ७८ | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगो संकेत | दिविल संकेत | प्रमस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ ।८२ | २०८२ ।८३ | २०८३ ।८४ | २०८४ ।८५ | २०८५ ।८६ | | | | | |
| प्रभाव | | सुचारु वैंक तथा वित्तीय संस्था | संख्या | ५ | ५ | ५ | ६ | ६ | ६ | | | ४ | २ | १.२ |
| असर | | वैंक तथा वित्तीय संस्थाहरुमा सङ्कलित निक्षेप | रु.करोड | | | | | | | | | ४ | २ | १.२ |
| प्रतिफल | | आर्थिक रुपमा सक्रिय जनसंख्या (१५—६४) को वैंक खाता | संख्या | | | | | | | | | ४ | २ | १.२ |
| | | वैंक तथा वित्तीय संस्थाहरुवाट प्रवाह भएको कूल कर्जा | रु करोड | | | | | | | | | ४ | २ | १.२ |
| | | प्राथमिकता क्षेत्रहरुमा वाणिज्य वैंकवाट भएको कूल कर्जा लगानी (कृषि, उर्जा एवं साना मझौला उद्योग) | प्रतिशत | | | | | | | | | ४ | २ | १.२ |
| | | सहुलियतपूणं क्षेत्रमा भएको वैंकको कर्जा प्रवाह | प्रतिशत | | | | | | | | | ४ | २ | १.२ |
| | | वैंक तथा वित्तीय संस्थाहरु वाट उपलब्ध सेवा तथा कारोबारको प्रकार (१.बचत र लगानी २.रेमिट ३.मुद्रा सटही ४. व्यवसायिक परामर्श) | संख्या | ३ | ३ | ३ | ३ | ४ | ४ | | | ४ | २ | १.२ |
| | | वचत तथा ऋण समेत को कूल सहकारी संस्था | संख्या | | | | | | | | | ४ | २ | १.२ |
| | | महिलाद्वारा सञ्चालित सहकारी संख्था | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | | | ४ | २ | १.२ |
| | | कृषि क्षेत्रका कूल सहकारी संस्था | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | | | ४ | २ | १.२ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सहकारी संस्थामा आवद्ध सदस्यहरु | संख्या | | | | | | | | ४ | २ | १.२ |
| | | सहकारी संस्थाको ऋण कर्जावाट उद्योग, व्यापार व्यवसाय सञ्चालन गर्नेहरु | संख्या | | | | | | | | ४ | २ | १.२ |
| | | सहकारी संस्थावाट भएको कूल कर्जा लगानी | रु.लाख | | | | | | | | ४ | २ | १.२ |
| | | सहकारी संस्थामा सङ्कलित कुल निक्षेप | रु.करोड | | | | | | | | ४ | २ | १.२ |

### अनुमान तथा जोखिम पक्ष

वैंक, वित्तीय संस्था तथा सहकारीलाई कृषि, पशुपालन, उद्योग, स्वास्थ्य, शिक्षा, पर्यटन, बीमा, वातावरण संरक्षण, आवास जस्ता क्षेत्रमा नागरिक, कृषक तथा उद्यमीको सहभागिता, सार्वजनिक संस्थानको सुधारका कार्यमा कार्यान्वयन गराउन कठिन छ । उक्त कायर्हरू नभएमा अपेक्षित उपलब्धी जस्तै कृषि तथा उद्योग क्षेत्रको विकासमा वित्तिय क्षेत्रको पहुँच हाँसिल नहुने, सहकारी संस्थाको उत्पादन, प्रशोधन, बजारीकरणको कार्यमा लगानीकर्ताको सम्बन्ध नबढ्ने जोखिम रहन्छ ।

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### पृष्ठभूमि

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिका भित्र कुल १५,४६४ जनसंख्या रहेका छन् जसमध्ये ८८.८ प्रतिशत आर्थिक रुपले सक्रिय जनसंख्या रहेका छन् । आर्थिक रुपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । प्रधानमन्त्री स्वरोजगार कार्यक्रम रहेको।

### समस्या

श्रम प्रतिको सम्मानको कमी हुनु, उद्यमशीलताको विकास, स्वरोजगार प्रवद्र्धन र उत्पादन कमजोर रहनु, स्थानीय तहमा रोजगारीको सिर्जना पर्याप्त नहुनु, श्रमशक्तिको माग र आपूर्ती बीचको सन्तुलन नहुनु, तालिम प्राप्त जनशक्तिको निम्ति पर्याप्त कामको उपलब्धता नहुनु, रोजगारीका अवसर सम्बन्धी सूचनामा रोजगारी चाहने जनशक्तिको पहुँचमा कमी हुनु, योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा जनताको पहुँच नहुनु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरु बढ्नु, पारिवारिक तथा सामाजिक पुनःएकिरकणका सवालहरु सम्बोधन नहुनु लगायत यस क्षेत्रका समस्या हुन् । सो कार्यक्रम रहेता पनि दक्ष यूवा जनशक्ति वैदेशिक रोजगार प्रति बढी जागरुक देखिएको।

### चूनौती

श्रमलाई सीप, प्रविधि, उत्पादन र बजारसँग जोड्नु, अनौपचारिक क्षेत्रका रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, शिक्षालाई व्यवहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु, विद्यमान कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्नु, श्रम बजार प्रवेश गर्ने यूवा जनशक्तिहरूलाई रोजगारीका अवसरहरु सिर्जना गर्नु, बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, गाउँमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्नु आदि यस क्षेत्रका चूनौतीहरु हुन् ।

### सम्भावना तथा अवसर

कृषि, पर्यटन एवम् औद्योगिक आर्थिक गतिविधिहरू बढ्नु, सेवा क्षेत्रमा (शिक्षा, स्वास्थ्य, वित्तीय सेवा) सरकारी, निजी तथा सामुदायिक लगानी बढ्नु, नेपाल श्रम तथा रोजगारका क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका विभिन्न महासन्धिहरूको पक्षराष्ट्र हुनु साथै प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत स्वरोजगारीका लागि सरकारले प्रदान गरेका वित्तीय प्रोत्साहनले पनि नयाँ रोजगारीका अवसर सिर्जना हुनु, विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थात्थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नु आदि यस क्षेत्रका अवसर हुन् ।

### लक्ष्य

पालिकामा नै रोजगारीको व्यवस्था गर्दै वैदेशिक रोजगारीमा गएकाहरुलाई सुरक्षित र मर्यादित रोजगारीको सुनिश्चितता गर्ने।

### उद्येश्य

१. दीगो, सुरक्षित र आत्मनिर्भर रोजगारीको वृद्धि गर्नु ।
२. सुरक्षित आप्रवासन गरि अर्थतन्त्र सुधारमा भुमिका खेल्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. श्रम सम्बन्ध सुदृढ गरी रोजगार सिर्जना गर्ने । | १. रोजगारीको सिर्जना गर्ने कार्यक्रम लागू गरिनेछ। |

| | |
|---|---|
| २. वैदेशिक रोजगारवाट फर्किएर आएका व्यक्तिहरुको ज्ञान, सिप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकास गर्ने<br>३. श्रमिकको दक्षता वृद्धि गरी प्रतिस्पर्धी बनाउने ।<br>४. स्थानीय स्तरमा भएका दक्ष जनशक्तिलाई उचित रोजगारको व्यवस्था मिलाउने<br>५. वैदेशिक रोजगारीको लागि आवश्यक तालिम र परामर्श उपलब्ध गराउने | २. सूचीकृत बेरोजगारलाई प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम दिई दक्ष स्वरोजगारतर्फ उत्प्रेरित गरिनेछ।<br>३. एक घर एक रोजगारी कार्यक्रम गरिनेछ।<br>४. विद्यालय स्तरमा व्यवसायिक र प्राविधिक शिक्षाको विस्तार गरिनेछ।<br>५. स्थानीय स्तरमा रहेका विकास निर्माणका कार्यमा दक्ष जनशक्तिलाई आवद्ध गराइनेछ।<br>६. सरोकारवाला निकायले वैदेशिक रोजगारीको लागि सल्लाह, परामर्शको वयवस्था गराइनेछ। |

### प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ।

- सूचीकृत बेरोजगारलाई प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम दिई दक्ष स्वरोजगारतर्फ उत्प्रेरित गर्ने ।
- एक घर एक रोजगारी कार्यक्रम गर्ने।
- विद्यालय स्तरमा व्यवसायिक र प्राविधिक शिक्षाको विस्तार गर्ने।

## विस्तृत कार्यक्रम तथा अपेक्षित उपलब्धी

| विषयगत उपक्षेत्रः श्रम, रोजगारी र सामाजिक सुरक्षा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| १ | क्षमता विकासको तालिम | सरल नेतृत्व | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| २ | प्रम रोजगार कार्यक्रम कार्क्रम संचालन | दक्ष र अदक्ष दुवैले रोजगारी पाउने | १०० | २० | २० | २० | २० | २० | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | प्राविधिक तथा व्यवसायिक पाठ्यक्रम विकास कार्यक्रम | प्राविधिक शिक्षाले पाउने रोजगारी | २०० | ४० | ४० | ४० | ४० | ४० | गाउँपालिका / प्रदेश /संघीय |
| ४ | सीपमुलक तालिम | क्षमता विकास | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| ५ | वैदेशिक रोजगार परामर्श कक्ष संचालन | नागरिकलाई सहजता | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| ६ | दक्ष जनशक्तिको तथ्याङ्क संकलन कार्यक्रम | | १५ | | १० | ५ | | | गाउँपालिका / प्रदेश /संघीय |
| ७ | रोजगार सम्बन्धी चेतनामुलक तालिम संचालन | | २५ | ५ | ५ | ५ | ५ | ५ | गाउँपालिका / प्रदेश /संघीय |
| ८ | मनोसामाजिक परामर्श कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | गाउँपालिका / प्रदेश /संघीय |
| कुल लागत (रु.) | | | ५१५ | १०० | ११० | १०५ | १०० | १०० | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाद संकेत | दिविद संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | रोजगार सूचना प्रणालीवाट लाभान्वितहरु | संख्या | १२० | १५० | २०० | २२५ | २५० | ३०० | | | ४ | २ | १.२ |
| असर | | उत्पादन (कृषि एवं उद्योग) एवं पूर्वाधार निर्माण क्षेत्रमा रोजगारीता श्रृजना | संख्या | ३० | ४० | ४५ | ५० | ६० | ७० | | | ४ | २ | १.२ |
| प्रतिफल | | सिटिइभिटी वाट प्राविधिक, सीपमूलक, व्यवसायिक तालिम लिएका दक्षजनशक्ति | संख्या | १० | १५ | २० | ३० | ४० | ५० | | | ४ | २ | १.२ |
| | | उत्पादकत्व अभिवृद्धिकालागि परम्परागत तरिका र औजार, उपकरणको आधुनिकीकरण भएका पेशागत क्षेत्रहरु | संख्या | ५ | १० | १५ | २० | ३० | ४० | | | ४ | २ | १.२ |
| | | रोजगारीताका आधारमा पालिकाले प्रदान गर्ने सेवा सुविधावाट लाभान्वित उद्योग व्यवसायहरुको संख्या | संख्या | ४ | ३ | ३ | ३ | ३ | ३ | | | ४ | २ | १.२ |
| | | वालश्रम एवं न्यून ज्यालादर जस्ता श्रम शोषणवाट प्रभावितहरु | प्रतिशत | ० | ० | ० | ० | ० | ० | | | ४ | २ | १.२ |
| | | वैदेशिक रोजगारीमा जाने यूवाहरु | संख्या | | | | | | | | | ४ | २ | १.२ |
| | | सम्वन्धित क्षेत्रको सीपमूलक तालिम लिई वैदेशिक रोजगारीमा जाने | संख्या | १० | २० | ३० | ३५ | ४० | ५० | | | ४ | २ | १.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वैदेशिक रोजगारीका लागि तालिम प्रदान गर्ने संस्थाहरु | संख्या | ० | १ | १ | १ | १ | १ | | | ४ | २ | १.२ |
| | | विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्ने घरपरिवार संख्या (कूल वैदेशिक रोजगारी भएका घरधुरीको) | प्रतिशत | ५ | १० | २० | ३० | ३० | ३० | | | ४ | २ | १.२ |
| | | वैदेशिक रोजगारीताबाट फर्की स्वदेशमा उद्योग, व्यवसाय गर्ने | संख्या | १० | १५ | २० | ३० | ४० | ५० | | | ४ | २ | १.२ |
| | | वैदेशिक रोजगारीतावाट आर्जन पूँजी, सीप, प्रविधि तथा अनुभवलाई उत्पादन मूलक क्षेत्रमा सदुपयोग गर्नेको | संख्या | ५ | १० | १५ | २० | ३० | ४० | | | ४ | २ | १.२ |
| | | विप्रेषण वित्तीय साक्षरता कार्यक्रमवाट लाभान्वित जनसंख्या (वैदेशिक रोगजारीमा जानेको) | प्रतिशत | | | | | | | | | ४ | २ | १.२ |
| | | विप्रेषण वापत प्राप्त वार्षिक रकम | रु.करोड | | | | | | | | | ४ | २ | १.२ |

## अनुमान तथा जोखिम पक्ष

सीप विकासका तालिम प्राप्त गरिसकेपछि बसाईसराई गरि जाने प्रवृत्तिले पालिकामा दक्ष कामदारको कमी देखिने गरेको छ, साथै बेरोजगारी व्यवस्थापनमा जटिलता देखिनु मुख्य चूनौतीको रुपमा देखिन्छ । श्रम बजारको माग र जनशक्ति विकासका कार्यक्रम बीच तादात्म्यता तथा स्वस्थ श्रम सम्बन्धको विकास, सुरिक्षत तथा भरपर्दो रोजगारी, औपचारिक माध्यमबाट विप्रेषणको प्राप्ति र यसको सही सदुपयोगको सुनिश्चितता हुन सकेमा अपेक्षित प्रतिफल हाँसिल हुनेछन् । कृषि, उद्योग, पर्यटन तथा पूवार्धारका क्षेत्रमा पनि उत्पादनमूलक रोजगारी सिर्जना र वृद्धि गर्दै स्थानीय तहमा नै यूवा जनशक्तिको लागि रोजगारीका अवसरहरू उपलब्ध हुनेछन् भन्ने अनुमान गरिएको छ ।

# परिच्छेद पाँच
# सामाजिक क्षेत्र

शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सबालहरुलाई मौलिक हकको रुपमा नेपालको संविधान २०७२ ले स्थापित गरेको छ । माध्यमिक तह सम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजको पछाडि परेको वर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने कानूनी तथा नीतिगत आधारहरु तयार भइसकेका छन् । गाउँपालिकामा स्वस्थ्य, सक्षम र श्रृजनशील जनशक्ति उत्पादन गर्न, आर्थिक रुपले सक्रिय नागरिकहरुलाई आर्थिक विकासका विभिन्न क्षेत्रमा सहभागी बनाउन तथा समाजलाई लैङ्गिकमैत्री, बिभेदमुक्त र समतामूलक बनाउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक समावेशीकरण, यूवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रमा बिद्यमान सम्भावना र अवसर, समस्या तथा चूनौतीका अतिरिक्त आगामी दिनमा चाल्नु पर्ने रणनीति तथा कार्यक्रम सम्बन्धी संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

## ५.१ स्वास्थ्य तथा पोषण

### पृष्ठभूमि

यस पालिकामा ९ वटा स्वास्थ्य चौकी रहेको छ, एउटा, आधारभुत स्वास्थ्य सेवा केन्द्र र ४ वटा सामुदयिक स्वास्थ्य इकाई रहेको छ। पालिका भित्र ल्याब सहितको स्वास्थ्य संख्या २ वटा रहेको छ भने सुविधा तथा हेल्थ पोष्ट मापदण्ड अनुसारको भवन जम्मा ३ वटा निर्माण भएका छन्।२ वटा, कुपोषण उपचार केन्द्र छन् भने, पोषण तालिम प्राप्त व्यक्ति संख्या ३५ वटा रहेको छ।गर्भपतन सेवा उपलब्ध स्वास्थ्य संस्था ३ वटा रहेको छ भने २४ वटा गाँउघर क्लिनिक रहेको छ जसले सेवा लिन लाग्ने समयलाई कम गराउन मद्धत गरेको छ। खोपको सेवाकोलागि पालिका भित्र २६ वटा खोप क्लिनिक रहेको छ। मनोपरामर्शको लागि पालिका भित्र एक जना मनोपरामर्शकर्ता रहेको अवस्था छ। उपचारको लागि ९ वटै वडामा तालिम प्राप्त स्वास्थ्य कर्मी पु¥याउनु पर्ने देखिन्छ।

### समस्या

यस पालिकामा औषधी व्यवस्थापनमा समस्या देखिइएको छ। १५ शैय्याको आधारभूत अस्पताल नभएकोले रेफरल तथा चकजाँचको लागि अन्य पालिका वा जिल्लामा निर्भर रहनु परेको छ। पालिकामा प्रयाप्त एम्बुलेन्सको सुविधा नरहेकोले समयमा नै उपचार गराउनको लागि समस्या देखिन्छ। स्वास्थ्य संस्थाहरुको भवन मापदण्ड अनुसार नभएको, साधारण एक्स-रे पनि नभएको, उपकरणहरुको अभाव, वर्थिङ्ग भवनको अभाव, भौगोलिक कठिनाइ स्वास्थ्य संस्था पुग्न लाग्ने अधिकत्तम समय २ घण्टा र तालिम प्राप्त स्वास्थ्यकर्मीको अभाव पनि यस पालिकामा रहका समस्याहरुमा पर्दछ। मानसिक स्वास्थ्यको लागि आवश्यक मानव संशाधन तथा स्थलको कमी रहेको।

### चूनौती

सन्तुलित आहार र स्वस्थ्य जीवनशैली प्रति अभ्यस्त हुनु, आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नु, गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु, आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य प्रणालीलाई स्वास्थ्य सेवाको मूल प्रवाहमा एकीकरण गर्नु, निजी क्षेत्रका स्वास्थ्य संस्थाको नियमन गर्नु तथा स्वास्थ्य सेवा शुल्क आम नागरिकको पहुँचमा राख्नु, स्वास्थ्य जनशक्ति र स्वास्थ्य सम्बन्धी पूर्वाधारको व्यवस्था गर्नु, रिफरल स्वास्थ्य सेवा उपलब्ध गराउनु, अत्याधुनिक प्रविधि र उपकरणको उपलब्धता सुनिश्चित गर्नु, विज्ञ तथा स्वास्थ्य जनशक्ति टिकाई राख्नु, निर्धारित निःशुलक औषधि उपलब्ध गराउनु, उपचारमा अनुसन्धान पद्धति अवलम्बन गर्नु आदि प्रमुख चूनौती हुन् ।

## सम्भावना तथा अवसर

स्वास्थ्य सेवा तीनै तहका सरकारको प्राथमिकता रहनु, प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि विभिन्न नीतिगत तथा कानूनी व्यवस्था विद्यमान रहनु, टेम्केमैयुङ अस्पताल निर्माण सम्पन्न हुने क्रममा रहनु, हाल सञ्चालनमा रहेका स्वास्थ्य चौकीमा निशुल्क औषधि, स्वास्थ्य सामाग्री र अन्य स्वास्थ्य सेवा उपलब्ध गराई स्तरोन्नती गर्ने, गाउँपालिकाले पोषणयुक्त खानेकुराको बारेमा चेतना अभिवृद्धि गरी पोषण कार्यक्रम सञ्चालन गर्ने, स्वास्थ्य क्षेत्रमा सरकारी र गैह्र सरकारी क्षेत्रको समन्वयन र सहकार्य अभिवृद्धी गर्ने, स्थानीय क्षेत्रमा उपलब्ध जडीबुटीहरुको व्यवस्थापन गरी आयुर्वेद चिकित्सा प्रणालीलाई विकसित गर्ने जस्ता अवसरहरु छन् ।

## लक्ष्य

स्वास्थ्य सेवामा सुधार गर्दै सस्तो, सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने।

## उद्येश्य

१. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा जनसमक्ष पुऱ्याउनु।
२. गाउँपालिको स्वास्थ्य सेवा क्षमतालाई पर्याप्त र गुणस्तरीय बनाउनु।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. मापदण्ड अनुसारको स्वास्थ्य चौकी भवन निर्माण क्रमशः गर्दै जाने।<br>२. इमरजेन्सी सेवाका लागि बिरामी ओसार पसार गर्न एम्बुलेन्स खरीद गर्ने। | १. ५ वर्ष भित्र १५ बेडको अस्पताल निर्माण गरिनेछ।<br>२. थप एम्बुलेन्सको व्यवस्था गरिनेछ।<br>३. स्वास्थ्य संस्थाहरुको भवन स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुसारको पक्की भवन निर्माण गरिनेछ।<br>४. ल्याबको क्रमशः व्यवस्थापन गरिनेछ।<br>५. स्वास्थ्य सेवामा पहुँचको लागि सामुदायिक स्वास्थ्य इकाईहरु थप तथा स्थापना गरिनेछ।<br>६. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न भवन निर्माण गरिनेछ।<br>७. रेफरलको लागि १५ शैय्याको आधारभुत अस्पताल निर्माण गरिनेछ।<br>८. गर्भवति महिलाहरुको लागि भिडियो एक्स-रे मेसिन खरीद गरि स्वास्थ्यकार्मीहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ।<br>९. स्थानीय स्तरमा नै रोग निदान गर्न ल्याब सेवा विस्तार गरिनेछ। |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको विषयगत समिति र शाखा प्रमुख सहितको छलफलबाट निम्न बमोजिम योजनाहरु छनौट गरिएको छ ।

- ५ वर्ष भित्र १५ बेडको अस्पताल निर्माण गर्ने
- स्वास्थ्य संस्थाहरुको भवन स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुसारको पक्की भवन निर्माण गर्ने

## विस्तृत कार्यक्रम तथा अपेक्षित उपलब्धी

| **विषयगत उपक्षेत्रः स्वास्थ्य तथा पोषण** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| 1 | मापदण्ड अनुसारको स्वास्थ्य चौकी भवन निर्माण | लक्षित वर्गाको स्वास्थ्यम सुधार | ५०० | १०० | १०० | १०० | १०० | १०० | गाउँपालिका / प्रदेश /संघीय |
| 2 | एम्बुलेन्स खरीद गरि सेवा विस्तार गरिने (३ थान) | गर्भवति तथा इमरजेन्सी बिरामी रेफर | ९० | ३० | ३० | ३० | | | गाउँपालिका / प्रदेश /संघीय |
| 3 | ल्याब सेवा विस्तार (६ वटा) | रोग निदानमा सहयोग | ४५ | | १५ | १५ | १५ | | गाउँपालिका / प्रदेश /संघीय |
| 4 | १५ शैय्याको आधारभुत अस्पताल निर्माण गर्ने | स्थानीय स्तरमा रेफरल सेन्टरको रुपमा सेवा पुर्याउने | ३०० | १०० | १०० | १०० | | | गाउँपालिका / प्रदेश /संघीय |
| ५ | क्षमता अभिवृद्धि तालिम | भिडियो एक्स रे, SBA, DHIS2 | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| ६ | भिडियो एक्स रे मेसिन खरीद (५ थान) | गर्भवती अवस्थामा जटिलता पहिचान | ४५ | १५ | १५ | १५ | | | |
| कुल लागत (रु.) | | | **१०३०** | **२५५** | **२७०** | **२७०** | **१२५** | **११०** | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | द्विराल संकेत | द्विविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | बिरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी ।प्राथमिक स्वास्थ्य केन्द्र। अस्पताल जाने जनसंख्या | प्रतिशत | ९० | ९२ | ९३ | ९४ | ९५ | ९६ | | | २ | ४ | १.२ |
| असर | | नजिकको स्वास्थ्य संस्थामा (स्वास्थ्य चौकी। प्राथमिक स्वास्थ्य केन्द्र। अस्पताल) पुग्न लाग्ने औसत समय | घण्टा | २ | १.५ | १.५ | १. | ०.७ | ०.५ | | | २ | ४ | १.२ |
| प्रतिफल | | गाउँघर क्लिनिकको संख्या | संख्या | २४ | २८ | २८ | ३० | ३२ | ३५ | | | २ | ४ | १.२ |
| | | सञ्चालनमा रहेका पालिका स्तरीय अस्पताल (वा जिल्ला अस्पताल)मा उपलब्ध शैय्या संख्या | संख्या | ० | ० | ० | १५ | १५ | १५ | | | २ | ४ | १.२ |
| | | घुम्ती लगायत स्वास्थ्य शिविर पटक | संख्या | ३ | ३ | ५ | ५ | ७ | ७ | | | २ | ४ | १.२ |
| | | सबै प्रकारका खोप लिएका बालबालिका | प्रतिशत | ९८ | ९८ | ९९ | १०० | १०० | १०० | | | २ | ४ | १.२ |
| | | आधारभुत स्वास्थ्य सेवा उपलब्ध भएका वडाहरु | संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | | | २ | ४ | १.२ |
| | | २५०० ग्राम भन्दा कम जन्मतौल भएका शिशु | संख्या | ३ | ० | ० | ० | ० | ० | | | २ | ४ | १.२ |
| | | कुपोषणका कारण ५ वर्ष मुनिका बाल बालिकाहरुको पुड्कोपन र उचाई अनुसारको तौल कम तौल भएकाहरु | संख्या | - | ० | ० | ० | ० | ० | | | २ | ४ | १.२ |
| | | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | संख्या | ८८ | ९० | ९२ | ९५ | १०० | १०० | | | २ | ४ | १.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रसुति सेवा उपलब्ध भएका स्वास्थ्य संस्थाहरु | संख्या | ८ | ९ | ९ | ९ | ९ | ९ | | | २ | ४ | १.२ |
| | | मातृमृत्युदर (प्रति लाख जीवित जन्ममा) | संख्या | ० | ० | ० | ० | ० | ० | | | २ | ४ | १.२ |
| | | झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | संख्या | ९७ | ९० | ८० | ६० | ४० | २० | | | २ | ४ | १.२ |
| | | श्वासप्रश्वासको सङ्क्रमण दर (प्रति हजारमा) | संख्या | ७८७ | ७०० | ६०० | ४०० | २०० | ० | | | २ | ४ | १.२ |
| | | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | ४६ | ५० | ६० | ७० | ७० | ८० | | | २ | ४ | १.२ |
| | | जनसंख्या र दक्ष स्वास्थ्यकर्मीको अनुपात (जनसंख्या दक्ष स्वास्थ्यकर्मी) | अनुपात | १:३३६ | १:३३६ | १:३३६ | १:३३६ | १:३३६ | १:३३६ | | | २ | ४ | १.२ |
| | | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | ९७ | १०० | १०० | १०० | १०० | १०० | | | २ | ४ | १.२ |
| | | नवजात शिशु मृत्युदर (प्रति हजारमा जीवित जन्ममा) | संख्या | - | ० | ० | ० | ० | ० | | | २ | ४ | १.२ |
| | | शिशु मृत्युदर (प्रति हजारमा जीवित जन्ममा) | प्रतिशत | ०.१ | ० | ० | ० | ० | ० | | | २ | ४ | १.२ |
| | | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजारमा जीवित जन्ममा) | संख्या | - | ० | ० | ० | ० | ० | | | २ | ४ | १.२ |
| | | कुल प्रजनन दर (प्रति महिला शिशु जन्म) | दर | - | २ | २ | २ | २ | २ | | | २ | ४ | १.२ |
| | | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ४३ | ५० | ५५ | ६० | ६५ | ७० | | | २ | ४ | १.२ |
| | | स्वास्थ्य बीमामा आबद्ध जनसंख्या | प्रतिशत | - | २० | ३० | ४० | ४५ | ५० | | | २ | ४ | १.२ |
| | | स्वास्थ्य सूचना, शिक्षा र सञ्चार सचेतना कार्यक्रममा सहभागी | संख्या | ३ | १०० | १००० | १०००० | १५००० | २०००० | | | २ | ४ | १.२ |
| | | क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु, क्षयरोग, एड्स, कुष्ठरोगको निशुल्क स्वास्थ्य परिक्षणबाट लाभान्वित | संख्या | - | ५०० | १००० | २५०० | ५००० | १०००० | | | २ | ४ | १.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधारभुत सुविधा (खानेपानी, शौचालय, बर्थिङ वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ८ | ९ | ९ | ९ | ९ | ९ | | | २ | ४ | १.२ |
| | | क्रियाशील महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ७२ | ७२ | ८० | १०० | १२० | १२० | | | २ | ४ | १.२ |
| | | महामारी, भाइरसको सङ्क्रमण, आपत्कालीन उपचारको अभावबाट मृत्यु | संख्या | ० | ० | ० | ० | ० | ० | | | २ | ४ | १.२ |
| | | नागरिक आरोग्य कार्यक्रम सञ्चालन | संख्या | ० | ९ | १८ | १८ | २७ | २७ | | | २ | ४ | १.२ |
| | | योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा (आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्ची) उपचार पद्धति सञ्चालन गर्ने संस्था | संख्या | - | २ | ४ | ६ | ८ | ९ | | | २ | ४ | १.२ |
| | | सामुदायिक संस्थाको सहभागितामा सञ्चालित आरोग्य केन्द्र, योगा केन्द्र तथा व्यायामशाला | संख्या | - | १ | ३ | ५ | ७ | ९ | | | २ | ४ | १.२ |
| | | मानसिक स्वास्थ्य तथा मनोपरामर्श सेवा | संख्या | १ | ३ | ५ | ७ | ८ | ९ | | | २ | ४ | १.२ |

## अनुमान तथा जोखिम पक्ष

माथि प्रस्तावित कार्यक्रमको लागि संस्थागता सबलता, पर्याप्त श्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तरसरकारी समन्वय हुन नसकेको अवस्थामा कार्यान्वयनमा जटिलता र अपेक्षाकृत नतिजामा ह्रास आउन सक्छ । त्यसैगरी सबै स्वास्थ्य संस्थाहरुमा सबै रोग परीक्षण तथा नियन्त्रणको लागि अत्याधुनिक स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि तथा खोप व्यवस्थापन लगायतका सम्पूर्ण कार्यमा सरोकारवाला पक्षको सक्रिय सहभागिता, सहकार्य साझेदारीमा समाजस्यता तथा एकरुपता कायम हुन नसकेमा स्वास्थ्य सेवा प्रणालीको स्तरोन्नति हुन नसक्ने जोखिम रहेको छ ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### पृष्ठभूमि

गाउँपालिकामा जम्मा ४५ वटा सामुदायिक विद्यालय,३६ वटा आ.वि र ९ वटा माध्यमिक विद्यालय रहेको छ। विद्यालय प्रयाप्त मात्रमा रहेको छ र सरकारले निशुल्क शिक्षा प्रदान गरिरहेको छ भने ७९% साक्षरता रहेको छ। बालबालिकाहरु विद्यालयको दायरामा आउनु, शिक्षक दरबन्दी २१५, विद्यार्थी संख्या करीब ३७०० हुनु। पालिकाले आफ्नो पहिचान तथा साँस्कृतिक सम्पदाको पहिचान सहितको स्थानीय पाठ्यपुस्तकको विकास गरी विद्यालयमा पढाउन शुरु गरिसकेको।

### समस्या

गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई विद्यालयमा झिकाउन, टिकाउन तथा विकाउन सम्मका कार्यक्रमहरु नभएका, केहि सामुदायिक विद्यालयहरुमा खानेपानीको अभाव तथा शौचालय भवन जीर्ण अवस्थामा रहेका, शिक्षकको माग र आपूर्ति बीच सन्तुलन नहुनु, प्राविधिक तथा व्यावसायिक धारका विद्यालय र विद्यार्थी न्यून रहनु, सार्वजनिक विद्यालयका विद्यार्थीको औसत सिकाई उपलब्धी घट्दै जानु, शिक्षण सिकाई खासगरी विज्ञान गणित, अङ्ग्रेजी जस्ता विषयमा कमजोर हुनु, विद्यालय तथा उच्च शिक्षाको व्यवस्थापकीय र सुशासन पक्ष कमजोर रहनु र शिक्षाको गणुस्तरमा समस्या बढ्दै जानु आदि प्रमुख समस्या हुन् । विज्ञान प्रयोगशालाको उचित व्यवस्थापन नभएको, अधिकांश कच्ची विद्यालय भवन, गुणस्तरीय शिक्षा प्रदान गर्न नसक्नु, सिकाइ उपलब्धी न्यून हुनु, विषयगत शिक्षक दरबन्दीको कमी, भौगोलिक विकटताको कारण विद्यालय समायोजन गर्न नसक्नु, विद्यार्थी संख्या न्यून हुनु, सूचना प्रविधिमैत्री शिक्षा प्रदान गर्न नसक्नु, विज्ञानमा आधारित शिक्षा प्रदान गर्न नसक्नु, अभिभावक सचेतनाको कमी, सुपरीवेक्षण, अनुगमनको ठोस संयन्त्र नहुनु, तहगत प्र.अ व्यवस्थापन गर्न नसक्नु, छात्रवृत्ति, दिवा खाजाको उचित व्यवस्थापन गर्न नसक्नु।

### चूनौती

सबैका लागि समतामूलक शिक्षा सुनिश्चित गर्नु तथा विद्यालयमा टिकाउ दर बढाउनु, प्राविधिक धारका सञ्चालित विद्यालय पर्याप्त नहुनु, सार्वजनिक शिक्षा तथा व्यावसायिक शिक्षा गुणस्तरीय बनाउनु, बाल विकास र पूर्व प्राथमिक शिक्षामा सहभागिता वृद्धि गर्नु, प्राविधिक र व्यावसायिक शिक्षामा तालिमको पहुँच अभिवृद्धि गर्नु, अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षाको सुनिश्चितता गर्नु, शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुशासन कायम गर्नु, प्रशिक्षकको सेवा स्थायीत्व नहुनु आदि प्रमुख चूनौती हुन् ।

### सम्भावना तथा अवसर

शिक्षा क्षेत्रमा दक्ष मानव संसाधनको वृद्धि हुदै जानु, प्राविधिक शिक्षा प्रतिको आर्कषण बढ्दै जानु, शिक्षामा तालिम, मूल्याङ्कन तथा क्षमता अभिवृद्धि कार्यक्रम स्थानीय स्तरमै सञ्चालन हुनु, स्थानीय तहको आवश्यकता अनुसार गाउँपालिकाले माध्यमिक विद्यालय स्थापना गर्न सक्ने, आवश्यकताका आधारमा आधारभूत तहबाट माध्यमिक विद्यालयमा स्तरोन्नती गर्न सक्ने, निजी विद्यालयबाट सरकारीमा अभिभावकहरुले विद्यार्थीहरुको स्थानान्तरण भएको, प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रवर्द्धन गर्न, सूचना प्रविधिमैत्री कक्षा सञ्चालन गर्न, शिक्षकको मनोवल उच्च राख्न विशेष नीतिगत व्यवस्था गर्न सक्ने आदि यस क्षेत्रका अवसरहरु हुन्। पालिकामा विद्यालयहरुलाई मर्ज गरेर आवासीय विद्यालयको निर्माण गरी **"सिक्दै अनि कमाउँदै"** को अवधारणाको आधारमा दक्ष जनशक्तिको विकास गर्ने सकिने।

### लक्ष्य

सबै नागरिकालाई सुलभ, निर्वाहमुखी र प्रविधिमैत्री शैक्षिक गुणस्तरयुक्त शिक्षा प्राप्त गर्ने वातावरणको निर्माण गर्नु।

## उद्देश्य

१. सिकाई उपलब्धी अभिवृद्धि गर्न ठोस कार्यक्रम सञ्चालन गर्नु।
२. वैज्ञानिक, जीवनोपयोगी र जीविकामूखी शिक्षाको विस्तार गरी जीवनको गुणस्तर र गुणस्तरीय मानव पूँजीको निर्माण गर्नु।
३. सूचना प्रविधियुक्त विद्यालय निर्माण गर्नु।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. पालिका स्तरीय प्राविधिक शिक्षालयको विकास गर्ने।<br>२. शिक्षक क्षमता विकास तालिम सञ्चालन गर्ने।<br>३. विद्यार्थीहरुलाई प्रोत्साहनको लागि कार्यक्रम सञ्चालन गर्ने। | १. गुणस्तरीय शिक्षा प्रदान गर्न ठोस नीति निर्माण गरिनेछ।<br>२. सिकाई उपलब्धीमा अभिवृद्धि गर्न ठोस कार्यक्रम गरिनेछ।<br>३. विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गरिनेछ।<br>४. विद्यालयको नक्शाङ्कन गरी विद्यालय समायोजन गरिनेछ।<br>५. विद्यालयमा सूचना प्रविधिको उचित व्यवस्थापन गरिनेछ।<br>६. शिक्षालाई विज्ञान सँग जोड्नुपर्ने, शिक्षलाई तालिमको व्यवस्था गरिनेछ।<br>७. छात्रवृत्ति र दिवा खाजाको उचित व्यवस्थापन गरिनेछ।<br>८. सुपरीवेक्षण, अनुगमनको उचित संयन्त्र व्यवस्थापन गरिनेछ। |

## प्रमुख कार्यक्रम

- गुणस्तरीय शिक्षा प्रदान गर्न ठोस नीति निर्माण गर्ने।
- सिकाई उपलब्धीमा अभिवृद्धि गर्न ठोस कार्यक्रम गर्ने।
- विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्ने।
- विद्यालयको नक्शाङ्कन गरी विद्यालय समायोजन गर्ने।
- विद्यालयमा सूचना प्रविधिको उचित व्यवस्थापन गर्ने।
- शिक्षालाई विज्ञान सँग जोड्नुपर्ने, शिक्षलाई तालिमको व्यवस्था गर्ने।
- छात्रवृत्ति र दिवा खाजाको उचित व्यवस्थापन गर्ने।
- सुपरीवेक्षण, अनुगमनको उचित संयन्त्र व्यवस्थापन गर्ने।

## विस्तृत कार्यक्रम तथा अपेक्षित उपलब्धी

| विषयगत उपक्षेत्रः शिक्षा, विज्ञान तथा नवप्रवर्तन | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | सुविधायुक्त विद्यालयभवन निर्माण | गुणस्तरीय शिक्षामा टेवा पुग्ने | ७५० | १५० | १५० | १५० | १५० | १५० | गाउँपालिका / प्रदेश /संघीय |
| २ | शिक्षकलाई क्षमता विकास तालिम पर्दान गर्ने | दक्ष शिक्षक निर्माण | १०० | १५ | २० | २५ | २५ | १५ | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | प्रोत्साहन तथा पुरस्कार | उत्प्रेरणा जगाउने | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| ४ | प्रविधिमैत्री विद्यालय निर्माण गर्ने | अत्याधुनिक शिक्षण सिकाइ र सिपयुक्त विद्यार्थी उत्पादन | ५०० | १०० | १०० | १०० | १०० | १०० | गाउँपालिका / प्रदेश /संघीय |
| ५ | प्राविधिक शिक्षालयको विकास तथा विस्तार | प्राविधिक तथा सीपयुक्त जनशक्ति निर्माण। उत्पादन | ५०० | १०० | १०० | १०० | १०० | १०० | गाउँपालिका / प्रदेश /संघीय |
| ६ | शिक्षक दरबन्दी (विषय शिक्षण) व्यवस्थापन | गुणस्तरीय शिक्षामा टेवा पुग्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | गाउँपालिका / प्रदेश /संघीय |
| ७ | दिवा खाजा तथा विद्यालय व्यवस्थापन खर्च वृद्धि गर्ने | बालबालिकाको स्वास्थ्य, सञ्चालन तथा व्यवस्थापनमा सहज हुने। | २५० | ५० | ५० | ५० | ५० | ५० | गाउँपालिका / प्रदेश /संघीय |
| ८ | पालिकास्तरीय बहुमुखी क्याम्पसको निर्माण गर्ने | | २५० | ५ | १० | ७५ | ९० | ७५ | गाउँपालिका / प्रदेश /संघीय |
| कुल लागत (रु.) | | | २९०० | ५३० | ५४० | ६१० | ६२५ | ६०० | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्टयाइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रमस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | १५ मिनेटको दुरीमा आधारभूत तहको विद्यालयमा पहुँच हुने घरधुरी | प्रतिशत | | | | | | | | | २ | ४ | १.२ |
| असर | | विद्यालय वाहिर ५–१५वर्ष उमेर समूहका बालबालिका | प्रतिशत | | | | | | | | | २ | ४ | १.२ |
| प्रतिफल | | छात्रवृत्ती पाउने विद्यार्थी | प्रतिशत | ४६ | ५० | ५० | ५५ | ५५ | ५५ | | | २ | ४ | १.२ |
| | | दिवा खाजा खुवाउन विद्यालय | संख्या | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | | | २ | ४ | १.२ |
| | | नियमित अध्ययन गर्ने अवसर नमिलेका विद्यार्थीका लागि माध्यामिक तह सम्मको खुल्ला शिक्षा वा अनौपचारिक दिने विद्यालय | संख्या | ० | ० | ० | २ | २ | ५ | | | २ | ४ | १.२ |
| | | आधारभूत तह (कक्षा ८) सम्मको खुद भर्नादर | प्रतिशत | | | | | | | | | २ | ४ | १.२ |
| | | आधारभूत तह (कक्षा ८) सम्मको उत्तिर्ण दर | प्रतिशत | ७६ | ७७ | ७८ | ८० | ८५ | ९० | | | २ | ४ | १.२ |
| | | माध्यामकि तह (९–१२) को खूद भर्नादर | प्रतिशत | ७६.७ | ७८ | ८० | ८२ | ८४ | ८६ | | | २ | ४ | १.२ |
| | | कक्षा १२ को निरन्तरता दर | प्रतिशत | | | | | | | | | २ | ४ | १.२ |
| | | कक्षा ८ सिकाइ उपलब्धी दर | प्रतिशत | ४५ | ५० | ५५ | ६० | ६५ | ७० | | | २ | ४ | १.२ |
| | | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | | | | | | | | | २ | ४ | १.२ |
| | | बालमैत्री सिकाइ विधि अवलम्बन गर्ने विद्यालय | संख्या | १५ | १५ | २० | २० | ३० | ३५ | | | २ | ४ | १.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विषयगत तालिम प्राप्त शिक्षक | प्रतिशत | | | | | | | | | २ | ४ | १.२ |
| | | शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माध्यमिक) (शिक्षक : विद्यार्थी) | संख्या | १:१८ | | | | | | | | २ | ४ | १.२ |
| | | महिला र पुरुष शिक्षकको अनुपात (महिला पुरुष) | अनुपात | ३५:६५ | | | | | | | | २ | ४ | १.२ |
| | | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ४० | ४० | ८० | ८० | १५० | १५० | | | २ | ४ | १.२ |
| | | सिटिइभिटिवाट सम्वर्द्धनमा सञ्चालित प्राविधिक विद्यालय | संख्या | - | - | १ | २ | २ | २ | | | २ | ४ | १.२ |
| | | सामुदायिक विद्यालयमा प्राविधिक धार अध्यापन गराउने विद्यालय | संख्या | १ | | | | | | | | २ | ४ | १.२ |
| | | वालमैत्री आधारभूत पूर्वाधार र सुविधा ( भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय | संख्या | १५ | | | | | | | | २ | ४ | १.२ |
| | | वालवालिकामैत्री, अपाङ्गता मैत्री र भूकम्प प्रतिरोधात्मक संरचना भएको विद्यालय | संख्या | १५ | | | | | | | | २ | ४ | १.२ |
| | | आइसिटि सेवा उपलव्ध विद्यालय | संख्या | ९ | | | | | | | | २ | ४ | १.२ |
| | | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | ११ | | | | | | | | २ | ४ | १.२ |
| | | व्यवस्थित विज्ञान प्रयोगशाला भएका विद्यालय | संख्या | ११ | | | | | | | | २ | ४ | १.२ |
| | | सेनीटरी प्याड सहित नर्स सेवा उपलव्ध विद्यालय | संख्या | १५ | | | | | | | | २ | ४ | १.२ |
| | | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | | | | | | | | | २ | ४ | १.२ |
| | | बालक्लव क्रियाशील भएका विद्यालय | संख्या | ९ | | | | | | | | २ | ४ | १.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विपद्, महामारी लगायत विविध कारणबाट भौतिक दूरी कायम राख्दै सूचना प्रविधिका माध्यमबाट अध्यापन गर्न सक्ने विद्यालय | संख्या | | | | | | | | | २ | ४ | १.२ |
| | | उच्च शिक्षाको अध्यापन गर्ने (क्याम्पस) | संख्या | ० | ० | १ | १ | १ | १ | | | २ | ४ | १.२ |
| | | अधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय | संख्या | ४ | | | | | | | | २ | ४ | १.२ |
| | | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमवाट लाभान्वित विद्यालय | संख्या | ६ | | | | | | | | २ | ४ | १.२ |
| | | जनसंख्या बनौट र भौगोलिक अवस्थाको आधारमा नक्साङ्कन गरी समायोजन तथा एकीकरण विद्यालय | संख्या | ० | | | | | | | | २ | ४ | १.२ |
| | | परम्परागत ज्ञान, सीप, प्रविधिलाई स्तरोन्नति गर्दै भएको व्यवसायीकरण | संख्या | ० | २ | ४ | ६ | ८ | १० | | | २ | ४ | १.२ |
| | | विज्ञान र प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धानका लागि पालिकावाट सहयोग प्राप्त युवा शोधकर्ताहरु | संख्या | ० | २ | ५ | १५ | २० | २५ | | | २ | ४ | १.२ |
| | | विद्यालय स्तरमा विज्ञान र प्रविधि सम्वन्धित विविध क्रियाकलापहरु संचालन गरी पालिकावाट पुरष्कृत उत्कृष्ट विद्यालय | संख्या | १ | | १ | २ | २ | २ | | | २ | ४ | १.२ |

## अनुमान तथा जोखिम पक्ष

व्यविस्थत र भरपर्दो शैक्षिक तथ्याङ्क व्यवस्थापन एवम् प्रतिवेदन प्रणालीको विकास र प्रयोग, आवश्यक दक्ष जनशक्तिको उचित व्यवस्थापन, दातृ निकायबाट प्राप्त हुने श्रोतको पर्याप्तता, जनशक्तिको क्षमता विकास र परिचालन, नवीनतम प्रविधिहरूको उपयोग, शिक्षा विज्ञान तथा प्रविधि क्षेत्रसँग सम्बद्ध पेशाकर्मीहरूको रचनात्मक सहयोग र सहकार्य एवम् सबै तहका सरकार बीचको समन्वय, सहकार्य र साझेदारीको वातावरण विकास जस्ता पक्षमा समयमै ध्यान पुऱ्याउन सकेमा लक्ष्य पूरा हुने देखिन्छ ।

## ५.३ खानेपानी तथा सरसफाइ

### पृष्ठभूमि

स्वच्छ खानेपानी तथा सरसफाई नागरिकको आधारभूत आवश्यकता र नैसर्गिक अधिकार हो त्यसैले नेपालको संविधानले पनि मौलिक हकको रुपमा खानेपानी र सरसफाईलाई समावेश गरेको छ । टेम्केमैयुङ गाउँपालिकाको कुल घरधुरीमध्ये औषतमा ५१.३ प्रतिशत घरधुरीमा घर परिसर भित्र पाइप धाराको पहुँच पुगेको छ। त्यसै गरी ४०.८ प्रतिशत घरमा घर परिसर बाहिर पाइपलाइन धारा जडान भएको छ। कुवा, मुल, ढुङ्गेधाराको पानी उपभोग गर्ने घरधुरी ६.३ प्रतिशत रहेको छ भने खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न औषत समय १५ मिनेट लाग्ने गर्छ। ९९ प्रतिशत घरमा सरसफाई सेवा उपलब्ध उपलब्ध छ। शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरधुरी ०.९ प्रतिशत रहेको छ। खानेपानीको मुलहरु वनक्षेत्रहरुमा प्रचुर मात्रामा रहेको। पिउने पानीको व्यवस्था भएको। खानेपानीको लागिको प्रयोग गर्न सकिने श्रोतहरु पालिका भित्रै उपलब्ध रहेको। खुला दिसामुक्त क्षेत्रको रुपमा घोषणा भएको। पालिकाको केन्द्रमा ल्याण्डफिल साइटको निर्माण हुदै गरेको। फोहोर व्यवस्थापनको बारेमा जनचेतनाको कार्यक्रमहरु हुदै आइरहेको।

### समस्या

मूहान क्षेत्र व्यवस्थापन तथा पानी शुद्धीकरण नहुँदा गुणस्तर नहुनु, पानीको श्रोत पर्याप्त नहुँदा वितरणमा समस्या, ठूला आयोजनाका लागि पर्याप्त बजेट विनियोजन नहुनु साथै सम्पूर्ण घरमा सुविधा सम्पन्न पक्की शौचालयको व्यवस्था हुन नसक्नु, खानेपानीको मुहान र श्रोतको संरक्षण र व्यवस्थापन गर्न नसक्नु, घरबाट निस्कने फोहरलाई वैज्ञानिक तरिकाबाट व्यवस्थापन गर्न नसकेको, पर्याप्त सार्वजनिक शौचालयको सञ्चालन र व्यवस्थापन गर्न नसक्नु, खानेपानीको स्वच्छता र पानी जाँच गरी खानेपानी आपूर्ति हुन नसक्नु, सबै वस्ती तथा बजार क्षेत्रमा ढल निकास नभएको आदि यस क्षेत्रका समस्याहरु हुन् । सबै घरमा पानीको उचित ब्यवस्थापन हुननसकेको। मुहान हरु प्रशस्त भएपनि पानीको मात्रा क्रमशस घट्दै गइराखेको छ। सबै वडाहरुमा सफा तथा सुरक्षित पिउने पानीको व्यवस्था हुन नसकेको। खुला दिसामुक्त क्षेत्र घोषणा भएपनि सबै क्षेत्रमा लागू हुन नसकेको। वडास्तरीय फोहोर व्यवस्थापनमा समस्त्रा हुदै आइरहेको। फोहोर व्यवस्थापनमा संस्थागत समस्या हुँदा कार्यान्वयनमा समस्या देखिएको।

### चूनौती

भौगोलिक विकटता, सबै नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु, गाउँलाई पूर्ण सरसफाइयुक्त बनाउनु, उपभोक्ता संस्थाको स्थायित्व, परिचालन र नेतृत्व विकास गर्नु, पानीको गणुस्तर कायम गर्नु, आधारभूत सरसफाइ बारेमा जनचेतना फैलाउँदै फोहोर मैला व्यवस्थापन गर्नु, शहरी क्षेत्रमा ढल निकासको उचित व्यवस्था गर्नु, खानेपानीका श्रोतको संरक्षण गर्नु आदि प्रमुख चूनौती हुन् । साथै, जनचाहना अनुरुप व्यवस्थित खानेपानीको लागि आवश्यक आर्थिक श्रोत जुटाउनको लागि सहकार्यको लागि साझेदार संस्था समक्ष पहलकदमहरु व्यवस्थापन गर्नु चूनौती हुने।

### अवसर

स्वच्छ खानेपानी तथा सरसफाई मौलिक हकको रुपमा स्थापित हुनु, खानेपानी तथा सरसफाइ सेवा एवम् संरचनाको विकास तथा विस्तारमा गाउँपालिका, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, उपभोक्ता समिति र नागरिकको सहभागिता बढ्दै जानु, विभिन्न तहमा खानेपानी तथा सरसफाइ समन्वय समिति क्रियाशील रहनु, सरसफाइ कार्यक्रमलाई गाउँपालिकामा सामाजिक अभियानको रूप लिनु, फोहोरमैला व्यवस्थापनका लागि गाउँपालिका स्तरीय ल्याण्डफिल साइटलाई महत्वपूर्ण पूर्वाधार लिनु आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

गुणस्तरीय खानेपानी तथा आधारभुत सरसफाईको पूर्ण व्यवस्था गर्दै स्वस्थ नागरिकको निर्माण गर्ने।

### उद्देश्य

१ शुद्ध, सफा र सुरक्षित खानेपानीको पहुँच शतप्रतिशत बनाई स्वस्थता सुनिश्चित गर्नु।
२.फोहोरमैला व्यवस्थापनको दीगो उपायको खोजी गरी बैज्ञानिक व्यवस्थापन बनाउनु ।

### रणनीति तथा कार्नीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. पानीका स्रोतहरुको पहिचान, संरक्षण, पुर्नजीवन तथा प्रविधि मैत्री व्यवस्थापनमा जोड दिई खानेपानी संस्थाहरुलाई व्यवस्थित बनाउने ।<br>२. शत प्रतिशत घरहरूमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने । | १. उपलब्ध पानीका श्रोतहरुको पहिचान तथा शुद्धिकरण गरी सहज विकल्प (सतह, भूमिगत, लिफ्ट) को प्रयोग मार्फत खानेपानीको आवश्यकता पूर्ति गरिनेछ।<br>२. "एक घर एक धारा " करेसाबारी सिँचाई गर्न सम्म पुग्ने गरि व्यवस्था गरिनेछ।<br>३. खानेपानीका मुल संरक्षणका लागि मुल भएको स्थानमा वृक्षारोपण गरिनेछ।<br>४. खानेपानी मर्मत सम्भार योजना निर्माण गरि अव्यवस्थित खानेपानीको वितरणमा (ट्रिटमेण्ट प्रणाली) को निर्माण/व्यवस्था गरि व्यवस्थापन गरिनेछ।<br>५. फोहोर तथा ढल व्यवस्थापन गुरुयोजना कार्यान्वयन गरिनेछ।<br>६. वर्गीकरण गरि व्यवस्थापन गर्न सक्ने गरि ९ वडामा नै ल्याण्ड फिल साइटको निर्माण गरिनेछ।<br>७. व्यवस्थित र स्वच्छ तथा सफा शौचालय प्रत्येक घरमा निर्माण गरिनेछ। |

### प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्न बमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ।

- "एक घर एक धारा " करेसाबारी सिँचाई गर्न सम्म पुग्ने गरि व्यवस्था गर्ने।
- खानेपानीका मुल संरक्षणका लागि मुल भएको स्थानमा वृक्षारोपण गर्ने।
- खानेपानी मर्मत सम्भार योजना निर्माण गरि अव्यवस्थित खानेपानीको वितरणमा (ट्रिटमेण्ट प्रणाली) को निर्माण/व्यवस्था गरि व्यवस्थापन गर्ने ।
- वर्गीकरण गरि व्यवस्थापन गर्न सक्ने गरि ९ वडामा नै ल्याण्ड फिल साइटको निर्माण गर्ने।

## विस्तृत कार्यक्रम तथा अपेक्षित लाभ

| विषयगत उपक्षेत्रः खानेपानी तथा सरसफाइ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | एक घर एक धारा अनिवार्य निर्माण गर्ने। | खानेपानीको पहुँच तथा अपनत्व | २१० | २५ | ५० | ५० | ५० | ३५ | गाउँपालिका/प्रदेश /संघीय |
| २ | खानेपानी मुल संरक्षण तथा मर्मत निर्माण | मुल संरक्षण हुने | १२५ | २५ | २५ | २५ | २५ | २५ | गाउँपालिका/प्रदेश /संघीय |
| ३ | प्लाष्टिक तथा सिसाजन्य वस्तुको ब्यवस्थापन | | ७५ | १५ | १५ | १५ | १५ | १५ | गाउँपालिका/प्रदेश /संघीय |
| ४ | सरसफाइ गुरुयोजनाको निर्माण | सरसफाई क्षेत्रमा निर्दिष्ट रुपमा अघि बढ्न सहज हुने | १५ | ५ | १० | | | | गाउँपालिका/प्रदेश /संघीय |
| कुल लागत (रु.) | | | **४२५** | **७०** | **१००** | **९०** | **९०** | **७५** | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगो संकेत | लिङ्ग संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | १ | सुरक्षित खानेपानीमा पहुँच भएको जनसंख्या | प्रतिशत | ७० | ८० | ८५ | ९० | ९५ | १०० | | | ७ | ६ | १.३ |
| असर | २ | निजी पाइपलाइन धारा जडान भएका घरधुरी | प्रतिशत | ७० | ८० | ८५ | ९० | ९५ | १०० | | | ७ | ६ | १.३ |
| प्रतिफल | ३ | कुवा, मुल, ढुङ्गेधाराको पानी उपभोग गर्ने घरघुरी | प्रतिशत | ३ | ३ | २ | १ | ० | ० | | | ७ | ६ | १.३ |
| | ४ | नदी, खोला, कुलोको पानी उपभोग गर्ने घरधुरी | प्रतिशत | ० | ० | ० | ० | ० | ० | | | ७ | ६ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ५ | खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | १५ मि. | १५ मि. | १५ मि. | ० मी | ० मी | ० मी | | | ७ | ६ | १.३ |
| | ६ | सक्रिय खानेपानी र सरसफाइ उपभोक्ता समिति | संख्या | १० | २० | ३० | ४० | ६० | ८० | | | ७ | ६ | १.३ |
| | ७ | सरसफाइ सेवा उपलब्ध घरधुरी (निजी क्षेत्र तथा पालिकावाट सेवा सञ्चालन) | प्रतिशत | ५ | १० | २० | ४० | ६० | ८० | | | ७ | ६ | १.३ |
| | ८ | खुल्ला दिसामुक्त घोषणा गरिएका वडा | संख्या | ९ | | | | | | | | ७ | ६ | १.३ |
| | ९ | शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरघुरी | प्रतिशत | १ | ० | ० | ० | ० | ० | | | ७ | ६ | १.३ |
| | १० | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० | १०० | | | ७ | ६ | १.३ |
| | ११ | खाल्डे शौचालय भएको घरधुरी | प्रतिशत | २.५ | ० | ० | ० | ० | ० | | | ७ | ६ | १.३ |
| | १२ | सार्वजनिक शौचालयहरु | संख्या | ७ | ८ | ९ | ९ | १० | १० | | | ७ | ६ | १.३ |
| | १३ | फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | ० | ५ | २० | ५० | ८० | ९० | | | ७ | ६ | १.३ |
| | १४ | घर,आँगन, शौचालय वाट निष्कृत फोहोर लाई व्यवस्थित गर्ने घरपरिवार | प्रतिशत | ४० | ५० | ६० | ७० | ८० | १०० | | | ७ | ६ | १.३ |

### अनुमान तथा जोखिम पक्ष

माथि उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त बजेट व्यवस्था र अन्तर्गत निकायको संगठन संरचना सदृढीकरण र जनशक्तिको क्षमता अभिवृद्धि नभएमा अपेक्षित उपलब्धी हाँसिल नहुने जोखिम रहन्छ । जलाधार क्षेत्र तथा मुहानहरूको पहिचान र संरक्षण, सतह, भूमिगत, लिफ्ट) को प्रयोग मार्फत खानेपानीको आवश्यकता पुर्ति र वैज्ञानिक फोहोरमैला व्यवस्थापन गर्न जोखिम रहन्छ । ल्याण्डफिल साइटको निर्माणको लागि स्थानीय अवरोध श्रृजना हुन सक्छ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### पृष्ठभूमि

राष्ट्रिय जनगणना २०७८ अनुसार टेम्केमैयुङ गाउँपालिकाको कुल जनसंख्यामध्ये महिला जनसंख्या ५०.७ प्रतिशत रहेको छ तथा दलित घरधुरी १४.९ प्रतिशत रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार महिला स्वामित्वमा रहेको घरमात्र ०.५ प्रतिशत, घर र जग्गा दुवै भएको ९.६ प्रतिशत, जग्गा मात्र भएको ११.२ प्रतिशत र घर र जग्गा दुवै नभएको ७८ प्रतिशत रहेको छ । यस गाउँपालिकामा कुल बजेटमा महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रमका लागि बजेट छुट्टाइएको छ। त्यस्तै, अपाङ्ता भएकाहरुको क्षमता वृद्धि, सीप विकास र रोजगारी एवं शिक्षा, स्वास्थयमा कुल बजेटको व्यवस्था पनि गरिएको छ। ज्येष्ठ नागरिक हेरचाह तथा दिवा सेवा केन्द्रहरुको व्यवस्थापन र परिचय पत्र प्राप्त गरेका ज्येष्ठ नागरिक ८२४ जना रहेका छन्। अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको तथा घुम्ती शिविर कार्यक्रमहरु सञ्चालन गर्ने गरिएका छन्। गाउँपालिकामा बाल क्लब तथा पालिका स्तरीय बाल संरक्षण समिति गठन भएका छन्।त्यस्तै, पालिका स्तरीय महिला मञ्च गठन भएको छ। सुरक्षित महिला, यूवा, किशोर–किशोरी, बालबालिका र ज्येष्ठ नागरिकको हितमा विभिन्न कार्यक्रमहरु हुने गरेको र उनीहरुलाई मनोवैज्ञानिक ढंगले व्यवहार गरेर उक्त वर्गको अधिकार र हीत हुने खालका विभिन्न कार्यक्रमहरु समेत सञ्चालन हुने गरेको छ । उत्पीडित वर्ग, द्वन्द्वपीडित, अपाङ्गता भएका नागरिकले पनि आम नागरिक सरह समाजमा स्थापित गर्न र उनीहरुको शारीरिक, मानसिक एवं भावनात्मक विकासको लागि यस गाउँपालिकामा विशेष कार्यक्रम मार्फत सम्बोधन हुने गरेको छ । त्यही अनुरुप आर्थिक, समाजिक, सांस्कृतिक र राजनैतिक क्षेत्रमा सबैको सहभागितामा वृद्धि हुँदै आएको छ । बालबालिका माथि हुने हिंसा क्रमशः घट्दै गएको। राजनीतिक नेतृत्वमा सबै जातजातीको वाहुल्यता, जातीय विभेद अन्त्य हुदै गएको। एकल, दलित, जनजाती, सिमान्तकृत महिलाका उद्यमशील तालिम सञ्चालन भएको। ज्येष्ठ नागरिक लगायत अन्य लक्षित वर्गका लागि सामाजिक सुरक्षा भत्ता वडा बडाबाट वितरण भएको। करुणा फाउन्डेशन सँग सहकार्य गरी अपाङ्गतामुलक कार्यक्रमहरु सञ्चालन गर्दैआएको।नागरिक सहायता कक्षको व्यवस्था भएको।

### समस्या

अपाङ्गता भएका व्यक्तिहरुको लागि सीपमुलक तालिमहरु नहुनु, बालमनोविज्ञको अभाव, अपाङ्गमैत्री र महिलामैत्री संरचनाको अपर्याप्तता, सामाजिक सुरक्षा भत्ता बाहेक अपाङ्गता भएका व्यक्तिहरुलाई अरु कार्यक्रमले समेट्न नसक्नु, बालबालिकाहरुलाई लक्षित बजेट नछुट्टयाइनु, वडा स्तरीय बाल संरक्षण समिति गठन नहुनु, महिला मञ्चहरुको दर्ता नहुनु, महिला लक्षित कार्यक्रमहरुको कमि हुनु, लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रमहरु नहुनु, लैङ्गिक समानता तथा महिला सशक्तिकरण सम्बन्धी खण्डीकृत सूचनाको कमी हुनु र भएका कार्यक्रमको मूलप्रवाहिकरण नहुनु, अधिकाशं महिलाको आर्थिक अवस्थामा सुधार नहुनु, सम्पत्तिमा महिलाको स्वामित्व स्थापित नहुनु, बाल विवाह अझै पनि अभ्यासमा रहनु, सामाजिक–आर्थिक क्षेत्रमा विभेद विद्यमान रहनु, स्रोतसाधन तथा सेवा सुविधामा न्यायोचित पहुँचमा पुग्न नसक्नु, अपाङ्गता भएका व्यक्तिलाई सपाङ्ग सरह समाजमा प्रतिस्थापन गराउने वातावरण सिर्जना नहुनु, नीति निर्माण तहमा अर्थपूर्ण सहभागिताको कमी, गरिब, उत्पीडित वर्ग, पिछडिएको वर्ग र महिलाहरुलाई संबोधन गर्ने प्रभावकारी कार्यक्रम सञ्चालन नहुनु, वर्गीय, जातीय, लैङ्गिक र पेशागत भेदभाव हुनु, किशोर किशोरीहरुको मनोभाव बुझेर व्यवहार नगर्नु र उनीहरुलाई समाजमा घुलमिल हुने वातावरण सिर्जना नहुनु आदि प्रमुख समस्या हुन् । लक्षित वर्गको पूर्ण तथ्याङ्क नभएको। सार्वजनिक ठाउँहरुमा लक्षित वर्ग तथा अपाङ्गमैत्री संरचनाहरुको अभाव रहेको।

### चूनौती

समाजमा व्याप्त महिला हिंसा अन्त्य गर्न, सामाजिक विभेद र असमानता हटाई महिला सशक्तिकरण गराउन, जेष्ठ नागरिकको हेरचाह, खानपिन, स्वास्थ्य उपचार, मनोरञ्जन र आश्रय स्थलको निर्माण गरी उनीहरुलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्न, पिछडिएका वर्गमा आफ्नो व्यवहार र भविष्य प्रति सकारात्मक सोच जगाउन, रोजगारीको अवसर तथा प्राविधिक शिक्षामा पहुँच

वृद्धि गर्न, महिला तथा पिछडिएका जातीलाई समाजमा प्रतिस्पर्धात्मक रुपमा समावेश गर्न, बाल अधिकारको पूर्ण प्रत्याभूत गर्न, जातीय विभेद पूर्ण रुपमा उन्मूलन गर्न, विभिन्न समुदाय तथा वर्गबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेको विभेद अन्त्य गर्नु, स्रोत साधन एवम् अवसरमा समावेशीता सिद्धान्त अनुरूप अवसर सृजना गर्नु आदि प्रमुख चूनौती हुन् ।

## सम्भावना तथा अवसर

अपाङ्गमैत्री, महिलामैत्री, बालमैत्री संरचनाको निर्माण मापदण्डमा रहनु, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा संवैधानिक व्यवस्था हुनु, समावेशीकरणलाई बढी व्यवस्थित तथा प्रभावकारी बनाउन विभिन्न संवैधानिक आयोगहरूको व्यवस्था हुनु, आफ्नो धर्म, संस्कृति, भाषाको संरक्षण र संवद्र्धनका लागि सचेतना तथा क्रियाशीलतामा अभिवृद्धि हुनु, संविधानमा महिला सम्बन्धी हकहरूलाई मौलिक हकको रूपमा स्थापित गरिनु, सचेतनामूलक र सशक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरी सामाजिक विभेद न्यूनीकरण गराई सभ्य समाजको निर्माण गर्न, राज्यको तर्फबाट जेष्ठ नागरिक, एकल महिला र अपांङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा प्रदान गरिएको जस्ता अवसरहरु छन् ।

## लक्ष्य

लक्षित वर्गलाई सुविधा तथा सहुलियत प्रदान गर्दै मुल प्रवाहीकारणमा समावेश गर्ने।

## उद्येश्य

१. लक्षित वर्गलाई मूलप्रवाहीकरणमा समावेश गर्न विभिन्न तालिम तथा कार्यक्रम संचालन गर्नु।
२. लक्षित वर्गका लक्षित कार्यक्रमहरु सञ्चालनमा ल्याउनु।
३. भौतिक संरचनाहरुको निर्माणमा लक्षित वर्गहरुलाई सहजता हुने गरि निर्माण गर्ने।

## रणनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को कार्यविधि बनाउने ।<br>२. लक्षित समुहलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै र्आिथक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने ।<br>३.भौतिक संरचनाहरु अपाङ्गमैत्री, अशक्तमैत्री तथा महिलामैत्री बनाई सेवा प्रवाह चुस्त बनाउनु। | १.बालमैत्री स्थानीय शासन घोषणा गरिनेछ।<br>२.महिलाका लागि स्तनपान कक्षको व्यवस्था हुनेछ।<br>३.अपाङ्गमैत्री संरचनाहरुको निर्माण हुनेछ।<br>४.महिला सशक्तिकरणका विभिन्न कार्यक्रमहरु सञ्चालन हुनेछ।<br>५.लक्षित वर्गहरुलाई सुविधासम्पन्न र प्रयोगमा सहज गराउने संरचनाहरुको निर्माण गरिनेछ।<br>६.बालबालिकाहरुमा अध्ययनमा निरन्तरता ल्याउन सामाग्रीहरुको व्यवस्था गरिनेछ।<br>७.एकल महिलाको लागि आत्मनिर्भर तालिमको संचालन गरिनेछ।<br>८.वृद्धवृद्धाका लागि भेटघाटस्थलहरुको निर्माण गरिनेछ। |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलबाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ।

- बालमैत्री स्थानीय शासन घोषणा गर्नुपर्ने।
- महिलाका लागि स्तनपान कक्षको व्यवस्था गर्ने।
- बालबालिकाहरुमा अध्ययनमा निरन्तरता ल्याउन सामाग्रीहरुको व्यवस्था गर्ने।
- वृद्धवृद्धाका लागि भेटघाटस्थलहरुको निर्माण गर्ने।

## विस्तृत कार्यक्रम तथा अपेक्षित उपलब्धी

| **विषयगत उपक्षेत्रः महिला, बालबालिका तथा लक्षित वर्ग** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | अपाङ्गमैत्री शौचालय निर्माण (सार्वजनिक स्थानमा) ३ वटा | अपाङ्गता भएका व्यक्तिहरुले लाभ लिन सक्ने | १५० | २० | ३० | ३० | ३५ | ३५ | गाउँपालिका/प्रदेश /संघीय |
| २ | स्तनपान कक्षको निर्माण (पालिकाका सार्वजनिक संस्थाहरुमा) | महिलाले सुरक्षित तथा सहज स्तनपानको लाभ लिन सक्ने | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका/प्रदेश /संघीय |
| ३ | १० वर्ष मुनिका बालबालिकालाई पोशाक तथा झजोला वितरण | बालबालिकाको शेक्षिक गुणस्तरमा अभिबृद्धि | १०० | १० | १५ | २० | २५ | ३० | गाउँपालिका/प्रदेश /संघीय |
| ४ | पालिकामा एकल महिला, लक्षित वर्गका लागि सीप विकास तथा आत्म निर्भर कार्यक्रम सञ्चालन गर्ने। | क्षमता विकास (५०० महिला) | १०० | २० | २० | २० | २० | २० | गाउँपालिका/प्रदेश /संघीय |
| ५ | वृद्धवृद्धालाई जमघट स्थल (५ वटा) निर्माण गर्ने | एक्लोपना हिनताबोधको आभाष नहुने | २५० | ५० | ५० | ५० | ५० | ५० | गाउँपालिका/प्रदेश /संघीय |
| कुल लागत (रु.) | | | **६५०** | **११०** | **१२५** | **१३०** | **१४०** | **१४५** | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | | | | |

| | | | | आधार वर्ष २०८०।८१ सम्मको | ।८२ | ।८३ | ।८४ | ।८५ | ।८६ | | तथा अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | | महिलाको औषत आयु | वर्ष | ७० | ७२ | ७४ | ७६ | ७८ | ८० | | | २ | ३ | २.२ |
| असर | | लक्षित वर्गका लागि वजेट विनियोजन ( महिला वालवालिका, पिछडिएका, विपन्न वर्ग) | प्रतिशत | ० | २ | ४ | ६ | ८ | १० | | | २ | ३ | २.२ |
| प्रतिफल | | रोजगारी, पेशाा, व्यवसायमा महिलाको उपस्थिति | संख्या | १००० | १२०० | १४०० | १६०० | १८०० | २००० | | | २ | ३ | २.२ |
| | | राष्ट्रपति महिला उत्थान कार्यक्रमवाट लाभान्वित महिला | संख्या | १०० | १५० | २०० | ३०० | ४०० | ५०० | | | २ | ३ | २.२ |
| | | स्थानीय संस्थावाट सञ्चालित ज्येष्ठ नागरिक हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा क्लबबाट लाभान्वित ज्येष्ठ नागरिक | संख्या | ७० | २०० | ४०० | ६०० | ८०० | १००० | | | २ | ३ | २.२ |
| | | सामाजिक सुरक्षावाट लाभान्वित जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | | २ | ३ | २.२ |
| | | अन्य क्षेत्रहरुमा वसाइ सराई गर्ने घरपरिवार | संख्या | ७५ | ६५ | ५५ | ४५ | २५ | १० | | | २ | ३ | २.२ |
| | | घरव्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | प्रतिशत | ५० | ६० | ७० | ८० | ८५ | ९० | | | २ | ३ | २.२ |
| | | सम्पत्ति माथिको स्वामित्व भएका महिला | प्रतिशत | ४० | ५० | ६० | ७० | ८० | ९० | | | २ | ३ | २.२ |
| | | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | १५० | १८० | २०० | २२५ | २५० | ३०० | | | २ | ३ | २.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रमका लागि वजेट व्यवस्था | रु. लाख | ०.७५ | कुल बजेटको २% | कुल बजेटको ४% | कुल बजेटको ६% | कुल बजेटको ८% | कुल बजेटको १०% | | | २ | ३ | २.२ |
| | | कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ लगायत क्षेत्रमा महिला प्राविधिक | संख्या | १ | २ | ३ | ४ | ५ | ६ | | | २ | ३ | २.२ |
| | | महिला सहकारी संस्था | संख्या | ६ | ७ | ८ | ९ | ११ | १२ | | | २ | ३ | २.२ |
| | | महिला सहकारी संस्थामा आवद्ध सदस्य | संख्या | ९० | १०० | १५० | २०० | २५० | ३०० | | | २ | ३ | २.२ |
| | | महिला सञ्जाल तथा आमा समूहहरु | संख्या | ७.६३ | ८.७ | ९.८ | १०.८५ | ११.९ | १३.१ | | | २ | ३ | २.२ |
| | | अपाङ्गत भएकाहरुकोक्षमता अभिवृद्धि, सीप विकास र रोजगारी एवं शिक्षा, स्वास्थ्यमा रकम विनियोजन | रु. लाख | ०.७५ | कुल बजेटको १% | कुल बजेटको २% | कुल बजेटको ३% | कुल बजेटको ४% | कुल बजेटको ५% | | | २ | ३ | २.२ |
| | | निःशुल्क शिक्षावाट लाभान्वित | संख्या | ० | १० | २० | ३० | ४० | ५० | | | २ | ३ | २.२ |
| | | अपाङ्गता भएका वालवालिकाहरु | संख्या | ० | २० | ४० | ६० | ८० | १०० | | | २ | ३ | २.२ |
| | | सुरक्षित तथा सम्माजनक जीवन यापन गर्ने ज्येष्ठ नागरिक | संख्या | ५०० | ६०० | ७०० | ८०० | ९०० | १००० | | | २ | ३ | २.२ |
| | | असहाय, अशक्त, वेवारिसे ज्येष्ठ नागरिकको संख्या | संख्या | १४३९ | १० | ८ | ५ | ३ | ० | | | २ | ३ | २.२ |
| | | संचालनमा रहेको ज्येष्ठ नागरिक हेरचाह तथा दिवा सेवा केन्द्र | संख्या | १ | २ | ३ | ४ | ५ | ६ | | | २ | ३ | २.२ |
| | | संचालनमा रहेका ज्येष्ठ नागरिक क्लव | संख्या | ० | ० | १ | २ | २ | २ | | | २ | ३ | २.२ |
| | | परिचय पत्र प्राप्त ज्येष्ठ नागरिक | संख्या | ९३० | १०२३ | ११२५ | १२३८ | १३६२ | १४९८ | | | २ | ३ | २.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लैङ्गिक हिंसा निवारण कोषमा जम्मा भएको रकम | रु.लाख | २.५ | ३ | ३.५ | ४ | ४.५ | ५ | | | २ | ३ | २.२ |
| | | वहुविवाह दर | प्रतिशत | ० | ० | ० | ० | ० | ० | | | २ | ३ | २.२ |
| | | एकल महिला सुरक्षा कोषमा जम्मा भएको रकम | रु. लाख | ० | ० | १ | १ | २ | २ | | | २ | ३ | २.२ |
| | | हिंसापीडित महिलाको मनोसामाजिक परामर्श, उद्धार, राहत र कानूनी उपचारका लागि पुनस्र्थापना केन्द्र | संख्या | ० | १ | १ | १ | २ | ३ | | | २ | ३ | २.२ |
| | | बाल विवाह (कूल जनसंख्याको) | प्रतिशत | ० | ० | ० | ० | ० | ० | | | २ | ३ | २.२ |
| | | वालवालिका विरुद्ध हुने हिंसा, दुव्र्यवहार, वेचविखन, घरेलु हिंसा आदि घटना | संख्या | ५० | ४० | ३० | २० | १० | ५ | | | २ | ३ | २.२ |
| | | असहाय, वेसहारा तथा आश्रयहीन वालवालिका | संख्या | | | | | | | | | २ | ३ | २.२ |
| | | क्रियाशील बाल क्लब, बाल सञ्जालहरु | संख्या | ११ | १३ | १५ | १७ | १९ | २० | | | २ | ३ | २.२ |
| | | अन्तरपाटी महिला सञ्जाल | संख्या | ० | ० | ० | १ | १ | २ | | | २ | ३ | २.२ |
| | | अपाङ्ता परिचयपत्र | संख्या | १०८ | ११९ | १३१ | १४४ | १५८ | १७४ | | | | | |

## अनुमान तथा जोखिम पक्ष

महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक एवम् यौनिक अल्पसंख्यकहरूको हक अधिकारको संरक्षण र सशक्तीकरणलाई प्राथमिकताका साथ कार्यक्रम संचालनका लागि नीतिगत, कार्यक्रमगत तथा निकायगत समन्वय तथा सहकार्य गर्न, उपलब्ध भौतिक तथा वित्तीय श्रोत साधनको उच्चतम उपयोग, सशर्त अनुदानको प्राथमिकता तथा प्रभावकारिताका साथ कार्यान्वयन र कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन भएमा प्रस्तावित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भई निर्धारित उपलब्धी प्राप्त हुनेछन् । सशर्त अनुदानको अपनत्व लिई कार्यान्वयनमा प्राथमिकता नदिएमा, तीनवटै तहबीच समन्वयमा कमजोर भएमा, कानून र कार्यविधि तर्जुमामा ढिलाई भएमा संस्थागत संयन्त्र तथा कार्यक्रम संचालनमा अवरोध खडा हुन सक्ने र नियमित संचालन हुँदै आएका कार्यक्रम समेत प्रभावित भई अपेक्षित उपलब्धी प्राप्त नहुने जोखिम रहन सक्दछ ।

## ५.५ यूवा तथा खेलकुद

### पृष्ठभूमि

नेपालको संविधानले राष्ट्रिय विकासमा यूवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, यूवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ, रोजगारी लगायतका क्षेत्रमा बिशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्न्वाङ्गिण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने नीति अवलम्बन गरेको छ । यूवा शक्तिको सहि परिचालन हुन सकेमा गाउँपालिकाको सर्वाङ्गिण विकासमा ठूलो योगदान पुग्नेछ । गाउँपालिकाको तथ्याङ्कलाई हेर्दा रोजगारीको लागि विदेशिएका यूवा जनसंख्या ६.२ प्रतिशत रहेको छ । गाउँपालिकामा हाल खेलकुदको लागि ६ वटा खेलमैदान र १ वटा कवर्ड हल रहेको छ । पालिका स्तरीय खेलकुद प्रतियोगिताका रुपमा अध्ययक्ष कप सञ्चालनमा ल्याइएको छ। त्यस्तै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता नियमित रुपमा सञ्चालन भइरहेको छ। खेलकुद क्लबहरु प्रत्येक वडामा रहेको। वडास्तरीय भलिबल खेल सञ्चालन भईरहेको अवस्था, राष्ट्रपति रनिङ शिल्ड भई रहेको, गाउँपालिकामा कबर्ड हल भएको, खेलकुद समिति गाउँपालिका स्तरीय भएको, वडा स्तरीय फुटबल खेल भई रहेको, खेल निर्णायकहरु उपल्ध, यूवाहरु विभिन्न खेलहरुमा झुकाव राखेको, कही ठाउँहरुमा खेलकुद सञ्चालन गर्न सौजन्य गर्ने व्यक्ति र संघ संसथा भएको, खेलाडीलाई सामान्य उपचारको व्यवस्था भएको।

### समस्या

क्लबहरुको आफ्नै भवन नभएको अवस्था, खेलकुद मैदान प्रयाप्त नभएको, खेलाडीहरुलाई प्रशिक्षण नभएको, खेलकुद समितिहरुको आफ्नै भवन नभएको, इन्डोर खेलहरु कमै भएको, कुनै पनि अपाङ्गमैत्री खेलकुद नभएको, खेलकुद निर्णायकहरुलाई तालिम र प्रशिक्षणको व्यवस्था नहुनु, खेलकुद क्षेत्रबाट जीवन निर्वाह गर्न सरकारले व्यवस्था यथेष्ट नगरेको, खेलाडीलाई स्वास्थ्य उपचारको व्यवस्था नभएको।

### चूनौती

मध्यम र उच्च शिक्षा प्राप्त गरेका यूवा विदेश पलायन हुने प्रवृत्ति रोक्नु, सामाजिक र आर्थिक सेवामा यूवाको पहुँच वृद्धि गर्नु, व्यावहारिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु, यूवाको क्षमता अभिवृद्धि गरी स्वदेशमा रोजगारी र स्वरोजगारको व्यवस्था गर्नु, सामाजिक र आर्थिक रूपान्तरणमा यूवा परिचालन गर्नु, पर्याप्त खेलकुद तथा पूवार्धारको विकास, निर्माण, स्तरोन्नति, खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता गराउनु, खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा स्थापित गर्नु आदि प्रमुख चूनौती हुन् ।

### सम्भावना तथा अवसर

स्वदेशमा रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि सरकारको उच्च प्राथमिकता रहनु, विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु, बढ्दो यूवा जनसंख्यालाई सीप र उद्यमशीलतायुक्त बनाई हालको जनसांख्यिक लाभांश हाँसिल गर्न पर्याप्त सम्भावना रहनु, यूवामा राष्ट्र निर्माणमा मूल प्रवाहीकरण गर्न सोच र इच्छा शक्ति देखिनु, यूवामा आफ्नो शक्ति र भूमिका प्रति जागरूकता आउनु, यूवा र खेलकुद लक्षित कार्यक्रमलाई विस्तार गर्नका लागि आधार तयार हुनु आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

यूवा लक्षित कार्यक्रमहरुको माध्यमबाट यूवाहरुको सर्वाङ्गीण विकास गर्ने ।

### उद्येश्य

१. यूवा प्रतिभा विकास तथा उद्यमशीलता एवम् स्वरोजगारका अवसर सिर्जना गर्नु ।

२. सबैका लागि खेलकुदको अवधारणा अनुरुप खेलकुद क्षेत्रको विकासमा जोड दिनु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. यूवा वर्गको संभावनाको आधारमा क्षमता, सीप, र दक्षताको विकास गर्ने। | १. प्रत्येक वडामा भवनको व्यवस्था गरिनेछ। |
| | २. मापदण्ड अनुसारको खेलमैदानको व्यवस्था गरिनेछ। |
| २. खेलकुदका पूर्वाधारको विकास गरी राष्ट्रिय स्तरका खेलाडीको उत्पादन गर्ने । | ३. प्रशिक्षक र निर्णायकलाई तालिम र भत्ताको व्यवस्था गरिनेछ। |
| | ४. अपाङ्ग र बालमैत्री खेलकुदको व्यवस्था गरिनेछ। |
| ३. सबै उमेर, वर्ग र समुदायको खेलकुदमा पहुँच वृद्धि गर्ने । | ५. नियमित इन्डोर खेलकुदहरुको व्यवस्था गरिनेछ। |
| | ६. खेलाडीहरुलाई प्रोत्साहनको लागि भत्ताको व्यवस्था गरिनेछ। |
| | ७. हरेक वडामा कवर्डहलको व्यवस्था गरिनेछ। |
| | ८. खेलाडीलाई स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ। |

### प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ।

- मापदण्ड अनुसारको खेलमैदानको व्यवस्था गर्ने।
- नियमित इन्डोर खेलकुदहरुको आयोजना गर्ने।
- खेलाडीहरुलाई प्रोत्साहनको लागि भत्ताको व्यवस्था गर्ने।

## विस्तृत कार्यक्रम तथा अपेक्षित लाभ

| विषयगत उपक्षेत्रः युवा तथा खेलकुद | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | खेलमैदान निर्माण (पालिका-वडास्तरीय) | खेल खेल्द सुविधा पुग्ने | ४५० | ५० | ५० | १०० | १२५ | १२५ | गाउँपालिका / प्रदेश /संघीय |
| २ | खेलाडीको पहिचान गरि तालिम सञ्चालन गर्ने | दक्ष खेलाडीको उत्पादन | १०० | २० | २० | २० | २० | २० | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | कभर्ड हलको निर्माण तथा व्यवस्थापन | इनडोर खेलको लागि सुविधा हुने | २५० | २० | ३० | १०० | ५० | ५० | गाउँपालिका / प्रदेश /संघीय |
| ४ | खेलाडी प्रोत्साहन तथा सामाग्रीको व्यवस्थापन | खेलाडीहरुलाई प्रोत्साहन मिल्ने | १०० | २० | २० | २० | २० | २० | गाउँपालिका / प्रदेश /संघीय |
| कुल लागत (रु.) | | | **९००** | **११०** | **१२०** | **२४०** | **२१५** | **२१५** | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्टयाइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | शिक्षित युवा वेरोजगारी (एसइइ वा सो भन्दा माथिको शिक्षा आर्जन) | संख्या | | | | | | | | | २ | ३ | १.२ |
| असर | | व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हाँसिल गरेको युवा | संख्या | | | | | | | | | २ | ३ | १.२ |
| प्रतिफल | | व्यवसायिक सीप विकास तालिम लिए पछि स्वरोजगारीमा आवद्धता (तालिम प्राप्त गर्ने कूल संख्याका) | संख्या | | | | | | | | | २ | ३ | १.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रवाट लाभान्वित युवा | संख्या | | | | | | | | | २ | ३ | १.२ |
| | | युवा स्वरोजगार कोष अन्तर्गतको कर्जाबाट लाभान्वित युवा | संख्या | | | | | | | | | २ | ३ | १.२ |
| | | स्थानीय तहको संरचनामा युवाहरुको संलग्नता | प्रतिशत | | | | | | | | | २ | ३ | १.२ |
| | | क्रियाशील युवा क्लवहरु | संख्या | १६ | | | | | | | | २ | ३ | १.२ |
| | | व्यवसायिक युवा खेलाडी | संख्या | ० | ० | ४ | ६ | ६ | ८ | | | २ | ३ | १.२ |
| | | खेल अभ्यास प्रशिक्षण केन्द्र (कवर्डहल) | संख्या | १ | १ | १ | २ | २ | २ | | | २ | ३ | १.२ |
| | | खेलकुद मैदानहरु | संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | | | २ | ३ | १.२ |
| | | पालिका स्तरीय खेलकुद प्रतियोगिता | संख्या | १ | १ | १ | १ | १ | १ | | | २ | ३ | १.२ |
| | | राष्ट्रिय अन्तर्राष्ट्रिय खेलमा प्रतिनिधित्व गर्ने खेलाडीहरु | संख्या | १ | ४ | ५ | ७ | ७ | ७ | | | २ | ३ | १.२ |

## जोखिम पक्ष तथा अनुमान

यूवाको क्षमता अभिवृद्धि गरी विदेश पलायन हुने प्रवृत्ति रोक्न, सामाजिक र आर्थिक सेवामा यूवाको पहँचु वृद्धि गर्न सक्ने अनुमान गरिएको छ । पर्याप्त खेलकुद तथा पूवार्धारको विकास, निर्माण र स्तरोन्नति गरी खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा स्थापित गर्न सक्ने अनुमान गरिएको छ । प्राविधिक र व्यवसायिक सीपलाई प्राथमिकता नदिएमा र यूवामा खेलकुद मार्फत राष्ट्र निर्माणमा मूल प्रवाहीकरण गर्न सोच र ईच्छा शक्ति नभएमा, खेलकुद क्षेत्र विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सहयोग र सहकार्य नभएमा लक्षित नतिजा प्राप्त गर्न नसकिने देखिन्छ ।

समग्रमा, सामाजिक क्षेत्रका ५ उपक्षेत्रमा यस आवधिक योजनाले निम्न तरिकाले लागत प्रक्षेपण गरेको छ। जसअनुसार, खानेपानी तथा सरसफाइ उपक्षेत्रलाइ सबै भन्दा बढी बजेट विनियोजन गरिने प्रक्षेपण गरिएको छ।

# परिच्छेद छ
# पूर्वाधार क्षेत्र

समग्र आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहका लागि भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका अग्रणी एवं महत्वपूर्ण रहदै आएको छ । स्थानीय तहको समग्र विकासलाई सकारात्मक दिशातर्फ अघि बढाउन पूर्वाधार विकास क्षेत्रमा मूलतः सडक, पक्की तथा झोलुङ्गे पुल, परम्परागत गोरेटो बाटो, आवास, भवन तथा वस्ती विकास, विद्युत तथा वैकल्पिक उर्जा र सूचना तथा संचार प्रविधि जस्ता विषयहरु पर्दछन् । गाउँपालिकाको सामाजिक, आर्थिक अवस्था र सेवा प्रवाहमा समेत टेवा पुऱ्याउने यस क्षेत्रको सम्भावना र अवसर, समस्या तथा चूनौती र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ।

## ६.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### पृष्ठभूमि

परम्परागत रुपले स्थानीय श्रोत साधन (माटो, ढुङ्गा, काठ) प्रयोग गरि आवास निर्माण गरिएको छ। एकीकृत रुपमा वस्ती विकास नभइ छरिएको बसोबास गरिएको छ। अधिकांश घरहरुमा टिनको छानाको प्रयोग भएको छ। वडा कार्यालय भवन, स्वास्थ्य चौकी भवन, सामुदायिक विद्यालय भएको। वडास्तरीय खेलमैदान भएको। भू-उपयोग सम्बन्धी विस्तृत अध्ययन भईरहेको। साना बजार वस्ती तथा मनोरञ्जन स्थलको सम्भावना भएको। ९४.९% आफ्नै घरमा बस्ने गरेका छन्, २.८% भाडामा बस्ने गरेका छन् ।यस पालिकाको ९५.९% घर माटोको जडाई भएको ईटाँ।ढुङ्गा बाट बनेका छन् भने २.२% काठ।बाँसको खम्बाबाट बनेका छन्। साथै, यस पालिकाको ८३.१% परिवार बस्ने घरको छाना जस्ता टिन वा च्जादर बाट बनेको छ भने, ११.४% घर खर।पराल।छाली बाट बनेका छन्। यस सँगै यस पालिकामा टायल।खपडा।झिँगटी, ढुङ्गा।स्लेट, काठ।फ्लेक, अन्य र सिमेन्टबाट क्रमागत रुपमा ३.५%, ०.०३%, ०.६% ०.६% र ०.७% छन् ।यस पालिकाको ९५.३% घरको भुँई माटोबाट बनेको छ।

### समस्या

एकीकृत वस्ती विकासको अवधारणा नभएको। पालिका भवन नभएको। बसपार्क, मनोरञ्जन स्थल, संकलन केन्द्र, प्रशोधन केन्द्र, हाटबजार संरचनाहरु, रङ्गशाला नभएको। सार्वजनिक संरचनाहरु, बालमैत्री, अपाङ्गमैत्री, महिला एवं ज्येष्ठ नागरिक मैत्री नभएको। पालिकामा रहेका आवास तथा बस्तीको अवस्थाको बारेमा पूर्ण पहिचान नभएको। व्यक्तिगत आवास तथा संरचना निर्माणमा भवन निर्माण संहिता तथा मापदण्ड लागू नगरिएको।

### चूनौती

भवन संहिता र निर्माण मापदण्डको सफल कार्यान्वय गर्न, समग्र विकासका लागि एकीकृत पहुँच नभएको, शहरी विकासको मापदण्ड तयार गरी त्यसै अनुरुप आवासीय तथा व्यवसायिक क्षेत्रको मार्गचित्र कोर्नु, अव्यवस्थित वसोवास र अतिक्रमणलाई रोक्नु, वढ्दो शहरीकरणलाई व्यवस्थित बनाउनु विच तादाम्यता कायम गर्नु, घडेरीका रुपमा जग्गाको खण्डीकरण रोक्नु आदि यस क्षेत्रका चूनौतीहरु हुन् ।

### सम्भावना तथा अवसर

एकीकृत बस्ती विकासको लागि सडक, खानेपानी, विजुली बत्ती, इन्टरनेट, बसपार्क, स्वास्थ्य केन्द्र साथै आवश्यक संरचनाको निर्माण गर्ने। भवन निर्माण संहिता तथा मापदण्डको आवश्यकता सम्बन्धी जनचेतना जगाइ पालिकाको प्राविधिकसँग समन्वय गरि आवास निर्माण कार्य गर्ने। सार्वजनुक संरचनाहरु बालमैत्री, अपाङ्गमैत्री, महिला एवं ज्येष्ठ नागरिकमैत्री बनाउनुपर्ने।

### लक्ष्य
सुरक्षित तथा व्यवस्थित नागरिक आवासको निर्माण गर्ने ।

### उद्येश्य
१. गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक निर्माण, आवास तथा शहरी विकासलाई समावेशीतामैत्री, वातावरण अनुकुल तथा सुरक्षित बनाउनु ।

२. योजनाबद्ध आवास कार्यक्रमलाई मुर्तरुप दिनु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **१.** आवास, एकीकृत वस्ती विकास र भवनसम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने ।<br>**२.** शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने ।<br>**३.** सुरक्षित, बहुउपयोगी र व्यवस्थित वस्ती विकास प्रणालीलाई प्रवर्द्धन गर्ने । | १. व्यवस्थित एकीकृत वस्ती विकास गर्ने ।<br>२. सुरक्षा संवेदनशील स्थान, मुख्य सहर, कार्यक्रम स्थल, पार्किङ्ग क्षेत्र र बढी भिडभाड हुने क्षेत्रमा स्मार्ट सिसिटिभी जडान गर्ने ।<br>३. सार्वजनिक निर्माण, व्यवसायिक क्षेत्रलाई बाल, महिला, जेष्ठ नागरिक तथा अपाङ्गमैत्री गर्ने । |

### प्रमुख कार्यक्रम
गाउँपालिकाको बिषयगत समितिको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ ।

- गाउँपालिका प्रशासनिक भवन निर्माण
- वडा कार्यालय भवन (२,५,६) निर्माण

## विस्तृत कार्यक्रम तथा अपेक्षित उपलब्धी

| विषयगत उपक्षेत्रः वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | गाउँपालिका प्रशासनिक भवन निर्माण | सार्वजनिक निर्माण | १५०० | ५०० | ५०० | ५०० | | | गाउँपालिका / प्रदेश /संघीय |
| २ | वडा कार्यालय भवन (२,५,६) निर्माण | सार्वजनिक निर्माण | १००० | २०० | २०० | २०० | २०० | २०० | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | स्वास्थ्य चौकी भवन (१,४,५,९) निर्माण | सार्वजनिक निर्माण | १६० | ३० | ७० | ६० | | | गाउँपालिका / प्रदेश /संघीय |
| ४ | पालिकास्तर चिस्यान केन्द्र निर्माण | सार्वजनिक निर्माण | १०० | | ५० | ५० | | | गाउँपालिका / प्रदेश /संघीय |
| ५ | फोहोरमैला सङ्कलन तथा प्रशोधन केन्द्र | सार्वजनिक निर्माण | ५०० | २०० | २०० | १०० | | | गाउँपालिका / प्रदेश /संघीय |
| ६ | हाटबजार व्यवस्थापन (३ र ९) | सार्वजनिक निर्माण | ५०० | २०० | २०० | १०० | | | गाउँपालिका / प्रदेश /संघीय |
| ७ | पालिकास्तरीय रङ्गशाला निर्माण | सार्वजनिक निर्माण | २०० | ५० | ५० | ५० | ५० | | गाउँपालिका / प्रदेश /संघीय |
| ८ | टोल सुधार व्यवस्थापन कार्यक्रम | टोल व्यवस्थापन हुने | १०० | १० | २५ | २५ | २५ | १५ | |
| ९ | एकीकृत वस्ती विकास कार्यक्रम-चखेवा र पाँचधारे | आवास | १००० | २०० | २०० | २०० | २०० | २०० | गाउँपालिका / प्रदेश /संघीय |
| कुल लागत (रु.) | | | ५०६० | १३९० | १४९५ | १२८५ | ४७५ | ४७५ | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | एकीकृत भौतिक सेवा सुविधा उपलव्ध वजार क्षेत्र | संख्या | ० | | | | | | | | ३ | ९ | १.३ |
| असर | | सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र | संख्या | | | | | | | | | ३ | ९ | १.३ |
| प्रतिफल | | व्यवस्थित वसपार्क तथा वस स्टेशन | संख्या | ० | १ | | | | | | | ३ | ९ | १.३ |
| | | वजार क्षेत्रमा वसोवास गर्ने जनसंख्या | प्रतिशत | १५ | | | | | | | | ३ | ९ | १.३ |
| | | सुविधा सम्पन्न (खानेपानी, शौचालय, विजुली, सञ्चार) सामुदायिक भवन ( महिला, ज्येष्ठ नागरिक भवन) तथा सभाहल | संख्या | १० | | | | | | | | ३ | ९ | १.३ |
| | | जोखिमयुक्त वस्तीहरु | संख्या | | | | | | | | | ३ | ९ | १.३ |
| | | जोखिम क्षेत्रवाट स्थानान्तर गरिएका वस्तीहरु | संख्या | ० | | | | | | | | ३ | ९ | १.३ |
| | | सुरक्षित तथा प्रवर्द्धन गरिएका आवास क्षेत्र तथा वस्ती (निजी क्षेत्रको समेत) | संख्या | ० | | | | | | | | ३ | ९ | १.३ |
| | | जनता आवास कार्यक्रमवाट लाभान्वित घरपरिवार | संख्या | ० | | | | | | | | ३ | ९ | १.३ |
| | | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | प्रतिशत | ६० | | | | | | | | ३ | ९ | १.३ |
| | | भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी दक्ष जनशक्ति | संख्या | | | | | | | | | ३ | ९ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी आवास तथा संरचनाहरु | प्रतिशत | ३ | | | | | | | | ३ | ९ | १.३ |
| | | आफ्नै स्वामित्वको घरमा वसोवास गर्ने परिवार | प्रतिशत | ९४.९ | | | | | | | | ३ | ९ | १.३ |
| | | महिलामैत्री, वालमैत्री, अपाङ्गतामैत्री सार्वजनिक संरचना | संख्या | १० | | | | | | | | ३ | ९ | १.३ |

## अनुमान तथा जोखिम पक्ष

वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणको कार्यमा उपयुक्त प्रविधिको उपयोग र जग्गा प्राप्तिमा सहजता, आवश्यक बजेटको सुनिश्चितता भएमा, नदीजन्य निर्माण सामग्रीको उपलब्धता, गाउँबासीको सहभागिता र जनशक्ति उपलब्ध हुने अनुमान छ । भवनहरु भुकम्प प्रतिरोधी र ग्रामीण सडकहरु दीगो तवरले निर्माण भएको हुनेछ । सुरक्षा संवेदनशील स्थान, मुख्य शहर, कार्यक्रम स्थल, पार्किङ्ग क्षेत्रहरुको पनि सँगसँगै विकास गरिएको हुनेछ । यस अवधिभित्र निर्माणको लागि आवश्यक पर्ने श्रोत सहज रूपमा प्राप्त हुन नसकेमा, वस्ती निर्माण सम्बन्धी विवाद रहेमा लक्षित उपलब्धी समयमै हाँसिल हुन नसक्ने जोखिम समेत देखिन्छ ।

## ६.२ सडक, पुल तथा यातायात

### पृष्ठभूमि

वडा नं १,२,३,र ४ लाई मध्यपहाडी लोकमार्गले छोएको। गाउँपालिकाको सम्पूर्ण वडाहरुमा ग्रामीण सडकको पहुँच पुगेको। मध्यपहाडी लोकमार्ग अन्तरगत ३ वटा पक्की पुल बनेको। अन्य शाखा सडकमा ३ वटा पक्की पुल संचालनमा भएको र एउटा पुल निर्माणाधीन अवस्थामा रहेको। बजार केन्द्रहरु र बस्ती बस्तीहरु बीचमा ग्रामीण तथा कृषि सडक सञ्जाल विस्तार भएको।

### समस्या

ग्रामीण सडकमा नाली नभएको र प्राय सबै सडक धुले रहेको। खोला खोल्सामा आवश्यक रुपमा पुल पुलेसा नभएको। ग्रामीण तथा कृषि सडकको स्तरोन्नति गर्नुपर्ने। सडक गुरुयोजना बमोजिम सडक निर्माण तथा स्तरोन्नति नभएको। मोटरेवल पुलको डिपिआर नभएको। सार्वजनिक सवारी साधनको भाडादर निर्धारण नभएको।

### चूनौती

वातावरणीय पक्षलाई ध्यान दिई सडक विस्तार गर्न, निर्माण सामाग्रीको उपलब्धता र गुणस्तरलाई सुनिश्चित गर्न, खानेपानी, विद्युत र सडकसँग सम्वन्धित निकायवीच समन्वय गराउन, सडक तथा पुल निर्माणको कानूनी प्रकृयालाई प्रभावकारी बनाउन, सडक निर्माणको गुणस्तरीयताको मापदण्ड तयार पारी लागू गर्न, सडक गुरुयोजना भूगोल अनुसार बनाउन, भूउपयोग योजना कार्यान्वयन गर्न यस क्षेत्रका चूनौती हुन् । साथै, पर्यटकीय स्थलहरुमा पर्यटकहरुको वृद्धिको जनचाहना बमोजिम सबै क्षेत्रहरुमा सडकको स्तरोन्नतिको लागि आवश्यक पर्ने श्रोतको अभाव हुने देखिन्छ।

### सम्भावना तथा अवसर

सबै राजनीतिक दल र जनप्रतिनिधिको प्राथमिकताको विषय हुनु, गाउँपालिकाका महत्वपूर्ण सडकहरु स्तरोन्नती तथा कालोपत्रे गर्न, पक्कीपुल र पर्यटकीय पदमार्ग निर्माण गर्न संघीय र प्रदेश सरकारको सहयोग रहनु, सडकको डिजाइन, निर्माण, मर्मत संम्भार तथा सडक सुरक्षाका लागि आधुनिक प्रविधिको प्रयोग हुनु, गाउँपालिकाद्वारा यातायात गुरुयोजना निर्माण भएको, अव्यवस्थित रुपमा रहेका विद्युत तथा संचारका पोललाई व्यवस्थित बनाउन सकिने, घुमाउरो बाटोमा घुम्ती ऐना राख्न सकिने, स—साना खोला तथा खोल्सीहरुमा आवश्यता अनुसार पुल तथा कल्भर्ट निर्माण र जिर्ण अवस्थामा रहेका पुलको मर्मत सम्भार गर्नु जस्ता अवसरहरु रहेका छन् ।

### लक्ष्य

सडक, पुल तथा यातायातमा सहज पँहुच विस्तार गर्ने।

### उद्येश्य

१. गुणस्तरीय, दीगो, सुरक्षित र वातावरणमैत्री यातायात सञ्जाल विस्तार गर्नु ।

२. यातायात पूर्वाधारको उचित संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन गरी आयआर्जनमा सुधार गरी रोजगारी प्रवर्द्धन गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गुणस्तरीय सर्वयाम सडक तथा पुलको निर्माण तथा विस्तार गर्ने । | १. प्रत्येक वडाको केन्द्रसम्म जाने सडकहरु व्यवस्थित नाली निकास सहितका पक्की सडक निर्माण तथा सुधार गरिनेछ। |

| | |
|---|---|
| २. पर्यटनमैत्री पूर्वाधार निर्माण गर्ने।<br>३. यातायात व्यवस्थापन प्रणालीलाई प्रभावकारी एवम् व्यवस्थित गर्ने | २. पालिका भित्रको पर्यटकीय स्थल, धार्मिक स्थल, कृषि क्षेत्र, उद्योग क्षेत्र आदि सम्म पुग्ने सडकहरु व्यवस्थित नाली निकास सहितका पक्की सडक निर्माण तथा विस्तार गरिनेछ।<br>३. गाउँपालिकाको यातायात चापको आधारमा विभिन्न स्थानहरुमा आधुनिक पार्किङ्गको व्यवस्था गरिनेछ। |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ ।

१. तिम्मा तिनभङ्गाले वादुङ्ला छिनामुख-अन्नपुर्ण-नागी-खावा-पिङडाडा-गोगने-लेखर्क कपासे भञ्याङ सडक ग्राभेल योजना
२. नागी जिरो प्वाइन्ट देखि पिङडाँडा हुदै पाँचधारे सडक कालोपत्रे योजना

## विस्तृत कार्यक्रम तथा अपेक्षित लाभ

| विषयगत उपक्षेत्रः सडक, यातायात तथा पुलपुलेसा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | तिम्मा तिन भङ्गाले वादुङ्ला छिनामुख-अन्नपुर्ण-नागी-खावा-पिङडाडा-गोगने-लेखर्क कपासे भङ्याङ सडक योजना | यातायात पहुंच विस्तार | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | गाउँपालिका / प्रदेश /संघीय |
| २ | नागी जिरो प्वाइन्ट देखि पिङडाँडा हुदै पाँचधार सडक कालोपत्रे योजना | यातायात पहुंच विस्तार- चडा नं ३ देखि ९ सम्म | १००० | २०० | २०० | २०० | २०० | २०० | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | वाचिम्ले खोला मोटरेबल पुल निर्माण | यातायात पहुंच विस्तार | ४०० | २०० | २०० | | | | गाउँपालिका / प्रदेश /संघीय |
| ४ | पाटीगाउँ केराबारी सन्तपुर खाल्डे बतासे सल्लेनी काभ्रे सडक ग्राभेल योजना | यातायात पहुंच विस्तार | १००० | २०० | २०० | २०० | २०० | २०० | गाउँपालिका / प्रदेश /संघीय |
| ५ | वङ्खुवा खोला पुल निर्माण | यातायात पहुंच विस्तार | ५०० | | २०० | २०० | १०० | | गाउँपालिका / प्रदेश /संघीय |
| ६ | सावा खोला पुल निर्माण | यातायात पहुंच विस्तार | ३०० | | | १०० | २०० | | गाउँपालिका / प्रदेश /संघीय |
| ७ | हिङ्खुवा खोला पुल निर्माण (वादुङ्ला) | यातायात पहुंच विस्तार | ४०० | | | | २०० | २०० | गाउँपालिका / प्रदेश /संघीय |
| ८ | पाटीगाउँ केराबारी सन्तपुर खाल्डे बतासे सल्लेनी काभ्रे सडक ग्राभेल योजना | यातायात पहुंच विस्तार | १००० | २०० | २०० | २०० | २०० | २०० | गाउँपालिका / प्रदेश /संघीय |
| ९ | खुँङ्गे खोला मोटरेबल पुल | यातायात पहुंच विस्तार | ५०० | १०० | २०० | २०० | | | गाउँपालिका / प्रदेश /संघीय |
| १० | राउटे खोला पाँचधारे मोटरेबल पुल | यातायात पहुंच विस्तार | ५०० | | २०० | २०० | १०० | | गाउँपालिका / प्रदेश /संघीय |
| ११ | हुगे पुच्छार-चोक्ला-चाखेवा सडक स्तरोन्नति | | १०० | ५० | | | | | गाउँपालिका / प्रदेश /संघीय |
| | कुल लागत (रु.) | | ५७०० | ९५० | १४०० | १३०० | १२०० | ८०० | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्टयाइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसम संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | ३० मिनेटको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | | | | | | | | | ३ | ९ | १.३ |
| असर | | कालोपत्रे सडकको लम्वाइ | किमि | | | | | | | | | ३ | ९ | १.३ |
| प्रतिफल | | ग्राभेल सडकको लम्वाइ | किमि | २३.५ | | | | | | | | ३ | ९ | १.३ |
| | | धुले सडक लम्वाइ | किमि | २८१ | | | | | | | | ३ | ९ | १.३ |
| | | आसिसिढलान भएका सडकको लम्वाइ | किमि | | | | | | | | | ३ | ९ | १.३ |
| | | सहायक नदीमा झोलुङ्गे पुल | संख्या | | | | | | | | | ३ | ९ | १.३ |
| | | शहरी सडकको मापदण्ड अनुसार निर्मित कूल सडकको लम्वाइ | किमि | | | | | | | | | ३ | ९ | १.३ |
| | | सडक फर्निचर, ट्राफिक चिन्ह सहितको व्यवस्थित सडकको लम्वाइ | किमि | | | | | | | | | ३ | ९ | १.३ |
| | | खोला, नदी कोरिडरमा निर्मित सडक लम्वाइ | किमि | | | | | | | | | ३ | ९ | १.३ |
| | | पालिका केन्द्रवाट वडा कार्यालय सम्म जोडिएको सडक | संख्या | | | | | | | | | ३ | ९ | १.३ |
| | | सडक सञ्जालवाट नजोडिएका वस्तीहरु | संख्या | | | | | | | | | ३ | ९ | १.३ |
| | | नजिकको पिच भएको पक्की सडकमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | | | | | | | | | ३ | ९ | १.३ |
| | | वार्षिक सडक दुर्घटनाको संख्या | संख्या | | | | | | | | | ३ | ९ | १.३ |
| | | सडक नालीको सडक लम्वाइ | किमि | | | | | | | | | ३ | ९ | १.३ |
| | | सडक छेउ निर्मित यूटिलिटि कोरिडरको लम्वाइ | किमि | | | | | | | | | ३ | ९ | १.३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नियमित मर्मत संभार भएको सडकको लम्वाइ | किमि | | | | | | | | ३ | ९ | १.३ |
| | | वायो इन्जिनियरिङ प्रविधि र सडक छेउ वृक्षारोपण | किमि | | | | | | | | ३ | ९ | १.३ |
| | | जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको सडक सञ्जाल | संख्या | | | | | | | | ३ | ९ | १.३ |
| | | अन्तरपालिका सडक सञ्जाल संख्या | संख्या | | | | | | | | ३ | ९ | १.३ |

## अनुमान तथा जोखिम पक्ष

सडकलाई प्राविधिक रुपले उचित बनाउने घुम्ती, मोड, उकालो र ओरालो मापदण्ड अनुरुप बनाउने र तीनलाई पक्की बनाउन सम्बन्धित निकायलाई जिम्मेवार बनाउने कार्य, जनशक्तिका हिसाबले चनौतीपूर्ण छ । सडक तथा पुल पुलेसा निर्माणको लागि आवश्यक सामग्री गिट्टी, माटो, अलकत्राको प्रयोग प्राकृतिक श्रोत साधनको दीगो उपयोगको जोखिम रहन्छ । कार्यान्वयन व्यवस्थापन एवम् नवीन व्यवस्थापकीय उपकरणहरूको आन्तरिकीकरण हुन नसकेमा आयोजनाको समय र लागत बढ्ने जोखिम रहन्छ ।

## ६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### पृष्ठभूमि

पालिकाका सम्पूर्ण वडाहरुमा केन्द्रीय तथा स्थानीय विद्युत विस्तार गरि प्रत्येक घरधुरीमा विद्युतको पहुँच पुगेको छ। वडा नं ३ र ५ मा लघु तथा साना जलविद्युत आयोजना संचालनमा रहेको। सडक बत्ती सौर्य उर्जाको आवश्यक स्थानमा राखिएको छ। धुँवामुक्त सुधारिएको चुलोको अधिकांश प्रयोग गरिएको।

### समस्या

व्यवस्थित तथा गुणस्तरीय रुपमा विद्युत जडान तथा संचालन नभएको। लघु तथा साना जलविद्युत आयोजना व्यवस्थित रुपमा संचालन हुन नसकेको। सम्पूर्ण सार्वजनिक स्थल तथा सडकमा सौर्य उर्जा तथा तथा सडक बत्ती नभएको।

### चूनौती

निर्माणाधिन आयोजनाहरू समयमा सम्पन्न गर्न समन्वयकारी भूमिका निर्वाह गर्नु, इन्धन प्रयोगको ढाँचामा परिवर्तन गर्दै एलपी ग्याँस र पेट्रोलियम पदार्थलाई विद्युत्ले प्रतिस्थापन गर्न आदि जलविद्युत् क्षेत्रका चूनौतीहरू हुन् ।

### सम्भावना तथा अवसर

भौतिक पूर्वाधार निर्माणलाई संघ तथा प्रदेश सरकार दुबैले प्राथमिकतामा राख्नु, जलविद्युत उत्पादनमा लगानीमैत्री र प्रतिस्पर्धाको वातावरण सिर्जना गरी विदेशी तथा निजी क्षेत्रको लगानी आकर्षित गर्न, प्राविधिक र वित्तीय साझेदारीमा कृषि तथा पशुपंक्षी पालनमा संलग्न कृषक, फर्म, व्यवसायिक समुह, कृषि सहकारी आदिको सहकार्यमा ठूलो क्षमताको बायोग्यास प्लान्ट निर्माण गर्न, नेपाल सरकार तथा प्रदेश सरकारको विद्युतीय सवारी साधन तथा चुलो प्रयोगलाई प्रोत्साहन गर्दै लैजाने नीति रहनु जस्ता अवसरहरु छन् ।

### लक्ष्य

नवीन, वातावरणमैत्री उर्जा प्रयोगमा प्रोत्साहन गरी व्यवस्थित तथा सन्तुलित विद्युत प्रणाली निर्माण गर्ने ।

### उद्येश्य

व्यवस्थित तथा गुणस्तरीय विद्युतीय पूर्वाधार निर्माण गरि उत्पादकत्वमा वृद्धि गर्नु।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँपालिकामा विद्युतीय पूर्वाधार निर्माण गरि प्रयोगलाई दीगो, सुरक्षित र प्रभावकारी बनाउने । | १. शाखा लाइन विस्तारमा पूर्णता दिइनेछ।<br>२. स्थानीय उद्योगमा प्रयोग हुने उर्जालाई विद्युतीय तथा वैकल्पिक उर्जा प्रयोगमा प्रोत्साहन गरिनेछ ।<br>३. आवश्यक स्थानहरुमा दीगो सडक बत्तिको व्यवस्था गरिनेछ। |
| २. ऊर्जा खपत बढाउने तथा वैकल्पिक ऊर्जालाई व्यवस्थित गर्ने । | ४. अव्यवस्थित र असुरक्षित विद्युत पोलहरुलाई व्यवस्थित गरिनेछ ।<br>५. सडक वत्ती विस्तार तथा व्यवस्थापन गरिनेछ।<br>६. शहरी क्षेत्रमा रहेका थ्रि फेजका तारहरुलाई भुमिगत/आर्मर वा इन्सुलेटेड तारले विस्थापन गरिनेछ । |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ ।

- शाखा लाइन विस्तारमा पूर्णता दिइनेछ।
- स्थानीय उद्योगमा प्रयोग हुने उर्जालाई विद्युतीय तथा वैकल्पिक उर्जा प्रयोगमा प्रोत्साहन गर्ने ।
- आवश्यक स्थानहरुमा दीगो सडकबत्तीको व्यवस्था गर्ने ।

## विस्तृत कार्यक्रम तथा अपेक्षित उपलब्धी

| विषयगत उपक्षेत्रः जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | वडा नं ३ र ५ चोलन्तीमा केन्द्रीय विस्तार लाइन योजना | वडा नं ३ र ५ चोलन्तीमा बसोबास गर्ने घर परिवारहरु | २०० | २० | ८० | ५० | ५० | | गाउँपालिका / प्रदेश /संघीय |
| २ | सार्वजनिक कार्यालय तथा मुख्य चोकहरुमा सोलार सडक बत्ती जडान योजना | सम्पूर्ण पालिका बस्तीहरु | १०० | | | २५ | २५ | ५० | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | केन्द्रीय लाइन अन्तरगत मर्मत तथा अपुग पोलको व्यवस्था गर्ने | विद्युतको गुणस्तरमा वृद्धि | १०० | | | ४० | ३० | ३० | गाउँपालिका / प्रदेश /संघीय |
| कुल लागत (रु.) | | | ४०० | २० | ८० | ११५ | १०५ | ८० | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | केन्द्रीय विद्युत लाइन प्रसारणवाट लाभान्वित घरधुरी | संख्या | ९० | ९२ | ९५ | ९७ | ९९ | १०० | | | ३ | ७ | ३.३ |
| असर | | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ९८ | १०० | | | | | | | ३ | ७ | ३.३ |
| प्रतिफल | | सोलार प्रणालीमा आवद्ध घरधुरी | प्रतिशत | ६.९ | ७ | ७ | ७ | ७ | ७ | | | ३ | ७ | ३.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खाना पकाउन एलपि ग्यााँस प्रयोग गर्ने घरघुरी | संख्या | १०४ | १४० | २०० | २५० | ४०० | ५०० | | | ३ | ७ | ३.३ |
| | | सुधारिएको वा धुँवा रहित चुल्हो जडान भएका घरधुरी | प्रतिशत | ९७.१ | ९८ | ९८.५ | ९९ | १०० | १०० | | | ३ | ७ | ३.३ |
| | | खाना पकाउन एलपि ग्यााँसको सट्टामा विद्युतीय ऊर्जा (इन्डक्सन) प्रयोग गर्ने घरधुरी | संख्या | - | १०० | २०० | ३०० | ५०० | ७०० | | | ३ | ७ | ३.३ |
| | | वैकल्पिक उर्जा प्रयोग गर्ने घरघुरी | प्रतिशत | ६.९ | ८ | ९ | १० | ११ | १२ | | | ३ | ७ | ३.३ |
| | | प्रतिव्यक्ति प्रतिवर्ष विद्युत उपभोग | किलोवाट | ३० | ३५ | ३५ | ४० | ४५ | ४५ | | | ३ | ७ | ३.३ |
| | | सडकको किनारा तथा सार्वजनिक स्थानमा जडित सडक बत्ती | संख्या | | | | | | | | | ३ | ७ | ३.३ |

## अनुमान तथा जोखिम पक्ष

दीगो विद्युत सेवा उपलब्ध गराउनका लागि पर्याप्त पूर्वाधारको सुनिश्चितता रहने, आयोजना निर्माण कार्य, प्रसारण तथा वितरण लाइन निर्माण गर्ने कार्य समयमै सम्पन्न हुने र सम्बन्धित निकाय, सरोकारवाला तथा जनता बीच प्रभावकारी समन्वय कायम भएको हुने, आवश्यक स्थानहरुमा दीगो सडक बत्तिको व्यवस्था भएको हुनेछ । उक्त कार्यहरू उचित समयमा व्यवस्थापन गर्न नसकिएमा, साथै विद्युतको उपयोग वृद्धि गरी अन्य उर्जाको सामाग्रीको प्रतिस्थापन नभएमा अपेक्षित उपलब्धी हाँसिल हुन नसक्ने जोखिम रहनेछ ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### पृष्ठभूमि

सूचना प्रविधिको प्रयोग गाउँपालिका र यहाँका सबै वडामा इन्टरनेटको पहुँच पुगेको छ । स्वास्थ्य चौकी, विद्यालयहरु, सार्वजनिक सेवा प्रदायकहरुमा सूचना प्रविधिको व्यवस्था गरिएको छ । रेडियो, टेलिभिजन, टेलिफोन तथा पत्रपत्रिका जस्ता सूचनाका माध्यमको पहुँचमा रहेका जनसंख्या ७० प्रतिशत रहेका छन् । यहाँ १ वटा एफ एम रेडियो सञ्चालनमा रहेको छ। पालिकाका अन्तरगत सम्पूर्ण कार्यालयहरुमा इन्टरनेट सेवा पुगेको। अधिकांश सार्वजनिक सेवा प्रदायक संसथाहरुमा आइ सि टि जडान भएको। पालिका क्षेत्रभित्रका केही मुख्य स्थानमा सिसि क्यामेरा जडान गरिएको। प्रत्येक घरधुरीमा मोबाइल प्रयोगकर्ता रहेको।

### समस्या

सूचना तथा तथ्याङ्कहरु कम्पयुटरकृत गर्ने संस्थाहरु कम रहेको। आईसिटी संचालन क्षेत्रमा दक्ष जनशक्ति पर्याप्त नभएको। कार्यालयहरुमा ल्याण्डलाईन टेलिफोनको व्यवस्था नभएको। सूचना केन्द्र, स्थानीय रेडियो एफ एम संचालन नभएको। सूचना प्रविधि तथा संचारको व्यवस्थित रुपमा प्रयोग हुन नसकेको। आवश्यक मात्रामा दुरसंचारको टावर नभएको।

### चूनौती

इन्टरनेट सेवा प्रदायक संस्थाहरुको संख्या वृद्धि हुँदै जाँदा सूचना प्रविधिको विकास र साइबर सुरक्षाको लागि पर्याप्त व्यवस्था गर्न, आमसञ्चार क्षेत्र विशेष गरी वितीय सञ्चार माध्यमलाई मर्यादित र विश्वसनीय बनाउनु, सूचना सञ्चार क्षेत्रमा विकसित नवीन प्रविधिको समय सापेक्ष उपयोग गर्नु, सार्वजनिक सञ्चारका क्षेत्रमा कार्यरत सञ्चारकर्मीको क्षमता विकास गर्नु, सूचनामैत्री कार्य संस्कारको विकास गर्नु, आवश्यक संख्यामा सूचना, सञ्चार तथा प्रविधि विकास सम्बन्धी तालीम प्राप्त व्यक्ति पूर्ति गर्न, परम्परागत हुलाक सेवालाई विविधीकरण गर्न, दुरसञ्चार सेवामा सबै नागरिकको पहुँच पुऱ्याउन, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरुमा पर्याप्त टेलिफोन सेवा उपलब्ध गराउन जस्ता चूनौतीहरु रहेका छन् ।

### सम्भावना तथा अवसर

सूचना तथा सञ्चारको माध्यमबाट जनताको सुसूचित हुन पाउने संवैधानिक हकको प्रत्याभूति हुनु, आधुनिक र नवीनतम प्रविधि भियाउन सहज हुनु, इन्टरनेटको बढ्दो प्रयोगले विकास प्रक्रिया सहज हुनको साथै सार्वजनिक निकायका काम कारबाही बारे जनताले सहजै सूचना प्राप्त गर्न सक्ने अवस्थाको सृजना हुनु, शिक्षा क्षेत्रमा सञ्चार तथा सूचना प्रविधिको प्रयोग र आकर्षण तीव्र रूपमा बढ्नु, सूचना प्रविधिको प्रयोगले सेवा प्रवाह सहज र लागतमा कमी आउनु, जनतामा सूचना प्रविधि प्रतिको चेतनाको स्तर बढ्दै जानु आदि प्रमुख अवसर हुन् ।

### लक्ष्य

सूचना प्रविधि प्रणालीको निर्माण गर्दै नागरिक जीवनलाई गुणस्तर बनाउने ।

### उद्येश्य

१. सूचना प्रविधि व्यवसायलाई सुरक्षित र भरपर्दो क्षेत्रका रुपमा विकास गरि ज्ञानमा आधारित समाज निर्माण गर्नु ।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रविधिमैत्री डिजिटल सूचना सेवाद्धारा ज्ञानमा आधारित समाज निर्माणको थालनी गर्ने । | १. इन्टरनेटको प्रयोगलाई अप्टिकल फाइवरसँग जोडिनेछ। ।<br>२. गाउँपालिकामा इन्ट्रानेटको स्थापना र सञ्चालन गरिनेछ।<br>३. आविस्कार केन्द्रको निर्माण तथा सञ्चालन गरिनेछ।<br>४. जनशक्तिको अभाव पूर्ति गर्न आवश्यक तालिम कार्यक्रमको व्यवस्थापन गरिनेछ।<br>५. प्रत्येक सेवा कार्यालयमा ल्याण्डलाइन टेलिफोन राखिनेछ।<br>६. आवश्यक स्थानमा दुरसंचारको टावरको निर्माण गरिनेछ। |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ ।

- सूचना तथा संचार प्रविधि केन्द्रको स्थापना र संचालन गर्ने

## विस्तृत कार्यक्रम तथा अपेक्षित लाभ

**विषयगत उपक्षेत्रः सूचना, सञ्चार तथा प्रविधि**

| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सूचना तथा संचार प्रविधि केन्द्रको स्थापना र संचालन | सरकारी संघ, संस्था विद्यालय तथा सम्पूर्ण पालिका बासी ब्यक्तिहरु | २०० | ४० | ४० | ४० | ४० | ४० | गाउँपालिका / प्रदेश /संघीय |
| २ | एक विद्यालय एक स्मार्ट बोर्ड कार्यक्रम | सबै सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु | १०० | २० | २० | २० | २० | २० | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | पालिकाको सबै आवश्यक ठाउँमा इन्टरनेट जडान तथा अप्टिकलको विस्तार | गाउँपालिका बस्ती | १५० | ३० | ४० | ४० | ४० | | गाउँपालिका / प्रदेश /संघीय |
| | कुल लागत (रु.) | | ४५० | ९० | १०० | १०० | १०० | ६० | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगोल संकेत | दिविल संकेत | प्रमस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | मोबाइल फोन प्रयोगकर्ता | प्रतिशत | ८८ | ९१ | ९४ | ९६ | ९८ | १०० | | | ३ | ९ | १.३ |
| असर | | ल्याण्डलाइन टेलिफोन वितरण | संख्या | १९ | ३० | ३५ | ५० | ८० | १०० | | | ३ | ९ | १.३ |
| प्रतिफल | | इण्टरनेट सेवा उपलव्ध हुन नसकेका क्षेत्र (घरधुरी) | प्रतिशत | ७५ | ६० | ४५ | ३० | १५ | ० | | | ३ | ९ | १.३ |
| | | स्थानीय केवल नेटवर्क तथा इण्टरनेट सेवा प्रदायक संस्थाहरु | संख्या | २ | २ | २ | ४ | ५ | ५ | | | ३ | ९ | १.३ |
| | | निःशुल्क इन्टरनेट सेवा वाइफाई उपलव्ध भएका क्षेत्रहरु | प्रतिशत | ० | २० | ३० | ४० | ६० | ९० | | | ३ | ९ | १.३ |
| | | विद्युतीय प्रणालीमा आधारित पालिकाका सेवाहरु (अनलाइन सेवा) | संख्या | २० | ४० | ५० | ८० | ९५ | ९५ | | | ३ | ९ | १.३ |
| | | विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा सुचारु इन्टरनेट सेवा | संख्या | ३० | ७० | ८० | ९० | ९५ | ९५ | | | ३ | ९ | १.३ |
| | | सार्वजनिक स्थल तथा कार्यालयहरुमा जडित सि.सि.क्यामेरा | प्रतिशत | ३ | २० | ४० | ६० | ८० | ९५ | | | ३ | ९ | १.३ |

## अनुमान तथा जोखिम पक्ष

सञ्चार तथा सूचना प्रविधि क्षेत्रको विकास र विस्तारका लागि ठूलो मात्रामा आर्थिक साधन श्रोतको आवश्यकता रहेको छ। उक्त श्रोतको व्यवस्थापन प्रभावकारी तथा पर्याप्त व्यवस्थापनका लागि निजी क्षेत्रको सहयोग र सहकार्य हुन नितान्त आवश्यक तथा अपरिहार्य रहेको छ । सो अवस्थाको सुनिश्चितता नहुनु साथै सूचना प्रविधिका क्षेत्रमा सार्वजनिक निजी साझेदारी प्रवर्धन गर्दै गाउँपालिका अपनत्व र स्वामित्व स्थापित गर्न यस क्षेत्रको प्रमुख जोखिमको रुपमा रहेको छ ।

# परिच्छेद सात

# वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ७.१ वन तथा जैविक विविधता

### पृष्ठभूमि

टेम्केमैयुङ गाउँपालिकामा ५२ वटा सामुदायिक वन रहेका छन्।यी वनहरुमा वनजन्य जडिबुटीहरु प्रशस्त पाइने, पर्यटकीय स्थलहरु भएका, पानीको मुहानहरु प्रशस्त रहेका छन्। २५% वृक्षारोपण भएको, न्यूनत्तम रुपमा बनिबनाऊ बगैंचा।होमस्टे सञ्चालन भएको। रैथाने र मिचाहा प्रजातिका जनावर, पंक्षीहरु र वनस्पतिको न्यून व्यवस्थापन भएको। रिचार्ज पोखरीको व्यवस्था भएको। पालिकाका बिभिन्न जङ्गल क्षेत्रहरुमा अग्नीरेखा निर्माण गरिएको छ, र समय सापेक्ष सो क्षेत्रहरुको संरक्षण तथा मूल्याङ्कनको पनि आवश्यकता रहेको छ।

### समस्या

सामुदायिक वन उपभोक्ता समितिहरु सक्रिय नहुनु, बहुमूल्य स्थानीय वनका प्रजातीहरु मासिदै जानु, वनजन्य उत्पादनका सामाग्री विक्री वितरण गर्न कानूनी समस्या, वातावरण परीक्षण तथा प्रभाव मूल्याङ्कन नहुनु, सडक तथा पूर्वाधार निर्माणले भूक्षयको समस्या हुनु, वन्यजन्तु तथा चराचुरुङ्गीको लागि पानी पोखरी नहुनु, वातावरण प्रदुषण तथा न्यूनीकरणका काम नहुनु, ल्यान्ड फिल साइटको व्यवस्था नहुनु, विपद् व्यवस्थापन कोष नहुनु, वन डढेलो तथा आगलागिको समस्या हुनु, वन्यजन्तुबाट मानव वस्तीलाई क्षती हुनु, जोखिमयुक्त स्थानबाट वस्ती स्थानान्तरणको लागि नीति अभाव हुनु, विपद्बाट प्रभावित घर परिवारको तथ्याङ्क र परिचयपत्र नहुनु, जलवायु परिवर्तनको प्रभाव मूल्याङ्कन नहुनु, जलवायु परिवर्तन अनुकुलन योजना नहुनु टेम्केमैयुङ गाउँपालिकाको मुख्य समस्याहरु हुन्। आगलागी, भूक्षय, बाढी पहिरोको जोखिम रहेकोले बाटो र वनजङ्गलमा क्षती भएको। कतै कतै खडेरी र सुख्खा लाग्ने गरेको। अतिवृष्टी र अनावृष्टी हुने गरेको। वन्यजन्तु, वनपैदावर तथा जडिबुटी चोरी निकासी नियन्त्रणमा समस्या रहेको। जलवायु परिवर्तन योजना अनुकुलन कार्यक्रमको अभाव।

### चूनौती

बढ्दो इन्धन र काठको मागको व्यवस्थापन गर्नु, वन डढेलो रोक्नु, विकास निर्माणबाट हुने वन अतिक्रमणको व्यवस्थापन गर्नु, जैविक विविधता संरक्षण गर्नु, वन्यजन्तुको संरक्षण गरी व्यवस्थित गर्नु, वन विकास र जैविक विविधता संरक्षणमा सबै क्षेत्र र निकायको अपनत्व स्थापित गर्दै क्षमता अभिवृद्धि गर्नु, भूक्षय, पहिरो, वातावरण प्रदूषण रोक्नु आदि प्रमुख चूनौती हुन।

### सम्भावना तथा अवसर

जनप्रतिनिधि तथा सरकारको प्राथमिकताको विषय रहनु, कृषि वन कार्यक्रम सञ्चालन गर्न सक्ने अवस्था हुनु, निजी वनहरुलाई प्रोत्साहन गर्नु, निजी क्षेत्र तथा समुदायको चासो बढ्नु, वन पैदावारमा आधारित उद्यम र पर्यापर्यटन प्रवर्द्धन मार्फत आय र रोजगारीसँग आबद्ध हुन सक्ने अवस्था रहनु, वनस्पतिजन्य श्रोतको वैज्ञानिक र व्यावसायिक उपयोग गर्न सकिने अवस्था विद्यमान रहनु, वन पैदावारको आपूर्ति, जडीबुटीको उत्पादन, मूल्य अभिवृद्धि, उपयोग र निर्यात गर्न सकिने अवस्था रहनु।

### लक्ष्य

वन तथा जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्दै वनजन्य श्रोतहरूको उत्पादकत्व वृद्धि गर्ने।

### उद्येश्य

सामुदायिक वन, वन्यजन्तुको संरक्षण र विस्तार गर्दै वन क्षेत्रलाई पूँजी निर्माणको आधारको रुपमा विकास गर्नु ।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वनलाई संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रुपान्तरण गर्ने । | १. मुन्दुम पदमार्गको दुवैतिर सौन्दर्य तथा भू संरक्षणको लागि वृक्षारोपण गरिनेछ। |
| २. प्राकृतिक सक्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्दै सौन्दर्य तथा हरियाली वातावरण श्रृजना गर्ने। | २. वन क्षेत्रमा रहेका जडिबुटीको विस्तार गर्ने तथा संरक्षण कार्यहरु गरिनेछ। |
| ३. वन क्षेत्रको पर्यटनमैत्री विकास गरि आयआर्जनमा वृद्धि गर्ने। | ३. जोखिमयुक्त वन क्षेत्रहरुमा अग्नि रेखा निर्माण गरिनेछ। वृ |
| | ४. क्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ। |
| | ५. वन तथा वन्यजन्तु संरक्षणको लागि आरक्षण बनाइनेछ। |
| | ६. जलवायु परिवर्तन अनुकुलन योजना बनाइनेछ। |
| | ७. श्रोत संरक्षण गरिनेछ। |
| | ८. शिकार नियन्त्रण गरिनेछ। |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ।

१. मुन्दुम पदमार्गको दुवैतिर सौन्दर्य तथा भू संरक्षणको लागि वृक्षारोपण गर्ने।

२. वन क्षेत्रमा रहेका जडिबुटीको विस्तार गर्ने तथा संरक्षण कार्यहरु गर्ने।

३. जोखिमयुक्त वन क्षेत्रहरुमा अग्नि रेखा निर्माण गर्ने।

## विस्तृत कार्यक्रम तथा अपेक्षित उपलब्धी

| विषयगत उपक्षेत्रः वन तथा जैविक विविधता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | मुन्दुम पदमार्गमा बाटोको छेउमा वृक्षारोपण गर्ने | सौन्दर्य बढ्ने र पर्यटक प्रवर्धन हुने | १० | | १ | ३ | ४ | २ | गाउँपालिका / प्रदेश /संघीय |
| २ | जडिबुटी विस्तार तथा संरक्षण | औषधी उत्पादन तथा आयआर्जन बढ्ने | १० | | २ | २ | २ | २ | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | गुफा परिसर (चाङलुङ) भित्र रहेका बोटबिरुवाहरुको नामाङ्कन गर्ने | वृक्षहरुको बारेमा सर्व वर्गमा जानकारीको पहुँच हुने | १०० | ५० | ५० | | | | गाउँपालिका / प्रदेश /संघीय |
| ४ | सामुदायिक वनहरुमा अग्निरेखा निर्माण गर्ने | वनसम्पदा संरक्षण | ५ | १ | १ | १ | १ | १ | गाउँपालिका / प्रदेश /संघीय |
| ५ | आवश्यक सामुदायिक वनका स्थानहरुमा वृक्षारोपण गर्ने | वृक्षारोपण भई हरितपनमा वृद्धि हुने | ३ | | १ | १ | १ | | गाउँपालिका / प्रदेश /संघीय |
| कुल लागत (रु.) | | | १२८ | ५१ | ५५ | ७ | ८ | ५ | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगो संकेत | विविध संकेत | प्रसम संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | | जैविक संरक्षणका लागि मिचाहा प्रजाति नियन्त्रण, वृक्षारोपण, अग्नी रेखा, झाडी सफाइ कार्यहरुको प्रकार | प्रकार संख्या | ३ किमि | २५ | ३० | ३५ | ४० | ४० | | | ७ | १५ | ३.४ |
| | | रिचार्ज पोखरी | संख्या | २० | | | | | | | | | | |
| असर | | जैविक विविधता संरक्षण सम्वन्धी जनचेतनामूलक अभिमुखी कार्यक्रमहरु संचालन | संख्या | - | | | | | | | | ७ | १५ | ३.४ |
| प्रतिफल | | सामुदायिक वनले ओगटेको क्षेत्र | हेक्टर | | | | | | | | | ७ | १५ | ३.४ |
| | | धार्मिक, निजी, कवुलियती वनले ढाकेको क्षेत्र | हेक्टर | | | | | | | | | ७ | १५ | ३.४ |
| | | वन्यजन्तुवाट अन्नवालीमा पुगेको वार्षिक क्षति | रु.लाख | ३० | २८ | २५ | २० | १५ | १० | | | ७ | १५ | ३.४ |
| | | वृक्षारोपण गरिएको क्षेत्र | वर्ग कि मि | १.०८ | २ | ३ | ४ | ५ | ६ | | | ७ | १५ | ३.४ |
| | | संरक्षित चरन क्षेत्र | वर्ग कि मि | ७.९३ | ८ | ८ | ९ | १० | १० | | | ७ | १५ | ३.४ |
| | | वन जङ्गलको कूल क्षेत्रफल (कूल भूमिको) | प्रतिशत | ६९.४ | ७० | ७० | ७० | ७० | ७० | | | ७ | १५ | ३.४ |
| | | जडीवुटीमा आधारित उद्योग र रोगजारी | संख्या | ४ | ५ | ८ | १० | १२ | १४ | | | ७ | १५ | ३.४ |
| | | वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा निर्माणजन्य तथा नदीजन्य पदार्थको उत्खनन | घनमिटर | | | | | | | | | ७ | १५ | ३.४ |
| | | प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरी सञ्चालित उद्योग व्यवसाय | संख्या | ० | ३ | ५ | १० | १५ | २५ | | | ७ | १५ | ३.४ |

## अनुमान तथा जोखिम पक्ष

वन क्षेत्रको विस्तार गरी हरित शहरको रुपमा विकास भएको हुने, वन पैदावारमा आधारित उद्यम र पर्यापर्यटन प्रवद्र्घन भएको हुने साथै प्राकृतिक रमणीयता र वातावरण एवम् जैविक विविधताको संरक्षण गर्दै जडीबुटी खेती विकास भएको हुने अनुमान छ । यद्यपि विकास निर्माणबाट हुने वन, नदी, खोला किनारा अतिक्रमण रोक्न, भूक्षय, पहिरो, वातावरण प्रदूषण रोक्न, वनको वैज्ञानिक र व्यावसायिक उपयोग गर्न प्रमुख कठीन छ ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### पृष्ठभूमि

टेम्केमैयुङ गाउँपालिकामा संरक्षित पानी मुहान क्षेत्र,, संरक्षित तालतलैया, पोखरी र सिमसार क्षेत्र तथा संरक्षित गल्छी तथा पहिरोहरु रहेका छन्। भू-क्षय नियन्त्रणका लागि विभिन्न क्षेत्रहरुमा बायोइन्जिनियरिङ गरिएका क्षेत्रहरु रहेका छन्। तेस्तै, पालिकामा जलउत्पन्न प्रकोप, नदी कटानबाट प्रभावित भएका वस्तीहरु पनि रहेका छन्।

वृक्षारोपण कार्यक्रम गरिरहेको, पानीको मुहान सरसफाई तथा मर्मत, सम्भार कार्यक्रमहरु भइरहेको। स्वच्छ, सफा पिउने पानीको आपूर्ति। स्वच्छ, सफा पिउने पानीको आपूर्ति। स्वच्छ वातावरणको अवस्था सिर्जना भई वातावरणीय सन्तुलन कायम भएको। तालतलैया, पोखरी, सिमसार क्षेत्र धेरै मात्रामा भएकाले तिनीहरुको उचित व्यवस्थापन गर्न सकिने। नदीबाट क्षतीग्रस्त क्षेत्रमा बगर खेती प्रबर्द्धन तथा तटबनधन निर्माण गरी उचित लाभ हाँसिल गर्न सकिने।

### समस्या

पानीका मुहान, पोखरी, सिमसार क्षेत्रको संरक्षण र उपयोग दीगो रुपमा नहुनु, जलवायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन नहुनु, जलवायू परिवर्तन मापन केन्द्र नहुनु, वनजंगलको विनाशका कारण जमिन माथिको वायुमण्डलको तापक्रम बढ्नु, कृषि, जैविक विविधता र ऊर्जा लगायतका क्षेत्रहरू एवम् जीविकोपार्जनमा समेत प्रतिकुल प्रभाव पर्नु, अनुसन्धान तथा तथ्याङ्कको कमी हुनु, अन्तरनिकाय समन्वय पर्याप्त नहुनु, नीति तथा कार्यक्रमहरूमा जलवायुसँग सम्बन्धित मुद्धा सम्बोधन नहुनु यस क्षेत्रका प्रमुख समस्याहरु हुन् । आगलागी, हावाहुरी, बाढी पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपको समस्या रहेको। स्वच्छ पिउने पानीको नियमित आपूर्तिको अवस्था नरहेको। कृषि प्रणालीमा आधुनिकीकरण हुन नसकेको। आयोजनाहरु निर्माण भएको तर त्यसको वातावरणीय प्रभाव मूल्याङ्कन नहुनु। प्राकृतिक प्रकोप न्यूनीकरण गर्नु। वृक्षारोपण कार्यलाई निरन्तरता दिनु। आयोजनाहरु निर्माण गर्दा दीगो विकासलाई मध्यनजर नगरिनु।

### चूनौती

विकास आयोजनाले वातावरणमा पारेको असरको अनुगमन गरी नियमन गर्न, जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरू न्यूनीकरण गरी जलाधारको क्षमता वृद्धि गर्न, जलाधार संरक्षण र संवर्द्धन गर्न आवश्यक पर्ने जनशक्ति, सीप, दक्षताको अभाव तत्काल पुरा गरी प्रभावकारी तुल्याउन, संवेदनशील र कमजोर भू—बनोट भएका क्षेत्रको संरक्षण गर्न, माटो र पानीको दीगो तथा एकीकृत् संरक्षण गर्न, भूसंरक्षणको सेवा प्रवाह गर्ने नीतिगत व्यवस्था गर्न जस्ता चूनौतीहरु रहेका छन् ।

### सम्भावना तथा अवसर

भूक्षय नियन्त्रण र वातावरण संरक्षण आदि स्थानीय सरकारको अधिकारमा रहनु, जलवायु परिवर्तन सम्बन्धी जनचेतना अभिवृद्धि गरी अनुकूलन कार्यक्रम सञ्चालन गर्नु, जलवायु वित्तको व्यवस्था हुनु, प्रकृति संरक्षण अनुकूलनको क्षमता बढाउन राष्ट्रिय कार्ययोजना तयार हुनु र जलवायु परिवर्तनका क्षेत्रमा उपलब्ध अन्तर्राष्ट्रिय सहयोगलाई राष्ट्रिय बजेट प्रणालीमा एकीकृत गर्नु, पानीका मुहान र सिमसार क्षेत्रको संरक्षण गर्नु, भू तथा जलाधारलाई एकीकृत गरी वन र कृषि दुबै क्षेत्रको आम्दानी अभिवृद्धि गर्न सकिने सम्भावना हुनु यस क्षेत्रका अवसरहरू रहेका छन् ।

### लक्ष्य

संरक्षित भूमि तथा जलाधार विकास र जलवायु परिवर्तन प्रतिकुल प्रभाव न्यूनीकरण गर्ने ।

## उद्येश्य

१. माटो संरक्षणबाट भूमिको गुणस्तर सुधार गर्नु ।

२. एकीकृत जलाधार व्यवस्थापन मार्फत जलवायु परिवर्तनका प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्नु ।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. श्रोत तथा साधनको सही प्रयोग द्रारा भू संरक्षणमा पहल गर्ने | १. भूसंरक्षण तथा जलाधार संरक्षण तथा व्यवस्थापन गर्न प्रशस्त बजेट विनियोजन गरी कार्यक्रम तथा आयोजनाहरु संचालन गरिनेछ।<br>२. विकास आयोजनाहरु निर्माण गर्नु अघि प्रारम्भिक वातावरण परीक्षण गरिनेछ।<br>३. भूक्षय तथा संवेदनशील क्षेत्र पहिचान गरी बस्ती व्यवस्थापन ध्यान दिइनेछ।<br>४. भू तथा जलाधार संरक्षण गर्न जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ।

१. भूक्षयको जोखिमयुक्त क्षेत्रको पहिचान गरी बस्ती व्यवस्थापन गर्ने।

२. वातावरणीय प्रभावको मूल्याङ्कन र अध्ययन गर्ने।

३. भूसंरक्षण तथा जलाधार व्यवस्थापनका लागि आयोजना संचालन गर्ने।

## विस्तृत कार्यक्रम तथा अपेक्षित उपलब्धी

| विषयगत उपक्षेत्रः भूसंरक्षण तथा जलाधार व्यवस्थापन | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | भूक्षय हुने तथा संवेदनशील क्षेत्रको पहिचान गरी वस्ती व्यवस्थापन गर्ने (रिमचिम चिप्ले डाँडा, साँवा बस्ती, वाक्छिन पहिरो, आदि) | संवेदनशील क्षेत्र तथा बस्तीको व्यवस्थापन हुने | १५० | ३० | ३० | ३० | ३० | ३० | गाउँपालिका / प्रदेश /संघीय |
| २ | सबै वडामा जलाधार संरक्षण तथा रिचार्ज पोखरी निर्माण | जलाधार क्षेत्रको संरक्षण भई पानीको मुहान् तथा श्रोत संरक्षण हुनेछ | १०० | ५० | ३० | १० | १० | | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | आयोजनाहरुको वातावरणीय प्रभाव मुल्यङ्कनको लागि पालिकास्तरमा व्यवस्था गर्ने | पालिकामा रहेका जोखिमयुक्त क्षेत्रहरुको पहिचान हुने | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| ४ | भूसंरक्षण तथा जलाधार व्यचस्थापनका लागि आयोजनाहरु सञ्चालन गर्ने पोखरी संरक्षण (पाँचधारे पोखरी, बानुधारा तथा अन्य एतिहासिक धारा, कुवा, रातो पोखरीम हाँस पोखरी, जलजले, भुवाङ्ग पोखरी, नयाँ खर्क सामुदायिक वनभित्रको सिमसार) | जलाधार क्षेत्रको संरक्षण भई पानीको मुहान् तथा श्रोत संरक्षण हुनेछ | १७५ | २५ | ४० | ४० | ४० | २० | गाउँपालिका / प्रदेश /संघीय |
| ५ | वाक्छिन पहिरो नियन्त्रण, हुलुवा खोला भोटेछाप भक्तपुर आसपासमा ड्यामबाट बस्तीहरु व्यवस्थापन गर्ने | पहिरो नियन्त्रण हुन गई जमिनको संरक्षण हुने | २०० | २० | ४० | ५० | ५० | ४० | गाउँपालिका / प्रदेश /संघीय |
| ६ | वाचिम्ले दोवान देखि वरेमखासम्म, रिमचिम चिप्ले डाँडा पहिरो रोकथाम तथा बाँध निर्माण | पहिरो नियन्त्रण हुन गई जमिनको संरक्षण हुने | २०० | २० | ४० | ५० | ५० | ४० | गाउँपालिका / प्रदेश /संघीय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | तिहुरे खोला, हलुवा खोला भोटेछाप भक्तपुर र आसपास, राउते खोला काब्रेमा बाँध बाध्ने | बगर कटान तथा जमिनको संरक्षण हुने | १२० | | ३० | ३० | ३० | ३० | गाउँपालिका / प्रदेश /संघीय |
| कुल लागत (रु.) | | | ९९५ | १५५ | २२० | २२० | २२० | १७० | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगो संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | संरक्षित पानी मुहान क्षेत्र | संख्या | | | | | | | | | ७ | १३ | |
| असर | | भूक्षय नियन्त्रणका लागि प्रयोगमा ल्याइएको वायोइञ्जिनियरिङ (घाँसपात, झार तथा वनस्पति रोपण) गरिएका क्षेत्रहरु | संख्या | | | | | | | | | ७ | १३ | |
| प्रतिफल | | संरक्षित गल्छी तथा पहिरोहरु | संख्या | | | | | | | | | ७ | १३ | |
| | | पहिरो नियन्त्रणका लागि निर्मित रिटेनिङवालहरु | संख्या | | | | | | | | | ७ | १३ | |
| | | भूक्षय नियन्त्रणका लागि वृक्षारोपण गरिएका उजाड डाँडा पाखाहरु | संख्या | | | | | | | | | ७ | १३ | |
| | | जलउत्पन्न प्रकोप, नदी कटानवाट प्रभावित भएका वस्तीहरु | संख्या | | | | | | | | | ७ | १३ | |
| | | संरक्षित तालतलैया, पोखरी र सिमसार क्षेत्र | संख्या | | | | | | | | | ७ | १३ | |
| | | खोला नदीमा निर्माण गरिएको तटबन्धनको संख्या र कूल लम्वाई | संख्या/किमि | | | | | | | | | ७ | १३ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खोला तथा नदीको दुवै किनारामा गरिएको वृक्षारोपणले ओगटेको भूमि | हेक्टर | | | | | | | | | ७ | १३ | |
| | | सडक किनारामा गरिएको वृक्षारोपणले ओगटेको भूमि | किमि | | | | | | | | | ७ | १३ | |
| | | संरक्षित जलाधार क्षेत्रहरु | संख्या | | | | | | | | | ७ | १३ | |

## अनुमान तथा जोखिम पक्ष

गाउँपालिका क्षेत्रभित्र रहेका जलाधार क्षेत्रहरु पहिचान र नक्सांकन भएको हुने, सिमसार तथा पोखरीको संरक्षण तथा उचित उपयोग गर्न सुरुवात भएको हुने, हरित पार्क निर्माण तथा व्यवस्थापन भएको हुनेछ । तर जलश्रोत सम्बन्धी अध्ययन, अनुसन्धान, अन्वेषण, प्रविधि विकास तथा विस्तार सम्बन्धी कार्यक्रम, नवीनतम नमूना प्रविधि विकास गर्ने क्रममा लागत बढ्न सक्ने जोखिम रहेको छ ।

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### पृष्ठभूमि

यस गाउँपालिकामा हालसम्म ल्यान्डफलि साइट निर्माण गरिएको छैन। बजार क्षेत्रमा मात्र ढल निकासको व्यवस्थापन भएको छ। परम्परागत ऊर्जा (दाउरा) प्रयोग गर्ने करीब ९० प्रतिशतले गर्ने गरेको भएतापनि घरभित्रको धुवाँबाट मुक्त घरधुरी करीब ७५ प्रतिशत रहेको छ। मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र ५ वटा रहेका छन्। वातावरण संरक्षणका लागि सरकारी स्तरबाट पनि अझ प्रभावकारी नीति निर्माण गरी फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक श्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदूषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन हुन आवश्यक छ । ७५% घरधुरीमा सुधारिएको चुल्हो निर्माण भई घरभित्रको धुँवा नियन्त्रण भएको। सौर्य, विद्युतीय, बायोग्याँस र चिम्नीको प्रयोग न्यून मात्रामा रहेको। हरित पार्क, हरियाली क्षेत्र प्रबर्द्धन नरहेको। अधिकांश घर तथा भवनमा शौचालयको निर्माण भई दुर्गन्ध न्यूनीकरण भएको छ।

### समस्या

फोहोरमैलाको उचित व्यवस्थापन नहुनु, सडकहरु कच्ची तथा नाला र ढलको व्यवस्था सबै स्थानमा नहुनाले ढल निकासको समस्या हुनु, फोहोरमैला उत्सर्जन, बोटल तथा प्लाष्टिकजन्य फोहोर निष्कासनका कारण वायु र पानीजन्य प्रदूषण, प्रदूषण नियमन सम्बन्धी मापदण्डको कार्यान्वयन नहुनु, सार्वजनिक स्थानमा शौचालयको कमी र डस्टबिन संख्या पर्याप्त नहुनु प्रमुख समस्या हुन्। डम्पिङ साइटको व्यवस्था नभएको। प्लाष्टिक तथा शीसाजन्य वस्तुको उचित व्यवस्थापन गर्ने कार्य नभएको। फोहोरलाई वर्गीकरण गरी सङ्कलन गर्ने डस्टबिनको व्यवस्था नभएको। वैकल्पिक ऊर्जाको व्यवस्था र प्रयोग वृद्धि गर्नुपर्ने। सौर्य चुल्हो र बायोग्याँस तथा विद्युतीय चुल्होको प्रयोगमा बढावा दिनुपर्ने।

### चूनौती

वातावरण तथा स्वच्छताको विषयमा नागरिकको सचेतना वृद्धि गर्न, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित गर्न, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय गर्न जस्ता चूनौतीहरु रहेका छन् ।

### सम्भावना तथा अवसर

वातावरण संरक्षणका लागि स्थानीय समुदायसँग सहकार्य मार्फत मानव अनुकूलको वातावरण निर्माणमा सहयोग पुग्नु, फोहोरमैला व्यवस्थापनमा गाउँपालिका सक्रिय रहनु, फोहोरमैला व्यवस्थापन र ढल निकासको विकास हुनु, विकास निर्माणका कार्यमा वातावरणीय प्रभाव मूल्याङ्कनको व्यवस्था हुनु, वातावरण प्रदूषण सम्बन्धी चेतनामूलक कार्यक्रम गाउँपालिका स्तरमा सञ्चालन हुनु जस्ता अवसरहरु रहेका छन् ।

### लक्ष्य

सुरक्षित, वातावरणमैत्री ,जलवायुमैत्री एवम् स्वच्छ पर्यटकिय गाउँपालिकाको निर्माण गर्ने ।

### उद्येश्य

१. वातावरणमैत्री दीगो विकास सुनिश्चितता गर्नु ।

२. सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वातावरणमैत्री नीति, अनुसन्धान, विकास तथा विस्तार गरी पर्यावरणीय पूर्वाधार निर्माण गर्ने।<br>२. फोहोरमैला व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गर्ने<br>३. फोहोरमैला व्यवस्थापन र स्वच्छता कायम गर्न पालिकाको भूमिकामा र नागरिकको सहभागितामा वृद्धि गर्ने ।<br>४. फोहोरमैला व्यवस्थापन, पुनप्रशोधन तथा पुनःप्रयोग विधि अवलम्बन गर्ने । | १. आधारभूत मापदण्ड सहितको प्रत्येक वडामा लैन्डफिल साइटको स्थापना गरिनेछ।<br>२. प्लाष्टिकजन्य तथा शीसाजन्य वस्तुको उचित व्यवस्थापन गरिनेछ।<br>३. गोबर ग्याँस प्लाण्टको स्थापना गरिनेछ।<br>४. डस्टबिनको व्यवस्था गरिनेछ।<br>५. हरेक वडाहरुमा डम्पिङ साइटको व्यवाथा गरिनेछ।<br>६. हरेक टोल तथा सार्वजनिक स्थानमा तीन रंगका डस्टबिनको व्यवस्था गरिनेछ।<br>७. संकलित फोहोरलाई वर्गिकरण गरी उचित व्यवस्थापन गरिनेछ। |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ ।

१. पालिका स्तरीय फोहोरमैला व्यवस्थापन र रिसाइकल, रिकल्चरका लागि डम्पिङ साइट निर्माण गर्ने।
२. हरेक टोलमा छुट्टा छुट्टै तीन खालका फोहोरमैला संकलनको लागि डस्टबीनको व्यवस्था गर्ने।

## विस्तृत कार्यक्रम तथा अपेक्षित उपलब्धी

| विषयगत उपक्षेत्रः वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | पालिका स्तरीय फोहोरमैला व्यवस्थापन र रिसाइकल, रिकल्चरका लागि डम्पिङ साइट निर्माण गर्ने | फोहोरमैलाको व्यवस्थापन भई सरसफाईमा वृद्धि | १५० | ५६ | ९४ | | | | गाउँपालिका / संघीय |
| २ | प्रत्येक वडामा ल्याण्ड फिल। डम्पिङ साइडको निर्माण गर्ने | फोहोरमैलाको व्यवस्थापन तथा वातावरण संरक्षण | ५०० | २०० | १०० | १०० | १०० | | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | हरेक टोलमा छुट्टा छुट्टै तीन खालका फोहोरमैला संकलनको लागि डस्टबीनको व्यवस्था गर्ने | गाउँ शहर सफा हुने | १० | २ | २ | २ | २ | २ | गाउँपालिका / प्रदेश /संघीय |
| ४ | फोहोरमैला संकलन तथा वर्गीकरण गर्ने स्थानको विकास गरि सिसा तथा प्लाष्टिक जन्य फोहोर व्यवस्थापन गर्ने | प्राङ्गारिक तथा कम्पोष्ट मल बनाउन तथा पालिकामा हुने फोहोरको व्यवस्थापन | १०० | १० | २० | २० | ३० | २० | गाउँपालिका / प्रदेश /संघीय |
| ५ | मुख्य सडक छेउछाउमा वृक्षारोपण गर्ने | सफा नगरको सिर्जना हुने | १०० | २५ | २५ | २५ | २५ | | गाउँपालिका / प्रदेश /संघीय |
| कुल लागत (रु.) | | | **८६०** | **२९३** | **२४१** | **१४७** | **१५७** | **२२** | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगो संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | पालिकाले प्रयोगमा ल्याएको फोहोरमैला व्यवस्थापन प्रणालीहरु | संख्या | ० | २ | ४ | ६ | ८ | | | | ७ | १५ | २.१ |
| असर | | (जलाउने, गाड्ने, खोल्सामा फाल्ने, ल्याण्डफिल साइटमा विसर्जन) | संख्या | ० | १ | २ | ४ | ६ | ९ | | | ७ | १५ | २.१ |
| प्रतिफल | | निष्काशित फोहोरमैलाको औषतमा वार्षिक परिमाण | मे.टन | ३५२ | ३६९ | ३८८ | ४०७ | ४२७ | ४४९ | | | ७ | १५ | २.१ |
| | | श्रोतमै फोहोर न्यूनीकरण, वर्गीकरण ( जैविक र अजैविक) गरी व्यवस्थापन गर्ने घरधुरी | संख्या | २५०५ | २७५६ | ३०३१ | ३२४३ | ३४७० | ३७१३ | | | ७ | १५ | २.१ |
| | | फोहोर संकलन एवं पृथकीकरणका लागि फरकफरक रंगका डष्टविनहरु राखिएका सार्वजनिक स्थलहरु | संख्या | १०० | १५० | २०० | २५० | ३०० | ३५० | | | ७ | १५ | २.१ |
| | | फोहोरमैला न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी चेतनामूलक कार्यक्रम संचालित | संख्या | ९ | १८ | २७ | २७ | २७ | २७ | | | ७ | १५ | २.१ |
| | | कम्पोष्ट–विन तथा फोहोर फाल्ने खाडल प्रयोग गर्ने परिवार | संख्या | २५०५ | २७५६ | ३०३१ | ३२४३ | ३४७० | ३७१३ | | | ७ | १५ | २.१ |
| | | फोहोरलाई व्यवस्थित ढंगवाट विसर्जन हुने स्थानहरु (ल्याण्डफिल साइट) | संख्या | ० | ० | १ | १ | २ | ६ | | | ७ | १५ | २.१ |
| | | ढल निकास व्यवस्था भएको वजार क्षेत्र | प्रतिशत | ५ | १० | १५ | २० | २५ | ३० | | | ७ | १५ | २.१ |
| | | ढल निकास प्रणालीवाट लाभान्वित हुन नसकेका घरधुरीहरु | प्रतिशत | ९५ | ८५ | ७५ | ६५ | ५५ | ४५ | | | ७ | १५ | २.१ |

## जोखिम पक्ष तथा अनुमान

फोहोरमैला र ढल निकासका व्यवस्थापनमा गाउँपालिका सक्रिय भएको हुने, विकास निर्माणका कार्यमा वातावरणीय प्रभाव मूल्याङ्कनको व्यवस्था भएको, फोहोरमैला वर्गीकरण गरी संकलन भएको अनुमान गरिएको छ । सबै वडामा फोहोरमैला संकलन केन्द्रको व्यवस्थित रुपमा सञ्चालन गर्न, ल्याण्डफिल साइटको निर्माण कार्य सम्पन्न गरी दीगो र व्यवस्थित ढङ्गले सञ्चालनमा ल्याउन, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय गर्न जोखिमपूर्ण छ ।

# ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

## पृष्ठभूमि

विपद व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पूरानै अवस्थामा पुनरुथापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेको छ । यसरी पूर्वतयारी गर्रिंदा पूर्व अनुमान समेत गरी आवश्यक जनशक्ति, सामग्री, उपकरण, कोषको व्यवस्था र जोखिमयुक्त स्थानको पहिचानका साथै जोखिम न्यूनीकरणका मापदण्डको गम्भीरपूर्वक परिपालना गर्नुपर्छ । यस गाउँपालिकामा विपद व्यवस्थापनलाई ध्यानमा राखेर दीगो र वातावरणमैत्री योजना अवलम्बन तथा जैविक विविधता र प्राकृतिक श्रोतको संरक्षण, सम्वर्द्धन र दीगो उपयोग गरी, जल वायु अनुकूलन तथा न्यूनीकरण पद्धतिको अवलम्बनका साथै वन, भू तथा जलाधार, विपद र फोहरमैला व्यवस्थापन गरी वातावरण मैत्री विकासको माध्यमबाट हरित र सफा नगर विकास गर्नुपर्छ। सुख्खा, खडेरी लाग्ने सम्भावना न्यून रहेको, जलश्रोत प्रचुर रहेको। गर्मी बढिरहेकोले उच्च पहाडी क्षेत्रमा पनि सुन्तला जातीको फलफूल उत्पादन हुने गरेको। वनजङ्गलको वाहुल्यता रहेको। यस पालिका भित्र प्रशस्त पानीको मूल रहेको छ।

## समस्या

जोखिम नक्साकंन नहुनु, विपद जोखिम न्यूनीकरण कार्ययोजना नहुनु, विपद व्यवस्थापनको लागि जनशक्ति, उद्धार सामाग्री, प्रविधि संयन्त्र र कोषको व्यवस्थापन गरी राहत, उद्धार र पूर्नस्थापन गर्न नसक्नु, विज्ञताको कमी, विकास निर्माण गर्दा विपद जोखिम पक्षलाई ध्यान नदिनु, स्वास्थ्य संस्थामा पूर्वाधारको कमी, सुरक्षित आवास गृह नभएको आदि यस क्षेत्रका प्रमुख समस्या हुन् । जलवायु परिवर्तन बाट हुने क्षती न्यूनीकरण कोषको आवश्यकता, श्रोत संरक्षण। मुल संरक्षण वृक्षारोपण, अतिवृष्टि, बाढी, पहिरो भूक्षय हुने गरेको। चट्याङ पर्ने र जनधनको क्षति हुने गरेको। भूकम्पले कच्ची घर भत्किएर जनधनको क्षति हुन सक्ने। आधीबेहेरी चल्ने, बालनाली नष्ट गर्ने, घरको छानो उडाउने। आगलागी, वनडढेलो लाग्ने।

## चूनौती

विपद् व्यवस्थापनको महत्वपूर्ण पाटो पूर्वानुमान सूचना प्रणालीको प्रभावकारी व्यवस्था गर्न, विपद् व्यवस्थापन सम्वन्धी पूर्व सूचना प्रणालीको व्यवस्था गरी जनतालाई सचेत गराउन, विपद व्यवस्थापनको लागि जनशक्ति, उद्धार सामग्री, प्रविधि संयन्त्र र कोषको व्यवस्थापन गरी राहत, उद्धार र पुर्नस्थापन गर्न, शहरी क्षेत्रमा खुला स्थलको कमी, क्षति न्यूनीकरण सम्बन्धी अध्ययन अनुसन्धानमा कमी यस क्षेत्रका प्रमुख चूनौती हुन् ।

## सम्भावना तथा अवसर

नदी प्रणाली व्यवस्थित गर्ने, नँया वन्ने नीति तथा योजनाहरूमा जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने, नयाँ बन्ने संरचना तथा पूर्वाधारहरू निर्माण गर्दा विपद् व्यवस्थापनलाई ध्यान दिएर निर्माण गर्ने, खुला क्षेत्र संरक्षण गर्ने, विपद् उत्थानशील शहर तथा एकीकृत वस्ती विकास, सबै प्रकारका विपदको सामना गर्न आधुनिक प्रविधियुक्त संरचना र दक्ष जनशक्तिको विकास गर्ने तथा विकास साझेदारहरूबाट प्राप्त सहयोगलाई प्रभावकारी रूपमा परिचालन गरी आत्मनिर्भर बन्नेजस्ता अवसरहरू रहेका छन्।

## लक्ष्य

प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्ने ।

## उद्येश्य

१. जोखिम न्यूनीकरण र पुनरुथापनाका लागि भरपर्दो पूर्वाधार र संयन्त्रको निर्माण गर्नु ।

२. जोखिममा परेका वस्तीहरु सुरक्षित स्थानमा स्थानान्तरण गर्नु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपद जोखिम न्यूनीकरण र व्यवस्थापनलाई प्रभावकारी बनाउने ।<br>२. जलवायु परिवर्तनबाट हुने क्षति न्यूनीकरण गर्ने र जोखिममा रहेका वस्तीहरु संरक्षण गर्ने। | १. आधुनिक प्रविधि सहितको पहाडी क्षेत्रका लागि उपयोग गर्न मिल्ने दमकलको व्यवस्थापन गरिनेछ ।<br>२. विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ।<br>३. विपद पूर्वतयारी र प्रतिकार्य योजना तयार गरिनेछ ।<br>४. आगलागि नियन्त्रणको लागि पालिकामा एउटा दमकल खरीद गरिनेछ।<br>५. आगलागी, भूकम्प, चटयाङ, आँधीहुरी, बाढीपहिरो आदि बाट बच्ने उपायको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>६. अनुकुलन आयोजना सञ्चालन गरिनेछ। |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ ।

- आधुनिक प्रविधि सहितको पहाडी क्षेत्रका लागि उपयोग गर्न मिल्ने दमकलको व्यवस्थापन गर्ने ।
- विपद पूर्वतयारी र प्रतिकार्य योजना तयार गर्ने ।
- आगलागी, भूकम्प, चटयाङ, आँधीहुरी, बाढीपहिरो आदि बाट बच्ने उपायको लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने
- अनुकुलन आयोजना सञ्चालन गर्ने

## विस्तृत कार्यक्रम तथा अपेक्षित उपलब्धी

| विषयगत उपक्षेत्र: विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | वारुणयन्त्र खरीद गर्ने | आगलागी नियन्त्रण | १५० | | १५० | | | | गाउँपालिका / प्रदेश /संघीय |
| २ | पानीपोखरी निर्माण र पानी व्यवस्थापन | चिस्यान व्यवस्था, पानीको आपूर्ति | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | अनुकुलन आयोजना | जलवायु परिवर्तन बाट हुने असर र क्षतिबाट बचाऊ | १०० | २० | २० | २० | २० | २० | गाउँपालिका / प्रदेश /संघीय |
| ४ | विपद सम्बन्धी सावधानीको पूर्व तैयारी गर्ने सम्बन्धी जनचेतनामुलक कार्यक्रम | दैवी प्रकोपबाट हुने क्षति न्युनिकरण हुने | १०० | २० | २० | ३० | ३० | | गाउँपालिका / प्रदेश /संघीय |
| कुल लागत (रु.) | | | ४०० | ५० | २०० | ६० | ६० | ३० | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्टयाइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगो संकेत | दिविल संकेत | प्रमस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | विपदको समयमा आश्रय लिन सक्ने संरक्षित खुल्ला स्थान | संख्या | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | | | ६ | ११ | ३.१ |
| असर | | आपतकालीन उद्धार गर्न तालिम प्राप्त स्वयंसेवक | संख्या | ० | २५ | ५० | ७५ | १०० | १२५ | | | ६ | ११ | ३.१ |
| प्रतिफल | | विपद व्यवस्थापन स्थानीय कोषमा भएको रकम | रु. लाख | | | | | | | | | ६ | ११ | ३.१ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विपद व्यवस्थापनमा क्रियाशील संघ-संस्था | संख्या | १ | १ | १ | १ | १ | १ | | | ६ | ११ | ३.१ |
| | | विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु | संख्या | ० | ९ | ९ | ९ | ९ | ९ | | | ६ | ११ | ३.१ |
| | | विपद प्रतिकार्यका लागि आपतकालीन नमूना अभ्यास | संख्या | ० | १ | ३ | ६ | ९ | १५ | | | ६ | ११ | ३.१ |
| | | प्राकृतिक, गैरप्राकृतिक विपद व्यवस्थापनका जनचेतनामूलक कार्यक्रमहरु संचालन | संख्या | ० | १० | १० | १० | १० | १० | | | ६ | ११ | ३.१ |
| | | विपद व्यवस्थापनका लागि परिचालन गरिने कर्मचारी तथा स्वयंसेवकहरुका लागि क्षमता विकास कार्यक्रम | संख्या | ० | २५ | ५० | ७५ | १०० | १२५ | | | ६ | ११ | ३.१ |
| | | आगो निभाउने उपकरण (इष्टिङगिसर) भएका घरधुरी | संख्या | ० | १० | २० | ४० | १०० | १५० | | | ६ | ११ | ३.१ |
| | | आपतकालीन उद्धारका लागि एम्वुलेन्स तथा वरुणयन्त्रको व्यवस्था | संख्या | ० | ० | १ | २ | २ | २ | | | ६ | ११ | ३.१ |
| | | विपदका सम्भावित कारक र न्यूनीकरणका उपाय विषयमा भएका अध्ययन अनुसन्धान | संख्या | ० | ० | १ | ० | ० | ० | | | ६ | ११ | ३.१ |
| | | जलवायु परिवर्तन न्यूनीकरणका उपाय हरु (वनफाडनी, डढेलो, वाढी पहिरो नियन्त्रण) सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन | संख्या | ० | ९ | ९ | ९ | ९ | ९ | | | ६ | ११ | ३.१ |
| | | जमिनमुनि पानी रिचार्ज हुने उपायहरु ( आकाशेपानी संकलन, कुवा, पोखरी, इनार निर्माण) कार्यान्वयन भएका कार्यक्रमहरु | संख्या | ० | ० | २ | २ | २ | २ | | | ६ | ११ | ३.१ |

## अनुमान तथा जोखिम पक्ष

आपतकालीन कार्य संचालन केन्द्रमा आधुनिक प्रविधि, पर्याप्त उपकरण र दक्ष जनशक्तिको व्यवस्था भएको हुने, आधुनिक प्रविधि सहितको पहाडी क्षेत्रका लागि उपयोग गर्न मिल्ने दमकलको व्यवस्थापन भएको हुने अनुमान गरिएको छ । भूक्षय तथा पहिरो नियन्त्रणका लागि साथै नदिजन्य विपद जोखिम नियन्त्रण जस्तै खोला कटान नियन्त्रणका लागि बायो इन्जिनियरिङ्ग कार्यहरु गर्न जोखिमपूर्ण रहेको छ ।

# परिच्छेद आठ

# संस्थागत विकास तथा सुशासन क्षेत्र

संविधानले सावर्जनिक प्रशासनमा सुशासनको प्रत्याभुति गर्ने, मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै विधिको शासन कायम राखे, राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने, भ्रष्टाचार र अनियमतता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने नीति लिएको छ । विकासको प्रतिफल प्रत्येक जनतालाई समानुपातिक तथा प्रजातान्त्रिक हिसाबले प्राप्त गर्ने वातावरण तयारीको लागि जनतालाई गरिने सेवा प्रवाहमा सु—शासन कार्य गर्नु गराउनु राज्यको दायित्व हो । राज्यको स्थानीय नेतृत्व समेतको भूमिका निर्वाह गरेको गाउँपालिकाले सेवा प्रवाहमा सुधार गरी जनतालाई सुशासनको प्रत्याभूति गराउनु पर्दछ । यसको लागि गाउँपालिकाले आफ्नो प्रशासनलाई सवलीकरण गरी सबै जनतालाई सेवा प्रवाह गर्नुमा समेत ध्यान दिनु पर्दछ ।

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ संस्थागत विकास, मानव संसाधन विकास तथा सेवा प्रवाह

#### पृष्ठभूमि

गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन, व्यवस्थित गर्न तथा विकासको प्रतिफल आम गाउँबासीहरुलाई समानुपातिक रुपमा उपलब्ध गराउन समेत गाउँपालिकाको संगठन विकास योजना र जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । प्रत्येक कर्मचारीको कार्य विवरण प्रष्ट हुने गरी तयार गरी लागू गर्नुपर्ने देखिन्छ । यसका लागि गाउँपालिकाको आवश्यक नीति तर्जुमा गर्दै समयानुकुल परिवर्तन गर्दै लैजानु पर्दछ र आवश्यक जनशक्ति परिपूर्ति गर्नु पर्दछ । पालिका तथा वडा कार्यालय, अस्पताल तथा मा.वि.मा इन्टरनेटको सुविधा रहेको छ।सेवा प्रवाह अनलाइन मार्फत गरिएको छ। पालिकामा सिसिक्यामेरा जडान गरिएको तर वडा कार्यालयहरुमा जडान भएको छैन। विद्युतीय हाजिरी जडान गरिएको छ। विद्युतीय बोलपत्र अभ्यास भएको छ।वेबसाइटमा आधारभूत सूचना राख्ने गरिएको छ। नागरिक वडापत्र अनुसार सेवा प्रदान गरि सेवा प्रवाहलाई जवाफदेहितासँग जोडिएको छ । आवश्यकता अनुरुप मानव संसाधन नभए पनि गाउँपालिकामा विभिन्न संस्था र मानव संसाधन रहेको। पर्यटकीय, स्वास्थ्य, कृषि, शिक्षा, सहकारी आदि क्षेत्रमा उपयुक्त संस्थागत संरचनाहरु रहेको। प्रत्येक सार्वजनिक स्थानहरुमा नागरिका वडापत्रहरु रहेको। साथै सेवाग्राहीहरुको लागि सहायता कक्षहरु रहेको। दक्ष प्रशिक्षकहरुबाट सीपमुलक तालिमको व्यबस्था हुदै आइरहेको।

#### समस्या

स्थानीय सरकार सञ्चालनमा अनुभवको कमी हुनु, गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा सुशासन कायम गर्ने ज्ञान, सीप र दक्षताको कमी हुनु, कर्मचारीहरुमा सुशासन सम्बन्धी पर्याप्त तालिम र प्रशिक्षणको अवसर प्राप्त नहुनु, सेवा प्रवाहमा प्रविधि प्रयोगको कमी हुनु, सेवा प्रवाह सरल, सहज, निष्पक्ष, पारदर्शी र जनमुखी हुन नसक्नु, समायोजन प्रकृयाले कर्मचारी स्थायित्व कायम हुन नसक्नु आदि यस क्षेत्रका समस्याहरु हुन् । प्रविधि तथा कर्मचारीको अभाव हुदै आईरहेको छ। कृषि, पर्यटन, शिक्षा टेम्केमैयुङको मुल नारा भएता पनि उचित मानव संसाधनको विकास हुन नसकेको। सेवा प्रवाहमा आधुनिकता आउन नसकेको। परम्परागत शैलीमा नै सेवा प्रवाह हुदै आइरहेको छ।

#### चूनौती

कर्मचारीको पदपूर्ति गरी सबै वडा तथा विषयगत शाखाहरुमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्न, संघीय सरकारबाट खटिने कर्मचारीहरुमा स्थायित्व ल्याउन, समायोजित कर्मचारीहरुलाई स्थानीय सेवा अनुसार सञ्चालन गरी व्यवस्थित गर्न, स्थानीय

स्तरमा रहेका केन्द्रीय, प्रादेशिक निकाय/कार्यक्रम तथा गैरसरकारी संस्थासँग प्रभावकारी समन्वय कायम गर्न, तथ्याङ्कलाई व्यवस्थित गरी विद्युतीय प्रणालीमा आबद्ध गर्न, तथ्याङ्क तथा वस्तुगत विवरणलाई वार्षिक रुपमा अध्यावधिक गर्न, योजना र तथ्याङ्क बीच तादात्म्यता कायम गर्न, पूर्व सम्भाव्यताका आधारमा आयोजनाहरुको छनौट र कार्यान्वयन गर्न, दामासाहीमा आधारित बजेट वितरणको कार्यलाई योजना अनुशासनमा ल्याउन, संघीय र प्रादेशिक योजना कार्यक्रमको स्थानीय तहसँग समन्वय मिलाउन र योजनागत दोहोरोपना हटाउन, योजना अभिलेख व्यवस्थापन अध्यावधिक गर्न, नियमित अनुगमन गरी निर्धारित समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्न जस्ता चूनौतीहरु छन् ।

## सम्भावना तथा अवसर

स्थानीय योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा स्थानीय तहलाई पूर्ण अधिकार हुनु, स्थानीय कार्यक्षेत्र भएका गै.स.सं.हरु स्थानीय योजना प्रणालीमा आबद्ध हुँदै जानु,, नेपाल सरकारबाट योजना प्रणालीका सम्बन्धमा नमूना कार्यविधिहरु उपलव्ध हुनु, अधिकांश विकास आयोजना तथा कार्यक्रमहरुले स्थानीय प्रतिनिधिकै संयोजकत्वमा आयोजना छनौट गर्ने अभ्यास गर्नु, विकास योजना सम्बन्धमा सामाजिक सचेतना बढ्दै जानु, योजना तर्जुमा सम्बन्धी समितिहरु क्रियाशील रहनु जस्ता अवसरहरु छन् ।

## लक्ष्य

सक्षम मानव संसाधनको माध्यमबाट जवाफदेही र उत्तरदायी संस्थागत सेवा प्रदान गर्ने ।

## उद्येश्य

१. सक्षम, दक्ष र प्रविधिमैत्री मानव संशाधन तथा प्रभावकारी संस्थागत विकास गर्नु ।
२. सेवा प्रवाहमा सुधार गरी सुशासन कायम गर्नु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्थानीय सरकारको प्रत्याभूति दिन सक्ने उच्च मनोवल युक्त जनप्रतिनिधि र प्रशासनको व्यवस्था गर्ने ।<br>२. प्रभावकारी संस्थागत विकासका निम्ति लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा विशेष जोड दिने ।<br>३. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउनु ।<br>४. सेवा प्रवाहमा आधुनिक डिजिटल प्रविधिको प्रयोग गर्ने । | १. गाउँपालिकाको क्षमता विकास कार्ययोजना वार्षिक रुपमा तयार गरी कार्यान्वयन गरिनेछ ।<br>२. एकीकृत अनलाईन सफ्टवेयरको प्रयोग गरी एकद्वार सेवा तथा कार्यलयको एकीकृत रेकर्ड अद्यावधिक राखिनेछ ।<br>३. दरबन्दी अनुरुपको कर्मचारीको माग गर्ने।<br>४. कर्मचारीहरुको लागि आधुनिक सीप तथा दक्षता विकासको तालिमको व्यवस्था गर्ने।<br>५. प्रविधि र प्राविधिक जनशक्तिको विकासको लागि अन्य संघसंस्थाहरु सँग समन्वय तथा सहकार्य गरि स्थानीय तवरमा नै मानव संसाधन विकास गर्न पहल गर्ने।<br>६. सूचना प्रवाह तथा सेवा प्रदान गर्नको लागि डिजिटल माध्यमलाई सबै वडागत रुपमा विस्तार गर्ने |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ ।
१. डिजिटल नागरिक वडापत्र तथा कार्यालय बोर्डको निर्माण गर्ने।

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्रः मानव संसाधन, संस्थागत विकास तथा सेवा प्रवाह | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | डिजिटल नागरिक वडापत्र तथा कार्यालय बोर्डको निर्माण गर्ने | सेवाको बारेमा सर्वसाधारणमा सचेतनामा सहज हुने | ५० | | २५ | २५ | | | गाउँपालिका / प्रदेश /संघीय |
| २ | एकीकृत विद्युतीय सेवा/सफ्टवेयर निर्माण गर्ने | कार्यक्रमको बारेमा सजिलो सँग जानकारी हुने | ५० | | २० | १५ | १५ | | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | एकीकृत अनलाइन प्रतिवेदन प्रणालीको विकास गर्ने | प्रतिवेदन निर्माणमा सहजता हुने | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| ४ | कर्मचारी व्यक्तिगत विद्युतीय प्रणालीमा अद्यावधिक कार्यक्रम | कर्मचारीको क्षमताको बारेमा पालिकालाई जानकारीमा सहज हुने | ५० | | २५ | २५ | | | गाउँपालिका / प्रदेश /संघीय |
| ५ | हेल्प डेस्क/ शिशु हेरचाह केन्द्रको स्थापन गर्ने | जानकारीमा सहज पहुँच हुने तथा आमा समुहको पहुँचमा सरकारी काम हुने | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| ६ | गाउँपालिकाको आर्थिक केन्द्र र व्यस्त बजार क्षेत्रमा बैंकसँग सहकार्य गरी नगद रहित कारोबारलाई प्रोत्साहन गर्न प्रत्येक पसलमा QR Code राखी डिजिटल कारोबार | | २५ | ५ | ५ | ५ | ५ | ५ | गाउँपालिका |
| ७ | कर्मचारी सीप विकास तथा क्षमता अभिबृद्धि तालिम | | ५० | १० | १० | १० | १० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| कुल लागत (रु.) | | | ३२५ | ३५ | १०५ | १०० | ५० | ३५ | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ ।८२ | २०८२ ।८३ | २०८३ ।८४ | २०८४ ।८५ | २०८५ ।८६ | | | | | |
| प्रभाव | | पालिका अन्तर्गत क्रियाशील शाखा, उपशाखा, इकाइ, सेवा केन्द्रहरु | संख्या | | | | | | | | | २ | ४ | १.२ |
| असर | | पालिकामा कार्यरत कूल जनशक्ति : अधिकृत तह र सोभन्दा मुनी | संख्या | | | | | | | | | २ | ४ | १.२ |
| प्रतिफल | | पालिकामा कार्यरत प्राविधिक जनशक्ति (स्थायी र अस्थायी) | संख्या | | | | | | | | | २ | ४ | १.२ |
| | | कार्यसम्पादन करार गरिएका कूल कर्मचारी | संख्या | | | | | | | | | २ | ४ | १.२ |
| | | कार्य विवरण दिई कार्यसम्पादन गर्ने कर्मचारी | संख्या | | | | | | | | | २ | ४ | १.२ |
| | | संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसार पदपूर्ति गर्नुपर्ने र पदपूर्ति भएका कर्मचारी | संख्या | | | | | | | | | २ | ४ | १.२ |
| | | प्रति एक सेवाग्राहीलाई सेवा प्रवाह गर्न लाग्ने औषत समयावधि | घण्टा | | | | | | | | | २ | ४ | १.२ |
| | | क्षमता विकास कार्यक्रमवाट लाभान्वित जनप्रतिनिधि र कर्मचारी | संख्या | | | | | | | | | २ | ४ | १.२ |
| | | क्षमता विकास कार्यक्रमवाट लाभान्वित सरोकारवाला, संघसंस्था, गैसस | संख्या | | | | | | | | | २ | ४ | १.२ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संस्थागत क्षमता स्वमूल्याङ्कनमा प्राप्ताङ्क | प्राप्ताङ्क | | | | | | | | | २ | ४ | १.२ |
| | | उत्कृष्ट कार्यसम्पादन गरेवापत पुरष्कृत कर्मचारी | संख्या | | | | | | | | | २ | ४ | १.२ |
| | | पालिका केन्द्र तथा वडा कार्यालयको आफ्नै भवन | संख्या | | | | | | | | | २ | ४ | १.२ |

## जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको वेवसाइट नियमित रुपमा अध्यावधिक भएको हुने, एकीकृत सफ्टवेयर प्रणालीको प्रयोग भएको हुने अनुमान गरिएको छ । संघ, प्रदेश एंव सरोकारवाला निकायहरू बीच प्रभावकारी समन्वय, दक्ष जनशक्ति र पर्याप्त श्रोत साधनको उपलब्धता भएमा अपेक्षित उपलब्धी हाँसिल हुने देखिन्छ र यी विषयहरूको कमी भएमा अपेक्षित नतिजा हाँसिल गर्न कठिनाई हुने जोखिम रहेको छ ।

## ८.१.२ सुशासन ऐन नियम तथा पारदर्शिता तथा न्याय

### पृष्ठभूमि

गाउँपालिकाको संस्थागत विकास योजना तर्जुमा गर्दा विकेन्द्रीकरण, स्वशासन एवं जनताको सक्रिय तथा सार्थक सहभागिता, स्थानीय श्रोत तथा सीपको उच्चतम प्रयोग, संस्थागत समन्वय र संजाल स्थापनाको अवधारणा, नागरिक समाज र निजी क्षेत्रको साझेदारी, संगठनात्मक क्षमता र दक्षता अभवृद्धि जस्ता कुराहरुलाई ध्यान दिनु पर्दछ । यसका साथै संस्थागत विकास योजना तर्जुमा गर्दा गाउँ क्षेत्रमा सेवा प्रवाह गर्ने सरकारी, गैर सरकारी र निजी क्षेत्रका निकायहरुको क्षमता विकासलाई ध्यानमा राखी सबैको समान सहभागितालाई योजनाले आत्मसाथ गरेको हुनुपर्छ । आफ्नै भवन भएका वडा कार्यालय र गाउँपालिका भवन सहित ५ वटा छन् । हालसम्म तर्जुमा भएका १८ वटा, विविध ऐन , नियमावली तथा कार्यविधि र राजपत्रमा प्रकाशित हुने गरेका छन्। कानून तर्जुमा गर्दा सरोकारवालाहरुसँग छलफल गर्ने गरिएको छ । कर्मचारी हाजिरीहरु हाजिरी किताबमा हुने गरेको। योजना छनौट सहभागितामूलक हुने गरेको। समय व्यवस्थापन उचित रुपमा हुने गरेको। सेवा प्रवाह मुस्कान सहित सहज रुपमा हुने गरेको । सबैजातजाति भाषा धर्म लिङ्ग आदिलाई सकारात्मक विभेदका आधारमा समान अवसर दिइएको।

### समस्या

गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा सुशासन कायम गर्ने ज्ञान, सीप र दक्षताको कमी हुनु, कर्मचारीहरुमा सुशासन सम्बन्धी पर्याप्त तालिम र प्रशिक्षणको अवसर प्राप्त नहुनु, कानून पूर्ण रुपमा दर्ता नहुनु, सेवा प्रवाहमा प्रविधि प्रयोगको कमी हुनु, सेवा प्रवाह सरल, सहज, निष्पक्ष, पारदर्शी र जनमुखी हुन नसक्नु, समयोजन प्रकृयाले कर्मचारी स्थायित्व कायम हुन नसक्नु आदि यस क्षेत्रका समस्याहरु हुन् । डिजिटल हाजिरी नभएको। योजना वितरणमा सहभागितात्मक तथा अपनत्व विकास हुने खालको बनाउन कमी देखिइएको। प्रभावकारी काम सम्पन्न गर्न अझै सुधार गर्नु पर्ने।

### चूनौती

सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनमुखी र सहभागितामूलक बनाई सुशासन कायम गर्न, कर्मचारीहरुलाई सुशासन सम्बन्धी तालिम प्रदान गरी दक्षता अभिवृद्धि गर्न, गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी ढङ्गले सञ्चालन गर्न, गाउँपालिकाका वडा कार्यालय र सम्बन्धित शाखाहरुको भौतिक पूर्वाधार निर्माण गर्न, सूचना तथा आधुनिक प्रविधिको व्यवस्था गर्न, योग्य, दक्ष र प्राविधिक कर्मचारीको व्यवस्था गर्न, निर्वाचित जनप्रतिनिधिहरुलाई जनउत्तरदायी, जिम्मेवार र जवाफदेही बनाई सुशासन कायम गर्न जस्ता चूनौतीहरु रहेका छन् ।

### सम्भावना तथा अवसर

स्थानीय तहको एकल अधिकार भित्रका कानून निर्माण गरी जनशक्ति परिचालन गर्ने अधिकार हुनु, आर्थिक कार्य प्रणाली व्यवस्थित गर्ने सम्बन्धी आर्थिक ऐन र अन्य ऐन कानूनहरु तर्जुमा हुनु, समावेशी प्रतिनिधित्व सहित निर्वाचित प्रतिनिधिबाट स्थानीय तहको सञ्चालन हुनु, संवैधानिक तथा कानूनी रुपमा नै वित्तीय हस्तान्तरणबाट निश्चित श्रोतको सुनिश्चितता रहनु, स्थानीय तवरमा विकास साझेदारहरुको उपस्थिति र सकारात्मक सहयोगको वातावरण हुनु आदि यस क्षेत्रका प्रमुख अवसरहरु हुन् ।

### लक्ष्य

तथ्याङ्क प्रणालीलाई व्यवस्थित बनाउँदै सबल सुशासन कायम गर्नु । सुशासन प्रबर्द्धन गरि प्रभावकारी सेवा प्रदान गर्ने

### उद्येश्य

१. संस्थागत सुशासन कायम गर्नु ।

२. तथ्याङ्क प्रणाली व्यवस्थित र सुदृढ गर्नु ।

३. सुशासन प्रबर्द्धन गरि प्रभावकारी सेवा प्रदान गर्नु ।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. संस्थागत सुदृढीकरण गर्ने ।<br>२. तथ्य र तथ्याङ्कमा आधारित योजना प्रणाली स्थापित गर्ने । | १. सुविधासम्पन्न पालिका भवन निर्माण गरिनेछ।<br>२. सुविधा सम्पन्न वडा कार्यालय भवनहरु निर्माण गरिनेछ।<br>३ संगठन तथा व्यवस्थापन अध्ययन गरी संगठनात्मक पुर्नसंरचना गरिनेछ ।<br>४ दरबन्दी अनुसार कर्मचारीहरुको पद पूर्ति गरिनेछ ।<br>५ कर्मचारी र पदाधिकारीहरुको क्षमता विकास गरिनेछ ।<br>६ सेवा प्रवाहमा विद्युतीय माध्यम प्रयोग गरिनेछ।<br>७ पालिकाको वेबसाइटमा निर्मित ऐन कानून सार्वजनिक गर्ने।<br>८ न्यायिक समितिको लागि इजलास कक्ष निर्माण गरिनेछ।<br>९ वस्तुगत विवरण तयार गर्दा प्राकृतिक श्रोत र सेवा सुविधाहरुको पहुँच सहितको श्रोत नक्साहरु तयार गरी वार्षिक रुपमा अध्यावधिक गरिनेछ ।<br>१० वस्तुगत विवरण र श्रोत नक्साहरुलाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ ।<br>११ गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्र स्थापना गरिनेछ ।<br>१२ भौगोलिक, सामाजिक, आर्थिक, संस्थागत, लैङ्गिक लगायतका विषय क्षेत्रका खण्डिकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गरिनेछ । |

## प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ ।

१. कर्मचारी र पदाधिकारीहरुको क्षमता विकास गरिनेछ ।

२. गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्र स्थापना गरिनेछ ।

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्रः सुशासन,ऐन, कानून तथा न्यायिक व्यवस्था | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (गाउँपालिका आफै, प्रदेशसंग समन्वयमा गर्ने, सङ्घिय सरकारको समन्वयमा गर्ने) |
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | संगठन तथा व्यवस्थापन अध्ययन तयार एंव कार्यान्वयन | | १५ | १५ | | | | | गाउँपालिका / प्रदेश /संघीय |
| २ | स्थानीय पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गर्ने | क्षमतावान कर्मचारीको विकास हुने | २५ | ५ | ५ | ५ | ५ | ५ | गाउँपालिका / प्रदेश /संघीय |
| ३ | सार्वजनिक सुनुवाइ (प्रत्येक त्रैमासिक) कार्यक्रम | सर्वसाधारणहरुमा पालिकाको आय व्यय विवरणको बारेमा जानकारी हुने | ४० | ८ | ८ | ८ | ८ | ८ | गाउँपालिका / प्रदेश /संघीय |
| ४ | मध्यावधि खर्च संरचना निर्माण | | १५ | | | १५ | | | गाउँपालिका / प्रदेश /संघीय |
| ५ | पालिकामा मेलमिलाप केन्द्र स्थापना गर्ने | | ३० | | १५ | १५ | | | गाउँपालिका / प्रदेश /संघीय |
| ६ | न्यायिक समितिको क्षमतामा विकास गर्ने | न्यायिक सम्पादनमा वृद्धि हुने | ५५ | ५ | १० | १० | २० | १० | गाउँपालिका / प्रदेश /संघीय |
| ७ | ऐन, नियम निर्माण (खरीद, आन्तरिक नियन्त्रण, अनुगमन मूल्याङ्कन, स्थानीय सेवा, पूर्वाधार आदि) | | १५ | ३ | ३ | ३ | ३ | ३ | गाउँपालिका |
| कुल लागत (रु.) | | | **१९५** | **३६** | **४१** | **५६** | **३६** | **२६** | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत | प्रमस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | स्थानीय कानून, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव दिने माध्यमहरु | संख्या | ५ | ७ | ७ | ८ | ९ | ९ | | | ८ | १६ | २.३ |
| असर | | नियमावली वनाई पालिका सभाले गठन गरेका समितिहरु (विधायन, सुशासन, लेखा आदि समितिहरु) | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | | | ८ | १६ | २.३ |
| प्रतिफल | | नियमावली वनाई कार्यपालिकाले गठन गरेका समिति, उपसमितिहरुको संख्या | संख्या | | | | | | | | | ८ | १६ | २.३ |
| | | नागरिक वडापत्र अनुसार सेवा प्रवाहमा क्षतिपूर्ति गरिएको | संख्या | - | १ | २ | ३ | ४ | ५ | | | ८ | १६ | २.३ |
| | | अभ्यास भएका सामाजिक जवाफदेहिता का औजारका प्रकारहरु | संख्या | - | | | | | | | | ८ | १६ | २.३ |
| | | वर्षभरीमा भएका सार्वजनिक सुनुवाई | संख्या | १ | २ | ३ | ४ | ४ | ४ | | | ८ | १६ | २.३ |
| | | हेल्प डेष्कवाट लाभान्वित सेवाग्राही | प्रतिशत | ५ | १० | २० | ४० | ६० | ८० | | | ८ | १६ | २.३ |
| | | पालिकामा पेश भएका सेवा प्रवाह सम्बन्धी गुनासो सुनुवाईको फछ्यौंट | प्रतिशत | - | १० | २० | ३० | ४० | ६० | | | ८ | १६ | २.३ |
| | | कूल दर्ता मध्ये न्यायिक समितिवाट फछ्र्यौट भएका मुद्दाहरु | प्रतिशत | | | | | | | | | ८ | १६ | २.३ |
| | | उपलव्ध अनलाइन सेवाका प्रकारहरु ( निवेदन, सिफारिस, पञ्जीकरण....) | संख्या | ५ | ७ | ९ | ११ | १३ | १५ | | | ८ | १६ | २.३ |
| | | अनलाइन सेवावाट लाभान्वित सेवाग्राही | प्रतिशत | | | | | | | | | ८ | १६ | २.३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पालिकाको मोवाइल एप्स प्रयोगकर्ताहरु | संख्या | - | - | २५ | ४० | ५० | ६० | | | ८ | १६ | २.३ |
| | | पालिकावाट प्रकाशित दस्तावेज एवं प्रतिवेदनहरु | संख्या | | | | | | | | | ८ | १६ | २.३ |

## अनुमान तथा जोखिम पक्ष

संघीय प्रशासनिक पुनःसंरचना अनुसार प्रशासनिक संरचना, कायार्लय एवम् कमर्चारीको व्यवस्थापन हुन नसकेमा आयोजना सञ्चालनमा समस्या उत्पन्न हुन सक्ने, संघ, प्रदेश र स्थानीय तहमा अधिकारको बाँडफाँट सम्बन्धमा देखिएको समस्याले योजनाको कार्यान्वयनमा ढिलाइ हुन सक्ने जोखिम देखिन्छ । साथै कानूनी तथा नीतिगत सुधार हुन नसकेमा कुनै पनि आयोजनाले अपेक्षित गति लिन नसक्ने देखिन्छ ।

# ८.२ वित्तीय श्रोत परिचालन

## विद्यमान अवस्था

गाँउपालिकाले संघीय समानीकरण र सशर्त साथै प्रदेश समानीकरण अनुदान, सशर्त अनुदान र समपुरक अनुदान पाउँदै आएको छ। लक्षित वर्ग नै छुट्याएर कमसेकम बजेटको व्यवस्था हुने गरेको छ। इलोक्ट्रोनिक फन्ड ट्रान्सफरको माध्यमबाट भुक्तानी हुने गरेको तथा सामाजिक सुरक्षा बैंकिङ प्रणालीद्वारा भुक्तानी गर्ने गरिएको। विद्युतीय बोलपत्र अभ्यास गरिएको छ। गाउँपालिकाको आम्दानी वृद्धि गरी सो आम्दानीलाई विकासमा लगानी गर्न सकेमा विकासले गति लिने निश्चित छ । यसको लागि गाउँपालिकाले राजश्व सुधारका कार्यक्रमहरु संचालन गर्दै जानुपर्ने देखिन्छ । बहु विद्याबाट वित्तिय श्रोत सिर्जना गर्ने सकिने अवसर। निर्माण तथा अन्य क्रियाकलापको लागि बजेट अपुग हुने गरेको ।लगानी क्षेत्र धेरै भए पनि अन्य संस्थाहरुमा आश्रित हुने पर्ने बाध्यता रहेको। आन्तरिकको श्रोत कम भएपनि समय सापेक्षरुपमा राजस्वमा वृद्धि हुदै गइराखेको। शिर्षकगत बजेट समयमा नै निकाशा हुने गरेको।

## समस्या

गाउँपालिकामा आन्तरिक श्रोतमा कमी भएको,, प्रदेश सरकारको बजेट समेत कटौती हुनु, संघीय समपुरक र विशेष अनुदान साथै प्रदेशको विशेष अनुदान नहुनु, पूँजीगत बजेट कम हुनु, वेरुजु फछ्र्यौट योजना नहुनु, आन्तरिक आय वृद्धि गर्ने योजना नहुनु, सार्वजिनक साझेदारी कार्यक्रम नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन् । माग अनुसारको बजेट विनियोजन नहुदाँ लक्ष्यअनुसार क्रियाकलापहरु सम्पन्न हुन नसकेको। अनलाइन कारोबार सबै निकायहरुमा नपुगेको।

## चूनौती

संघ र प्रदेशवाट प्राप्त अनुदान समयमा नै निकासा भई विकास आयोजनाहरु निर्धारित समयमा ठेक्का पट्टा गरी सम्पन्न गर्न, वार्षिक राजश्व र व्ययको अनुमान यर्थाथपरक बनाई कार्यान्वयन गर्न, राजश्व संकलन र परिचालनलाई पारदर्शी र प्रभावकारी बनाउन, खरीद प्रकृया नियमसंगत, व्यवस्थित र पारदर्शी, नियमित र व्यवस्थित गर्न, सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतीय माध्यमद्धारा सञ्चालन गर्न, विकास खर्चमा वृद्धि गरी आर्थिक वर्षको प्रथम चौमासिकदेखि बजेट निकासा गरी कार्यक्रम सञ्चालन गर्न, स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन ढाचा अवलम्बन गर्नु, बेरुजु फछ्र्यौटको योजना नहुनु जस्ता चूनौतीहरु रहेका छन् । चालु आ.व. मा वित्तीय समानीकरणको अन्तिम किस्ताको ५० प्रतिशत हिस्सा कटौती भएको र आगामी आ.व. मा संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको परिमाणको समेत गत आ.व. भन्दा घटेर प्राप्त भएकाले आम नागरिकरुको विकास प्रतिको चाहाना र श्रोत बीच तालमेल मिलाउन निकै चूनौतीपूर्ण देखिन्छ ।

## अवसर

वार्षिक रुपमा गाउँ परिषदबाट राजश्व र व्ययको अनुमान पेश र स्वीकृत गरी विभिन्न शीर्षकमा बजेट विनियोजित गर्न, संघ र प्रदेश सरकारवाट प्राप्त अनुदानवाट विभिन्न विकास आयोजना सञ्चालन गर्न, गाउँपालिकाले विभिन्न कर संकलन गरी राजश्व वृद्धि गर्नु, ठेक्का पट्टा र खरीद प्रकृया नियमसंगत र पारदर्शी बनाई समयमा नै कार्य सम्पादन गर्न, सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतीय माध्यमबाट सञ्चालन गरि सुशासन कायम गर्न, जनप्रतिनिधि र कर्मचारीलाई वित्तीय सुशासनसम्बन्धी तालिम प्रदान गरी कार्य क्षमतामा वृद्धि गर्न, गाउँपालिकाका सम्पूर्ण वित्तीय कारोवारहरुरमा सुशासन कायम गरी नमुना गाउँपालिका निर्माण गर्ने जस्ता अवसरहरु रहेका छन् ।

## दीर्घकालीन सोच, लक्ष्य, उद्येश्य

### सोच

राजश्व परिचालनमा वृद्धि गर्न पारदर्शितामा जोड दिने र डिजिटल लेखा प्रणालीलाई सशक्तिकरण गर्ने ।

### लक्ष्य

राजश्वलाई व्यवस्थित र पारदर्शी बनाई पालिकाको आम्दानीलाई व्यवस्थित बनाउने ।

### उद्देश्य

१. लेखाका कारोबार तथा वित्तीय व्यवस्थापनमा मितव्ययीता, प्रभावकारिता, कार्यदक्षता, नियमितता कायम गर्नु ।
२. स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा व्यापक जनसहभागिता र अनुगमन नतिजामूलक र प्रभावकारी बनाउनु ।
३. दीगो तथा नियमित र अधिकतम उपलव्ध हुने वित्तीय श्रोतको पहिचान गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. लेखाका कारोबार तथा वित्तीय व्यवस्थापन प्रणाली सुदृढी बनाई आन्तरिक नियन्त्रण प्रणाली सबलीकरण गर्ने ।<br>२. योजना तर्जुमा प्रक्रियमा समावेशी सहभागिता तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्र विस्तार गर्ने ।<br>३. आन्तरिक राजश्व प्रणालीलाई पारदर्शी र सुदृढ बनाउने ।<br>४. गाउँपालिकाको आन्तरित स्रोत परिचालन क्षमता वढाउन सार्वजनिक, नीजि सहकारी मोडललाई रणनीतिक रुपमा प्रयोग गर्ने । | १. लेखा परीक्षण र वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजश्व परिचालनको क्षमता वृद्धि गरिनेछ ।<br>२. राजस्व सुधार योजना निर्माण गरिनेछ।<br>३. राजश्व अभिवृद्धि गर्न राजश्व अनुसन्धानको व्यवस्था गरिनेछ ।<br>४. उपलब्ध बजेटको विश्लेषण सहित माग अनुसारको क्रियाकलापमा विनियोजन गरिनेछ।<br>५. भगिनी सम्बन्ध भएका गाउँपालिका र सिमाना जोडिएका गाउँपालिकासँग सहकार्य योजना कार्यान्वयन गरिनेछ ।<br>६. आन्तरिक श्रोत बढाउनको लागि राजस्व सुधारका क्रियाकलाप हरु नियमितरुपमा सञ्चालन गरिनेछ।<br>७. अनलाईन प्रक्रिया अपनाइनेछ ।<br>८. समयमा नै बजेटको निकाशा दिइनेछ।<br>९. गाउँपालिकाको आर्थिक विकासमा टेवा पुग्ने नाफामुलक क्षेत्रमा नीजि क्षेत्रलाई आकर्षण गरिनेछ । |

### प्रमुख कार्यक्रम

गाउँपालिकाको बिषयगत समिति र शाखा प्रमुख सहितको छलफलवाट निम्नबमोजिम योजनाहरु प्राथमिकीकरण गरिएको छ ।

१. राजस्व सुधार योजना निर्माण गर्ने।
२. गाउँपालिकाको आर्थिक विकासमा टेवा पुग्ने नाफामुलक क्षेत्रमा नीजि क्षेत्रलाई आकर्षण गर्ने ।

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्रः वित्तीय श्रोत परिचालन | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (गाउँपालिका आफै, प्रदेशसंग समन्वयमा गर्ने, सङ्घिय सरकारको समन्वयमा गर्ने) |
| | | | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | राजस्व सुधार योजना निर्माण तथा अध्यावधिक गर्ने | राजश्वको क्षेत्राधिकारको पहिचान भई राजश्व संकलनमा वृद्धि हुने | १५ | १० | | | ५ | | गाउँपालिका / प्रदेश /संघीय |
| कुल लागत (रु.) | | | **१५** | **१०** | ० | ० | **५** | ० | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सुचक | इकाई | आधार वर्ष २०८०।८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | | | | | |
| प्रभाव | | पालिकाको कूल वार्षिक वजेट | रु.करोड | ५२.५७ | ५५ | ५८ | ६१ | ६४ | ६७ | | | ८ | १६ | २.३ |
| असर | | प्रतिव्यक्ति बजेट खर्च (विकासतर्फ) | रु.हजार | १० | ८ | १० | | | | | | ८ | १६ | २.३ |
| प्रतिफल | | कूल वजेटको वास्तविक खर्च | प्रतिशत | ७० | ९२ | ९३ | ९४ | ९५ | ९६ | | | ८ | १६ | २.३ |
| | | कूल वजेटको पूँजीगत खर्च | प्रतिशत | २१ | ३० | ४५ | ६० | ७५ | ९० | | | ८ | १६ | २.३ |
| | | लैङ्गिक उत्तरदायी वजेट विनियोजन | प्रतिशत | ० | ५ | ७ | ९ | ११ | १३ | | | ८ | १६ | २.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्कलित कर राजस्व र गैरकर राजस्वको (करराजस्व : गैरकर राजस्व) | अनुपात | ० | | | | | | | | ८ | १६ | २.३ |
| | | कूल वजेटमा वाह्य श्रोतको हिस्सा | प्रतिशत | ८९.०५ | | | | | | | | ८ | १६ | २.३ |
| | | आन्तरिक राजस्व अभिवृद्धि हुने क्षेत्रमा भएको लगानी (कूल वजेटको) | प्रतिशत | एकिन नभएको | | | | | | | | ८ | १६ | २.३ |
| | | कूल वेरुजुमध्येकोफछ्र्यौट रकम | प्रतिशत | ३२ | ६५ | ७८ | ९० | ९३ | ९६ | | | ८ | १६ | २.३ |
| | | संघीय सरकारवाट राजस्व वाँडफाड प्राप्त रकम | रु.लाख | ७५९ | ७४४ | | | | | | | ८ | १६ | २.३ |
| | | प्रदेश सरकारवाट राजस्व वाँडफाड बाट प्राप्त रकम | रु.लाख | ३३ | ३४ | | | | | | | ८ | १६ | २.३ |
| | | संघीय सरकारवाट वित्तीय समानीकरण बाट प्राप्त अनुदान | रु. लाख | ९४४ | ८३२ | | | | | | | ८ | १६ | २.३ |
| | | प्रदेश सरकारवाट वित्तीय समानीकरण बाट प्राप्त अनुदान | रु. लाख | ४९.३३ | ५२ | | | | | | | ८ | १६ | २.३ |
| | | आयोजना कार्यान्वयनमा उपभोक्ता समूहको योगदान हिस्सा (वार्षिक कूल खर्चमा) | प्रतिशत | १२ | १५ | १७ | १९ | २० | २० | | | ८ | १६ | २.३ |
| | | निजी क्षेत्रसंगको सहकार्यमा भएको लगानी | रु.लाख | ० | १० | २० | ४० | ६० | ८० | | | ८ | १६ | २.३ |
| | | सहकारी संस्था तथा सामुदायिक संस्था संगको सहकार्यमा भएको लगानी | रु.लाख | ० | १५ | २० | २५ | ३० | ४० | | | ८ | १६ | २.३ |
| | | सम्भावित करदाताहरु मध्येमा नियमित कर भुक्तानी गर्ने करदाता संख्या | संख्या | ८४० | | | | | | | | ८ | १६ | २.३ |
| | | आयोजनाहरुको मर्मत सम्भारका लागि व्यवस्था गरिएको कोषमा जम्मा भएको | रु. लाख | ३४ | ४० | ४५ | ५० | ५५ | ६० | | | ८ | १६ | २.३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश समपुरक बजेट | लाख | १०० | | | | | | | | ८ | १६ | २.३ |

## जोखिम पक्ष तथा अनुमान

भगिनी सम्बन्ध भएका गाउँपालिका र सिमाना जोडिएका गाउँपालिका र गाउँपालिकासँग सहकार्य योजना कार्यान्वयन गर्न सकेमा, बजेट खर्च संरचनाले प्रक्षेपण गरे अनुसारको बजेट सुनिश्चितता भएमा लक्ष्य अनुसारको उपलब्धी हाँसिल हुने देखिन्छ । कार्यक्रम कार्यन्वयनमा सम्बन्धित निकाय बीच प्रभावकारी समन्वय भएको हुने, राजश्व परिचालनमा अभिवृद्धि भएको हुने, गाउँपालिकाको श्रोत परिचालन विकास योजना वार्षिक रुपमा तयार गरी कार्यान्वयन भएको हुने अनुमान गरिएको छ ।

# ८.३ योजना व्यवस्थापन

## विद्यमान अवस्था

गाउँ विकासको अवधारणालाई मूर्त रुप दिन आवश्यक पर्ने श्रोत तथा साधनको पहिचान एवं परिचालनको लागि योजना तर्जु गरि विविध उद्धेश्यका साथ योजनालाई सम्पन्न गरि सो योजनाबाट लाभ लिनुलाई नै योजना व्यवस्थापनह भनिन्छ। यस पालिका भित्र रहेका श्रोत र साधनको उपयुक्त परिचालनको लागि गाँउपालिकाले प्राप्त गर्ने संघीय समानीकरण र सशर्त साथै प्रदेश समानीकरण अनुदान, सशर्त अनुदान र समपुरक अनुदानका योजनाहरुलाई सहि तरिकाले समयमा नै सम्पन्न गर्नको लागि योजना व्यवस्थापन आवश्यक रहेको छ। विभिन्न क्षेत्रगत रुपमा यथेष्ट योजनाहरुको सिर्जना भएको। योजना विकासको लागि पालिकाले सहकार्यको नीतिलाई अवलम्वन गरिराखेको। योजना सिर्जना तथा व्यवस्थापन भईराखेको छ। योजना कार्यान्वयनमा उपभोक्ता समितिको सक्रिय सहभागिता हुने गरेको।

## समस्या

गाउँपालिकामा आन्तरिक स्रोत प्रक्षेपण गरे जति नउठ्नु, प्रदेश सरकारको बजेट समेत कटौती हुनु, संघीय समपुरक र विशेष अनुदान साथै प्रदेशको विशेष अनुदान नहुनु, पूँजीगत बजेट कम हुनु, वेरुजु फर्छ्यौट योजना नहुनु, आन्तरिक आय वृद्धि गर्ने योजना नहुनु, सार्वजिनक साझेदारी कार्यक्रम नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन् । माग अनुसारको बजेट विनियोजन नहुनु। लक्ष्य अनुसार क्रियाकलापहरु सम्पन्न हुन नसकेको। अनलाइन कारोबार सबै निकायहरुमा नपुगेको। माग अनुसारको योजना र बजेटको व्यवस्था हुन नसकेको। योजनाहरु जस्तै मुनदुम ट्रेल तथा अन्य कार्यक्रमहरु पनि अधुरै हुने गरेको।

## चूनौती

संघ र प्रदेशवाट प्राप्त विकास आयोजनाहरु निर्धारित समयमा ठेक्का पट्टा गरी सम्पन्न गर्न, नियमन निकाय देखि मानव संसाधनको अभाव सम्मका चूनौतीहरु रहेका छन् ।साथै, लागतको अभावमा समयमा ठेक्का सम्झौता बमोजिमका क्रियाकलाप पूरा नहुने पनि चूनौती रहेका छन् ।

## अवसर

विविध क्षेत्रगत आधारका योजनाहरु क्रमबद्ध रुपमा सिर्जना भई राखेका छन्, समयक्रमानुसार पालिकामा योजना व्यवस्थापनका बारेमा जानकार मानव संसाधनहरुको पनि विकास भई राखेको छ। डिजिटलाइजेसन मार्फत् हुने योजनाका चरणहरुको कारणले योजना थप पारदर्शी तथा व्यवस्थित हुने देखिन्छ।

## दीर्घकालीन सोच, लक्ष्य, उद्येश्य

### सोच

उपयुक्त योजनाको छनौट, व्यवस्थित शहर बनाउने अठोट ।

### लक्ष्य

योजना निर्माणलाई व्यवस्थित र पारदर्शी बनाई दीगो बनाउने ।

### उद्येश्य

१. दीगोपना तथा पूर्ण क्षमतामा योजना सञ्चालनका लागि उपयुक्त आधारहरु निर्माण गर्नु।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| योजना छनौट, कार्यान्वयन तथा सञ्चालनमा डिजिटलाइजेसन गर्ने। | १. आवधिक योजनाको निर्माण गरि क्षेत्रगत योजनाहरुको निर्माण गर्ने तथा समय सापेक्ष आवधिक योजनालाई अध्यावधिक गर्दे लैजाने<br>२. योजना बैङ्कको निर्माण गरि गौरव योजनाको छनौट गरि विभिन्न साझेदारसँग सहकार्य गर्दै योजानहरुलाई अघि बढाउने<br>३. अन्तर पालिका तथा प्रादेशिक योजनाहरुको निर्माणमा उचित पहल गर्ने<br>४. योजना निर्माणको लागि पालिका स्थित निजी संस्था, सहकारी, गैर सरकारी संस्थाहरु सँग समझदारी तथा साझेदारी गर्ने<br>५. बजेट थपको लागि प्रदेश र संघसँग समझदारी वृद्धि गर्दै अन्य श्रोतको पनि खोजी गर्ने (राजस्व सुधार-सहलगानी) |

## प्रमुख कार्यक्रम

१. योजना बैङ्कको निर्माण गर्ने
२. गौरव योजनाको छनौट गरि विभिन्न साझेदारसँग सहकार्य गर्ने
३. अन्तर पालिका तथा प्रादेशिक योजनाहरुको निर्माणमा उचित पहल गर्ने

## विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्रः योजना व्यवस्थापन | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुमानित कुल लागत रकम (रू लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसंग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
| क्र. सं | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धी | कुल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | |
| १ | अनलाईन पद्धति मार्फत् बोलपत्र आह्वान व्यवस्थित गर्ने | सहभागितात्मक क्रियाकलापको विकास हुने | १५ | ४ | ४ | ७ | | | गाउँपालिका / प्रदेश /संघीय |
| २ | उपभोक्ताहरुलाई योजना, योजनाको लागत, तथा कुल बजेटको बारेमा जनचेतना वृद्धि गर्ने | पारदर्शी, जवाफदेहिता र सहभागितात्मक योजनाको विकासमा टेवा पुग्ने | १५ | ३ | ३ | ३ | ३ | ३ | गाउँपालिका |
| कुल लागत (रु.) | | | ३० | ७ | ७ | १० | ३ | ३ | |

## जोखिम पक्ष तथा अनुमान

भगिनी सम्बन्ध भएका गाउँपालिका र सिमाना जोडिएका गाउँपालिका र गाउँपालिकासँग सहकार्य योजना कार्यान्वयन गर्न सकेमा, बजेट खर्च संरचनाले प्रक्षेपण गरे अनुसारको बजेट सुनिश्चितता भएमा लक्ष्य अनुसारको उपलब्धी हाँसिल हुने देखिन्छ । कार्यक्रम कार्यन्वयनमा सम्बन्धित निकाय बीच प्रभावकारी समन्वय भएको हुने, राजश्व परिचालनमा अभिवृद्धि भएको हुने, गाउँपालिकाको स्रोत परिचालन विकास योजना वार्षिक रुपमा तयार गरी कार्यान्वयन भएको हुने अनुमान गरिएको छ ।

# परिच्छेद नौ

# कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

उत्पादनमुखी, आत्मनिर्भर र समृद्ध गाउँपालिकाको निर्माणको प्रमुख श्रोत जनशक्ति हो । शिक्षालाई सीप, उत्पादन, बजार, रोजगारीका अवसर र आर्थिक विकाससँग जोड्न सक्ने जनशक्तिको आवश्यकता छ । यूवा जनशक्तिलाई प्रविधियुक्त सीप प्रदान गरी दक्ष र प्रतिस्पर्धी बनाउन जरुरी छ । उपयुक्त वातावरण र सामुहिकताबाट उद्यमशीलताको विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास हुन्छ । विभिन्न तालिम, सेमिनारको व्यवस्था रहेको र सबै जातजाती, धर्म सँस्कृतिको सुधार गर्न प्रयास गरिएको, लैङ्गिक, जातीगत, गरिबी, धार्मिक साँस्कृतिक, अपाङ्गता भएका व्यक्तिलाई उनीहरुको न्याय सम्बन्धी विभिन्न पहल भएको छ । यहाँ अपाङ्गता भएका २२० जना व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको छ भने १६७४ जना व्यक्ति सामाजिक सुरक्षाबाट लाभान्वित छन्।

## ९.२ मानव संसाधन विकास तथा व्यवस्थापन

मानव विकासका लागि सामाजिक विकास गर्नु पर्ने, सबै जनजाति धर्मसँस्कृति, परम्परालाई सम्मान गर्नुपर्ने र सम्पूर्ण मानवजातीले सम्मानपूर्वक बाँच्न पाउने, सामाजिक आर्थिक स्तरलाई धार्मिक सुधार गर्नेलाई विभिन्न तालिमको व्यवस्था गर्नुपर्ने, लैङ्गिक, जातजाती, अपाङ्गता व्यक्तिलाई समाजमा हुने दृष्टिकोण फरक भएकाले उनिहरुको सम्मानको लागि विभिन्न आर्थिक अवस्था सुधारको निम्ति, सामाजिक प्रतिष्ठाको निम्ति सीप कार्यक्रम, जनचेतनामूलक कार्यक्रम हुनुपर्ने देखिन्छ । गाउँपालिकामा आवश्यक पर्ने जनशक्तिको आपूर्ति हुन नसक्नु, उपलब्ध जनशक्ति दक्ष र प्रविधिमैत्री नहुनु, उत्पादित जनशक्ति बेरोजगार हुनु, यूवा जनशक्तिको उचित व्यवस्थापनको योजना नहुनु, शिक्षा बजारमुखी हुन नसक्नु, उद्यमशीलता सम्बन्धी कार्यक्रम सञ्चालन नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

समाजमा अझै पनि विद्यमान लैङ्गिक विभेद, जातीय विभेद, अपाङ्गता भएका व्यक्तिलाई हेर्ने दृष्टिमा फरक ल्याउन, गाउँपालिकामा आवश्यक पर्ने जनशक्ति उपलब्ध गराई विकास कार्यलाई चुस्तदुरुस्त बनाउन, जनशक्ति व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयन गर्न्, उपलब्ध जनशक्तिलाई तालिम, सीप र प्रविधि उपलब्ध गराई दक्षता अभिवृद्धि गर्न, सीपलाई उद्यमशीलतामा जोडी आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न, नाफामूलक क्षेत्रको पहिचान, सीप, पूँजी तथा प्रविधि प्रदान गरी उद्यमशीलतामा संलग्न गराउन जस्ता चूनौतीहरु रहेका छन् ।

सबै जातजाती, धर्म, सँस्कृति भएका सामुदाय स्वतन्त्र पूर्वक बाँच्न पाउने, सामाजिक आर्थिक अवस्था सुधार हुने र समृद्ध टेम्केमैयुङको नारालाई टेवा पुऱ्याउने, जनशक्ति व्यवस्थापन सम्बन्धी योजना बनाई कार्यान्वयन गर्न, उपलब्ध जनशक्तिलाई सीपमूलक तालिम र प्रविधि उपलब्धगराई उनीहरुको दक्षता अभिवृद्धि गर्न, प्राविधिक शिक्षालयको स्थापना र सञ्चालन गरी प्राविधिक जनशक्ति तयार गर्न, बेरोजगार यूवाहरुलाई सीपमूलक तालिम प्रविधि र पूँजी उपलब्ध गराई उद्यमशील कार्यमा संलग्न गराई आत्मनिर्भर बनाउन, वैदेशिक रोजगारीबाट फर्केका यूवाहरुलाई उद्यमशील कार्यमा संलग्न गराई गाउँमा नै बस्ने बातावरण सिर्जना गर्न जस्ता अवसरहरु रहेका छन् ।

## ९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट

*तालिका ७ विषय क्षेत्र अनुसार अनुमानित बजेट*

| क.सं | विषय क्षेत्र। उपक्षेत्र | कुल पूँजी (रु लाखमा) | प्रतिशतमा |
|---|---|---|---|
| १ | आर्थिक क्षेत्र | ७११५.०० | २५.८८ |
| | कृषि क्षेत्र | १५९०.०० | ५.७८ |
| | पशुपंक्षी | ६०५.०० | २.२० |
| | सिंचाइ पूर्वाधार | ३४०.०० | १.२४ |
| | पर्यटन विकास | ११४५.०० | ४.१६ |
| | संस्कृति तथा सम्पदा | १३७५.०० | ५.०० |
| | उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | ७६५.०० | २.७८ |
| | वित्तीय संस्था तथा सहकारी विकास | ७८०.०० | २.८४ |
| | श्रम, रोजगारी र सामाजिक सुरक्षा | ५१५.०० | १.८७ |
| २ | सामाजिक क्षेत्र | ५९१०.०० | २१.५० |
| | स्वास्थ्य तथा पोषण | १०३०.०० | ३.७५ |
| | शिक्षा, विज्ञान प्रविधि | २९०५.०० | १०.५७ |
| | खानेपानी तथा सरसफाई | ४२५.०० | १.५५ |
| | महिला बालबालिका तथा लक्षित वर्ग | ६५०.०० | २.३६ |
| | यूवा तथा खेलकुद | ९००.०० | ३.२७ |
| ३ | पूर्वाधार क्षेत्र | ११५६०.०० | ४२.०५ |
| | वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | ५०६०.०० | १८.४१ |
| | सडक, पुल तथा यातायात | ५६५०.०० | २०.५५ |
| | जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | ४००.०० | १.४६ |
| | सूचना, सञ्चार तथा प्रविधि | ४५०.०० | १.६४ |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | २३४१.०० | ८.५२ |
| | वन तथा जैविक विवधता | १२६.०० | ०.४६ |
| | भू संरक्षण तथा जलाधार व्यवस्थापन | ९८५.०० | ३.५८ |
| | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ८६०.०० | ३.१३ |
| | विपद् जोखिम न्युनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | ३७०.०० | १.३५ |
| ५ | संस्थागत विकास तथा सुशासन क्षेत्र | ५६५.०० | २.०६ |
| | मानव संसाधन, संस्थागत विकास तथा सेवा प्रवाह | ३२५.०० | १.१८ |
| | सुशासन,ऐन, कानून तथा न्यायिक व्यवस्था | १९५.०० | ०.७१ |
| | वित्तीय श्रोत परिचालन | १५.०० | ०.०५ |
| | योजना व्यवस्थापन | ३०.०० | ०.११ |
| कुल पूँजीगत बजेट (रु लाखमा) | | २७४९१.०० | १००.०० |

## ९.४ श्रोत अनुमान तथा प्रक्षेपण

आवधिक योजना अन्तर्गत पहिचान भएका सबै योजनाहरू लगानीको दृष्टिकोणले एउटै आवधिक योजना मार्फत सम्बोधन गर्न सकिंदैन । तसर्थ आगामी पाँच वर्षमा उपलव्ध हुन सकिने गाउँपालिकाको विकास बजेटको रकम, दीर्घकालीन सोच प्राप्ति तर्फ उन्मुख हुन अति आवश्यक कार्यक्रम तथा योजनाहरू, आर्थिक विकासमा टेवा पुग्ने योजना, लक्षित वर्ग/समुदायको हित, रोजगारी वृद्धि गर्ने जस्ता महत्वपूर्ण आधारहरूमा योजनाको प्राथमिकता निर्धारण गरी अगामी कार्यान्वयन गर्न सकिने योजनाहरूको खर्च संरचना तयार गरिएको छ ।

गाउँवासीहरुको आवश्यकता परिपूर्ति गर्न आवश्यक लगानीको तुलनामा उपलव्ध हुने विकास बजेट अति नै न्यून भएको हुँदा गाउँपालिकाको विद्यमान विकास बजेटले ठूला योजनाहरू कार्यान्वयन गर्न सकिने स्थिति भने छैन । विशेष गरी अधिकांश रणनीतिक योजनाहरू जस्तैः सडक, ढल र फोहोर व्यवस्थापन सहितको एकीकृत योजनाहरूको लागि केन्द्रीय निकाय, विभिन्न दातृ राष्ट्र तथा दातृ निकायहरूको सहयोग अति आवश्यक छ ।

यसको अतिरिक्त, गाउँपालिकाको कार्यान्वयनको जिम्मेवारीमा परेका अन्य योजनाहरूको सन्दर्भमा अगामी पाँच वर्षमा उपलव्ध हुन सकिने गाउँपालिकाको कार्यालयको विकास बजेटको प्रक्षेपण गरी सोही अनुसार योजना तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गर्ने गरी योजना तयार गरिएको छ । गाउँपालिकाको आर्थिक श्रोत कम रहेकोले यस श्रोतबाट धेरै कम मात्र नगरस्तरीय योजनाहरू कार्यान्वयन गर्न सकिन्छ । तसर्थ गाउँपालिकाले विगतमा झैं केन्द्रबाट सडक वोर्ड, कृषि सडक, जगेडा कोष जस्ता सहयोग कार्यक्रम ल्याई वढी भन्दा वढी कार्यक्रम कार्यान्वयन गर्न सकृयता देखाउनु पर्ने हुन्छ । यस शीर्षक अन्तर्गत प्राप्त गाउँपालिकाको विकास बजेट तथा विगत आर्थिक वर्षमा केन्द्रबाट प्राप्त विशेष आर्थिक अनुदानको आधारमा आवधिक योजना अन्तर्गत पहिचान भएका योजनाहरू कार्यान्वयन गर्ने गरि अगामी पाँच वर्षको भौतिक विकास तथा भौतिक पूर्वाधार, सामाजिक, आर्थिक, वातावरण तथा जोखिम व्यवस्थापन, वित्तीय व्यवस्थापन र संस्थागत विकास योजनाहरुको खर्च संरचना तयार गरिएको छ । योजना तर्जुमा समिति, गाउँ सभाको निर्णय अनुसार गाउँपालिकाले यस्ता योजनाहरू क्रमशः वार्षिक रुपमा कार्यान्वयन गर्दै जाने छ ।

समष्टिगतरुपमा यस आवधिक योजनाले आ.व २०८१।८२ देखि ०८५।८६ सम्मको लागि ५ विषयगत क्षेत्रमा निम्न रुपले लागत प्रक्षेपण गरिएको छ।

*चित्र ५ विषय क्षेत्र अनुसार अनुमानित बजेट*



## ९.५ श्रोत परिचालन रणनीति

*तालिका ८ श्रोत परिचालन रणनीति*

| क्र.सं | विषय क्षेत्र।उपक्षेत्र | आ.व २०८१।८२ को अनुमान | आ.व २०८२।८३ को अनुमान | आ.व २०८३।८४ को अनुमान | आ.व २०८४।८५ को अनुमान | आ.व २०८५।८६ को अनुमान |
|---|---|---|---|---|---|---|
| | | कुल बजेट (रु लाखमा) | कुल बजेट (रु लाखमा) | कुल बजेट (रु लाखमा) | कुल बजेट (रु लाखमा) | कुल बजेट (रु लाखमा) |
| १ | आर्थिक क्षेत्र | १,१९८।०० | १,६२६।०० | १,७२१।०० | १,५२५।०० | १,०४५।०० |
| | कृषि क्षेत्र | २०५।०० | ४५०।०० | ४४०।०० | ३६०।०० | १३५।०० |
| | पशुपंक्षी | १२८।०० | १२८।०० | १२८।०० | ११३।०० | १०८।०० |
| | सिंचाइ पूर्वाधार | ४५।०० | ७५।०० | १३५।०० | ८५।०० | |
| | पर्यटन विकास | १३५।०० | २५०।०० | ३००।०० | ३००।०० | १६०।०० |
| | संस्कृति तथा सम्पदा | २७५।०० | २७५।०० | २७५।०० | २७५।०० | २७५।०० |
| | उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | १५४।०० | १८२।०० | १८२।०० | १३६।०० | १११।०० |
| | वित्तीय संस्था तथा सहकारी विकास | १५६।०० | १५६।०० | १५६।०० | १५६।०० | १५६।०० |
| | श्रम, रोजगारी र सामाजिक सुरक्षा | १००।०० | ११०।०० | १०५।०० | १००।०० | १००।०० |
| २ | सामाजिक क्षेत्र | १,०७५।०० | १,१५५।०० | १,३४०।०० | १,१९५।०० | १,१४५।०० |
| | स्वास्थ्य तथा पोषण | २५५।०० | २७०।०० | २७०।०० | १२५।०० | ११०।०० |
| | शिक्षा, विज्ञान प्रविधि | ५३०।०० | ५४०।०० | ६१०।०० | ६२५।०० | ६००।०० |
| | खानेपानी तथा सरसफाई | ७०।०० | १००।०० | ९०।०० | ९०।०० | ७५।०० |
| | महिला बालबालिका तथा लक्षित वर्ग | ११०।०० | १२५।०० | १३०।०० | १४०।०० | १४५।०० |
| | यूवा तथा खेलकुद | ११०।०० | १२०।०० | २४०।०० | २१५।०० | २१५।०० |
| ३ | पूर्वाधार क्षेत्र | २,४५०।०० | ३,०७५।०० | २,८००।०० | १,८८०।०० | १,३५५।०० |
| | वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | १,३९०।०० | १,४९५।०० | १,२८५।०० | ४७५।०० | ४१५।०० |
| | सडक, पुल तथा यातायात | ९५०।०० | १,४००।०० | १,३००।०० | १,२००।०० | ८००।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | २०।०० | ८०।०० | ११५।०० | १०५।०० | ८०।०० |
| | सूचना, सञ्चार तथा प्रविधि | ९०।०० | १००।०० | १००।०० | १००।०० | ६०।०० |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ५१४।०० | ६८६।०० | ४५९।०० | ४७०।०० | २१२।०० |
| | वन तथा जैविक विवधता | १६।०० | २५।०० | ३२।०० | ३३।०० | २०।०० |
| | भू संरक्षण तथा जलाधार व्यवस्थापन | १५५।०० | २२०।०० | २२०।०० | २२०।०० | १७०।०० |
| | वातावरण तथा फोहोरमैला व्यवस्थापन | २९३।०० | २४१।०० | १४७।०० | १५७।०० | २२।०० |
| | विपद् जोखिम न्युनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | ५०।०० | २००।०० | ६०।०० | ६०।०० | ( |
| ५ | संस्थागत विकास | ८८।०० | १५३।०० | १६६।०० | ९४।०० | ६४।०० |
| | मानव संसाधन, संस्थागत विकास तथा सेवा प्रवाह | ३५।०० | १०५।०० | १००।०० | ५०।०० | ३५।०० |
| | सुशासन,ऐन, कानून तथा न्यायिक व्यवस्था | ३६।०० | ४१।०० | ५६।०० | ३६।०० | २६।०० |
| | वित्तीय श्रोत परिचालन | १०।०० | ( | ( | ५।०० | ( |
| | योजना व्यवस्थापन | ७।०० | ७।०० | १०।०० | ३।०० | ३।०० |
| कुल पूँजीगत बजेट (रु लाखमा) | | ४,८९५।०० | ५,३२५।०० | ६,६९५।०० | ६,४८६।०० | ५,१६४।०० |

**पञ्चवर्षीय रुपमा लागतलाई निम्न चित्र अनुरुप खर्च हुने प्रक्षेपण गरिएको छः**

*चित्र ६ पञ्चवर्षीय लागत अनुरुप खर्च प्रक्षेपण*



*चित्र ७ विषयगत क्षेत्रगत आ व अनुसार हुने खर्च*




*चित्र ८ आ व अनुसार विषयगत क्षेत्रगत हुने खर्च*



## ९.६ आवधिक योजना कार्यान्वयन

आवधिक योजना तर्जुमा निर्देशिका २०७५ ले निर्दिष्ट गरे बमोजिम योजना अवधिमा हाँसिल गर्न चाहेको लक्ष्य पूरा गर्न आवधिक योजना कार्यान्वयन गर्न निम्नानुसार कदमहरु अपनाउनु पर्ने हुन्छ ।

१. आवधिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि योजना टोलीको गठन भएको निर्देशन समिति र विषयगत समितिहरुलाई स्थायित्व दिने ।

२. भौतिक विकास योजना कार्यान्वयन गर्दा नगर विकास ऐनले व्यवस्था गरे बमोजिम विषेशतः जग्गा विकास कार्यक्रमहरु र निर्माण मापदण्ड कार्यान्वयन गर्दै लैजाने तथा कार्यान्वयनको क्रममा सहरी विकास विभागको संबन्धित कार्यालय र अन्य केन्द्रीय निकायहरुसँग समन्वय राख्ने ।

३. केन्द्रीय स्तरमा नीति निर्देशन र अनुगमन गर्न स्थानीय विकास मन्त्रायल र सहरी विकास तथा भवन निर्माण विभागको साझा तथा संयुक्त अवधारणाको लागि स्थानीय स्तरवाट पहल गर्ने ।

४. बहु क्षेत्रगत लगानी कार्यक्रममा समावेश भए अनुरुप वार्षिक योजना तथा कार्यक्रम निम्न आधारमा तयार गर्ने ।

- सो कार्यक्रम तयार गर्दा आवधिक योजनाले लक्षित गरेका सूचकहरुको प्राप्तितर्फ विषेश ध्यान पुऱ्याउने ।
- आवधिक योजनाले अगिंकार गरेको अग्रणी क्षेत्रहरुको अनुशरण गर्ने।
- गाउँपालिकालाई प्राप्त हुन सक्ने विकास बजेटलाई आधार मान्ने ।

५. आयोजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि खर्च हुने रकम र नगद प्रवाह बीच सन्तुलन कायम राख्ने ।

६. योजना सञ्चालन तयार गर्दा उक्त योजना सम्पन्न भएपछि गरिने मर्मत संभारको कार्य योजना तयार गर्ने ।

७. कार्यान्वयन गर्दाका आयोजनाहरुको सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन समेत गर्ने प्रणालीको विकास गर्ने ।

आवधिक योजना तर्जुमाका लागि विभिन्न चरणगत प्रकृया र पद्धति बनाइयो । विभिन्न चरणगत प्रक्रिया र पद्धति अपनाउँदा संघीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकुल हुने गरी अपनाइएको छ । आवधिक योजना तर्जुमाका लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ को व्यवस्था तथा गाउँपालिकाको आर्थिक ऐन, २०७९ को अधिनमा रही तर्जुमा गर्दा गाउँपालिकाले आफ्नो आवश्यकता र क्षमताका आधारमा आवधिक योजनाको स्वरुपको तयार तथा स्वीकृत कार्यविधि बमोजिम तथा प्रक्रिया अनुसार तर्जुमा गरी पारित गरिएको हो । आवधिक योजना तर्जुमा गर्दा दुईवटा मूलभूत मान्यता लिइएको थियो ।

१. श्रोत विनियोजन अनुशासन तथा अनुगमन व्यवस्थित गर्न विषयगत समितिको अवधारणामा योजना तर्जुमा

२. सहभागितात्मक पद्धतिबाट योजना तर्जुमा

आवधिक योजना सरल उपयोगी र कार्यान्वयन सम्भव होस् भन्ने उद्देश्यले विषयविज्ञको सहयोगमा विधायक समितिबाट मस्यौदा गरी प्रक्रियागत तथा विशेषज्ञता दुवैको समिश्रणबाट योजना तर्जुमा गरिएको हो ।

## ९.७ अनुगमन तथा मूल्याङ्कन

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

कुनै पनि कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा मूल्याङ्कन नितान्त जरुरी विषय हो । यसका लागि स्थानीय स्वायत्त शासन ऐन तथा गाउँपालिकाका निम्ति आवधिक योजना तर्जुमा निर्देशिका अगिंकार गरिनेछ । जस अनुसार अल्पकालीन योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा आवश्यकता अनुसार फिल्डमा जाने लगायतका प्रकृयाहरू समेतको अवलम्बन गरिनेछ । त्यस्तै सञ्चालित आयोजनाहरूको विषयगत विवरण तथा प्रगति मूल्याङ्कन प्रत्येक ६/६ महिनामा वा समितिले आवश्यक ठानेको जुनसुकै वखत गरिनेछ । त्यस्तै सम्पन्न योजनाहरूको मर्मत सम्भार सम्बन्धी व्यवस्थाको मूल्याङ्कन प्रत्येक वर्ष सम्पन्न ठूला योजनाहरूको प्रभाव मूल्याङ्कन एक वर्षपछि गर्ने जसका लागि सामाजिक, आर्थिक, वातावरणीय

तथा सेवा सुविधाहरूको प्रभाव मूल्याङ्कन अध्ययन टोलीमा विषयगत समिति सदस्यका अलावा सम्पूर्ण आ—आफ्ना क्षेत्रका विज्ञ वा विशेषज्ञ, सेवा सुविधाग्राही वा सरोकारवालाहरू समेतको संलग्नता गराइनेछ ।

अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जुन आयोजना कार्यान्वयनको चरणमा गरिन्छ । यसको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिँडाउनु हो । प्रदेश स्तरमा पनि अनुगमन प्रणालीको विकास गरी चालु परियोजनाहरूलाई सक्रिय र परिणाममुखी बनाउन जरुरी छ । अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । अनुगमन तथा मूल्याङ्कनले कार्यक्रम वा आयोजनाका सबल र दुर्बल पक्ष पत्ता लगाई दुर्बल पक्षलाई न्यूनीकरण गर्ने उपायको खोजी गर्नुका साथै समिक्षा गरी सूचना संकलन गरी प्रमाणमा आधारित सुधार तथा निर्णय गर्न सहयोग पुर्‍याउँछ । त्यसैले हरेक क्षेत्र (सार्वजनिक, निजी तथा गैर सरकारी)ले परियोजनाको कार्यान्वयन चरणमा अनुगमन र परियोजनाको मध्यम तथा अन्तिम चरणमा मूल्याङ्कन गर्न जरुरी हुन्छ । राम्रो योजनाले परिणाममा ध्यान केन्द्रित गर्न मद्दत गर्दछ, जबकि अनुगमन र मूल्याङ्कनले हामीलाई अघिल्लो सफलता र चूनौतीहरूबाट पाठ सिक्न मद्दत गर्दछ र निर्णय गर्नको लागि मद्दत पुर्‍याउँछ । जसले गर्दा वर्तमान र भविष्यका पहलहरू मानिसहरूको जीवन सुधार गर्न र आफ्नो छनैटहरू विस्तार गर्न सक्षम हुन्छन्।

आवधिक विकास योजनाको अनुगमन गर्दा प्रभाव तहमा लक्ष एवं विषयगत लक्षहरुको र नतिजातहमा सञ्चालित कार्यक्रमहरुको विभिन्न तहमा गरिने भएकोले टेम्केमैयुङ गाउँपालिकाको अनुगमन प्रणाली आफ्नो संस्थागत क्षमता र आवश्यकताका आधारमा नतिजा तहमा गरिनेछ । अनुगमन गर्नका लागि तयार गरिएको ढाँचा प्रचलित सोच तालिका (यिन ाचबकभ) लाई आधार मानी उपलब्ध हुनसक्ने तथ्याङ्कको परिमाणात्मक स्थितिका आधारमा तयार गरिएको हो । अनुगमनमा राष्ट्रिय सरोकारका विषय, मानव विकास सूचकाङ्क निर्दिष्ट लक्ष्य पूरा गर्ने दीगो विकास लक्ष्य सम्बन्धी नेपालले पूरा गर्ने लक्ष्य राखेका सूचकहरु समेतको अनुगमन व्यवस्थापन गरिएको छ ।

कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरू के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी भए तथा के कस्ता उपलव्धि एवं प्रभावहरू हाँसिल भए भन्ने कुराको उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले आन्तरिक र बाह्य मूल्याङ्कनकर्ताबाट गराइनेछ । यस्तो मूल्याङ्कन मध्यावधि अवधि अर्थात १.५ वर्षमा गरिनेछ र लगानी योजना अनुरुप वार्षिक लगानीहरु निर्देशित रहे नरहेको र उपलव्धिका लागि लक्ष्य लगायत कार्यक्रमहरुको परिमार्जन सम्बन्धी आवश्यकता रहे नरहेको आधारमा आगामी आवधिक योजना तर्जुका लागि उपयोग गरिनेछ ।

## मध्यावधि मूल्याङ्कन

आवधिक योजना तर्जुमाको सिलसिलामा निर्धारण गरिएका सूचकहरूले निर्धारण गरेका उद्देश्य अनुरुपमा लक्ष्यहरू प्राप्त भए वा नभएका बारे मध्यावधि मूल्याङ्कन २०८४ सालमा गरिनेछ र सो अगावै सम्पन्न हुने योजनाहरूको मूल्याङ्कन योजना समाप्त भएपछि गरिनेछ । आवधिक योजनाको मध्यावधि मूल्याङ्कनका निमित्त स्थानीय विकास मन्त्रालय वा सहरी विकास तथा भवन निर्माण विभागका राजपत्रांकित द्वितीय तहको कर्मचारीको अध्यक्षतामा एक अनुगमन समन्वय समितिको सीफारिसमा गरिनेछ। सो मध्यावधि मूल्याङ्कन समितिमा कम्तिमा एकजना प्राविधिक एवं योजनाविद समावेश गराइनेछ । उक्त समितिले निम्न कुराहरूलाई ध्यान दिनुपर्ने छः

- आवधिक योजनाले निर्धारण गरेको लक्ष्य तथा उद्देश्य कुन हदसम्म प्राप्त भयो र निर्धारित उद्देश्य पूर्ति हुने अवस्था देखिन्छ देखिँदैन?
- निर्धारण गरिएका संख्यात्मक एवं गुणात्मक सूचक उपयुक्त छन् वा छैनन्?
- आवधिक योजना कार्यान्वयनमा जनचासो, जनसहभागिता र साझेदारीको अवस्था के कस्तो छ?
- आवधिक योजनाले तय गरेका मुख्य मुख्य क्षेत्रहरूको प्रगति अवस्था कस्तो छ ?

- सम्पन्न योजनाहरूको उपयोग र दीगोपना के कस्तो छ ?
- सम्पन्न योजनाहरूको मर्मत सम्भार अवस्था के कस्तो छ ? यी र यस्ता अन्य कुराहरूको मूल्याङ्कन एवं अध्ययन गरी बाँकी योजनाहरू र आगामी योजनाहरूमा समेत समय सापेक्ष गरिनुपर्ने सुधारहरूको लागि सीफारिस गर्नेछ।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कन जिम्मेवारी

आवधिक विकास योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेका छन्:

- गाउँकार्यपालिका तथा विषयगत समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहायअनुसार रहनेछन्ः ।

- स्थलगत अनुगमन ।
- कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना ।
- नागरिक अनुगमन ।
- सहभागितामूलक मध्यावधि समिक्षा ।
- सहभागितामूलक अन्तिम समिक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

**आवधिक विकास योजनाको अनुमान तथा मूल्याङ्कन प्रक्रिया देहाय वमोजिम हुनेछः**

*तालिका ९ आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया*

| के अनुगमन गर्ने? | कसले अनुगमन गर्ने? | कहिले अनुगमन गर्ने? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गै.स.सं., परियोजना | पटके, मासिक, चौमासिक र वार्षिक | स्थलगत अनुगमन गर्ने, चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने |
| प्रतिफल अनुगमन | गाउँकार्यपालिका, सुपरीवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधि | स्थलगत अनुगमन गर्ने, वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने |
| असर तह अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम वर्ष | सहभागितामूलक छलफल गर्ने, नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, नमूना सर्वेक्षण गर्ने |
| प्रभाव तह अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम वर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, सहभागितामूलक छलफल गर्ने, अध्ययन तथा सर्वेक्षण गर्ने |

# अनुसूची

## १. वडागत योजना विवरण

## वडा नः १(तिम्मा)

### १.१ आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|
| कृषि | → मौरीपालन व्यवसायलाई प्रोत्साहन गर्ने।<br>→ सुन्तला वडा नं १ साबिकको ७,८,९,५,४ मा मुख्य सम्भावना हुनाले सुन्तला पकेट क्षेत्र निर्माण गर्ने।<br>→ अलैंचि — वडा नं १ को साबिकको वडाहरु १,२,३,६,८,५,४ लाई अलैंची तथा किवि खेतीमा पकेट क्षेत्र निर्माण गर्ने।<br>→ चिराइतो लगायत जडिबुटी आलु- साविकको वडाहरु १,२,३,६,८ लाई आलु, चिराइतो, सतुवाको पकेट क्षेत्र निर्माण गर्ने।<br>→ उत्पादित कृषि सामाग्रीको लागि बिक्री बितरण केन्द्र, उन्नत बिउबिजन तथा कृषि औजार र विशेष अनुदानको ब्यवस्था गर्ने।<br>→ चिस्यान केन्द्रको स्थापना गर्ने तथा सम्बन्धित निकायले उत्पादित सामाग्रीको मुल्य निर्धारण गर्ने।<br>→ उत्पादित सामाग्रीहरुको बिक्री वितरणको लागि प्रबन्ध मिलाउने। |
| पशुपालन | → भेडा बाख्रा पालन ब्यवसायमा प्रोत्साहन गर्ने।<br>→ घोडा चौरी, बंगुर पालन ब्यवसायलाई व्यवस्थित गर्ने।<br>→ गाई भैंसी — दुग्ध उत्पादनमा पहल गर्ने।<br>→ स्थानीय उन्नत बिउ बिजन, तालिम तथा विशेष अनुदानको ब्यवस्था गर्ने।<br>→ पशु बीमा कार्यक्रम सञ्चालन गर्ने। |
| उद्योग | → सुन्तला तथा कि वि बाट जुस उद्योग खोल्न पहल गर्ने।<br>→ सिलाई बुनाई, राडिपाखी जस्ता उद्योगहरुको स्थापना गर्ने।<br>→ नेपाली कागज उद्योगलाई प्रोत्साहन गर्ने तथा निरन्तरता दिने।<br>→ जडिबुटी प्रशोधन उद्योग स्थापना गर्ने।<br>→ पालिका स्तरीय पानी उद्योगको सञ्चालन गर्ने। |
| पर्यटन | → होमस्टेको अवधारणालाई अगाडि बढाउने।<br>→ पशुपति मन्दिर, जिमालुङ देखि देचेन गुम्बा, सावा हात्तिढुङ्गे झरना हुदै तुङनामे महभिर, मुदुम ट्रेल हाँस पोखरी मयुम बारे पदमार्ग निर्माण गरी प्रबर्धन गर्ने। |

| | |
|---|---|
| | → किराँत मुन्दुम सावा सामुदायिक होमस्टेलाई प्रोत्साहन गर्ने। |
| सहकारी | → वडास्तरीय एउटा कृषि सहकारीलाई ब्यवस्थित गर्ने।<br>→ कृषि उत्पादनमा जोड दिने। |

## १.२ सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|
| शिक्षा | → हरेक विद्यालयहरुमा आवश्यकतानुसार सुविधा सम्पन्न भवन निर्माण गर्ने।<br>→ शिक्षक दरबन्दीको ब्यवस्था गर्ने तथा शिक्षकहरुमा रिफ्रेशमेन्ट तालीमको व्यवस्था गर्ने र सम्भव भए सम्म विषयगत शिक्षकको व्यवस्था गर्ने।<br>→ विद्यालय सञ्चालन तथा व्यवस्थापन खर्चलाई बृद्धि गर्ने तथा निशुल्क शिक्षा अवधारणा ल्याउने।<br>→ शिक्षालाई प्रविधि तथा व्यवहारिक धारमा लैजाने।<br>→ शिक्षक तथा जेहेन्दार बिद्यार्थी सम्मान तथा पुरस्कृत कार्यक्रमलाई प्रोत्साहन गर्ने।<br>→ शिक्षक, विद्यार्थी, अविभावक त्रिपक्षीय अन्तरक्रिया कार्यक्रम तथा जनचेतनामूलक कार्यक्रमलाई प्रोत्साहन गर्ने।<br>→ विद्यालय खाजा कार्यक्रमलाई ब्यवस्थित गरि दररेटमा बृद्धि गर्ने।<br>→ आवश्यकता अनुसार खेलमैदान, शौचालय तथा घेराबारको ब्यवस्था गर्ने। |
| स्वास्थ्य | → स्वास्थ्य चौकी भवन निर्माण गर्ने।<br>→ आवश्यक उपकरण तथा आवश्यक तालिमको ब्यवस्था गर्ने र दरबन्दीको ब्यवस्था गर्ने।<br>→ रिमचिममा आधारभुत स्वास्थ्य ईकाई निर्माण गर्ने। |
| खानेपानी | → भुङ्चुङ मुल खानेपानी आयोजना मर्मत तथा पूनः निर्माण गर्ने।<br>→ साविकको वडा ६,८,९ भित्र रहेका पुराना खानेपानी यिजनाहरु मर्मत तथा पुनः निर्माण गर्ने।<br>→ बैशाखे खोला मुल हुदै खम्वुखा देखि खेमचुङ खानेपानी योजनाको निर्माण गर्ने।<br>→ एक घर एक धाराको अवधारणालाई निरन्तरता दिने। |
| सरसफाई | → प्लाष्टिक तथा सिसाजन्य बस्तुको ब्यवस्थापन गर्न पहल गर्ने।<br>→ फोहोर संकलन केन्द्र स्थापना गर्ने।<br>→ सार्वजनिक स्थान, मुख्य चोक तथा सरकारी कार्यालयहरुमा डस्टबिनको प्रयोग गर्ने। |
| सामाजिक समावेशीकरण | → गरिब, पिछडिएका, एकल महिला तथा फरक क्षमता भएका ब्यक्तिहरुका लागि सीपमूलक तालिमको आयोजना गरि आयआर्जनमा प्रोत्साहन गर्ने। |
| यूवा तथा खेलकुद | → गडा खेलमैदानलाई ब्यवस्थापन गरी वडा स्तरीय खेलमैदान निर्माण गर्ने।<br>→ रिमचिममा सुविधा सम्पन्न खेलमैदान बनाउने। |

| | |
|---|---|
| | → खेलाडीको पहिचान गरी तालिम तथा खेल सामाग्री वितरण गर्ने तथा खेल प्रतियोगिताहरु आयोजना गर्ने। |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | → स्थानीय भाषा तथा कला संस्कृतिको जगेर्ना गर्ने।<br>→ वडा भित्र तहेका सबै मठमन्दिर तथा गुम्बाहरुको संरक्षण तथा पुनः निर्माण गर्ने।<br>→ साकेवा तथा चण्डीनाचलाईन प्रोत्साहन तथा प्रवर्धन गर्ने।<br>→ पालिका स्तरीय ऐतिहासिक सावा किँरात संग्रहालयलाई निर्माण तथा व्यवस्थापन गर्ने। |
| सुरक्षा | → वडा स्तरीय प्रहरी चौकी स्थापनका लागि पहल गर्ने। |

## १.३ पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|
| सडक | → सेतीबगर देखि पखुवा भङ्याङ्ग सडक आयोजना कालोपत्रे गर्ने।<br>→ रिमचिम देखि छीमालुङ्ग सडक आयोजना निर्माण तथा स्तरोन्नति गर्ने।<br>→ डम्केवर पाङखाड सडक आयोजना निर्माण तथा स्तरोन्नति गर्ने।<br>→ सुम्लीखा वाँधखोर सडक स्तरोन्नति गर्ने।<br>→ वडा कार्यालय भाँगे तामाङ्ग टोल सडक स्तरोन्नति गर्ने।<br>→ माल्बासे खेयाङ्गचुङ सडक स्तरोन्नति गर्ने।<br>→ फोङला -पाखिन टोल सडक स्तरोन्नति गर्ने।<br>→ खम्बुखा खेम्याङ सडक नयाँ ट्र्याक खोल्ने।<br>→ सुम्लीखा एक राते सडक नयाँ ट्र्याक खोल्ने।<br>→ रिमचिम देबीथान जाने बाटो नयाँ ट्र्याक खोल्ने। |
| पुल | → सेतीबगर पाखुवा भञ्ज्याङ्ग सडक अन्तरगत वङ्खुवा खोलामा पक्की पुल निर्माण (डिपिआर भएको) गर्ने।<br>→ सेतीबगर पखुवा भञ्ज्याङ्ग सडक अन्तरगत खोचुवा खोलामा पक्की पुल निर्माण गर्ने।<br>→ सेतीबगर पखुवा भञ्ज्याङ्ग सडक अन्तरगत घट्टे खोलामा पक्की पुल निर्माण गर्ने।<br>→ सेतीबगर पखुवा भञ्ज्याङ्ग सडक अन्तरगत साँवा खोलामा पक्की पुल निर्माण गर्ने।<br>→ सेतीबगर पखुवा भञ्ज्याङ्ग सडक अन्तरगत पिखुवा खोलामा पक्की पुल निर्माण गर्ने।<br>→ सेतीबगर पखुवा भञ्ज्याङ्ग सडक अन्तरगत मलाबु खोलामा पक्की पुल निर्माण गर्ने।<br>→ सेतीबगर पखुवा भञ्ज्याङ्ग सडक अन्तरगत समन्ते खोलामा पक्की पुल निर्माण गर्ने। |
| सिंचाई | → रिमचिम कर्माजित कुलो स्तरोन्नति तथा मर्मत गर्ने।<br>→ मलाबुक खम्बुखा सिँचाई योजना नयाँ निर्माण गर्ने।<br>→ सावाँ खोला सिँचाई मर्मत तथा पुनः निर्माण गर्ने।<br>→ मुडेकुलो सिँचाई आयोजना मर्मत तथा पुनः निर्माण गर्ने। |

| | |
|---|---|
| | → साँवा गहुँबारी सिँचाई आयोजना मर्मत तथा पुनः निर्माण गर्ने।<br>→ चिउलावा रिमचिम सिँचाई आयोजना मर्मत गर्ने।<br>→ अप्ठ्यारे सिँचाई योजना सुम्लिखा नयाँ निर्माण गर्ने।<br>→ घट्टखोला सिँचाई योजना मानेटोल निर्माण गर्ने। |
| भवन, आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | → वडास्तरीय सुविधा सम्पन्न सामुदायिक भवन निर्माण गर्ने।<br>→ टोल टोलमा टोलविकास भवन निर्माण गर्ने।<br>→ गुम्बा भवन निर्माण गर्ने।<br>→ माङकिङ भवन निर्माण गर्ने।<br>→ सामुदायिक वन भवनहरु निर्माण गर्ने। |
| विद्युत तथा बैकल्पिक उर्जा | → सार्वजनिक कार्यालयहरुमा वैकल्पिक उर्जाको प्रयोग गर्ने।<br>→ केन्द्रीय लाइन बिस्तार तथा मर्मत गर्ने तथा सडक बत्तीहरु राख्ने। |
| सूचना तथा प्रविधि | → ईन्टरनेट लाईन विस्तार गर्ने।<br>→ एक शिक्षक एक ल्यापटप कार्यक्रम लागू गर्ने।<br>→ खम्बुखामा एन टी सी टावरको निर्माण गर्ने। |

## १.४ वन वातावरण तथा विपद् व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|
| वन तथा जैविक विविधता | → स्थानीय सरकार र सामुदायिक वनहरुको समन्वय गर्ने।<br>→ सामुदायिक वनहरुमा अग्नि रेखा निर्माण गर्ने।<br>→ खाली ठाउँहरुमा वृक्षारोपण गर्ने।<br>→ स्थानीय विरुवा, बन्यजन्तु, जडीबुटीहरुको संरक्षण गर्ने तथा नर्सरी ब्यवस्थापन गर्ने। |
| भुमि तथा जलाधार व्यवस्थापन | → रिमचिम चिप्ले डाँडा पहिरो नियन्त्रण गर्ने।<br>→ साँवा बस्ती व्यवस्थापन (पहिरोको जोखिम) गर्ने।<br>→ तिहुरे खोल्सीमा बाँध निर्माण गर्ने।<br>→ भुवाङ्ग पोखरी संरक्षण तथा मर्मत गर्ने।<br>→ रातो पोखरी, हाँस पोखरी, जलजले मर्मत गर्ने।<br>→ नयाँ खर्क सामुदायिक वन भित्र सिमसार क्षेत्र संरक्षण गर्ने। |
| वातावरण तथा स्वच्छता | → बालबालिकाको पार्कको निर्माण गर्ने।<br>→ सडकको छेउछेउमा बृक्षारोपण गर्ने।<br>→ ठाँउठाँउमा पार्कको निर्माण गर्ने।<br>→ बृद्ध विश्राम केन्द्रहरु निर्माण गर्ने। |

| | |
|---|---|
| | → सार्वजनिक शौचालयहरुको निर्माण गर्ने। |
| विपद् व्यवस्थापन | → रेडक्रस मार्फत् सचेतना सम्बन्धी तालिमको व्यवस्था गर्ने।<br>→ वडा भित्रका संरचनाहरु मापदण्ड अनुसार निर्माणमा पहल गर्ने।<br>→ सम्भावित क्षेत्र, सडक, बिजुली, सार्वजनिक स्थलहरुको समय समयमा नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने। |

# वडा नः २(छिनामखु)

## २.१ आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|
| कृषि | → नगदे बालीलाई प्रोत्साहन गर्ने।<br>→ सुन्तला वडा नं १ साबिकको १,२,३,४,६ मा मुख्य सम्भावना हुनाले सुन्तला पकेट क्षेत्र निर्माण गर्ने।<br>→ अलैंची — वडा भरिमा अलैंची खेतीका लागि पहल गर्ने।<br>→ किवी खेतीलाई प्रोत्साहन गर्ने।<br>→ वडाको माथिल्लो भागमा तरकारी तथा आलु खेतीको लागि पहल गर्ने।<br>→ कृषिको लागि आवश्यक तालिम, उन्नत बिउबिजन तथा कृषि औजार र विशेष अनुदानको ब्यवस्था गर्ने।<br>→ चिस्यान केन्द्रको स्थापना गर्ने तथा सम्बन्धित निकायले उत्पादित सामग्रीको मुल्य निर्धारण गर्ने।<br>→ उत्पादित सामाग्रीहरुको बिक्री वितरणको लागि प्रबन्ध मिलाउने। |
| पशुपालन | → बाख्रा तथा कुखुरा पालन ब्यवसायमा प्रोत्साहन गर्ने।<br>→ बंगुर पालन ब्यवसायलाई प्रोत्साहन गर्ने।<br>→ गाई भैंसी — दुग्ध उत्पादनमा पहल गर्ने।<br>→ पशु बीमा कार्यक्रम सञ्चालन गर्ने। |
| उद्योग | → उत्पादित सुन्तला तथा किवीको सदुपयोग गरि जुस उद्योग सञ्चालन गर्ने।<br>→ साबुन, राडी पाखी उद्योग सञ्चालन गर्ने। |
| पर्यटन | → मेरुङ्ग डाँडा तथा मलुवा पोखरीलाई पर्यटकीय स्थलमा विकास गर्ने तथा भौतिक संरचनाहरु निर्माण गर्ने।<br>→ याङटाङ्ग चप्लेटी झरनालाई पर्यटकीय क्षेत्रमा विस्तार गर्ने।<br>→ चौरेली देखि मलुवा सम्म पदमार्ग निर्माण गर्ने।<br>→ नौला गाउँ होमस्टे को अवधारणालाई प्रोत्साहन गर्ने।<br>→ साम्याबुकमा रहेको नागढुंगालाई प्रोत्साहन गर्ने। |
| सहकारी | → उद्यमशील कृषि सहकारीलाई ब्यवस्थित गरि कृषि क्षेत्रमा लगानी गर्ने। |

## २.२ सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|

| | |
|---|---|
| शिक्षा | → सबै विद्यालयहरुमा विद्यार्थी संख्या तथा आवश्यकतानुसार सुविधा सम्पन्न भवन निर्माण गर्ने।<br>→ शिक्षकहरुलाई रिफ्रेसमेन्ट तालीमको व्यवस्था गर्ने ।<br>→ विद्यालय सञ्चालन तथा व्यवस्थापन खर्चलाई बृद्धि गर्ने तथा निशुल्क शिक्षा अवधारणा ल्याउने।<br>→ शिक्षालाई प्राविधिक तथा व्यवहारीक धारमा लैजाने।<br>→ शिक्षक तथा जेहेन्दार बिद्यार्थी सम्मान तथा पुरस्कृत कार्यक्रमलाई प्रोत्साहन गर्ने।<br>→ शिक्षक, विद्यार्थी, अविभावक त्रिपक्षीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।<br>→ विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने तथा अतिरिक्त कक्षाहरु सञ्चालन गर्ने |
| स्वास्थ्य | → छिनामुख स्वास्थ्य चौकी भवनलाई मर्मत तथा माथिल्लो तलामा ट्रस  निर्माण गर्ने।<br>→ बर्थिङ सेन्टरको लागि आवश्यक औजार तथा ल्याबसेवा सञ्चालन गर्ने।<br>→ भिडियो एक्स रे सेवा सञ्चालन गर्ने।<br>→ अनमी हरुलाई एस बी ए तालिमको ब्यवस्था गर्ने।<br>→ रुमलामा स्वास्थ्य ईकाइको निर्माण गर्ने।<br>→ स्वास्थ्य संस्थामा ब्यवस्थित घेरावार तथा गेट निर्माण गर्ने।<br>→ महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई पारिश्रमिकको ब्यवस्था गर्ने। |
| खानेपानी | → खानेपानीका पुराना आयोजनाहरु मर्मत तथा पुनः निर्माण गर्ने।<br>→ पाहापानी मुहान् खानेपानी योजनाको निर्माण गर्ने।<br>→ सञ्चालित चापखड्के खानेपानी आयोजनालाई निरन्तरता दिदै समयमा सम्पन्न गर्ने। |
| सरसफाई | → प्लाष्टिक तथा सिसाजन्य बस्तुको ब्यवस्थापन गर्न पहल गर्ने।<br>→ वडास्तरीय फोहो ब्यवस्थापन गर्नको लागि फोहोर संकलन केन्द्र स्थापना गर्ने।<br>→ सार्वजनिक स्थान, मुख्य चोक तथा सरकारी कार्यालयहरुमा डस्टबिनको प्रयोग गर्ने। |
| सामाजिक समावेशीकरण | → गरीब, पिछडिएका, एकल महिला तथा फरक क्षमता भएका ब्यक्तिहरुका लागि सीपमुलक तालिमको आयोजना गरि आयआर्जनमा प्रोत्साहन गर्ने। |
| यूवा तथा खेलकुद | → कुलुङ मलुवा खेलमैदानलाई ब्यवस्थित गर्ने।<br>→ खेलाडीको पहिचान गरी तालिम तथा खेल सामाग्री वितरण गर्ने तथा खेल प्रतियोगिताहरु आयोजना गर्ने। |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | → विद्यालय स्तरमा स्थानीय भाषा समावेश गर्ने।<br>→ वडा भित्र तहेका सबै मठमन्दिर तथा गुम्बाहरुको संरक्षण तथा पुनः निर्माण गर्ने।<br>→ कला, साहित्य, भाषा संस्कृतिको संरक्षण तथा प्रबर्धन गर्ने। |
| सुरक्षा | → वडा स्तरीय प्रहरी चौकी स्थापनका लागि पहल गर्ने। |

## २.३ पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|
| सडक | → श्रीदली चौरेली सडक आयोजना कालोपत्रे गर्ने (डिपीआर भएको)।<br>→ गल्वाने देखि रानीवन धारा सम्म सडक स्तरोन्नति गर्ने।<br>→ पालिका देखि वडा कार्यालय जोड्ने सडक कालोपत्रे गर्ने (डिपिआर भएको)।<br>→ याङचुङटार देखि वादुङला सम्म स्तरोन्नति गर्ने (डिपिआर भएको)।<br>→ वडा कार्यालय(बाघटुवा देखि वादुङला सम्म सडक नयाँ ट्र्याक खोल्ने)।<br>→ तिसमुरे देखि चौथे सम्म नयाँ ट्र्याक खुला गर्ने। |
| पुल | → पालिका वडा सडक आयोजना अन्तरगत याङटाङ खोलामा पक्की पूल निर्माण गर्ने।<br>→ भ्याङ खोलामा झोलुङ्गे पूलको निर्माण गर्ने । |
| सिंचाई | → रुमला दोवान मुहान हुदै वडा कार्यालय सम्म सिँचाई कुलो निर्माण गर्ने।<br>→ भ्याङखोला कुलो मर्मत गर्ने।<br>→ लेडे कुलो मर्मत तथा पून: निर्माण गर्ने। |
| भवन, आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | → वडा कार्यालय भवन निर्माण गर्ने।<br>→ पशु बधशाला भवन निर्माण गर्ने।<br>→ सामुदायिक वन भवन निर्माण गर्ने।<br>→ कोटाचोङ्गमा मलामी खाजा घर निर्माण गर्ने।<br>→ रेडक्रस भवन भुई ढलान तथा पलाष्टर रङ्ग भर्ने। |
| विद्युत तथा बैकल्पिक उर्जा | → सरकारी कार्यालय तथा मुख्य चोकहरुमा सोलारको व्यवस्था गर्ने। |
| सूचना तथा प्रविधि | → ईन्टरनेट लाईन विस्तार गर्ने।<br>→ एक शिक्षक एक ल्यापटप कार्यक्रम सञ्चालन गर्ने।<br>→ प्रविधि मैत्री तालिमहरु सञ्चालन गर्ने। |

## २.४ वन वातावरण तथा विपद् व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|
| वन तथा जैविक विविधता | → सबै सामुदायिक वनहरुमा बृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिने।<br>→ जडीबुटीहरुको संरक्षणमा पहल गर्ने। |

| | |
|---|---|
| भुमि तथा जलाधार व्यवस्थापन | → श्रोत संरक्षण तथा मुहान सुधारका क्रियाकलापहरुलाई निरन्तरता दिने।<br>→ रिचार्ज पोखरी, पुनः भरण र पुनः धारणका विधिहरुलाई स्थानीय तहमा लागू गर्ने।<br>→ वन क्षेत्रमा रहेका ताल पोखरीको संरक्षण गर्ने। |
| वातावरण तथा स्वच्छता | → पहिरो तथा डढेलो नियन्त्रणमा पहल गर्ने।<br>→ खाली तथा सडक छेउछाउमा बृक्षारोपण गर्ने। |
| विपद् व्यवस्थापन | → रेडक्रस मार्फत् विपद् व्यवस्थापन तथा सुरक्षाकोलागि तालिमहरु सञ्चालन गर्ने।<br>→ वडा स्तरीय विपद् सामाग्रीहरुको संकलन तथा भण्डारण गर्ने। |

# वडा नः ३(अन्नपूर्ण)

## ३.१ आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|
| कृषि | → वडा स्तरमा एउटा चिस्यान केन्द्रको स्थापना गर्ने ।<br>→ उत्पादित सामाग्रीहरुको संकलन तथा बिक्री वितरण केन्द्रको स्थापना गर्ने।<br>→ ब्यवसायिक कृषि खेतीको लागि आवश्यक तालिम, उन्नत बीउबिजन तथा कृषि औजार र विशेष अनुदानको ब्यवस्था गर्ने।<br>→ भौगोलिक हिसाबले जमिनको पहिचान गरि साबिक मेस्पाङ, पाटिगाउँ, अम्बोटे, बेबेवा, भामलालाई सुन्तला क्षेत्र बनाउने।<br>→ अलैंची/किवी/तरकारी/चिया/एवोकार्डोको लागि भुरुचोक, नामदाँबुङ्ग, आम्लाला वारकाङमा पहल गर्ने।<br>→ वडा नं ३ भित्र अलैची खेती सञ्चालन गर्ने। |
| पशुपालन | → दुध उत्पादन तथा बिक्री बितरण केन्द्र स्थापना गर्ने।<br>→ पशु बीमा कार्यक्रम सञ्चालन गर्ने।<br>→ पशुपालनका लागि उन्नत जातका पशु वितरण तथा विशेष अनुदानको लागि पहल गर्ने।<br>→ उत्पादित सामाग्री बिक्री बितरणको लागि स्थानीय तहले पहल गर्ने र दर निर्धारण गर्ने।<br>→ मासु उत्पादनका लागि बाख्रा, कुखुरा, बङ्गुर, राँगाको लागि पहल गर्ने। |
| उद्योग | → स्थानीय उत्पादित वस्तुहरुबाट जुस तथा पेयपदार्थ तथा रक्सी उत्पादन गर्ने।<br>→ चाउचाउ तथा साबुन उद्योग स्थापना गर्ने। |
| पर्यटन | → क्याम्पा डाँडा ऐतिहासिक ठाउलाई प्रबर्द्धन गरी पर्यटकीय स्थल बनाउने।<br>→ कृषि तथा ऐतिहासिक धार्मिक स्थलहरुको संरक्षण तथा प्रबर्द्धन गरी पर्यटक भित्र्याउन पहल गर्ने।<br>→ भिमसेनथान, पञ्चकन्या देबी, महादेवगुफा, गौरी गाईको पाईला, आरानदङ्गा, आम्दाला भीमसेनथान, सिद्धथान, पाङखाङ्ग दह देवलीथान, भर्चोक संस्कृति पर्यटन, साकेवा थान, पाटी गाउँ पर्यटकीय क्षेत्रमा विस्तार गर्ने।<br>→ नारदमुनी फुलुङ्ग पार्क संरक्षण तथा प्रबर्द्धन गर्ने। |
| सहकारी | → सञ्चालित कृषि सहकारीलाई ब्यवस्थित गरी कृषि उत्पादनमा सहयोग गर्ने। |

## ३.२ सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|

| | |
|---|---|
| शिक्षा | → शिक्षकहरुलाई रिफ्रेसमेन्ट तालीमको व्यवस्था गर्ने तथा शिक्षक दरबन्दी कक्षागत रुपमा हुनुपर्ने तथा विषयगत शिक्षाको ब्यवस्था गर्ने तथा अनुगमन गर्ने।<br>→ विद्यार्थीको न्यून उपस्थितिलाई न्युनीकरन गर्न शिक्षक, विद्यार्थी, अविभावक तथा सामाजिक ब्यक्तित्वहरुसँग सहकार्य गर्ने।<br>→ शिक्षालाई प्राविधिक तथा व्यवहारीक धारमा लैजाने।<br>→ शिक्षक तथा जेहेन्दार बिद्यार्थी सम्मान तथा पुरस्कृत कार्यक्रमलाई प्रोत्साहन गर्ने।<br>→ विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने तथा अतिरिक्त कक्षाहरु सञ्चालन गर्ने।<br>→ विद्यालयमा खाजा कार्यक्रमको शुरुवात गर्ने, ब्यवस्थापकीय खर्चलाई बृद्धि गर्ने। |
| स्वास्थ्य | → दरबन्दी संख्या पूरा गर्ने।<br>→ स्वास्थ्य कर्मचारीहरुलाई गुणस्तरीय सेवा दिनको लागि आवश्यक तालीम र उपकरणको ब्यवस्था गर्ने।<br>→ एम्बुलेन्स खरीद प्रक्रियालाई अगाडि बढाउने।<br>→ सुविधा सम्पन्न बर्थिङ सेन्टर भवनको निर्माण गर्ने।<br>→ आवश्यकतानुसार गाउँघर क्लिनिक भवनको निर्माण गर्ने।<br>→ गडीटार स्वास्थ्य चौकीको भवन निर्माणमा पहल गर्ने।<br>→ १५ शैय्याको अस्पतालको निर्माणमा पहल गर्ने।<br>→ महिला स्वास्थ्य स्वयंसेविकाका लागि पारश्रमिकको ब्यवस्था गर्ने। |
| खानेपानी | → खानेपानीका पुराना आयोजनाहरु मर्मत तथा पुनः निर्माण गर्ने।<br>→ अन्नपूर्ण खानेपानी योजनालाई संरक्षण गर्ने।<br>→ वडा भित्रका प्रत्येक घरमा एक घर एक धाराको अवधारणा ल्याउने। |
| सरसफाई | → प्लाष्टिक तथा सिसाजन्य बस्तुको ब्यवस्थापन गर्न पहल गर्ने।<br>→ सार्वजनिक स्थान, मुख्य चोक तथा सरकारी कार्यालयहरुमा डस्टबिनको प्रयोग गर्ने। |
| सामाजिक समावेशीकरण | → सीपमुलक तालिमको आयोजना गरि आयआर्जनमा प्रोत्साहन गर्ने।<br>→ परम्परागत सीपको विकास गर्ने। |
| यूवा तथा खेलकुद | → भुरुचोक पिङडाडालाई विस्तार गर्ने। साथै, अन्य मैदानहरुको संरक्षण तथा प्रबर्द्धन गर्ने।<br>→ खेलाडीको पहिचान गरी तालिम तथा खेल सामाग्री वितरण गर्ने तथा खेल प्रतियोगिताहरु आयोजना गर्ने। |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य | → शिवालय मन्दिरको संरक्षण गर्ने।<br>→ हरेक विद्यालयमा स्थानीय भाषाको पठनपाठन गर्ने।<br>→ कला साहित्य तथा भाषा संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने। |
| सुरक्षा | → ईलाका प्रहरी चौकीको दरबन्दीको लागि पहल गर्ने। |

| | |
|---|---|
| | → सामाजिक द्धन्द रोक्नको लागि जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने।<br>→ चोक तथा सार्वजनिक क्षेत्रहरुमा सिसटिभीको जडान गर्ने। |

## ३.३ पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|
| सडक | → पाटिगाउँ -सिस्नेटार सडक कालोपत्रे गर्ने।<br>→ भामला भुरुचोक सडक आयोजना कालोपत्रे गर्ने।<br>→ वितबारे आम्लाला सडक आयोजनाकालोपत्रे गर्ने।<br>→ वडा नं ३ भित्र कृषि रिङ्गरोड नयाँ ट्रयाक खोल्ने।<br>→ हरेक गोरटो बाटो मर्मत तथा बिस्तार गर्ने।<br>→ अन्नपूर्ण छिनामुख सडक स्तरोन्नति गर्ने।<br>→ आम्बोटे-सोयना -भुर्जेन सडक नयाँ ट्रयाक खोल्ने। |
| पुल | → पाटिगाउँ सिस्नेटार वाचिम्ले खोला पूल निर्माण गर्ने।<br>→ याङटाङ्ग खोलामा पक्की पूल निर्माण गर्ने।<br>→ लुभा खोलामा झोलुङ्गे पूल निर्माण गर्ने। |
| सिंचाई | → रिठुबोटे कुलो मर्मत गर्ने।<br>→ भञ्याङ्ग देखि देउराली सम्मको कुलो मर्मत गर्ने।<br>→ भेस्वाङ्ग याङटाङ्ग सिँचाई मर्मत तथा विस्तार गर्ने।<br>→ आइतबारे वाखाङ्ग थोपा सिँचाई आयोजना सञ्चालन गर्ने।<br>→ पूरानो कानेपानी मर्मत गरी वाखाङ्ग धुचौंकमा सिचाँईको ब्यवस्था गर्ने।<br>→ अन्नपूर्ण मा विमा रहेको खानेपानीको टयाङ्की निर्माण गरी सिँचाईको लागि प्रयोग गर्ने। |
| भवन, आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | → वडास्तरीय सामुदायिक भवनको निर्माण गर्ने।<br>→ वडा कार्यालय भवन निर्माण गर्ने।<br>→ ज्येष्ठ नागरिक विश्राम भवन तथा पूस्तकालय निर्माण गर्ने।<br>→ भुरुचोक टोल सभा भवन निर्माण गर्ने।<br>→ सङ्ग्रहालय भवनको निर्माण गर्ने। |
| विद्युत तथा बैकल्पिक उर्जा | → बैकल्पिक ऊर्जा तथा गोबर ग्याँस योजनाहरुको निर्माण गर्ने।<br>→ आवश्यकतानुसार केन्द्रीय लाईन विस्तार गर्ने।<br>→ वाचिम्ले खोला लघुजलविद्युतलाई संरक्षण गर्दै केन्द्रीय प्रशारण लाईनमा जोड्ने।<br>→ वाचिम्ले खोला लघुजलविद्युतमा सडक निर्माणले निम्त्याएको समस्यालाई न्यूनीकरण गर्न तथा रोकथामको लागि पहल गर्ने। |

| | |
|---|---|
| सूचना तथा प्रविधि | → एक शिक्षक एक ल्यापटप कार्यक्रम सञ्चालन गर्ने। |

### ३.४ वन वातावरण तथा विपद् व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|
| वन तथा जैविक विविधता | → सामुदायिक वन भित्रका सिमसार क्षेत्रको संरक्षण गर्ने।<br>→ वन अतिक्रमणलाई रोक्ने।<br>→ अग्नि रेखा निर्माण गर्ने।<br>→ महत्वपूर्ण जडीबुटी तथा पशुपन्क्षीको संरक्षण गर्ने। |
| भुमि तथा जलाधार व्यवस्थापन | → सार्वजनिक जग्गाहरुको पहिचान गरी सामुदायिक बनमा परिणत गर्ने।<br>→ जलाधार क्षेत्रको पहिचान गरी संरक्षण गर्ने। |
| वातावरण तथा स्वच्छता | → वृक्षारोपण कार्यक्रमलाई अगाडि बढाउने तथा सडक आसपासका लालीगुराँस प्रजातिका विरुवा रोप्ने।<br>→ सडक वरपर फूल फूल्ने जातका बिरुवाहरु रोप्ने। |
| विपद् व्यवस्थापन | → विपद व्यवस्थापनको तालिमको व्यवस्था गर्ने।<br>→ विपद व्यवस्थापनका सामाग्री तयारी अवस्थामा राख्ने। |

# वडा नः ४(नागी)

## ४.१ आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|
| कृषि | → वडा स्तरमा एउटा चिस्यान केन्द्रको स्थापना योजनाको माग गर्ने।<br>→ उत्पादित सामाग्रीहरुको संकलन तथा बिक्री वितरण केन्द्रको स्थापना गर्ने र दर निर्धारणको लागि प्रबन्ध गर्ने।<br>→ ब्यवसायिक कृषि खेतीको लागि आवश्यक तालिम, उन्नत बिउबिजन अनुदानको ब्यवस्था गर्ने।<br>→ वडाको तल्लो भेगमा सुन्तलाको पकेट क्षेत्र।एभोगार्डोको (साविकको वडा नं ३,५,६,८,९) बिरुवा विस्तार गर्ने।<br>→ साबिकको वडा नं १,२,४,७ मा किबिको पकेट क्षेत्रको निर्माण गर्ने।<br>→ साबिकको वडा नं २,४,७ मा ओखर खेतीको परीक्षण गर्ने।<br>→ साबिकको वडा नं १,२,४,७ मा आलु तथा अन्य ब्यवसायिक खेतीका रुपमा विस्तार तथा प्रोत्साहन गर्ने।<br>→ साबिकको वडा नं ४ मा सिमी तथा राज्माको सम्भावना भएकाले प्रोत्साहन गर्ने।<br>→ मौरीपालनलाई ब्यवसायिक बनाउनको लागि प्रोत्साहन गर्ने। |
| पशुपालन | → पशु बीमा कार्यक्रम सञ्चालन गर्ने।<br>→ ब्यवसायिक तरिकाले बङ्गुर पालन लाई विस्तार गर्ने।<br>→ बाखा तथा भेडापालनको लागि उन्नत बिउ बिजनका जनावर तथा अनुदान ब्यवस्था गर्ने।<br>→ दुध उत्पादनको लागि गाई, भैंसी, उन्नत जात तथा बिक्री बितरण केन्द्र स्थापनाका लागि पहल गर्ने। |
| उद्योग | → सुन्तला तथा किवीबाट जाम, जुस तथा वाईन उद्योग सञ्चालन गर्ने।<br>→ राडि पाखी तथा बाँस जन्य पदार्थहरुको लागि उद्योग निर्माण गर्ने।<br>→ साबुन उद्योग सञ्चालन गर्न उत्प्रेरित गर्ने। |
| पर्यटन | → टेम्के डाँडा आसपासमा जडीबुटी अनुसन्धान केन्द्र बन्यजन्तु संरक्षण केन्द्र, विभिन्न ठाउँमा पार्क तथा पदमार्गहरु निर्माण गरि पर्यटकीय क्षेत्रमा विस्तार गर्ने।<br>→ सञ्चालनमा रहेका योजनाहरुलाई निरन्तरता दिनको लागि प्रदेश सरकारसँग पहल गर्ने।<br>→ पर्यटकीय स्थलहरुमा साकेवा टाङ्ग को गुरु योजनालाई निरन्तरता दिदै सम्पन्न गर्ने।<br>→ किरातेश्वर गुफालाई संरक्षण गर्ने।<br>→ महभिर झरनालाई संरक्षण गर्ने।<br>→ वडा नं ४ भित्र भएका पर्यटकीय स्थलहरुलाई जोड्दै पदमार्ग निर्माण गर्ने । |

| | |
|---|---|
| सहकारी | → रिमाचुङ्ग कृषि सहकारी संस्थालाई ब्यवस्थित गरि सबै घरधुरी समेटिने गरि सञ्चालन गरि कृषि उत्पादन समकलन बिक्री वितरण लाई प्रथमिकता दिने। |

## ४.२ सामाजिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|
| शिक्षा | → वडामा रहेका ३ विद्यालयहरुमा पक्की भवनको निर्माण गर्नको लागि पहल गर्ने।<br>→ शिक्षकहरुलाई रिफ्रेशमेन्ट तालीमको व्यवस्था गर्ने तथा शिक्षक दरबन्दी कक्षागत रुपमा हुनुपर्ने तथा विषयगत शिक्षाको ब्यवस्था गर्न पहल गर्ने।<br>→ विद्यार्थीको न्यून उपस्थितिलाई न्युनीकरन गर्न शिक्षक, विद्यार्थी, अविभावक तथा सामाजिक ब्यक्तित्वहरुसँग सहकार्य गर्ने।<br>→ वडा भित्रका सबै विद्यालयहरुमा अतिरिक्त कक्षा सञ्चालन, शैक्षिक उपकरण, कम्प्युटर उपलब्ध गराउने।<br>→ प्रविधि शिक्षा सञ्चालन गरी प्राविधिक धारमा लैजाने।<br>→ विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने तथा अतिरिक्त कक्षाहरु सञ्चालन गर्ने।<br>→ चण्डेश्वरी माविमा रहेको पुस्तकालयलाई ब्यवस्थित गरी सञ्चालनमा ल्याउने। |
| स्वास्थ्य | → नागि स्वास्थ्य चौकी बर्थिङ्ग सेन्टर भवन निर्माण गर्ने।<br>→ गाउँघर क्लिनिक सञ्चालनमा ल्याउन र सक्रियताको लागि पहल गर्ने।<br>→ स्वास्थ्य कर्मिलाई आवश्यक तालिम तथा एसबीए तालिमको ब्यवस्था गर्ने। |
| खानेपानी | → आवश्यकतानुसार रिजर्भ ट्याङ्कीहरुको निर्माण तथा सञ्चालन गर्ने। |
| सरसफाई | → सार्वजनिक स्थल, मुख्य चोक तथा सरकारी कार्यालयहरुमा डस्टबिनको प्रयोग गर्ने।<br>→ पर्यटकीय क्षेत्रहरुमा शौचालयको निर्माण गर्ने।<br>→ सरसफाइको बारेमा जनचेतना मुलक कार्यक्रम गर्ने। |
| सामाजिक समावेशीकरण | → सीपमुलक तालिमको आयोजना गरि उत्पादन तथा आयआर्जनमा प्रोत्साहन गर्ने।<br>→ विद्यालयमा अपाङ्ग मैत्री शौचालयको निर्माण गर्ने।<br>→ स्वास्थ्य संस्तामा स्तनपानको ब्यवस्था गर्ने।<br>→ महिला सशक्तिकरण संस्थालाई आवश्यकताको आधारमा सीपमूलक तालिम प्रदान गर्ने। |
| यूवा तथा खेलकुद | → चण्डेश्वरी मावि नजिकैको खेलकुद मैदान निर्माण तथा संरक्षण तथा विस्तार गर्ने।<br>→ शारदा मावि र नव प्रतिभा यूवा क्लबको खेलमैदान संरक्षण तथा निर्माण विस्तार गर्ने।<br>→ खेलाडीको पहिचान गरि तालिम तथा खेलसामाग्रीको ब्यवस्था गर्ने। |
| स्थानीय भाषा, संस्कृति, | → स्थानीय भाषा तथा संस्कार संस्कृतिको संरक्षण र प्रबर्द्धन गर्ने।<br>→ स्थानीय मठमन्दिर, देवालय तथा धार्मिक स्थल मर्मत तथा निर्माण गर्ने।<br>→ स्थानीय कला साहित्यलाई प्रोत्साहन तथा संरक्षण गर्ने। |

| | |
|---|---|
| कला तथा साहित्य | |
| सुरक्षा | → वडा नं ४ मा रहेको सशस्त्र प्रहरीबल अस्थायी लाई स्थायी बनाउन पहल गर्ने।<br>→ सशस्त्र प्रहरी बललाई विपद व्यवस्थापनमा प्रयोग गर्ने। |

## ४.३ पूर्वाधार विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|
| सडक | → खोङटाङ्ग चोक देखि रुङचेवा हुदै टेनधारा सम्म कृषि सडक नयाँ ट्र्याक तथा स्तरोन्नति गर्ने।<br>→ साविक २ नं टोलदेखि चण्डेश्वरी देखि मावि खेलमैदान सम्म सत्रोन्नति गर्ने।<br>→ कालीपोखरी सडक स्तरोन्नति गर्ने।<br>→ जिसुल गंगा सडक आयोजना स्तरोन्नति गर्ने।<br>→ डुगे पूछार देखि चखेवा सम्म सडक स्तरोन्नति गर्ने।<br>→ बनपाला देखि अधिकारी गाँउ सडक ट्याक खोल्ने तथा स्तरोन्नति गर्ने। |
| पुल | → पालिका देखि पिङडाँडा जाने सडक अन्तरगत वाचिम्ले खोलामा पूल निर्माण (डिपिआर भएको) गर्ने।<br>→ प्रङ्तेखा र डुगे जोड्ने खहरे खोलामा झोलुङ्गे पुल निर्माण गर्ने।<br>→ रुङचेवा र रेम्बुक जोड्ने वाचिम्ले खोलामा झोलुङ्गे पुल गर्ने। |
| सिंचाई | → महभिर झरना मुनि बाट लुम्बुवा साविककोर वडा ५,६,९ लगायतका गाउँमा नयाँ सिचाँई कुलो निर्माण गर्ने।<br>→ वाचिम्ले खोला र माक्सा खोला दोवान बाट लिम्बु डाँडा हुदै खोङ्टाडा, लुम्बुवा सिँचाई कुलो योजना पेश गर्ने।<br>→ पूराना सिँचाई आयोजनाहरु मर्मत तथा निर्माण गर्ने। |
| भवन, आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | → रिमाचोङ कृषि सहकारी बवन निर्माण वडा स्तरीय सामुदायिक भवन निर्माण गर्ने।<br>→ सामुदायिक वन भवन निर्माण गर्ने।<br>→ टोल सभा भवन निर्माण गर्ने। |
| विद्युत तथा बैकल्पिक उर्जा | → सडक बत्तीको लागि पहल गर्ने।<br>→ इन्डक्शन चुल्होको विस्तारमा पहल गर्ने। |

| | |
|---|---|
| सूचना तथा प्रविधि | → वडा कार्यालयको सूचनालाई डिजिटलाइज गर्ने। |

### ४.४ वन वातावरण तथा विपद् व्यवस्थापन

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|
| वन तथा जैविक विविधता | → राष्ट्रिय फुल लालीगुँरास संरक्षण तथा प्रबर्द्धन गर्ने।<br>→ हरेक सामुदायिक वनमा अग्नीरेखा निर्माण गर्ने।<br>→ महत्वपूर्ण जडीबुटी तथा पशुपंक्षीको संरक्षण गर्ने। |
| भुमि तथा जलाधार व्यवस्थापन | → वाचिम्ले दोवानदेखि वारम्खासम्म पहिरो रोकथाम तथा बाँध निर्माण गर्ने। |
| वातावरण तथा स्वच्छता | → सडक वरपर फूल, चिया, कफी, कल्की जस्ता बिरुवाहरु रोप्ने। |
| विपद् व्यवस्थापन | → रेडक्रस सोसाइटीसँग समन्वय तथा प्रशिक्षणको ब्यवस्था मिलाउने।<br>→ जोखिममा परेका घरहरुलाई अन्यत्र स्थानान्तरण गर्ने। |

# वडा नः ५(खावा)

## ५.१ आर्थिक विकास

| विषय क्षेत्र | प्रमुख कार्यक्रम<br>के गर्ने? |
|---|---|
| कृषि | → नगदे फलफूल कार्यक्रम विस्तार गर्ने।<br>→ कृषि पकेट कार्यक्रम अन्तरगत "एक गाउँ एक उत्पादन" अभियान लागू गर्ने।<br>→ सुन्तला- नगदे फलफूल खेती सुन्तलाको लागि वडाको तल्लो भूभाग केराबारी , रेम्बुक पकेट क्षेत्र निर्माण गर्ने तथा निरन्तरता दिने।<br>→ किवी- वडाको मध्यम भाग खावा, भञ्ज्याङ्ग, चोलन्ती, मझौले किबि खेती पकड क्षेत्र निर्माण गर्ने।<br>→ कागती- वडाको मध्यम र तल्लो बेल्टका भुभागहरुलाई पकेट क्षेत्र निर्माण गर्ने।<br>→ जडीबुटी- वडाको माथिल्लो भेग मझौले, रमितेलाई चिराइतो, निम्मा, जडिबुटी, सतुवा पकेट क्षेत्र निर्माण गर्ने।<br>→ तरकारी जन्य आलु, सिमी, तोरी खेती गर्ने।<br>→ अलैंची- वडाको मध्य भुभाग खावा, भञ्ज्याङ्ग, चोलन्ती जस्ता क्षेत्रहरुमा अलैंची जोन क्षेत्रलाई निरन्तरता दिने।<br>→ उल्लेखित कृषि उत्पादनका लागि आवश्यक तालिम।औजार।उपकरण, उन्नत बिउँ बिजन तथा अनुदानको ब्यवस्था गर्ने।<br>→ उत्पादित कृषि सामाग्रीहरु बिक्री बितरणका लागि प्रबन्ध मिलाउने तथा संकलन केन्द्रहरुको स्थापन गर्ने।<br>→ पालिका स्तरको एउटा चिस्यान केन्द्रको स्थापना गर्ने।<br>→ बन्यजन्तु/बाँदर आतंक बन्द गर्ने। |
| पशुपालन | → पशु बीमा कार्यक्रम सञ्चालन गर्ने।<br>→ ब्यवसायिक तरिकाले बङ्गुर पालन लाई विस्तार गर्ने।<br>→ बाख्रा तथा भेडापालनको लागि उन्नत बीउबिजनका जनावरलाई प्रोत्साहन गर्ने।<br>→ दुध उत्पादनको लागि गाई, भैंसी, उन्नत जातका जनावर पाल्नको लागि प्रोत्साहन गर्ने तथा बिक्री बितरण केन्द्र स्थापना गर्ने।<br>→ पशु पालन सम्बन्धी प्रभावकारी गोठ, खोर, भकारो सुधार कार्यक्रमसञ्चालन गर्ने।<br>→ मौरीपालन ब्यवसायलाई ब्यवस्थित गर्ने। |
